
**सिमकोट  गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना**

**(२०८०/ २०८१-२०९०/२०९१ )**




सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा, सिमकोट गाउँपालिका, हुम्ला
प्रकाशन मिति :

**शिक्षा योजना निर्माणकालागि गठन भएका विभिन्न समिति तथा उप समितिहरु**

**मूल समितिः**

श्री - विजय भण्डारी, संयोजक, गाउँपालिका अध्यक्ष
श्री - शुसिला रोकाय, सदस्य,गाउँपालिका उपाध्यक्ष
श्री - उजिर रोकाय, सदस्य, प्रमुख प्रशासकिय अधिकृत
श्री - प्रताप लामा, सदस्य,समाजिक विकास समिति संयोजक
श्री - विष्णु बहादुर बोहरा, सदस्य नेपाल शिक्षक माहासङ्घ
श्री -उमा कुमारि खड्का, सदस्य, महिला तथा बालबालिका शाखा
श्री - दिपक भण्डारी,सदस्य, क्याम्पस प्रमुख
श्री - सुर्य प्रसाद पौड्ल, सदस्य, अपाङ्ग महासङ्घ
श्री - नन्द रावत, सदस्य, प्रवक्ता
श्री - कैलास रोकाय, सदस्य, प्रधानध्यापक
श्री - प्रेमकला बुढा, सदस्य
श्री - कृष्ण प्रसाद आचार्य,सदस्य
श्री - बर्ष बहादु फडेरा,सदस्य सचिव,शिक्षा, युवा तथा खेलकुद शाखा

**सल्लाहकारहरुः**

श्री - सुशिला रोकाय, संयोजक,गाउँपालिका उपाध्यक्ष
श्री- मधु बस्नेत शाही
श्री-मेज बहादुर बुढ

**लेखन समिति**

संयोजक- श्री वर्ष बहादुर फडेरा, शिक्षा अधिकृत,युवा,शिक्षा तथा खेलकुद शाखा
सदस्य -श्री अमर बहादुर शाही , प्र अ
सदस्य- श्री कमला लामा राइ
सदस्य- श्री छप्साङ् लामा
सदस्य -श्री मेज बहादुर बुढा
सदस्य -श्री डावाङ नामग्याल
सदस्य -श्री रामराज शाही
सदस्य -श्री बल भण्डारी
सदस्य -श्री छिमि लामा
सदस्य -श्री टिकाराम पौडेल

सदस्य    श्री हरिभक्त तिवारी

सदस्य सचिव- कृष्ण प्रसाद आचार्य

**शिक्षा उपक्षेत्र कार्यदलहरु**

**प्रारम्भिका बालविकास र शिक्षाः**

संयोजक : श्री वीरजन सिंह

सदस्यः  श्री ज्ञान बहादुर शाही

सदस्य : श्री प्रेमकला बुढा

सदस्य : श्री राजु लामा

**आधारभूत शिक्षाः**

संयोजक :    श्री छिरिङ्ग पुनोर लामा

सदस्यः    श्री रेखा शाही

सदस्य :    श्री गणेश शाही

**माध्यमिक शिक्षाः**

संयोजक :    श्री देव बहादुर बुढा

सदस्यः    श्री डवल घर्ति

सदस्य :    श्री छिमि लामा

**प्राविधिक तथा व्यवसायिक शिक्षाः**

संयोजक :  श्री अम्मर बहादुर शाही

सदस्यः  श्री रामराज शाही

सदस्य :  श्री कैलाश रोकाय

**अनौपचारिक शिक्षा र आजीवन सिकाइ**

संयोजक :    श्री गणेश बहादुर शाही

सदस्यः    श्री पदम बहादुर शाही

सदस्य :    श्री भिम कु.राई

**अन्तर सम्बन्धी सम्बन्धित बिषय र क्षेत्र हरु:**

**पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ  सामाग्री तथा  मूल्याङ्कन**

संयोजक :    श्री रामराज शाहि

सदस्यः    श्री मेज बहादुर बुढा

**शिक्षक व्यवस्थापन र विकास**

संयोजक :    श्री बल भण्डारी

सदस्यः    श्री राज बहादुर भण्डारी

**शिक्षामा समता र समावेशीकरण**

संयोजक :श्री उमा कुमारी खड्का

सदस्यःश्री रेखा शाही

**विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम**

संयोजक: श्री मनमाया शाही

सदस्य: श्री वसन्ती रावत

**विद्यालय सुरक्षा विपत न्यूनीकरण तथा उत्थानशीलता**

संयोजक: श्री राजु लामा

सदस्य: श्री लाल बहादुर लामा

**विद्यालय भौतिक पूर्वाधार र विकास**

संयोजक: श्री कैलाश रोकाय

सदस्य: श्री डबल घर्ति

**विद्यालय सुचना तथा सञ्चार प्रविधि**

संयोजक: श्री लाल बहादुर लामा

सदस्य: श्री छिमि लामा

**सुशासन तथा व्यवस्थापन**

संयोजक: श्री डबल घर्ति

सदस्य: श्री कैलाश रोकाया

**लगानि र स्रोत व्यवस्थापन**

संयोजक: श्री छिमि लामा

सदस्य: श्री मेज बहादुर बुढा

**अनुगमन तथा व्यवस्थापन**

संयोजक: श्री मेज बहादुर बुढा

सदस्य: श्री  डबल घर्ति

**प्राविधिक सहयोग**

यूनिसेफ नेपाल

समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

## कार्यकारी सारांश

" सिमकोटको ईच्छा गुणस्तरीय, लगानी सहितको प्रविधिमैत्री शिक्षा " भन्ने मूल नारा बोकेको सिमकोट गाउँपालिका कर्णाली प्रदेश अन्तर्गतको हुम्ला जिल्लामा अवस्थित यो गाउँपालिकाको क्षेत्रफल ७८५.८९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको एक विकासशील स्थानीय तह हो । गाउँपालिकालाई समृद्ध र सुन्दर बनाउने एउटा महत्वपूर्ण आधारको रूपरूपमा रहेको शिक्षा क्षेत्रको विकास तथा गुणस्तर सुधारका लागि मुख्य दस्ताबेजका रूपरूपमा यस दश वर्षे शिक्षा योजना तयार पारिएको हो । नेपालमा भएको राजनीतिक परिवर्तनपछि नेपालको संविधान २०७२ मा व्यवस्था भएबमोजिम अनिवार्य र नि:शुल्क शिक्षाको सफल कार्यान्वियनका कार्यक्रमहरु यस योजनामा समेटिएका छन् । संवैधानिक व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेका स्थानीय तहका शिक्षा सम्बन्धी अधिकारहरुको कार्यान्वयनका लागि यस गाउँपालिकाले विगतका वर्षहरुमा विद्यालयको भौतिक, शैक्षिक, आर्थिक तथा मानवीय स्रोत र साधनको विकास,व्यवस्थापन तथा सुधार र सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । शिक्षा ऐन, नियमावली र कार्यविधिहरु निर्माण, विद्यालय भौतिक पूर्वाधार निर्माण तथा सुधार, कम शिक्षक दरबन्दी भएका विद्यालयहरुमा गाउँपालिका अनुदानका शिक्षक व्यवस्थापन, शिक्षक क्षमता विकासका क्रियाकलाप, शैक्षिक सामग्री व्यवस्थापन, विद्यार्थी छात्रवृत्ति वितरण, उत्कृष्ट शिक्षक सम्मान, स्थानीय पाठ्यक्रम निर्माण जस्ता मुख्य कार्यक्रमहरु यस पालिकाले कार्यान्वयन गर्दै आएको छ । जसबाट विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा वृद्धि, भौतिक पूर्वाधारमा सुधार, विद्यालयमा सूचना प्रविधिको विस्तार, समावेशी र समतामूलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र घोषणा जस्ता क्षेत्रमा उल्लेख्य प्रगति भएको पाइन्छ ।

नेपालको संविधान २०७२ अनुसार आधारभूत शिक्षा अनिवार्य र नि; शुल्क तथा माध्यमिक शिक्षा नि; शुल्क हुने व्यवस्था भएता पनि त्यसको सफल कार्यान्वयन हुन नसकेको अवस्था छ । संवैधानिक रूपरूपमा आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहमा स्थापित गरिएको भएता पनि हालसम्म स्पष्ट ऐन कानुन नबन्नु, सामुदायिक विद्यालयहरुमा न्यूनतम शिक्षक दरबन्दीको अभाव हुनु, वर्तमान शिक्षा प्रणालीले आर्थिक, सामाजिक , भाषिक लगायतका सांस्कृतिक विविधता र पहुँचको सम्बोधन गर्न नसक्नु, सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि गरिएको लगानी न्यून हुनु, समसामयिक रूपरूपमा विद्यालय नक्साङ्कन पुनःस्थापना र पुनर्वितरण गर्न नसकिनु, बालबालिकाहरुको सिकाइको निम्ति अभिभावकहरु सक्रिय नबन्नु, सामुदायिक विद्यालयहरुको सिकाइमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्न नसकिनु, शिक्षकहरुको पेसागत सहयोग तथा क्षमता विकासका कार्यक्रमहरु न्यून मात्रामा सञ्चालन हुनु, विद्यालयलाई अझैं पनि शान्ति क्षेत्रको रूपरूपमा व्यवस्थित गर्न नसकिनु, विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोडन नसकिनु, विद्यार्थीहरुको सिकाइलाई दैनिक जीवनसँग आवद्ध गर्न कठिनाइ हुनु जस्ता मुख्य समस्या तथा मुद्धाहरु शिक्षा क्षेत्रमा विद्यमान रहेको पाइन्छ ।

सिमकोट गाउँपालिकाको शैक्षिक विकासका लागि कोशे ढुङ्गा मानिएको यस दश वर्षे शिक्षा योजनाको मुख्य उद्देश्य सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्दै अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय,

जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु रहेको छ । यसका साथै योजना अवधि भरमा गाउँपालिकालाई अनौपचारिक, वैकल्पिक र जीवनपर्यन्त निरन्तर शिक्षाका माध्यमबाट पूर्ण साक्षर गाउँपालिका बनाउनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायीक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ । यसैगरी विद्यालयलाई शान्ति क्षेत्रको रूपरूपमा विकास तथा बालमैत्री वातावरण र भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने एवम् आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिने जस्ता कुराहरु समेत यस योजनाको उद्देश्यको रूपरूपमा रहेका छन् । परिवर्तनशील र युग सुहाँउदो शिक्षाका माध्यमबाट व्यक्ति, समाज र राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउन सकिने हुनाले उपयुक्त शिक्षाका लागि विद्यालय शिक्षाको व्यवस्थापकीय, शैक्षिक, प्रशासनिक तथा आर्थिक र गुणस्तर सुधार गर्ने, आन्तरिक सुशासन, सुधार एवम् दक्षतामा अभिवृद्धि गर्ने, अनिवार्य र नि; शुल्क आधारभूत शिक्षा तथा नि; शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने, नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनःर्वितरण गर्ने, शिक्षकहरुको पेसागत सहयोग तथा क्षमता विकास गर्ने,विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने , विद्यालय शिक्षालाई उच्च शिक्षासँग आवद्ध गर्दै दक्ष मानव संसाधनको विकास गर्ने, शैक्षिक पहुँच तथा समावेशीतामा वृद्धि गर्ने, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागीतासँग आवद्ध गर्ने, विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्नका लागि विद्यालयको नेतृत्व क्षमतामा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने, विपत् को समयमा पनि विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिने, शैक्षिक क्षेत्रमा आवश्यक पर्ने संरचनागत एवम् मानवीय श्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जस्ता मुख्य रणनीतिहरु यस योजनामा समावेश गरिएको छ ।

सिमकोट गाउँपालिकाको शैक्षिक मार्गदर्शक दस्तावेजका रूपरूपमा रहेको यस शिक्षा योजना निर्माण गर्दा शिक्षा योजना विकासको लागि सुरुमा सम्बन्धी सम्बन्धित सरोकारवालाहरुसँग प्रारम्भिक छलफल तथा परामर्शगरी गाउँपालिका अध्यक्ष श्री विजय भण्डारी ज्यूको संयोजकत्वमा १३ सदस्यीय शिक्षा योजना निर्माण मूल समिति गठन गरी योजना निर्माणका लागि छलफल, कार्यदल गठन तथा कार्ययोजना निर्माण भएको थियो । सोही अनुरूप गाउँशिक्षा समितिमा छलफल गरी कार्यपालिकाबाट बजेट व्यवस्थापन भएको थियो । योजनाको तथ्याङ्क सङ्कलनका साधनहरुको निर्माण र सङ्कलन, गाउँपालिकाको आवधिक योजना, सिमकोट गाउँपालिकाको वस्तुगत विवरण, प्रदेश तथा सङ्घीय सरकारको शिक्षा सम्बन्धी योजना, नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ तथा अन्य शिक्षा सम्बद्ध आधारपत्रहरुको अध्ययन खाका तयारी तथा मस्यौदा लेखन गरी शिक्षा सम्बद्ध सबै सरोकारवालाहरुबाट सुझाव र पृष्ठपोषण सङ्कलन गरी सङ्कलित सुझावका आधारमा अन्तिम मस्यौदाको सम्पादन गरिएको थियो भने अन्तमा गाउँकार्यपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा आएको हो ।

यस दश वर्षे शिक्षा योजनाको अन्तसम्ममा सबै बालबालिकाहरू गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त गर्ने, अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार हुने,विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा वृद्धि

हुने,गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरिकहरूको साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने, अपाङ्गता भएका र सामाजिक रूपरूपमा पछाडि पारिएका बालबालिकाहरुका लागि उपयुक्त शैक्षिक अवसरहरू प्राप्ति हुने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरुको सिकाइ निरन्तरता हुने जस्ता प्रमुख उपलब्धिहरु प्राप्ति हुने यस योजनाको अपेक्षा रहेको छ । आधार वर्षमा यस गाउँपालिकाको बजेट रु १९९७४५२६०.०० रहेको छ भने, आर्थिक वर्ष २०८०/०८१ देखि २०९०/०९१ सम्म कार्यान्वय हुने यस योजनाको कार्यान्वयनका लागि दश वर्षसम्मका लागि अनुमानित जम्मा रु . **१०४९१४९५६२.००** खर्च हुने प्रक्षेपित अनुमान गरिएको छ ।। साथै यसमा शिक्षक, कर्मचारी तलव भत्ता, छात्रवृत्ति लगायत नियमित विद्यालयमा जाने सञ्चालन तथा व्यवस्थापन अनुदान समावेश गरिएको छ ।

## विषयसूचि

**कार्यकारी सारांश** ........ I

**विषय प्रवेश** ........ १

*क) भूमिका* ........ १

*ख) शिक्षा योजना निर्मणिको आवश्यकता र औचित्य* ........ १

*ग) शिक्षा योजना निर्माणका आधारहरु* ........ २

*घ) योजना निर्माण प्रक्रिया* ........ ३

*ङ) योजनाको लेखाजोखा* ........ ४

**क्र.सं.** ........ ४

**लेखाजोखाका पक्ष** ........ ४

**विस्तृत विवरण** ........ ४

*च) योजनाको दस्तावेजको स्वरूप* ........ ५

*छ) अपेक्षित उपलव्धीः* ........ ५

**परिच्छेद –१** ........ ७

१.१ पृष्ठभूमि ........ ७

*१.१.१ अवधारणा* ........ ८

*१.१.२ सन्दर्भ* ........ ९

*१.१.३ वर्तमान अवस्था* ........ १२

*१.१.४ भौगोलिक अवस्थिति* ........ १३

*१.१.५ जनसङ्ख्या* ........ १४

*१.१.६ चाड पर्व तथा सास्कृतिक पर्वहरु* ........................................ १५

*१.१.७ शिक्षा तथा साक्षरताको अवस्थाः* ........................................ १६

१.२ मुख्य अवसर समस्या तथा चुनौती ........................................ १७

*१.२.१ सवल पक्षहरू* ........................................ १७

**परिच्छेद ;– २ दूरदृष्टि,उद्देश्य,रणनिति तथा लक्ष्य निर्धारण ........................................ १९**

२.१ अवधारणा ........................................ १९

२.२. वर्तमान अवस्थाः ........................................ २२

२.३ दीर्घकालीन राष्ट्रिय सोच ........................................ २२

२.४ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य ........................................ २३

२.५ लक्ष्य (ज्द्धक्त) ........................................ २३

उद्देश्य ........................................ २३

रणनीति ........................................ २३

२.६ प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य ........................................ ३८

**परिच्छेद –३ मुख्य उपक्षेत्र ........................................ ४५**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........................................ ४५

*३.१.१ परिचय* ........................................ ४५

*३.१.२ वर्तामान अवस्था* ........................................ ४६

*३.१.३ उद्देश्य* ........................................ ४७

*३.१.४ रणनिति* ........................................ ४७

*३.१.४ प्रमुख उपलब्धि तथा नतिजा* ........................................ ४८

*३.१.५ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य* ........................................ ५०

३.२ आधारभूत शिक्षा ........ ५२

*३.२.१ परिचय* ........ ५२

*३.२.२ वर्तमान अवस्था* ........ ५२

***चुनौती र अवसरहरुः*** ........ ५३

*३.२.३ उद्देश्यः* ........ ५४

*३.२.४ रणनीतिहरूः* ........ ५५

*३.२.५ प्रमुख उपलब्धि तथा नतिजा* ........ ५६

*३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ ५८

३.३ माध्यामिक शिक्षा ........ ५९

*३.३.१ परिचय* ........ ५९

*३.३.२ उद्देश्य* ........ ६०

*३.३.३ रणनीति* ........ ६०

*३.३.४ प्रमुख उपलब्धि र नतिजा* ........ ६१

*३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य* ........ ६३

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ६५

*३.४.१ परिचय* ........ ६५

*३.४.२ वर्तमान अवस्था* ........ ६६

*३.४.३ उद्देश्य* ........ ६७

*३.४.४ रणनीति* ........ ६८

*३.४.५ प्रमुख उपलब्धि र नतिजा* ........ ६८

*३.४.६ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य* ........ ६९

*३.४.७ मुख्य क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका* ........ ६९

३.४ प्राविधिक शिक्षा र व्यावसायिक तालिम ........................................ ७१
३.४.१ *वर्तमान अवस्था* ........................................ ७१
३.४.२ *उद्देश्य* ........................................ ७२
३.४.३ *रणनीति* ........................................ ७३
३.४.४ *प्रमुख उपलब्धि र नतिजा* ........................................ ७३
३.४.५ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........................................ ७५
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन........................................ ७७
४.१.१ *वर्तमान अवस्था* ........................................ ७८
४.१.२ *उद्देश्य* ........................................ ८०
४.१.३ *रणनीति* ........................................ ८०
३.१.५ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........................................ ८३
४.२ शिक्षक व्यवस्थापन र विकास........................................ ८६
४.२.१ *वर्तमान अवस्था* ........................................ ९१
४.१.२ *उद्देश्य* ........................................ ९४
४.२.३ *रणनीति* ........................................ ९४
४.२.४ *प्रमुख उपलब्धि र नतिजा* ........................................ ९५
४.२.५ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........................................ ९७
४.३ शिक्षामासमता र समावेशीकरण ........................................ १००
४.३.१ *परिचय* ........................................ १००
४.३.२ ***वर्तमान अवस्था*** ........................................ १०२
**४.३.३ *उद्देश्य*** ........................................ १०३
**४.३.४ *रणनीति*** ........................................ १०३

*४.३.४ प्रमुख उपलब्धि तथा नतिजा* ........................................ १०४

*४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........................................ १०६

४..४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........................................ १०७

*४.४.१ वर्तमान अवस्थाः* ........................................ १०८

***४.४.२ उद्देश्य*** ........................................ १०९

***४.४.३ रणनीति*** ........................................ १०९

***४.४.४ प्रमुख उपलब्धि, तथा नतिजा*** ........................................ १०९

*४.४.५प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........................................ १११

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण र उत्थानशीलता........................................ ११३

*४.५.१ वर्तमान अवस्था* ........................................ ११३

*४.५.२ उद्देश्य* ........................................ ११४

*४.५.३ रणनीति* ........................................ ११५

*४.५.४ प्रमुख उपलब्धि र नतिजा* ........................................ ११६

*४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........................................ ११८

*४.६ विद्यालय भौतिक पूर्वाधारविकास* ........................................ ११९

*४.६.१ वर्तमान अवस्था* ........................................ ११९

*४.६.२ उद्देश्य* ........................................ १२०

*४.६.३ रणनीति* ........................................ १२०

*४.६.४ प्रमुख उपलब्धि तथा नतिजा* ........................................ १२१

*४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य* ........................................ १२३

४..७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........................................ १२४

*४७..१ वर्तमान अवस्था* ........................................ १२५

४७..२ उद्देश्य ........ १२७

४७..३ रणनीति ........ १२७

४७..४ प्रमुख उपलब्धि र नतिजा ........ १२७

४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ........ १२९

**परिच्छेद ५: ........ १३०**

५. मातृभाषामा शिक्षा ........ १३०

५. १ परिचय ........ १३०

५.१.१ वर्तमान अवस्था ........ १३५

५.१.२ लक्ष्य ........ १४१

५.१.३ उद्धेश्य ........ १४१

५.१.४ रणानीति ........ १४२

५.१.५ प्रमुख उपलब्धि तथा नतिजा ........ १४३

५.१.६ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ........ १४५

**परिच्छेद– ६........ १४७**

६.१ सुशासन तथा व्यवस्थापन ........ १४७

६.१.१ परिचय ........ १४७

६.२ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास ........ १४८

६.२.१ परिचय ........ १४८

६.२.२ वर्तमान अवस्था ........ १४९

६.२.३ लक्ष्य ........ १५२

६.२.४ उद्देश्य ........ १५२

*६.२.५ रणनीतिहरू* ........................................ *१५२*

*६.२.६ उपलब्धि तथा  प्रमुख नतिजा* ........................................ *१५२*

*६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः* ........................................ *१५५*

६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको ........................................ १५८

*६.२.१ वर्तमान अवस्था* ........................................ *१५९*

*६.२.४ उद्देश्य* ........................................ *१६२*

*६.२.५ रणनीतिहरू* ........................................ *१६२*

. २.४ ६प्रमुख उपलब्धि तथा नतिजा ........................................ १६३

*६.२.५  प्रमखु क्रियाकलाप र परिमाणत्मक लक्ष्य* ........................................ *१६५*

**परिच्छेद – ७ ........................................ १६९**

७. लगानी र स्रोत व्यवस्थापन ........................................ १६९

*७.१ परिचय* ........................................ *१६९*

७. २ वर्तमान अवस्था ........................................ १७०

७. ३ लक्ष्य ........................................ १७२

७. ४ उद्देश्य ........................................ १७२

७. ५ रणनीतिहरू ........................................ १७२

७. ६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........................................ १७३

७.५ योजनाको बार्षिक बजेट तर्जमा प्रक्रिया ........................................ १७९

७.६ योजना कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ........ १७९

**परिच्छेद ८ : ........................................ १८०**

८.१ अनुगमन तथा मूल्याङ्कन ........................................ १८०

८.१.१ परिचय ........................................................ १८०

८.१.२ वर्तमान अवस्था .............................................. १८०

८.२ उद्देश्य ........................................................ १८३

८.३ रणनीतिहरू ...................................................... १८४

८.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ......................... १८४

८.५ प्रमुख क्रियाकलाप र लक्ष्यः ......................................... १८६

अनुसूचि ........................................................... १८८

## विषय प्रवेश

क) भूमिका

नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरि प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । यसै गरी संविंधानले नै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गअपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यबस्था गरेको छ । राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन र राष्ट्र निर्माणमा शिक्षाको अहम् भूमिका रहन्छ ।

प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा आधारभूत तथा माध्यामिक तहको शिक्षाको जिम्मेवारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकूल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सिप , स्थानीय प्रविधि लागायतलाई एकिकृत गरि पालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि पालिकाले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ। सङ्घिय सरकारले १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अवस्थामा उक्त शिक्षा क्षेत्र योजनालाई प्रदेश तथा स्थानीय तहमा स्थानीयकरण गरी स्थानीय तहले पनि सङ्घीय शिक्षा क्षेत्र योजना अनुरूपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक छ । यसै सन्दर्भमा सिमकोट गाँउपालिका, हुम्लाले यो शिक्षा योजना निर्माण गरेको छ ।

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरु दिएको र उक्त अधिकार क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनले नै शिक्षाका लक्ष्य तथा उदेश्यहरु पुरा हुने तथा उक्त अधिकार क्षेत्र भित्र स्थानिय तहले शिक्षाको योजना तर्जुमा गरि कार्यान्वयन गर्न सक्ने उल्लेख भए अनुसार स्थानीय अवस्था, श्रोत र आवश्यकताका आधारमा शिक्षा योजना निर्माण गरि कार्यान्वयन गर्ने जमर्को गरिएको छ । गाउँपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १० वर्षे शिक्षा क्षेत्र योजना लगायतको मार्गदर्शनका आधारमा सङ्घीय सरकार तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य उदेश्य प्राप्तिमा मद्दत गर्न र गाउँपालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रूपरूपमा सहायता लिन

शिक्षा योजना निर्माणको आवश्यकता देखिएको हो । यो शिक्षा योजनाले शिक्षा क्षेत्रको विकासको लक्ष्य पुरा गर्न मद्दत गर्ने साथै राष्ट्रिय अपेक्षा पुरा गर्न पनि सहयोग गर्ने अपेक्षा गरिएको छ ।

नेपालको संविधान अनूसूची-८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी यस सिमकोट गाउँपालिका हुम्लाले पनि स्थानीय शिक्षा योजना निर्माण गरि कार्यान्वयन गरिएको हो ।

ग) शिक्षा योजना निर्माणका आधारहरु

यस सिमकोट गाउँपालिका हुम्लाले आफ्नो शिक्षा क्षेत्र योजना निर्माण गर्दा क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयनमा सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजनाबिचको अन्तरसम्वन्ध कायम हुने गरी योजना तर्जुमा गरेको छ । यसका लागि यस गाउँपालिका अन्तर्गतका विभिन्न शाखाहरूसँग पनि समन्वय गरेको छ । शिक्षा क्षेत्र योजना निर्माण गर्दा यस गाउँपालिकाले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने आधारमा यो योजना निर्माण गरेको छ र यसका आधारहरुलाइ तपसिलमा उल्लेख गरेको छ ।

क) नेपालको संविधान

ख) सोह्रौँ आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) विद्यालय शिक्षामा समता रणनीति

झ)	दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ)	स्थानीय तहको योजना तर्जुमा  दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट)	स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ)	राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड)	विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घ संस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

घ) योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्ने परिकल्पनाको स्वरूपलाइ कार्यन्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरुको समिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन । यसलाइ निर्माण गर्नु पर्छ । योजना निर्माण गर्नु एउटा चुनौती पूर्ण कार्य पनि हो । विगतको अनुभव र वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको  आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र योजनाका **मुख्य रणनीति** विश्लेषणात्मक रूपरूपमा कार्यन्वयन तहसम्म पुर्याइ मिठो प्रतिफल दिन आफैमा कठिन र चुनौतूर्ण छ। सिमकोट गाउँपालिकाको शैक्षिक योजना निर्माण पनि एउटा चुनौती पूर्ण कार्य थियो । तर स्थानीय सरकारको सक्रिय तथा निरन्तर सहयोगवाट आज योजनाले यो रूप धारण गर्दै छ । सिमकोट गाउँपालिकाको  शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरु अपनाइएको थियो ।

१, सिमकोट गाउँपालिकाको  शिक्षा योजना निर्माणका लागि कार्यपालिकाको  बैठकमा छलफल गरी  पारित गरेको ।

२, सिमकोट गाउँपालिकाको  शिक्षा योजना निर्माणका लागि कार्यदिशा सहितको ९ सदस्यीय निर्माण कार्यदल गठन गरीएको

३, योजनालाइ मूर्त रूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।

४, योजनाको खाका तयार गरी विषय वस्तु माथी छलफल गरिएको ।

५, विद्यालयका प्रधानाध्यापक , वि. व्य.स. अध्यक्ष शि. अ. सङ्घ अध्यक्ष र अन्य शैक्षिक सरोकारवालाहरु सँग लिखित सुझाव सङ्कलन

६, सिमकोट गाउँपालिकाका विभिन्न स्थानमा पुगी जनप्रतिनिधि, धार्मिक अगुवाहरुमहिला, सर्वसाधारण तथा अन्य शैक्षिक सरोकारवालाहरुसँग प्रत्यक्ष  भेटघाट गरेर सुझाव सङ्कलन गरिएको ।

७, सिमकोट गाउँपालिकाको गुरुयोजना , शिक्षा युवा तथा खेलकुद शाखामा तयार पारिएका स्रोत सामग्री तथा प्रदेश सरकारको पार्श्वचित्र संविधान , शिक्षा ऐन तथा नियमावलीहरु , प्रस्तावित नेपालको शिक्षा क्षेत्र योजना तथा अन्य गाउँपालिकाका शिक्षा योजना समेत अध्यायन गरिएको ।

८, २०७८ सालको  प्रारम्भिक जनगणनालाई आधार मानेको ।

९, अनिवार्य तथा नि; शुल्क शिक्षा ऐन २०७५   को अध्ययन गरिएको ।

१०, अनिवार्य तथा नि; शुल्क शिक्षा नियमावली २०७७   को अध्ययन गरिएको

ङ) योजनाको लेखाजोखा

योजनाको तयारी गरि सके पछि योजनाको विश्वसनियता, वस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विविध पक्षहरु समेटेर यसको लेखाजोखा गरिनु पर्छ । जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । गाउँपालिका भित्रका आन्तरिक विभिन्न विषय क्षेत्रका विज्ञहरूको सहभागितामूलक प्रक्रियाबाट यस योजनाको लेखालोखा गर्ने कार्य गरिएको छ । यस योजनाको लेखाजोखा गर्दा तलको तालिकामा दिइएका पक्षको सुक्ष्म विश्लेषण गरिएको थियो :

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | स्थानीय तह र सरोकारवालाको सहभागिता स्पष्ट छ, अभिभावक, शिक्षक, समुदाय प्रतिनिधि तथा अन्य सरोकारवालाको उपस्थितिले योजना जनमुखी भएको सङ्केत गर्छ; यो निर्माण गर्ने प्रक्रिया पारदर्शी देखिन्छ । |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | रणनीति र कार्यक्रम समस्यामाथि केन्द्रित छन्, विद्यार्थीको न्यून उपस्थिति, सिकाइ नतिजाको खस्कदो स्तर, संरचनाको अभाव — यीलाई सम्बोधन गर्ने खालका कार्यक्रम योजना भित्र समेटिएका छन् । |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | सीमित प्रयासमा भए पनि पछाडि पारिएका समूदाय, बालबालिका, सिप विकास, र गुणस्तरीय शिक्षाको पक्षलाई समेटिएको छ। सिकाइ नतिजामा आधारित योजना बनेको छ। |
| ४ | अन्तरसम्बन्ध र तादात्म्य (Coherence) | शिक्षा योजना अन्य स्थानीय योजना (स्वास्थ्य, कृषि, पूर्वाधार) सँगको अन्तर्सम्बन्धमा तयार पारिएको देखिन्छ । विद्यालय सुधार योजना र SDG लक्ष्यसँग मेल खाने खालका उद्देश्य र रणनीति समावेश गरिएका छन् । |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | योजना व्यवहारिक छ तर सबैलाई कार्यान्वयन गर्न आवश्यक स्रोत, समय, र मानव संसाधन स्पष्ट छैन। अनुगमन संयन्त्रको प्रयोग अझ सशक्त बनाइनुपर्ने आवश्यकता छ। मूल्याङ्कन |
| ६ | स्रोतको प्रबन्ध | कार्यक्रम ठूला छन्, तर स्रोतको सुनिश्चितता अस्पष्ट छ। बजेट वितरण र कार्यान्वयनबिचको सन्तुलन कमजोर देखिन्छ। साझेदारीको प्रयास थालिए पनि अझ व्यवस्थित बनाइनु जरुरी छ। |

| | | |
|---|---|---|
| ७ | संस्थागत क्षमता | संरचनात्मक व्यवस्था भए तापनि, क्षमता विकासका संयन्त्र अझ सुदृढ हुनुपर्छ। |
| ८ | कार्यान्वयनमा तत्परता | अपनत्व र जिम्मेवारी तोकिएको देखिन्छ; वार्षिक योजना छ तर "सबैलाई एकै नजरले योजना देखाउने" काम बाँकी छ। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | तथ्याङ्क संकलनको प्रयास प्रारम्भिक चरणमै छ । समन्वय र विश्लेषण प्रणाली अझै विकसित गर्नुपर्नेछ। |
| १० | अनुगमन र प्रतिवेदन | अनुगमन संयन्त्रको खाका तयार भए तापनि कार्यान्वयनमा अझ स्पष्टता र नियमितता आवश्यक छ। सूचकहरूको प्रयोग प्रारम्भिक छ। |

नोट : शिक्षा योजना निर्माणमा स्थानीय सरोकारवालाहरुको सहभागिता, पारदर्शिता, समावेशी, आशाजनक, र जनमुखी देखिन्छ। तर यसको सफलता

सुनिश्चित गर्न स्रोत व्यवस्थापन, संस्थागत दक्षता, तथा अनुगमन प्रणालीमा सुदृढीकरण गर्न आवश्यक छ। योजना केवल कागजमा होइन, जनताको जीवनमा परिवर्तन ल्याउने माध्यम बन्न सक्नुपर्छ।

च) योजनाको दस्तावेजको स्वरूप

यस शिक्षा योजनाको स्वरूपलाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण २०८१) को अनुसूची १ बमोजिमको ढाँचामा आधारित भई तयार पारिएको छ । यस योजनाको परिचय खण्ड भन्दा पहिला गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृतको शुभकामना तथा भनाइ, योजनाको कार्यकारी सारांश, विषयसूची, विषय प्रवेश, शिक्षा योजना निर्माणको आवश्यकता, स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य, शिक्षा योजना निर्माणका आधार, शिक्षा योजना निर्माण प्रक्रिया, योजनाको लेखाजोखा र योजनाको दस्तावेजको स्वरूप राखिएको छ भने अन्तिम खण्ड भन्दा पछाडि विभिन्न अनुसूचीहरु राखिएको छ , यस बाहेक यस योजनालाई ८ वटा परिच्छेदमा विकास गरिएको छ। परिच्छेद १ मा परिचय खण्ड, परिच्छेद २ मा योजनाको दुरदृष्ट्रि, लक्ष्य ,उद्धेश्य, रणनीति राखिएको छ, परिच्छेद ३ मा शिक्षा क्षेत्रका मुख्य उप क्षेत्र राखिएको छ, परिच्छेद ४ मा शिक्षा क्षेत्रका अन्तर सम्बन्धीत विषय वस्तुहरु छन, भने परिच्छेद ५ मा अन्य क्षेत्र राखिएको छ, परिच्छेद ६ मा शिक्षामा सुशासन र व्यवस्थापनको विकास गरिएको छ, परिच्छेद ७ मा सम्पुर्ण योजनाको लागानी तथा स्रोत व्यवस्थापनलाई राखिएको छ, भने परिच्छेद ८ मा अनुगमन र मूल्याङ्कनलाई राखेर विकास गरिएको छ ।

छ) अपेक्षित उपलब्धीः

योजना भनेको भविष्यमा हुने कुनै पनि काम कुशलतापूर्ण रूपरूपमा सम्पन्न गर्नका लागि बनाइएको खाका हो । यसले काम सम्पन्न गर्नका लागि आवश्यक पर्ने कच्चा पदार्थका साथै लागत समेतको इष्टिमेट दिएको हुन्छ । र

भविष्यमा त्यसले कस्तो परिणाम दिन्छ त्यो पनि आकलन गरिएको हुन्छ । त्यस्तै सिमकोट गाउँपालिकाको शिक्षा योजनाले पनि पालिकाको समग्र भावी शिक्षा क्षेत्रको रूपरेखा बोकेको हुनाले यसले निम्न उल्लेखित अपेक्षा राखेको छ ।

१. सबै बालबालिकाहरु विद्यालयमा समानुपाति समतामूलक पहुँचमा पुगेको हुने छ ।

२. अनिवार्य तथा नि; शुल्क आधारभूत तथा माध्यामिक तह शिक्षाको व्यवस्था भएको हुने छ ।

३. सम्पूर्ण तह र उमेर समूहका विद्यार्थीहरुले आफ्नो तह पूर्ण रूपले पुरा गरेका हुने छन ।

४. विद्यालयमा आवश्यक तहगत शिक्षक दरबन्दीका साथै योग्य र सक्षम शिक्षकहरुको व्यवस्था भएको हुने छ ।

५. गाउँपालिकाले सम्पूर्ण विद्यालयमा आफ्नो अपनत्व लिन सकेको हुने छ ।

६. गाउँपालिकाले शिक्षा क्षेत्रमा कम्तिमा पनि आफ्नो बजेटको २० प्रतिशत वजेट शिक्षामा छुट्टयाउने परिपाटीको विकास भएकोहुने छ

७. गाउँपालिका पूर्ण रूपरूपमा साक्षर गाउँपालिका घोषणा भएको हुने छ ।

८. अपाङ्ग तथा बालमैत्री पूर्ण भवनहरु बन्ने छन ।

९. विद्यालयमा सबै तहमा कूल र खुद भर्ना दर वृद्धि भइ विद्यालय छोडने दर र दोहोरिने दर शून्यमा झरेको हुने छ ।

१०. विद्यार्थीको सिकाइ उपलव्धी ९५ प्रतिशत भन्दा माथि हुने छ ।

११. प्राविधिक शिक्षा गुणस्तरीय बनाइ यसका थप क्षेत्र विस्तार भएको हुने छ ।

१२. विद्यालय र समुदाय बिच घनिष्ट सम्वन्ध स्थापना भएको हुने छ ।

१३. अपाङग, तथा विभिन्न कारणले विद्यालय शिक्षामा आउन नसकेका बालबालिकाहरुले निर्वाध रूपरूपमा आफ्नो क्षमतानुसार सिप सिक्ने उपयुक्त वातावरण पालिकाले बन्दोबस्त गरेको हुने छ ।

१४. १५ देखि ४५ वर्षका प्रौढहरु दैनिक जीवनमा आइ पर्ने क्रियाकलापहरु कुशलतापूर्ण तरिकाले सामाधान गर्न सक्ने छन ।

१५. सबै तहको विद्यालयमा महिला दलित जनजाति तथा सीमान्तकृत समुदायबाट शिक्षकको उपस्थितिमा वृद्धि भएको हुने छ ।

## परिच्छेद -१

१.१ पृष्ठभूमि

विधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराले पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत समेत गरेको छ । दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यामिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ । जसको बुँदा नं १ मा प्रारम्भिक बालविकास तथा शिक्षा,आधारभूत शिक्षा,अभिभावक शिक्षा,अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ । शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । सङ्घीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सुव्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि सुखी नेपाली समृद्ध नेपालको नारालाई साकार पार्न गाउँपालिकाले शिक्षा योजना २०८१ तयार गरेको छ । यसका साथै गाउँपालिका अन्तरगतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठीहरू सञ्चालन गरी शिक्षा सम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ-आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकासगरी सिप युक्त नागरिक तयार गर्न र समृद्ध गाउँपालिकाको रूपरूपमा विकास गर्न यो नीतिले उल्लेख्य भूमिका खेलेको छ ।

१.१.१ अवधारणा

अनिवार्य तथा नि: शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ शिक्षा प्राप्त गर्ने प्रत्यक व्यक्तिको आधारभूत मानव अधिकार एवम् संविधानमा प्रदत्त मैलिक हकलाई व्यवहारमा कार्यन्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादउन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँचु र निरन्तरता सुनिश्चित गरी शिक्षालाई सर्वव्यापी जीवनोयोगी, प्रतिस्पर्धा एवम् गुणस्तरीय बनाउनका लागि अनिवार्य तथा नि:शुल्क र अनिवार्य शिक्षाको व्यवस्था गरेको र यस सम्बन्धी नियमावली,२०७७ ले परिच्छेद -६ मा व्यवस्था गरेको छ ।

नेपालको संविधानको धारा ३१ मा शिक्षालाई मौलिक हकका रूपमा उल्लेख गरिएको छ । शिक्षामा पहुँच बढाउन र शिक्षालाई नि:शुल्क र अनिवार्य बनाउने सम्बन्धी धारा ३१ को उपधारा १ र २ मा व्यवस्था गरेको छ । त्यसैगरी उपधारा ३,४ र ५ मा क्रमश:अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाई देखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ । योजनाको प्रथम पाँच वर्ष २०७३ साउन देखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोत सहितको कार्ययोजना तयार गरिएको छ । वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ । साविकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४-२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन् । राष्ट्रिय शिक्षा नीति,२०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको

राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार मानिएको छ । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरूप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवम् शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक पर्दछ । सङ्घीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवम् नतिजामूलक ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकूल शिक्षा नीतिको जरुरत पर्दछ । शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नु परेको कुरा उल्लेख गरेको छ ।

दिगो विकासको लक्ष्य २०३० मा शिक्षा सम्बन्धी लक्ष्य ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने दिगो विकास लक्ष्य ४ अन्तर्गतः

(क) सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले नि:शुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,

(ख) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,

(ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,

(घ) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सिप र दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने

(ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष राखेको छ । यसरी शिक्षको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दै स्थानीय तहको जनशक्ति र आवश्यकतालाइ समेटी कार्यन्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ ।

१.१.२ सन्दर्भ

शैक्षिक क्षेत्रको विकेन्द्रिकरण सँगसँग नेपालको संविधान २०७२,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकार सञ्चालनका लागि अधिकार प्रत्यायोजन गरेको छ । सोही अनुसार अधारभूत शिक्षा र माध्यमिक तहको

शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना बनाइ सोको कार्यान्वयन गर्नका लागि महत्वपूर्ण रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन भित्र पर्ने शिक्षा सम्बन्धी २३ वटा अधिकार व्यवस्था गरेको छ नीतिगत व्यवस्थामा सुधार भएको,नि; शुल्क र अनिवार्य शिक्षा लागु गरी,शिक्षामा लगानी वृद्धि,विद्यालयको संस्थागत संरचनामा सुधार भएको देखिन्छ ।

विश्वव्यापी मानव विकास सूचकाङ्क प्रतिवेदन २०२० का अनुसार नेपाल १ सय ४२ औं स्थानमा उक्लिएको छ । यसअघि १४७ औं स्थानमा रहेको नेपाल यस वर्ष १ सय ८९ देशमध्ये १ सय ४२ औं स्थानमा उक्लिएको हो । नेपाल भन्दा पछि ४७ वटा देश छन् । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम यूएनडीपीले सार्वजनिक गरेको "गतिरोधको अन्त्य: धुर्वकृत विश्वमा सहकार्यको पुनर्कल्पना " शिर्षकको सन् २०२३/२०२४ को प्रतिवेदन अनुसार १९३ देशहरु मध्य नेपालको मानव विकास सूचकाङ्कको अवस्था १४६ ओ स्थानमा रहेको छ जुन मध्यम रहेको बताएको छ । नेपाल आफैंमा विविधतायुक्त देश हो । नेपालमा सयभन्दा बढी जातजाति र भाषाभाषी, विविध धर्मावलम्बी र संस्कृति छन् । नेपालमा भौगोलिक विविधतामा आधारित सांस्कृतिक र सामाजिक विविधता पनि विद्यमान रहेको छ। यो विविधतामा अनेकौं सौन्दर्यता पनि लुकेको छ । विधितामा एकता नेपाली समाजको विशेषता हो । विविधताको सौन्दर्यतालाई राष्ट्रिय भावनामा बदल्न सके मात्र विविधताले सकारात्मक परिणाम दिन सक्छ सकारात्मक परिणाम दिन सक्ने गरी गरिएको व्यवस्थापन अहिलेको सामयिक आवश्यकता हो । विविधता नेपाल राज्यको मौलिक पहिचान हो । यसैले विविधताको व्यवस्थापन नेपालको सन्दर्भमा समेत सामयिक बन्ने गरेको छ ।

नेपालको संविधान २०७२ ले समावेशी र समतामूलक समाज निर्माण गर्ने उद्देश्यका साथ महिला, जनजाति,दलित, लोपउन्मुख, सीमान्तकृत लगायतका राज्यको मूलधारबाट पछाडि परेका समूहहरूलाई उनीहरूका अधिकारहरूलाई सुनिश्चित गरेको छ । लोपउन्मुख जातिहरूको शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा लगायतका अधिकारहरूलाई पनि संविधानमा व्यवस्था गरिएको छ । नेपालको संविधान,२०७२ को धारा ४ ले 'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनि व्यवस्था गरिएको छ । नेपालको संविधान भाग ५ ले राज्यको संरचना र राज्यशक्तिको बाँडफाड सम्बन्धी कानुनको व्यवस्था गरेको छ । संविधानले राज्यको संरचनामा 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ,प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ ।' भनि व्यवस्था गरे बमोजिम नेपालको शासन प्रणालीमा तीन तहका सरकारहरु बनेका छन् । सबै भन्दा तल्लो तह स्थानीय सरकार हो । यसलाई घरदैलोको सरकार पनि भन्ने गरिन्छ । राज्यको संरचना अनुसार संविधानले राज्यशक्तिको बाँडफाँड गरेको छ । धारा ५७ (४) मा ' स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम हुनेछ' भनि उल्लेख गरिएको छ । अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकारका सूची राखीएको छ । अधिकार नं. ८ मा आधारभूत र माध्यमिक शिक्षाको

व्यवस्था गरिएको छ । साथै अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची राखिएको छ जसको अधिकार नं २ मा शिक्षा, खेलकुद र पत्रपत्रिकाको अधिकार सम्बन्धी सम्बन्धी व्यवस्था गरिएको छ । आवधिक सोह्रौ योजनाले स्वास्थ्य, शिक्षा , रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्ने उद्धेश्य राखेकाले पनि शिक्षाको महत्व बढ्को छ ।

नेपालको संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र सोहि बमोजिम राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ । राज्यशक्तिको बाँडफाँडलाई संविधानको अनुसूची ५, ६ र ८ मा सङ्घ,प्रदेश र स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ७ र ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको प्रबन्ध गरिएको छ । शिक्षा सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यावहारिक कार्यान्वयन गर्न सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ । विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा राज्यको पुनः संरचनासँग शिक्षासम्बन्धी अधिकार, स्रोत साधन, जिम्मेवारी र उत्तरदायित्व पनि स्थानीय निकायमा हुने गरी संवैधानिक रूपमा व्यवस्था गरएिको छ । लामो समयको अथक प्रयास पश्चात संविधान सभाबाट वि.स. २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान २०७२ ले शिक्षालाई मा निसको मौलिक हकको रूपरूपमा स्थापित गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि; शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि; शुल्क पाउने हकको व्यवस्था गरेको छ । साथै शिक्षालाई वैज्ञानिक,प्राविधिक, व्यवसायिक ,सिप मूलक तथा रोजगारमूलक बनाउदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ । नेपालको संविधान, २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकहरुको व्यवस्था गरिएको छ । जस अन्तर्गत निम्न बुँदाहरु उल्लेख छन् :-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ
- दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

### १.१.३ वर्तमान अवस्था

वर्तमान नेपालको सन्दर्भमा विद्यालय शिक्षाको गुणस्तर खस्कदै गएको भन्ने गुनासो व्यापक भएसँग शिक्षा सबैको चासो र चिन्तनको विषय बनेको छ । नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय तथा सान्दर्भिक बनाइ सबैको पहुँचमा पुऱ्याउन र शिक्षा पाउने मानिसको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न नेपालले शिक्षा सम्बन्धी सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय स्तरका घोषणाहरुमा हस्ताक्षर गरेको छ । जस अनुसार नेपाल सरकारले हाल शिक्षाको महत्वपूर्ण दस्तावेज मानिएको इन्चोन घोषणामा हस्ताक्षर गरी सन् २०३० सम्म सबैका लागि समाहित/समावेशी, समतामूलक,गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक शिक्षा सुदृढीकरण गरिनेछ भनि प्रतिबद्धता जनाएको छ । यसका साथै सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकासका लक्ष्यहरू (SDGS) अन्तर्गत लक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षा सम्बन्धी लक्ष्यहरु समावेश गरिएको छ ,जसमा नेपालले पनि सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइका अवसरहरुलाई प्रवर्द्धन गर्ने र सोका लागि सन् २०३० सम्ममा अपाङ्गता लगायत सबै किशोर किशोरीहरुको निःशुल्क समतामूलक तथा गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षा सुनिश्चित गर्ने र यसबाट सान्दर्भिक र प्रभावकारी सिकाइ प्रतिफल प्राप्त हुने गन्तव्य तय गरिएको छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपरूपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क शिक्षा पाउने व्यवस्थालाई सुनिश्चित गर्नको लागी निःशुल्क तथा अनिवार्य शिक्षा ऐन,२०७५ जारी गरी कार्यान्वयनमा ल्याएको पाइन्छ,जसमा वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ । नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामुलक र समावेशी पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधार गर्न तथा नेपालको शिक्षा प्रणालीमा भएका उपलब्धीलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकरात्मक प्रयासहरूलाई निरन्तरता दिनका लागि शिक्षाका नविनतम कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउन देखि २०८० असार (सन् २०१६ जुलाई देखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (SSDP) निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो । जसले राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्प्रर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको उत्पादनमा योगदान पुऱ्याउने भिजन सहित नेपालको शिक्षा क्षेत्रमा समता , गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलता जस्ता विषयवस्तुहरुमा सुधार गर्ने उद्देश्य लिएको छ । साथै नेपालको शैक्षिक प्रशासन तथा व्यवस्थापनको क्षेत्रलाई कानूनी दायरामा ल्याउन शिक्षा ऐन,२०२८ र शिक्षा नियमावली,२०५९ तथा शिक्षक सेवा आयोग नियमावली,२०५७ तयार पारि कार्यान्वयनमा ल्याइएको छ । संविधानले प्रदत्त गरेको स्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय तहका शिक्षा सम्बन्धी २३ वटा अधिकारहरूको व्यवस्था गरिएको छ । जसमा प्रारम्भिक बालविकास तथा शिक्षा,आधारभूत शिक्षा,अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ,सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति,कानुन,मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ । साथै विद्यालय क्षेत्र विकास कार्यक्रम

(SSDP) तथा नेपालको १६ औँ आवधिक योजना (२०८०/०८१-२०८४/२०८५) ले पनि प्रारम्भिक बालविकास देखि सबै तह र प्रकारका शिक्षालाई पहुँच योग्य, समावेशी, गणुस्तरीय, समयसापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्प्रधि जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रक्रियामा योगदान पुर्याउँछ । यसरी नेपालको संविधान,२०७२, राष्ट्रिय शिक्षा नीति,२०७६ दिगो विकास सम्बन्धी लक्ष्य, अनिवार्य तथा नि; शुल्क शिक्षा ऐन २०७५, शिक्षा ऐन तथा नियमावली,२०७७ स्थानीय सरकार सञ्चालन ऐन,२०७४, सोह्रौ योजना लगायतका शिक्षा सम्बन्धी ऐन,नीति,नियम कानुन,योजनाहरुले तय गरेका लक्ष्य र उद्देश्यहरुको प्राप्तिका लागि यस सिमकोट गाउँपालकाले शैक्षिक उपलब्धि प्राप्तिका लागि प्रयास गरेको छ साथै शिक्षालाई हरेक दृष्ट्रिकोणबाट व्यवस्थित, गुणस्तरीय, प्रविधिमैत्री, दिगो, समावेशी, समतामूलक बनाउदै सबै नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने मौलिक हकलाई सुनिश्चित गर्नका लागि सिमकोट गाउँपालकाको १० वर्षे शिक्षा क्षेत्र योजना २०८१-२०९१ तयार पार्नु अपरिहार्य भएको छ ।

गाउँपालकाको परिचयःसिमकोट गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लामा पर्दछ । यस गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका,नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार तत्कालिन माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका ठेहे, बरगाउँ, सिमकोट, डाँडाफया र स्याडा गा.वि.स गरी ५ वटा गा.वि.स. लाई मिलाएर निर्माण भएका हो । । सिमकोट गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ । यो गाउँपालिका हुम्ला जिल्लाको सदरमुकाम सिमकोटमा अवस्थित छ । यो गाउँपालिकाको पूर्व र दक्षिण भागमा खार्पुनाथ गाउँपालिका र पश्चिम तथा उत्तर भागमा नाम्खा गाउँपालिका छन् । यो गाउँपालिकामा हाल ८ वटा वडाहरू रहेका छन्, जसमा सिमकोट, बरगाउँ, ठेहे, डाँडाफया र स्याँडा नामक पाँच पुराना गाविसहरू समावेश छन् । सुन्दर प्राकृतिक बनोट, जैविक विविधताले भरिपूर्ण र विविधतापूर्ण जातिय पहिचान रहेको यस गाउँपालिकाको क्षेत्रफल ७८५.८९ वर्ग कि.मि. र हुम्ला जिल्लाको कूल क्षेत्रफल मध्ये १५ प्रतिशत क्षेत्रफल यस गाउँपालिकाले ओगेटेको छ । उच्च पहाडी तथा हिमाली जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलीय स्वरूपका हिसाबले उच्च पहाडी उपत्यकाभित्रको समथर क्षेत्र रहेका छन् । तथापि, होचा तथा अग्ला पहाडी एवम् हिमाली श्रृङ्खलाको काखमा रहेको समथर भू-बनोटका कारण यस गाउँपालिकामा विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ । गाउँपालिकाको केन्द्र साविकको सिमकोट गाविस अन्तर्गत सिमकोट बजारमा रहेको छ । पूर्ववत् रूपरूपमा नेपालको मध्यपश्चिम विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलमा रहेको यो गाउँपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्लामा एउटा निर्वाचन क्षेत्र रहेको छ । हालको वडामा समावेश साविक गाविस तथा गाउँपालिका र वडागत क्षेत्रफललाई देहाय अनुसार र् प्रस्तुत गरिएको छ ।

१.१.४ भौगोलिक अवस्थिति

भौगोलिक रूपरूपमा २९°५४" २ सेकेण्ड उत्तरी अक्षांश देखि ३०° २५ " उत्तरसम्म र ८१°३८ " पूर्वी देशान्तर देखि ८२°८ " १० सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको यो गाउँपालिका समुद्री सतहदेखि ३५०० मीटर उचाईसम्म

अवस्थित रहेको छ । यहाँको हावा पानी ठण्डा प्रकृतिको छ । यहाँको अधिकतम तापक्रम २९° सेल्सीयस,न्यूनतम तापक्रम माईनस २०° सेल्सीयस र औषत वर्षा ५५ मि.लि. रहेको छ । यो गाउँपालिकाको क्षेत्रफल ७८५.८९ वर्ग किलोमिटर रहेको छ । साथै यो गाउँपालिकाको केन्द्र साविकको सिमकोट गाविसको कार्यालयलाई निर्धारण गरिएको छ। यहाँ २,८८२ घरधुरी रहेका छन् । सिमकोट गाउँपालिका नेपालको कर्णाली प्रदेशको हुम्ला जिल्लाको उत्तरपश्चिम भागमा अवस्थित छ ।

१.१.५ जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार, यस गाउँपालिकाको जनसङ्ख्या १२५०७ रहेको छ । जसमा ६,१०१ जना पुरुष र ६,०२९ जना महिला छन् । १ वर्ष मुनिको जनसङ्ख्या २६४ जना रहेको छ भने ५ वर्ष भन्दा माथिको जनसङ्ख्या १२८८ जना रहेको छ त्यसै गरि १० देखि १९ वर्ष का किशोर किशोरीहरु २२६३ जना रहेका छन भनै यस गाउँपालिकाको लैङ्गिक अनुपात १०७ रहेको छ । यसको क्षेत्रफल ७८५.८९ वर्ग किलोमिटर छ । यो यहाँ एक जिल्ला अस्पताल र चार स्वास्थ्य चौकी रहेका छन् । यस गाउँपालिकामा ४.५ प्रतिशतमा ३.८ प्रतिशत महिला र ५.२ प्रतिशत पुरुष अपाङ्गता रहेका छन ।

**वडागत जनसङ्ख्या**

| **वडा नंम्वर** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|
| १ | ३६४ | ४१३ | ७७७ |
| २ | ७७७ | ७९० | १५६६ |
| ३ | ३४२ | ३९६ | ७३८ |
| ४ | ३२८ | ३३६ | ६६४ |
| ५ | ९११ | १०५९ | १९७० |
| ६ | ८१३ | ८४४ | १६५७ |
| ७ | १०४४ | १०५४ | २०९८ |
| ८ | १०१० | १०२६ | २०३६ |

**उमेरगत जनसङ्ख्या**

| उमेर | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| ०-४, | ६८१ | १३.५ | ७२९ | १३.२ | १४१० |
| ५-९ | ७५२ | १४.९ | ७४० | १३.४ | १४९२ |
| १०-१४ | ६७७ | १३.४ | ७१४ | १३.० | १३९१ |
| १५-१९ | ५९८ | ११.८ | ५४५ | ९.९ | ११४३ |
| २०-२४ | | | | | |
| २५-२९ | ४५० | ८.९ | ५२६ | ९.५ | ९७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३०-३४ | ३५८ | ७.१ | ४०५ | ७.४ | ७६३ |
| ३५-३९ | ३०० | ५.९ | ३६१ | ६.६ | ६६१ |
| ४०-४४ | २५७ | ५.१ | ३०१ | ५.५ | ५५८ |
| ४५-४९ | २३७ | ४.७ | २७४ | ५.० | ५११ |
| ५०-५४ | १६८ | ३.३ | २६२ | ४.८ | ४३० |
| ५५-५९ | १४० | २.८ | १९७ | ३.६ | ३३७ |
| ६०-६४ | १९५ | ३.९ | १८४ | ३.३ | ३७९ |
| ६५-६९ | ९९ | २.० | ११० | २.० | २०० |
| ७०-७४ | ५१ | १.० | ७३ | १.३ | १२४ |
| ७५ भन्दा माथि | ९७ | १.९ | ८७ | १.६ | १८४ |

यसै गरी यस गाउँपालिकामा ब्राह्मण क्षेत्रीको जनसङ्ख्या ४७७६ ४१.३ प्रतिशत जनजाति २३५५ २०.४ प्रतिशत दलित १३६५ जना ११.८ प्रतिशत अन्य ५३०६१ जना २६.५ प्रतिशत रहेको छ । स्रोत : सिमकोट गाउँपालिका SSBH profile २०२४ छ भने जातिगत रूपरूपमा क्षेत्री ३०.९, ठकुरी २५ प्रतिशत, भोटे १५.८ प्रतिशत, वियासि/सयुका १० प्रतिशत, विश्वकर्मा ८ .९ प्रतिशत ,परियार ३.७ प्रतिशत रहेको छ । बोलिने भाषाको आधारमा नेपाली भाषी ६४.८ प्रतिशत, खस १७.४ प्रतिशत, भोटे १०.७ प्रतिशत अन्य ०.३ प्रतिशतले प्रयोग गर्दछन ।स्रोत ; राष्ट्रिय जनगणना २०७८

१.१.६ चाड पर्व तथा सास्कृतिक पर्वहरु

| **क्र स** | **चाडपर्वहरु** | **मनाईने महिना** | **तिथी मिति** | **मनाउने जातजाति / धर्म** |
|---|---|---|---|---|
| | वैशाख पुर्णिमा | वैशाख | वैशाख शुक्ल पुर्णिमा | हिन्दु / बौद्ध |
| | जनै पुर्णिमा | साउन /भदौ | श्रावण शुक्ल पुर्णिमा | हिन्दु |
| | कृण्ण जन्माष्टमी | भाद्र | भाद्र कृष्ण सप्तमी | हिन्दु |
| | हरितालिका तिज | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दु |
| | घाँसे जात्रा | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दु |
| | विजया दशमी | असोज कात्तिक | घटस्थापना देखि कोजाग्रत पुर्णिमा | हिन्दु |
| | तिहार | कात्तिक मंसिर | कात्तिक कृष्ण त्रयोदशी देखि कात्तिक शुक्ल द्वितिया | हिन्दु |
| | क्रिसमस डे | पौष | डिसेम्वर २५ | क्रिश्चियन |
| | तमु लोह्सार | पौष- १५ | | गुरुङ्ग |

| | | | | |
|---|---|---|---|---|
| | मा घे सक्रांन्ति | मा घ - १ | माघ | हिन्दु |
| | महा शिव रात्रि | फागुन | फागुन कृष्ण त्रयोदशी | हिन्दु |
| | फागु पुर्णिमा | फागुन | फागुन शुक्ल चतुर्दशी | हिन्दु |
| | चैते दशै | चैत्र बैशाष | चैत शुक्ल अष्टमी | हिन्दु |

१.१.७ शिक्षा तथा साक्षरताको अवस्थाः

यस गाउँपालिका साक्षरता ७५.५% पुरूष साक्षरता र ५७.१ % महिला साक्षरता गरि सरदर साक्षरता ६६.४% । जनगणना २०७८ को विवरण अनुसार यस गाउँपालिका १५ देखि ६० वर्ष उमेर समूहका ४२०२ (७०.२%) जना निरक्षर रहेकाले आवश्यक ठाँउमा प्रति कक्षा ३० जनाका दरले सहभागि गराई सरदर १०५ वटा साक्षरता कक्षाहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार, यस पालिकामा पढ्न लेख्न सक्ने महिला सङ्ख्या ३०५० जना ५७.१ प्रतिशत पुरुष सङ्ख्या ४११५ जना ७५.५ प्रतिशत रहेका छन,भने पढ्न मात्र सक्ने महिला ०.६ प्रतिशत र पुरुष ०.५ प्रतिशत रहेको छ,साथै पढ्न लेख्न नसक्ने महिला सङ्ख्या २२५१ जना ४२.२ प्रतिशत र पुरुष सङ्ख्या १३०० जना २३.८ प्रतिशत रहेका छन । सिमकोट गाउँपालिका भित्र २७ सामुदायक विद्यलायमा आधारित र ४ संस्थागत गरि ३१ वटा प्रारम्भिक बालविकास बालविकास केन्द्र,२१ वटा सामूदायिक विद्यालय, ४ वटा सामुदायिक सिकाइ केन्द्र, १ वटा सामुदायिक विद्यालयमा प्राविधिक बिषय पठनपाठन हुन्छ । कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालय २ वटा, कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालय ५ वटा, १ देखि ८ सम्म सञ्चालित विद्यालय ३ वटा, १ देखि ५ सम्म सञ्चालित विद्यालय १५ वटा, । महिला प्रधानाध्यापक माध्यमिक तह ० जना, आधारभूत तहमा ३ जना महिला शिक्षक गरि जम्मा ३ जना महिला प्रध्यानाध्यापक रहेका छन् ।

यस गाउँपालिकाभित्र सञ्चालित सामुदयिक विद्यालयमा सञ्चालित बालबिकासमा ८५१ जसमा छात्रा ३८३, छात्र ४६८ जना GPI ०.९ रहेको छ , १ देखि ५ मा १४४० जना विद्यार्थी मध्ये छात्रा ७५२, छात्र ६८८ रहेका छन, ६ देखि ८ सम्म ७४२ जना विद्यार्थी मध्ये छात्रा, ३९९ छात्र ३४२ रहेका छन,९ देखि १० सम्म ५८४ जना विद्यार्थी मध्ये छात्रा छात्रा २८०, छात्र ३०४ र कक्षा ११ देखि १२ मा ३०७ जना विद्यार्थि मध्ये छात्रा छात्रा १७५, छात्र १३२ विद्यार्थीहरु अध्ययनरत छन् । यस मध्ये १-५ मा दलित विद्यार्थि सङ्ख्या २९५ जना मध्ये १३९ जना छात्रा रहेका छन, ६-८ मा दलित विद्यार्थी ११८ जना मध्ये ६२ जना छात्रा रहेका छन,९-१० मा दलित विद्यार्थी सङ्ख्या ६७ जना मध्ये ३० जना छात्रा रहेको छ,११-१२ मा ४५ जना मध्ये २८ जना छात्रा रहेको छ त्यसै गरि यस पालिकामा जनाजाति विद्यार्थी सङ्ख्या १-५ मा ३८७ मा २११ छात्रा रहेका छन , ६-८ मा जम्मा जनजाति विद्यार्थी सङ्ख्या १९० मध्य ९४ जना छात्रा रहेका छन , ९-१० मा जम्मा १५१ जना मध्ये ७६ जना छात्रा रहेका छन ११-१२ मा जम्मा विद्यार्थी सङ्ख्या ५० जना मध्य ३२ जना छात्रा रहेका छन त्यसै गरि यस गाउँपालिकामा विद्यालयहरुमा मधेशी विद्यार्थी १-५ मा ६२ जना मध्ये ४० छात्रा ६-८ मा २७ जना मध्ये १७ जना छात्रा , ९-१० मा ३५ जना मा २१ जना छात्रा र ११-१२ मा १९ जना मध्ये ११ जना छात्रा रहेका छन् ।

स्रोत : शिक्षा तथा मानव संसाधान विकास केन्द्र फ्ल्यास रिर्पोट २०२४

१.२  मुख्य अवसर समस्या तथा चुनौती

१.२.१ सवल पक्षहरू

यस गाउँपालिकाले शिक्षा क्षेत्र सुधारका लागि वार्षिक कार्यक्रममा  प्राथमिकताका साथ २० प्रतिशत छुट्याउने संवैधानिक प्रावधान भएता पनि यस पालिकामा यस आर्थिक वर्ष मा तलव र प्रशासनिक खर्च बाहेक ८.५ प्रतिशत रकम विनियोजन गरेको छ  । साथै पालिकामा  कार्यरत सबै तहका शिक्षक कर्मचारी तथा शिक्षा सँग सम्बन्धी सम्बन्धित सबैलाई नियमित क्षमता विकासका लागि विभिन्न तालिम गोष्ठी सञ्चालन गरि क्षमतावान शिक्षक तथा कर्मचारी निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ । स्थानीय  पाठ्यक्रम (हाम्रो सिमकोट) स्वीकृत गरी आधारभूत तहका कक्षा १-८ सम्मको पाठ्यपुस्तक निर्माण भइ कार्यान्वयन भएको, शिक्षा समितिको गठन भइ शैक्षिक योजना तथा कार्यक्रम निर्माणमा  सक्रिय भएको, शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरुको सञ्जाल निर्माण भइ क्रियाशील बनेको, शिक्षा क्षेत्रमा  शिक्षक, सँग बालकालिका सँग अभिभावकको आयआर्जन वृद्धि गरि पठन पाठनमा  समतामुल पहुँच सुनिश्चित गर्दै, सिप युक्त दक्ष जनशक्ति निर्माणका लागि नेपालकै एक मात्र नमुनाको रूपरूपमा  पढ्दै कमाउदै कार्यक्रमलाइ यस गाउँपालिकाले प्राथमिकताका साथ कार्यान्वयमा  ल्याउनु पनि रहेको छ । स्थानीय तह मार्फत नयाँ बालविकास बालविकास केन्द्रको स्थापना र थप तलब भत्ताको व्यवस्था भएको, विद्यालय कर्मचारीलाई न्यनूतम् पारिश्रमिक उपलब्ध गराइएको, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिएको, पालिका भरका सम्पूर्ण विद्यालयहरु IEMIS मा आवद्ध भएका, यातायात र खाजा खर्चको व्यवस्था गरी त्रैमासिक रूपरूपमा  नियमित प्र अ बैठक बसी शैक्षिक मुद्दामा  छलफल गरी समाधान गर्ने गरिएको , विद्यालयका कार्यरत शिक्षकहरुको  तलब भत्ता मासिक रूपरूपमा  EFT  सिस्टम मार्फत सम्बन्धी सम्बन्धित शिक्षकको खातामा  निकासा गर्ने गरिएको, अनाथ बालबालिकाहरूलाई गाउँपालिकाबाट शैक्षिक सहयोग भएको र स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया अगाडी बढेको छ । साथै यस पालिकामा  विद्यालयको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरु शिक्षामा  सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएका  ।

मुख्य समस्याहरुः

विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालयको पहुँचमा  पुर्याउन नसकिनु, विद्यालयमा  बालबालिकाहरु उपयुक्त उमेरमा  भर्ना नहुनु,  बालविवाह न्यूनीकरण हुन नसक्नु, पालिका स्तरीय शिक्षा नीति निर्देशिका तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वयन हुन नसक्नु  । विद्यार्थीहरुको सिकाइ उपलब्धी अपेक्षित  हुन नसक्नु, भर्ना भएका बालबालिकाहरुलाई विद्यालयमा टिकाउन र सिकाउन नसक्नु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको अभाव, विद्यालयहरुमा  भौतिक पूर्वाधारको अभाव, नियमित रूपरूपमा  विद्यार्थीहरुको स्वास्थ्य जाँच तथा रिफेरल सहयोगको अभाव (अपाङ्गअपाङ्गताको स्क्रिनिङ समेत),विद्यालयमा स्वच्छ खानेपानी, स्वच्छ शौचालयको अभाव, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको उचित  व्यवस्थापन नहुनु र शिक्षकहरुको पेसागत विकास र प्राविधिक सहयोगको अभाव, शिक्षामा  लगानीका लागि स्थानीय सरकारको चासो कम रहनु, विद्यालयमा विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको अभाव, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र शिक्षकबिच समन्वयको अभाव, विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु,विद्यालयहरुमा  विपत प्रतिकार्य योजना

निर्माण नहुनु,पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपरूपमा कार्यान्वयन गर्न नसकिनु र विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको अभाव ।

शिक्षा क्षेत्रका अवसरहरुः

संवैधानिक तथा कानुनी आधारहरु सहित आधारभूत तह सम्मको शिक्षा अनिवार्य तथा नि: शुल्क, र माध्यमिक तह सम्म निःशुल्क गरेर सबै बालबालिकाहरूको शिक्षामा पहुँचको अवसर नेपाल सरकारद्वारा प्रदान गर्नु, तीन तहको सरकारहरु बिच समन्वय, सहकार्य र जिम्मेवारी सहित गर्न सकिने अधिकारका साथै माध्यमिक तह सम्मको शिक्षा क्षेत्रको व्यवस्थापनको अधिकार स्थानीय तहको काम र कर्तव्य अन्तर्गत भएको हुँदा आफ्नो स्थानीय तह भित्रका विद्यालयको अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषण गर्ने, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि सँग अन्य थुप्रै गतिविधि सञ्चालन गरेर समय सापेक्ष शैक्षिक उपलब्धी वृद्धि गर्न सक्ने अवसर स्थानीय तहलाई हुन, शिक्षामा लगानी वृद्धि गरी गुणस्तरिय गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐन शिक्षाका अधिकारहरु स्थानीय तहमा प्रदान गर्ने, तीन वटै सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुन,विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागीताबाट शिक्षा क्षेत्रमा उल्लेखित उपलब्धी हासिल गर्न तथा सिक्ने वातावरण हुनु,स्थानीय पाठ्यक्रमको निर्माण भई कार्यान्वयनको चरणमा हुनु, नेपालको संविधान (२०७२) ले बालबालिकाहरुको शिक्षा प्राप्तीको अवसर सुनिश्चित गर्ने विषयलाई संवैधानिक दायित्वका रूपरूपमा स्थापित गर्दै संविधानको अनुसूची ८ मा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहमा राखेको छ । संविधान जारी भए पश्चात् दोस्रो कार्यकालको लागि तिनै तहको निर्वाचन भइ संवैधानले सिर्जना गरेका दायित्वहरु कार्यान्वयन गर्न तिनै तहका सरकार क्रियाशील रहेको अवस्था देखिन्छ ।

चुनौतीहरु

विद्यालय शिक्षामा सर्वव्यापी पहुँचको सुनिश्चितता, भौगोलिक विकटता र छरिएको वस्ती, विद्यालय नक्साङ्कनगर्न नसकिनु, अपाङ्गता भएका बालबालिका, सबै बालबालिकाहरुलाई विद्यालयको सम्मको पहुँच, अपाङ्गअपाङ्गतामैत्री भौतिक संरचना नहुनु, सामाजिक तथा सांस्कृतिकरूपले पछि परेका समुदायका बालबालिकाहरुलाई विद्याल शिक्षामा मूलप्रवाहीकरण गर्ने विषय प्रमुख चुनौतीको रूपरूपमा रहेको देखिन्छ । सबै विद्यालयमा न्यूनतम् सक्षमताको अवस्थाको सुनिश्चितता, निर्माणात्मक विद्यार्थी मूल्याङ्कनमूल्याङ्कनकार्यान्वयन हुन नसक्नु,नतिजामूलक रूपरूपमा शिक्षक विकास र व्यस्थापन गर्न नसक्नु,जीवनपर्यन्त सिकाइ अवसरको सुनिश्चितता वातावरण सिर्जना हुन नसक्नु, स्थानीय योजना तथा बजेट र कार्यक्रममा प्राथमिकता प्राप्त क्षेत्रका रूपरूपमा शिक्षालाई सम्बोधन नगरिनु, पर्याप्तता, समता र नतिजामूलक रूपरूपमा स्रोत साधनको व्यवस्थापन गर्न अप्ठेरो हुनु, सहभागितामूलक रूपरूपमा विद्यालय तहका योजना, बजेट र कार्यक्रमको निर्माण र कार्यान्वयनमा चुनौती देखिनु, शैक्षिक संरचना र सँगठनहरुलाई विद्यालयको सुधार, विकास र उन्नयनमा प्रभावकारी रूपरूपमा परिचालन, सरोकारवालासँग शैक्षिक उन्नयका लागि साझेदारी र सहकार्यमा असहजताहुनु, विपत् जोखिमको अवधिमा शिक्षा पाउने अधिकारको सुनिश्चितता, मौजुदा शैक्षिक नीति कानुन र योजनाको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक नियमन, अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण आदि चुनौती रहेका छन् ।

# परिच्छेद ;- २ दूरदृष्टि,उद्देश्य,रणनिति तथा लक्ष्य निर्धारण

२.१ अवधारणा

कुनै पनि मानिसको शिक्षा प्राप्त गर्न पाउनु उसको नैसर्गिक अधिकार भए पनि गुणस्तरीय शिक्षाविना आधारभूत सामाजिक, आर्थिक तथा राजनीतिक विकास गर्न सोच्न पनि सकिँदैन । नेपाल भौगोलिक तथा प्राकृतिक विविधताका कारण यहाँ बसोबास गर्ने मानिसहरू विभिन्न जाति, भाषा, धर्म, संस्कृति आदिको हिसाबले पनि फरक पाइन्छ । उनीहरूको सिकाइ, सिप पनि फरक-फरक छन् । शिक्षा हासिल गर्नु भनेकै जीवनोपयोगी सिप सिक्नु हो । औपचारिक शिक्षा शिक्षण संस्थामा गएर आर्जन गरिन्छ भने अनौपचारिक शिक्षा घर, परिवार र समाजबाट प्राप्त गरिन्छ । नेपालको शैक्षिक इतिहासलाई फर्केर हेर्दा प्राचीन समयमा शिक्षा धर्मबाट प्रभावित थियो भने शैक्षिक संरचनाहरू धर्मबाट प्रभावित भएर सञ्चालन गरिन्थ्यो । समुदायको सहभागितामा सञ्चालन, रेखदेख एवम् अनुगमन गर्ने गरिन्थ्यो । विशेष गरी गुरुकूल, मदरसा, गुम्बा शिक्षा आदि अनौपचारिक रूपमा सञ्चालित थिए । समय क्रमसँग बाइसे, चौबिसे राज्यमा र त्यसपछि मल्लकाल, राणाकाल कै आधुनिककालसम्म आइपुग्दा शिक्षा दिने र लिने तरिका र विषय क्षेत्रहरूमा व्यापक परिवर्तन भयो । यसैगरी शिक्षालाई थप व्यवस्थित र एकीकृत गरी विद्यालय सञ्चालन एवम् अनुगमन गर्न नेपालको शैक्षिक इस्तिहार १९९६ मा जारी गरियो (शर्मा, २०६४) । यसले नेपालको शिक्षाको पहिलो कानुनको रूपमा स्थापित भयो । जसले विद्यालयलाई निश्चित नियम र परिधिमा बाँधिसञ्चालन गर्ने अभ्यासको सुरुवात पार्यो। समय क्रमसँग नेपालमा प्रजातन्त्रको स्थापना पश्चात् शिक्षामा आमूल परिवर्तन ल्याउन विभिन्न आयोग एवम् समिति र योजनाहरू निर्माण भई कार्यान्वयन भएको पाइन्छ ।

नेपालमा प्रजातन्त्रको आगमनसँग शिक्षामा सुधार गरी व्यवस्थित बनाउन नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ ल्याइयो । यसले शिक्षाको संरचना प्राथमिक विद्यालय १-५, माध्यमिक विद्यालय ६-१० र उच्च शिक्षा ११-१७ कायम गरी सञ्चालन गर्ने सुझाव पेस गर्यो। प्रजातान्त्रिक शासन व्यवस्थामा प्रहार गरी वि.सं. २०१७ साल पौष १ गते पञ्चायती शासन व्यवस्थाको सुरूवातसँग पञ्चायती व्यवस्था अनुकूल शिक्षा प्रदान गर्न वि.सं. २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरी शिक्षाको उद्देश्यमा राज संस्थाप्रति प्रतिबद्ध जनशक्ति उत्पादन गर्ने देशभर एकै प्रकारको शिक्षा पद्वति लागु पार्यो । यही समितिको सिफारिसमा शिक्षाको माध्यम नेपाली बनाई देशभर एउटै माध्यम भाषा कायम गरियो । यसपछि नेपालको शिक्षा प्रणालीलाई थप व्यवस्थित र योजनाबद्ध बनाउन पञ्चायतकालमा राष्ट्रिय शिक्षा पद्वतिको योजना २०२८-२०३२ लागु गरियो । यस शिक्षा पद्वतिले शिक्षाको संरचना प्राथमिक १--३, निम्न माध्यमिक ४--७, माध्यमिक ८--१० कायम गरी व्यावसायिक शिक्षालाई बढी जोड दिइएको छ । यस शिक्षा योजनालाई बढी व्यवस्थित र योजनाबद्ध शैक्षिक अभ्यासको रूपमा लिन सकिन्छ । नेपालमा प्रजातन्त्रको पुनर्वहाली पश्चात राष्ट्रिय शिक्षा आयोगले पनि बहुदलीय प्रजातान्त्रिक व्यवस्था अनुकूल शैक्षिक उद्देश्य र संरचनामा फेरबदल गर्ने कार्य पार्यो । यस आयोगले विद्यालय तहलाई प्राथमिक १-५, निम्न माध्यमिक ६-८, माध्यमिक ९-१०, उच्चमाध्यमिक ११-१२ र त्यसभन्दा माथि उच्चशिक्षाको संरचना निर्धारण पार्यो । यसैगरी विभिन्न आयोग र यसका सुझावहरू आए । सोअनुरूप नेपालमा विद्यालय र विश्वविद्यालय शिक्षामा सुधार गर्दै आएको

पाइन्छ ( शर्मा, २०६४ ) । नेपालमा सात दशकको अवधिमा भएका राजनीतिक परिवर्तनहरूले शिक्षा क्षेत्रमा पनि प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पारेको देखिन्छ । २०४६ सालको परिवर्तन पछाडि परिवर्तित सन्दर्भअनुरूप शिक्षामा स्पष्ट अवधारणा निर्माण गर्न राष्ट्रिय शिक्षा आयोगको गठन भयो र यसले शैक्षिक नीति, व्यवस्थापन र संरचनामा फेरबदल पार्यो । शिक्षालाई परिवर्तित समय अनुकूल बनाउने उद्देश्यले २०५५ सालमा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरी यसले दिएको प्रतिवेदनका आधारमा शिक्षाको विकास गर्दै २०६३ सालमा तहगत पाठ्यपुस्तकहरूमा संशोधन, परिमार्जन र परिवर्तन गर्दै शिक्षा ऐन,२०२८ को आठौं संशोधन, २०७३ सम्म आइपुग्दा शिक्षामा क्रमिक विकास भएको पाइन्छ । शिक्षा आयोगहरूका सुझाव सहितका प्रतिवेदन अनुसार शिक्षाको विकासमा तहगत, संरचनागत, पाठ्यक्रम र पाठ्यपुस्तकमा रूपान्तरणका प्रयासहरू भएका छन् । सङ्ख्यात्मक रूपमा विद्यालयहरू पनि खोलिएका छन् । तथापि गुणस्तरीय शिक्षाको खाडल भने पुरिन सकेको छैन (आचार्य, २०७४)विश्व परिवेशमा गरिएका प्रतिबद्धताहरू सबैका लागि शिक्षा (२००१-२०१५) सहशताब्दी विकास लक्ष्य फरक आवश्यकता भएका लागि शिक्षा, मानव अधिकारसम्बन्धी घोषणा पत्र ( सन्१९४८ ) मा नेपालले हस्ताक्षर गरेको छ (शर्मा, २०६०), दिगो विकास लक्ष्य तथा अन्य महत्वपूर्ण सन्धि सम्झौताहरुलाई सार्थक रूप दिन वा शिक्षामा सबैको पहुँच विस्तार गर्न नेपालमा विभिन्न परियोजनाहरू जस्तै सेती परियोजना ( सन्१९८१), प्राथमिक शिक्षा परियोजना उपलब्धि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र दोस्रो (सन् १९९२), विद्यालय क्षेत्र विकास कार्यक्रम (सन्१९९४) र विद्यालय क्षेत्र सुधार योजना (सन् २०१०) पहिलो र दोश्रो कार्यान्वयन गरिसकिएको छ भने यिनै परियोजनाका अनुसन्धानबाट हाल १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना विकास गरी सोही अनुसार विद्यालय शिक्षा पद्वतिमा सुधार गर्न लक्ष्य राखिएको छ । नेपालको विद्यालय शिक्षाको संरचनालाई समयानुकूल, विश्व परिवेश सुहाउँदो र स्पष्ट मार्गनिर्देशन प्रदान गर्नको लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ निर्माण गरी कार्यान्वयन गर्ने कोसिस गरिएकोमा यसलाई परिमार्जन गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयमा ल्याइएको छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६) । यस प्रारूपले शिक्षाको संरचना पाठ्यक्रमको संरचना र मूल्याङ्कन पद्वतिलाई व्यवस्थित गरी सुधार गर्ने अपेक्षा गरिएको छ । संसारका शिक्षाशास्त्रीहरूको सर्वसहमत विचारलाई उदाहरणमा लिने हो भने गुणस्तरीय शिक्षा न्यूनतम मानवीय आवश्यकता र अधिकार हो । मुलुकले

समावेशी प्राथमिक, माध्यमिक र उच्च शिक्षाको विश्वव्यापी प्रणालीविना प्रगति गर्न सक्दैन । तालिम प्राप्त विद्यालय शिक्षकहरू गुणस्तरीय शिक्षाका प्रमुख साधक हुन् । त्यसका साथै विद्यार्थीमैत्री कक्षाकोठा, कम्तीमा निःशुल्क खाजा तथा आधारभूत स्वास्थ्यसेवा, कुशल सिकाइ पनि आवश्यक आधार हुन् । यसका लागि शैक्षिक प्रणालीको निरन्तर रूपमा निरीक्षण, मूल्याङ्कन तथा स्तरोन्नति आवश्यक हुन्छ । यसबाट विद्यार्थीहरूलाई गुणस्तरीय ‘ज्ञान’,‘खुबी’ तथा ‘दृष्टिकोण’उपलब्ध हुन्छ । यी आधार सर्वमान्य रूपमा स्विकारिएका छन् । केन्द्र सरकारले स्थानीय सरकारको स्वायत्ततालाई सुरक्षित राख्न आवश्यक छ भने अर्कोतर्फ केन्द्रीय सरकारले गुणस्तरीय सुरक्षा प्रदान गर्न स्थानीय सरकारले कसरी शिक्षा सञ्चालन गरेको छ भनी अधिकार प्रदागरेको छ भने स्थानीय तहबाट हुने कार्यन्वयनको पाटोको निरीक्षण गर्न आवश्यक पनि छ । बस्नेत (२०७५) का अनुसार समयानुकूल विद्यालय शिक्षालाई परिमार्जन गर्दै लैजाने र विश्व परिवेशमा प्रतिस्पर्धी जनशक्ति उत्पादनको लागि विद्यालय तहलाई आधारका रूपमा मानिन्छ । नेपाल अधिराज्यको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रूपमा राखेको छ । जसले शिक्षासम्बन्धी व्यवस्था संविधानको धारा ३१ को उपधारा १, २, ३, ४ मा निम्नलिखित व्यवस्था गरेको छ ;

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२.प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संरचना खोल्ने र सञ्चालन गर्ने हक हुनेछ (नेपालको संविधान, २०७२,पृ.१४) ।

यसै गरी संविधानको अनुसूची आठमा आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन नियन्त्रण र रेखदेख गर्नको लागि स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र राखिएको छ । विद्यालय शिक्षालाई निःशुल्क एवम् अनिवार्य गर्ने कानुनी मान्यता संविधानले नै व्यवस्था गरिसकेको र सो प्रदान गर्ने प्रमुख दायित्व ७५३ ओटा स्थानीय सरकारलाई प्रदान गरिसकेको अवस्था छ । यसैगरी संविधानले साक्षरता शिक्षा,अनौपचारिक शिक्षा, प्रारम्भिक बाल शिक्षा जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने दायित्व समेत स्थानीय सरकारलाई प्रदान गरेको छ । नेपालको विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा विभाजन गरिएको छ । आधारभूत तह प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म जम्मा नौ वर्षको व्यवस्था गरिएको छ भने माध्यमिक तहमा कक्षा नौ देखि बाह्रसम्म जम्मा चार वर्षको व्यवस्था गरिएको छ । माध्यमिक शिक्षा साधारण, संस्कृत र प्राविधिक तथा व्यावसायिक गरी तीन खालको हुने व्यवस्था गरिएको छ । यसैगरी गुरुकूल, गुम्बा र मदरसा शिक्षालाई पनि विद्यालय संरचनामा व्यवस्थित गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षाको तहगत र कक्षागत खाका निम्नानुसार हुने उल्लेख गरेको छ (शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय,२०७६ ) परम्परागत समयदेखि नै सिक्ने र सिकाउने कार्यको साथसाथै विद्यार्थीहरूको सिकाइ उपलब्धिहरूको लेखाजोखा औपचारिक एवम् अनौपचारिक तरिकाले गर्ने प्रचलन थियो । यही परम्पराको निरन्तरता स्वरूप नेपालमा शिक्षा विकासको योजनाबद्ध कार्यक्रम सँगसँग औपचारिक मूल्याङ्कनका साधनहरूको प्रयोगबाट लेखाजोखा गर्ने प्रचलनको सुरुवात भएको पाइन्छ । आजको समयमा औपचारिक एवम् अनौपचारिक तरिकाले गरिने सिकाइ उपलब्धिको लेखाजोखालाई शिक्षण सिकाइको एक अभिन्न अंशको रूपमा स्वीकार गरेको पाइन्छ । नेपालमा CEHRD ले विद्यालयतहका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिको परीक्षण गरी नतिजा समेत प्रकाशन गर्दै आएको छ । जसमा विषयगत रूपमा विभिन्न कक्षाका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि प्रस्तुत गरिएको छ । यसलाई हेर्दा धेरै विषयहरूमा औसत सिकाइ उपलब्धि ५० प्रतिशतभन्दा कम रहेको देखिन्छ । यही मानाङ्कलाई आधार मानी विद्यालयहरूले आफ्ना विद्यार्थीहरूको सिकाइ उपलब्धीको सुधार गर्ने योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्छ (शिक्षा मन्त्रालय, २०७४) । यही अवस्थालाई दृष्टिगत गरी समुदायमा विद्यार्थीहरूको सिकाइ उपलब्धीको सुधार गर्न उपलब्धीको विश्लेषण गर्न र सोही अनुपातमा शैक्षिक कार्यक्रमको निर्माण गर्न नसकिएको देखिन्छ । तसर्थ यस अनुसन्धानले स्थानीयस्तरमा विभिन्न विद्यालयको शैक्षिक उपलब्धीको औषत् स्थिति र शैक्षिक कार्यक्रमहरू निर्माण कसरी र कुन अवस्थामा रहेको छ भन्ने प्रमुख समस्यामा आधारित भई अगाडि बढेको छ । यिनै समस्याहरूमा आधारित भई यस १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरि कार्यन्वयन गर्ने र प्रारम्भिक बालविकास सहित सबै तहका विद्यालमा विद्यार्थीहरूको कक्षागत र विषयगत सिकाइ

उपलब्धिको विश्लेषण गर्नुका साथै सञ्चालित शैक्षणिक एवम् अतिरिक्त क्रियाकलापको कार्यन्वयन गर्नु तथा विश्लेषण गर्नु रहेको छ ।

२.२. वर्तमान अवस्थाः

नेपालको सबै क्षेत्रमा शैक्षिक अवसरमा समान पहुँच पुर्याउनु राज्यको दायित्व हो । सिमकोट गाउँपालिकाको शैक्षिक प्रणालीलाई सहज र व्यवस्थित रूपरूपमा सञ्चालन गर्नको लागि विगत देखि नै विभिन्न प्रयासहरू भैरहेका छन् । हाल सिमकोट गाउँपालिकामा साविकका सिमकोट, ठेहे, बरगाउँ डाँडाफया र स्याँडा गा.वि.स.हरु मिलेर बनेको यस पालिकामा हाल ८ वडाहरु मार्फत जनतालाई सेवा प्रवाह गर्ने कार्य भइरहेको छ । जिल्लाको माझखण्डमा अवस्थित रहेतापनि भौगोलिक रूपरूपमा जिल्लाका अरु स्थानीय तह को तुलनामा दूर्गम क्षेत्र मानिन्छ । गाउँ कार्यपालिकाको मातहतमा शैक्षिक प्रशासनका सेवाहरु शिक्षा,युवा तथा खेलकुद शाखाले प्रवाह गर्दै आएको छ । यस गाउँपालिकाले नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा भएको व्यवस्था अनुरूप कार्य गर्न शिक्षालाई महत्वपूर्ण विषयका रूपरूपमा आत्मसाथ गर्दै आएको छ । साथै यस क्षेत्रको शैक्षिक विकासका लागि गाउँपालिकाले विभिन्न प्रयासहरूसमेत गरेको छ । यसै गरी शिक्षक कर्मचारी व्यवस्थापनका लागि अनुदान वितरणका साथै सामुदायिक विद्यालयमा बालविकास बालविकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गतामैत्री प्रणालीको अवलम्बन गरिएको छ । विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक वर्ष विशेष महत्वका साथ सम्बन्धी सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुदै आएको छ ।

यस गाउँपालिकाले बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तह सम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यामिक तहको शिक्षा नि ;शुल्क हुने घोषणा गरेको छ । शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिदै आइराखेको छ । यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य हुदैं आइरहेको छ ।

यही सन्दर्भलाई दृष्टीगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा, प्राविधिक तथा व्यवसायिक शिक्षा यस सिमकोट गाउँपालिकाले परिमाणात्मक लक्ष्य अवको ५ वर्ष सम्ममा र भौतिक लक्ष्य अवको १० वर्षमा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, लक्ष्य , उद्देश्यहरू, रणनीतिहरू, कार्यनिति तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरीएको छ ।

२.३ दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने,

२.४ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य

“ सिमकोटको ईच्छा गुणस्तरिय,लगानी सहितको प्रविधिमैत्रि शिक्षा ”।

२.५ लक्ष्य (Goal)

सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधि, लैङ्गिक, बाल तथा अपाङ्गतामैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

| उद्देश्य | रणनीति |
|---|---|
| १ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने , | • **सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड, र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,**<br>• **प्रारम्भिक बालविकासको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,**<br>• **जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,**<br>• **पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,**<br>• **लागत सहभागिता अभिवृद्धि गर्ने,**<br>• **कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ,** |
| २ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने , | • **विद्यालय नक्साङ्कन तथा समायोजन गर्ने,**<br>• **विद्यालयहरूको पुनःर्वितरण तथा समायोजना गर्ने,** |

| | |
|---|---|
| | • अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने<br>• अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,<br>• प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,<br>• विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,<br>• न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,<br>• शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने ,<br>• विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,<br>• विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने<br>• सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने<br>• शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने,<br>• कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने,<br>• आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने, |

| | |
|---|---|
| | • मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने,<br>• विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,<br>• कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धी सम्बन्धित क्षमता विकास गर्ने,<br>• शिक्षामा कामगर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,<br>• विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,<br>• विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ।<br>• स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,<br>• विद्यालय शिक्षालाई विविधता अनकूल,समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकूलको माध्मय भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,<br>• विद्यालय शिक्षालाई प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने<br>• विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने, |

| | |
|---|---|
| | • **दैनिक जीवनसँग सम्बन्धी सम्बन्धित व्यवहारकुशल सिप हरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,**<br>• **अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री,विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,**<br>• **शिक्षक दरबन्दी पुन:र्वितरण तथा समायोजन गर्ने,**<br>• **नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,**<br>• **विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,**<br>• **शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने,** |
| ३ सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने, | • **विद्यालयहरूको नक्साङ्कन गर्ने,**<br>• **सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,**<br>• **नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,**<br>• **माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने ,**<br>• **विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,**<br>• **वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,**<br>• **सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,**<br>• **माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,** |

| | |
|---|---|
| | • **शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,**<br>• **शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,**<br>• **शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,**<br>• **हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,**<br>• **विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।**<br>• **विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,**<br>• **सक्षम र उत्प्रेरित प्र अको व्यवस्था गर्ने,**<br>• **आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने,** |
| ४ माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने, | • **स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने ,**<br>• **स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्ने ,**<br>• **खुला एवम् दूर शिक्षा लगायतका व्यस्थामार्फत समेत उच्च शिक्षामा पहुँच वृद्धिका लागि पहल गर्ने,**<br>• **पिछडिएका भौगोलिक क्षेत्र, महिला,आदिबासी/जनजाती,दलित,अपाङ्गता भएका** |

| | |
|---|---|
| | नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न<br>• उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,<br>• विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,<br>• स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने,<br>• उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने,<br>• उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामूदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने,<br>• स्थानीय तहको मानव संसाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने,<br>• आर्थिक रूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सिर्जना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने, |

| | |
|---|---|
| ५ प्राविधक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्ने र प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने, | • **स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप को अवसर सिर्जना गर्ने,**<br>• **बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,**<br>• **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप को गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,**<br>• **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप को क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,**<br>• **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप मा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,**<br>• **आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाटआत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने ,**<br>• **पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,**<br>• **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप का क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,**<br>• **विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप का अवसर उपलब्ध गराउनका लागि सम्बन्धी सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,** |

| | |
|---|---|
| | • **स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने,** |
| ६ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र वृत्ति अभिवृत्ति को विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउने, | • **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,**<br>• **विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धी सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरिने,**<br>• **पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,**<br>• **विपत् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,**<br>• **शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,**<br>• **शिक्षकको पेसागत सक्षमता विकास गरिने,**<br>• **सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,**<br>• **माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गरिने ।**<br>• **विद्यालमा आधारित सहयोग पद्धति विकास गरिने,** |

| | |
|---|---|
| | • **सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने ।**<br>• **शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,**<br>• **स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,**<br>• **विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने,** |
| ७ गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने , | • **शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,**<br>• **रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,**<br>• **प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइनेछ ।**<br>• **स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने, यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।** |

| | |
|---|---|
| | • **शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,**<br>• **शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धी सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,**<br>• **शिक्षक नियुक्ति, सरुवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने,** |
| ८ विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्ने, | • **विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गरिने,**<br>• **शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने ।**<br>• **विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिने,**<br>• **विद्यालय नक्साङ्कन गरी विद्यालय समायोजन, पुन; वितरण तथा स्थापना गरिने,**<br>• **शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक नियुक्ति गरिने,**<br>• **विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने,**<br>• **विद्यालयले वार्षिक कार्य सम्पादनको स्व-मूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने ।**<br>• **नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परिक्षण गरिने,** |

| | |
|---|---|
| | • **विद्यालयको विपत् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने,**<br>• **विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिने,**<br>• **नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने,** |
| ९ सबै निरक्षरहरूलाइ पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने, | • **सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरिने ।**<br>• **सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संसथाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने**<br>• **सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडलहरू र भाषिक विवधता अनुरूपका सामग्रीको प्रयोग गरिने,**<br>• **सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने,**<br>• **सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम्** |

| | |
|---|---|
| | **समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने,** |
| १० सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने, | • **शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुनेगरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिने,**<br>• **सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने,**<br>• **शिक्षण पेसामा उच्च योग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने**<br>• **विद्यामान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने ।**<br>• **शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमाआधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने,**<br>• **प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउने,**<br>• **प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सिर्जना गर्ने,** |

| | |
|---|---|
| | • **विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने,**<br><br>• **कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने,**<br><br>• **सार्वजनिक शिक्षामा सुशासन प्रवर्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिने,** |
| ११ सूचना तथा सञ्चार प्रविधको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने, | • **घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने ।**<br><br>• **सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,**<br><br>• **आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,**<br><br>• **आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसरप्रदान गरिने** |

| | |
|---|---|
| | • **शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने,**<br>• **आवश्यकता अनुसार पोसाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि वृत्ति छात्रवृत्ति उपलब्ध गराइने**<br>• **सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने**<br>• **विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सिर्जना गरिने,**<br>• **विद्यालयमा अभिभावको सहभागिता बढाइने,**<br>• **शिक्षण गर्ने सिप युक्त जनशक्तिको व्यवस्था गरिने,**<br>• **समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने,** |
| १२ विपत् अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने । | • **सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,**<br>• **सबै शिक्षकहरूको क्षमता विकास गरिने,**<br>• **विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,**<br>• **शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,**<br>• **शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,**<br>• **शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,** |

| | |
|---|---|
| | • **सामूदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने,** |
| १३ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर शुनिस्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने , | • **विपत् समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,**<br>• **सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने,**<br>• **प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी ।**<br>• **कोभिड- १९ लगायतका महामरीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी ।**<br>• **महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी ।**<br>• **शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण ।**<br>• **सङ्कट सन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,**<br>• **विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने,**<br>• **विपत् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने,** |

| | |
|---|---|
| | • **शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,**<br>• **विपत् व्यवस्थापनको लागि स्थानीय तहर विद्यालयको क्षमता विकास गर्ने,**<br>• **विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरू बिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ,**<br>• **विपत् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने,**<br>• **हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने,** |

२.६ प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८१ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०९१ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| **प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | | | | | | | |
| **१.१** | **कूल भर्नादर** | ८६.४ | ७१.६ | ८५.७ | १०० | ९५ | १०० | १०५ | १०५ | १०५ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खुद भर्नादर | ९७.१ | | ५५.३ | | | | | | | | |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ६७.२ | ५८.५ | ८५.७ | ९० | ८० | ९८ | १०० | १०० | १०० | | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | ८२.० | ९९ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | ८७.१ | ९८.५ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६८.७ | ६७.४ | ९०.४ | ९० | ९० | १०० | १०० | १०० | १०० | | |
| १.६ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको सङ्ख्या | | | ३७८ | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **आधारभूत शिक्षा** | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कूल प्रवेशदर | १२१.९ | १२६.९ | ११२ | १०६ | ११० | १०० | १०० | १०० | १०० | |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९६.८ | ९७.८ | ९७ | ९९ | ९९ | १०० | ९९ | ९९ | १०० | |
| २.३ | कक्षा १- ५ मा कूल भर्नादर | ११९.३ | १२५.९ | ११६.७ | ११२ | ११५ | १०० | १०७ | १०५ | १०४ | |
| २.४ | कक्षा १- ५ मा खुद भर्नादर | ९७.१ | ९७.२ | ९५ | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| २.५ | कक्षा १- ५ सम्म विद्यालय शिक्षक अनुपात | ३.६ | २.८ | १३ | | ३.० | | | ४.० | | |
| २.६ | कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात | २४.० | ३१.० | ११.९ | | ३०.० | | | ३०.० | | |
| २.७ | कक्षा १- ८ मा कूल भर्नादर | ११०.४ | ११६.७ | १०३.८ | ११५ | ११२ | १०२ | ११० | ११० | | |
| २.८ | कक्षा १- ८ मा खुद भर्नादर | ९३.८ | ९४.९ | ९४.४ | ९९ | ९९ | | १०० | १०० | | |
| २.९ | कक्षा १- ८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९८ | ०.९८ | १.०७ | १.०० | १.०० | | १.०० | १.०० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१० | कक्षा ८ मा टिकाउ दर | ७९.३ | | ८६.५ | ९८.९ | | | ९९.५ | | | |
| २.११ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७२.७ | | | ९८.७ | | | ९९ | | | |
| २.१२ | कक्षा ६- ८ सम्मको विद्यालय शिक्षक अनुपात | २.१ | १.६ | | | ४.०० | | | ४.०० | | |
| २.१३ | कक्षा ६- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ५१.० | ७०.० | | | ३०.० | | | ३०.० | | |
| २.१४ | ५-१३ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ६.२ | ५.१ | ५.७ | १ | | | ० | | | |
| माध्यमिक शिक्षा | | | | | | | | | | | |
| ३.१ | कूल भर्नादर कक्षा ९- १० | ९४.६ | १२१.७ | ९२.४ | १०५.६ | ११५.० | | १०९ | ११० | | |
| ३.२ | खुद भर्नादर कक्षा ९- १० | ६९.० | ६५.५ | ८१.३ | ८१.४ | ७७.५ | | ९६.४ | ९० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.३ | कूल भर्नादर कक्षा ९- १२ | ७१.४ | ८२.१ | ७७.७ | ९१.६ | ९०.५ | | ९७ | ९५ | | |
| ३.४ | खुद भर्नादर कक्षा ९- १२ | ४७.६ | ४६.१ | ६३.४ | ५८.१ | ५७.५ | | ७२.१ | ७० | | |
| ३.५ | कूल भर्नादर कक्षा ११- १२ | ५१.५ | ५१.४ | ५९.६ | ७७.३ | ७७.१ | | ८५.८ | ८५.५ | | |
| ३.६ | खुद भर्नादर कक्षा ११- १२ | २५.८ | २६.७ | ४१.४ | ४०.१ | ४२.५ | | ६२.२ | ६५.५ | | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६०.३ | २९.८ | ५७.९१ | ९७.९ | | | ९९ | | | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | २४.० | | ३७.३१ | ३५.४ | | | ५२.३ | | | |
| ३.९ | कक्षा ९- १० सम्मको विद्यालय शिक्षक अनुपात | २.८ | २.० | | | ५.० | | | ६.० | | |
| ३.१० | कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | ४०.० | ५९.० | | | ३०.० | | | ३०.० | | |
| ३.११ | कक्षा ११- १२ सम्मको विद्यालय शिक्षक अनुपात | ३.६ | ३.४ | | | ४.० | | | ५.० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.१२ | कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | ७३.० | ७०.० | | | ४०.० | | | ३०.० | | |
| ३.१३ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०९ | | १.०० | १.०५ | | १.०० | १.०० | | |
| ४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | | | | | | | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ७८ | ८५ | ६६.४ | ९६ | ९५ | | १०० | १०० | | |
| ४.२ | १५–२४ वर्षको साक्षरता दर | ९२ | ८९ | ९२.७ | ९९ | | | १०० | | | |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ५८ | ७० | ५६.७ | ९५ | | | १०० | | | |
| ५. महिला शिक्षक प्रतिशत | | | | | | | | | | | |
| ५.१ | आधारभूत तह | ४३.७ | ३०.० | ५१ | ५० | ३७ | | ५० | ४५ | | |
| ५.२ | माध्यमिक तह | २०.६ | १४.१ | १४ | २५ | २० | | ३० | २५ | | |
| प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत | | | | | | | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | | | | ६० | | | ९० | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.२ | आधारभूत विद्यालय | १३.४ | | | ७० | | | ९५ | | | |
| ६.३ | माध्यमिक विद्यालय | | | | ६० | | | ९० | | | |
| ७. कूल बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | | ११.६४ | | ८.५ | १७ | | | २० | | | |

# परिच्छेद -३ मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

मानव विकास एक निरन्तर चलिरहने प्रक्रिया हो । सिकाइ मानव विकास को एउटा पक्ष हो जो गर्भावस्था देखि मृत्य पर्यन्तजारि रहन्छ मानव जिविनको आधारशिलाकोरूपरूपमा रहेकाले प्रारम्भिक बाल्यावस्था वा बाल्यकालको विकास महत्वपूर्ण हुन्छ । त्यसैले सरकारले आफ्ना नागरिको सर्वाङ्गिण विकासका लागि विशेष लगानि गरेको हुन्छ । यसका लागि नेपाल सरकारले पनि संविधान कानुन नीति तथा कार्यक्रम को व्यवस्था गरेको छ । नेपाल को संविधान को धारा ३९ (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य पालन पोषण उचित स्याहार खेलकूद मनोरंजन तथा सर्वाङ्गिण व्यक्तित्व विकास व्यवस्था प्रत्येक बालबालिकाको हक हुने छ भन्ने व्यवस्थाले बालबालिकाको हक सुनिश्चित गरेको छ । यसै गरि धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिता हक हुने छ भनि बालबालिकाको विकास तथा सहभागिताको व्यवस्था गरिएको छ । शिक्षाको नवौ संशोधन एन २०२८ ले ४ वर्ष पुरा गरेका बालबालिकाहरुलाई एक वर्षको पूर्व प्राथमिक शिक्षाको परिकल्पना गरेको छ । यसै गरि सोहि एनको दफा ११ त १ मा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ भनि उल्लेख गरिएको छ । विद्यालय शिक्षा को राष्ट्रीय पाठ्यक्रम प्रारूप २०७६ ले भने ४ वर्षो को उमेर पुरा भएका बालबालिका लाइ १ वर्ष प्रारंभिक बालविकास को अवसर प्रदान गरिने र ४ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुलाई शिशु विकास केन्द्र बाट शारीरिक मानसिक संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था गरेको छ । विद्यालय क्षेत्र विकास योजनाले ५ वर्ष मुनि को बालबालिका को शारीरिक सामाजिक संवेगात्मक मानसिक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्राथमिक बालविकास र शिक्षालाई अधिकार मा आधारित बनाउने र विद्यालय प्रवेश को तयारी गराउने उद्देश्य तथा रणनीति लिएको छ । यसै गरि पन्ध्रौ योजनाले प्रारंभिक बालविकास तथा शिक्षा कार्यक्रमलाइ विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकासगरी यसलाई सबै बालबालिका लागि अनिवार्य गर्ने रणनीति लिएको छ । यसले कम्तिमा एक विद्यालय एक बालविकास केन्द्र को अवधारणा अन्तर्गत स्थानिय तहबाट बालविकास बालविकास केन्द्र को पुनः वितरण गरि सङ्घिय सरकार बाट हाल दीदै आएको अनुदानलाई निरन्तरता दिदै प्रदेश तथा स्थानिय तहबाट समेत बालविकास केन्द्र को विकासका लागी लागत साझेदारी गर्ने कार्यनीति तय गरेको छ । यसै गरि स्थानिय सरकार सञ्चालन एन २०७४ ले प्रारंम्भिक बालविकास र शिक्षा सम्बन्धी नीति कानुन मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन मुल्याङ्कन र नियमन स्थानिय तहबाटै हुने व्यवस्था गरेको छ । विगतमा सामुदायिक र संस्थागत विदयालयहरु विभिन्न सङ्घसस्थाहरुले आ आफ्नो तिरकाले प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धी सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएकोमा यसलाइ नियमन तथा नियन्त्रण गर्न वि स २०६२ सालमा तात्कालिन शिक्षा विभागले पाठ्यक्रमको रूपरूपमा प्रारम्भिक बालविकास दिग्दर्शन र २०६८ मा प्रारम्भिक बालसिकाइ तथा विकास मापदण्ड तयार गरि कार्यान्वय गर्दै आएको थियो भने शिक्षा एनको नवौ संशोधन

पश्चात प्ररम्भिक बालविकास विद्यालय शिक्षाको अङ्ग भएकाले शिक्षा विभागबाट विकास गरिएको दिग्दर्शन तथा मापदण्ड समेतका आधारमा चार वर्ष (४८ महिना पूरा गरेका ) उमेर समूहका सम्पुर्ण बालबालिकालागि विद्यालय बालविकास केन्द्र वा नीजि क्षेत्रबाट सञ्चालित बालविकास केन्द्रकालगि पाठ्यक्रम विकास केन्द्रबाट पठ्यक्रम विकास गरि लागु गरिएको छ ।जस्मा बालबालिकाको रुचि, क्षमता र आवस्यक्ताका साथसाथै उनिहरुको सर्वाङ्गिण विकासलाई प्राथिमकतामा राख्नुको साथै बालबालिकाको सिकाइ मा परिवार र समुदायमा रहेका र अन्य स्रोतको प्रयोग गरि प्रारम्भिक बालविकास सुनिश्चित गर्ने पक्षमा जोड दिएको छ । वर्तमान परिप्रक्ष्यमा यसका लक्ष्य, सक्षमता, विकास तथा सिकाइ क्षेत्र र सिकाइ सहजीकरण प्रक्रिया, पाठ्यक्रम कार्यान्वयका मापदण्ड, मुल्याङ्कन प्रक्रिया, शिक्षकको भूमिकाका बारेमा यसमा उल्लेख गरिएको छ।

३.१.२ वर्तामान अवस्था

वर्तमान अवस्थामा कर्णाली प्रदेशमा जम्मा ३३४५ वटा प्रारम्भिक बालविकास केन्द्रहरु रहेका छन, जसमा विद्यालयमा आधारित सङ्घद्वारा सञ्चालित २७६९ वटा र विद्यालयमा आधारित स्थानीय तहद्वारा सञ्चालित ३३२ वटा तथा धार्मिक ३ वटा र संस्थागत २४१ वटा रहेको छ । साथै कर्णाली प्रदेशभर छात्रा ३८४४५ र छात्रा ४४०१५ गरी जम्मा ८२४६० रहेका छन जसमा संस्थागत तर्फ छात्रा ८८२७ र छात्र १२९०१ गरी जम्मा २१७२८ जना रहेका छन । (स्रोत:शिक्षा तथा मानवस्रोत विकास केन्द्र -२०२४ ) यस गाउँपालिकामा रहेका सबै बालविकास केन्द्रहरु विद्यालयको संरचनाभित्र रहेका छन । जम्मा २७ वटा केन्द्रमध्ये ४ वटा संस्थागत रहेका छन जहाँ जम्मा ३८३ छात्रा र ४६८ छात्र गरि जम्मा ८५१ जना बालबालिकाहरुले अध्ययन गरिरहेको विद्यमान अवस्था छ । ( स्रोत: शिक्षा तथा मानवस्रोत विकास केन्द्र -२०२४ )
यस सिमकोट गाउँपालिका अन्तरगत रहेका २७ वटा बालविकास केन्द्रमा २७ महिला शिक्षक रहेका छन् । कार्यरत सहयोगि शिक्षकहरुमा। पेसागत दक्षता सम्बन्धी तालिम सामान्य रूपरूपमा लिएको भएतापनि बालविकास केन्द्रमा सहजिकरण सघन तालिम प्राप्त शिक्षक नरहेको पाइन्छ । बालविकास केन्द्रमा कार्यरत सहयागि शिक्षकहरुको मासिक तलब रु १०००० सङ्घिय अनुदान र रु ७००० स्थानीय पालिकाको अनुदानबाट बेहोर्ने गरि रु .१७००० का दरले तलब , प्रति बालबालिका रु .५०० का दरले सङ्घिय अनुदानबाट बजेट व्यवस्थापन गरिएको छ । औषत रूपरूपमा केहि बालविकास सामग्री खरिदका लागि पालिका अनुदानको रूपरूपमा लगानी गर्नु बाहेक त्यस्तो नितिगत रूपरूपमा कुनै विशेष किसिमको आर्थिक लगानी गरिएको छैन । सरकारले तोकिएको निर्देशिका र मापदण्डका आधारमा विश्लेषण गर्ने हो भने यस पालिकामा रहेका बालविकास केन्द्रहरुको सञ्चालन र व्यवस्थापनको अवस्थाको मूल्याङ्कन गर्दा सबै केन्द्रमा गुणस्तरीयताको अवस्था कम्जोर देखिन्छ । आन्तरिक सक्षमताका आधारमा भन्दा मौजुदा पाठ्यक्रमले तोकेको सिकाइ सहजीकरण क्रियाकलाप प्रभावकारि रूपरूपमा नभएको अवस्था देखिन्छ । विशेष गरि बालबालिकाको सर्वाङ्गिण विकासमा भन्दा पनि केवल सिकाइ सिप मा मात्र केन्द्रित भएको देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको परिपक्वता र वृद्धि विकासका आधारमा गुणस्तरिय सिकाइ अवसर सिर्जना गर्न नसकिएको तथ्य विद्यमान रहेको देखिन्छ ।

**प्रमूख समस्या र चुनौति**

समस्याहरु

कूलसमायानुकूल तालिम प्राप्त शिक्षकको कमी , स्थानीय अभिभावक तथा सरकार द्वारा पर्याप्त आर्थिक लगानी हुन नसक्नु लगानी सम्बन्धी सम्बन्धी स्थानीय स्तरमा नितिगत तथा कानुनी व्यवस्था नहुनु, सुरक्षित र सहज केन्द्रको सेवाको अवसरमा कमी पाठ्यक्रममा तोकिए बमोजिम सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन नहुनु,बालमैत्री प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड बमोजिम व्यवस्थापन गर्न नसक्नू ,अपर्याप्त सुपेरिवेक्षण, विद्यालय व्यवस्थापनमा प्राथमिकतामा नपर्नू अभिभावकको न्यून चेतना स्तर बृद्धी नहुन जस्ता समस्याहरु रहेका छन ।

चुनौतिहरु

बालबालिकाको सर्वाङ्गिण पक्षको विकास, सुविधा सम्पन्न बालविकास केन्द्र निर्माण ,सहजरूपरूपमा बालबालिका हरु विद्यालय आवागमनको व्यवस्था, अभिभावकको चेतना अभिबृद्धी गर्न, सिकाइ र सिकाइ वातावरणमा गुणस्तर कायम गर्नु, नमुना केन्द्र स्थापना गर्नू ।

३.१.३ उद्देश्य

- चार वर्ष उमेर पुगेका सबै बालबालिकालाई बालविकास र शिक्षामा सहज पहुँचको सुनिश्चितता गर्नु ।
- गुणस्तरीय बालविकास र शिक्षा तथा सेवा प्रदान गर्नु ।
- सबै बालबालिकाहरुलाई बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

३.१.४ रणनिति

१. हरेक वर्ष यूनन्यूनतम कार्यक्रमहरु तयार गरि पर्याप्त तथा निरन्तर लगानी सुनिश्चित गरिने,
३. बालविकास केन्द्रको नक्साङ्कन गरि आवश्यकता अनुसार समायोजन तथा स्थापना गरिने,
४. निर्धारित गरिएका यूनन्यूनतम मापदण्ड एवम् पाठ्यक्रम अनुसार बालविकास कक्षा सञ्चालन गरिने,
५.बालविकास केन्द्रका सहयोगि शिक्षक एवम् शिक्षक कार्यसम्पादन करार तयार गरि कार्यान्वयन गरिने ।
६. नमुना बालविकास केन्द्र स्थापना गरिने,
७. परिवार, समुदाय , विभिन्न सङ्घसंस्था , निजी क्षेत्र र विद्यालयहरुसँग सहकार्य तथा समन्वय गरिने,
८. पेसागत दक्षता अभिवृद्धिका लागि हरेक वर्ष बालविकास शिक्षकलाई तालिमको कार्यक्रम सञ्चालन गर्ने,
९. बालकक्षा व्यवस्थावन , कक्षा सजावट, बाल उद्यान , प्रविधिमा आधारित शैक्षिक सामग्री आदिको बालविकास केन्द्रमा कुशल व्यवस्थापन गर्ने
१०.प्रारम्भिक बालविकास र शिक्षा लाई प्रभावकारी रूपरूपमा सञ्चालन र अभिभावक तथा आमा समूहहरुलाई थप जिम्मेवार गराउन समुदायमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने,

३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. समुदायका चार वर्ष उमेर समूहका सम्पुर्ण बालबालिकाहरुको प्रारम्भिक बालविकास शिक्षाको पहुँच तथा गुणस्तरीय शिक्षाको अवसरको सुनिश्चित भएको हुनेछ ।

२. सबै बालविकास केन्द्रहरुले तोकिएको यूनन्यूनतम मापदण्डहरु पुरा गरि पाठ्यक्रमको मर्म अनुसार सञ्चालन भएका हुनेछन् ।

३. योग्य , दक्ष एवम् तालिम प्राप्त बालविकास शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

४. कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरु बालविकास शिक्षाको अनुभव सहितका हुनेछन् ।

५. प्रभावकारी, व्यवस्थित र सुरक्षित कक्षाकोठाको व्यवस्थापन भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | परम्भिक बालविकासमा कूल भर्ना प्रतिशत | ८५.७ | ९० | ९५ | ९८ | १०० |
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | १ | ५ | ५ | ५ | ३ |
| ३. | वाल उद्यान भएका बालविकासको सङ्ख्या | ० | ५ | ५ | ५ | ४ |
| ४. | कक्षा कोठामा स्मार्ट टि भि को सङ्ख्या | ० | ५ | ५ | ५ | ४ |
| ५. | ा १ मा बालविकासको अनुभव सहित भर्ना हूने बालबालिकाको भर्ना दर | ९०.४ | ९५ | ९७ | ९९ | १०० |
| ६. | शिक्षक विद्यार्थि अनुपात | ४४.७ | ३० | २५ | २० | १५ |
| ७. | नमूना तथा गुणस्तरीय सेवा प्रदान गर्ने बालविकास केन्द्रको सङ्ख्या | ५ | ५ | ५ | ६ | सबै |
| ८ | लैङ्गिक समता सूचक | ०.८ | ०.६ | ०.५ | ०.३ | ०.० |
| ९ | शैक्षिक समाग्री उपलब्ध भएका बालविकास सङ्ख्या | ८ | ५ | ४ | २ | सबै |
| १० | पाठ्यपुस्तक उपलब्ध सङ्ख्या | ७ | ५ | ५ | २ | सबै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | कर्नर भएको सङ्ख्या | ५ | ५ | ५ | ४ | सबै |
| १२ | गाईड उपलब्ध भएको सङ्ख्यासङ्ख्या | ३ | ५ | ५ | ५ | १ |

३.१.५ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य

| क्र स. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन, समायोजन तथा पुनवितरण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | बालविकास केन्द्रका शिक्षकलाई पेसागत क्षमता अभिवृद्धि आधारभूत तालिम सञ्चालन | पटक | १२ | १ | २ | ३ | ३ | ३ | १२ | ०० |
| ३ | बालविकास पाठ्यक्रम प्रवोधिकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | ०० |
| ४ | सिकाइ मैत्री बालविकास भवन निर्माण गाउँपालिका स्तरिय | वटा | १९ | | १ | १ | २ | २ | ६ | १३ |
| ५ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | ०० |
| ६ | न्यूनतम मापदण्ड पुगेको नमुना बालविकास केन्द्रको स्थापना | वटा | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | बाल उधान निर्माण | वटा | १९ | ० | ५ | ५ | ५ | ४ | १९ | ०० |
| ८ | बालबालिकाको स्वास्थ्य परीक्षण | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ९ | आधुनिक प्रविधियुक्त शैक्षिक सामग्री वितरण भएका बालविकास केन्द्र | वटा | १९ | ० | ५ | ५ | ५ | ४ | १९ | ०० |
| १० | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | वटा | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १२ | भर्ना अभियान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १३ | बाल सिकाइ मेला सञ्चालन | पटक | ४७ | १ | २ | २ | ५ | १० | ४७ | |
| १४ | अन्तर बालविकास केन्द्र स्तरिय सिकाइ भ्रमण | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

### ३.२ आधारभूत शिक्षा

#### ३.२.१ परिचय

अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा बालबालिकाको नैसर्गिक अधिकार हो । यसअधिकारलाई नेपालको संविधानले मौलिक अधिकारका रूपरूपमा समेत आत्मसात गरेको छ । अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा ऐन २०७५ र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा नियमावली २०७७ ले १ वर्षको पूर्व प्राथमिक शिक्षा देखी कक्षा ८ सम्म प्रदान गरिने शिक्षालाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका रूपरूपमा प्रदान गरिने परिभाषित गरिएको छ । यस ऐनले ५ वर्ष देखि १२ वर्षसम्मको उमेरलाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा उमेरका रूपरूपमा लिएको छ । यसै गरि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा नामाकरण गरिएको छ । आ.व.२०७८-०७९ को नेपाल सरकारको निति तथा कार्यक्रमको बुदा न. ६३ मा आगामि आ.व.मा साक्षर नेपाल घोषर्णा गर्ने र बुदा न. ७० मा बालबालिकालाई विद्यालय ल्याऔँ र पढाइमा टिकाऔँ कार्यक्रमलाई प्रभाव कारी बनाउने र सार्वजनिक विद्यालय सवलिकरण दशक २०७६-२०८५ अभियान सञ्चालन गर्ने निति लगाएतका थुप्रै आधारहरुले आधारभूत तह शिक्षको महत्वपुर्ण तह हो भन्ने स्पस्ट देखिन्छ । आधारभूत शिक्षाले बालबालिकाहरुको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवनयापन र सामाजिकीकरणमा सहयोग पूर्याउँछ । यस शिक्षा प्रणालीले बालबालिकाहरुलाई जीवन पर्यन्त सिकाइमा मार्ग प्रसस्त गरी मूलुकको सामाजिक र आर्थिक विकासमा सहयोग पूर्याउँछ । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ । त्यसकारण, नेपालमा बसोवास गर्ने प्रत्येक बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको हक हुने छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भए बमोजिम सो उमेर समूहका सवै बालवालिकहरुलाई अनिवार्य र नि; शुल्क शिक्षामा पहुँचको हक हुने व्यवस्था गरिएको छ नेपालको संविधान २०७२ को अनुसूची ८ मा पनि स्थानिय सरकारको अधिकार क्षेत्र भित्र आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरुको व्यवस्था गरेको छ । आधारभूत शिक्षा अन्तरगत कक्षा १ देखी ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र समग्र शिक्षा क्षेत्रको व्यवस्थापकीय प्रवन्धको मौजुदा अवस्थाका आधारमा आधारभूत शिक्षाका चुनौतिहरु पहिचान गरी यसको उद्धेश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरुका साथै लक्ष्य तोकिएको छ ।

#### ३.२.२ वर्तमान अवस्था

फ्लयास रिर्पोट २०२४ अनुसार कर्णालि प्रदेशमा आधरभुत तहका २४८३ वटा विद्यालय रहेको छ जस्मा १८६८३८ छात्रा र १८८४५८ छात्रा गरि जम्मा ३७५२९६ जना छात्रछात्रा अध्ययनरत छन । यस गाउँपालिकामा आधारभूत तह सञ्चालन भएका विद्यालयको सङ्ख्या १४ रहेको छ । जसमा सामुदायिक तर्फ ११ वटा र संस्थागत तर्फ ३ वटा विद्यालय रहेका छन् । विद्यार्थी सङ्ख्याको हिसाबले हेर्दा जम्मा २१८२ जना विद्यार्थीहरु आधारभूत तहमा अध्ययनरत रहेका छन् । जसमा छात्राको सङ्ख्या ११५१ र छात्रको सङ्ख्या १०३१ जना रहेको छ । आधारभूत

तहमा अध्यापन गर्ने शिक्षको दरबन्दी ७३ जना रहेको छ । जसमा दरबन्दी तर्फ ६ जना र राहत अनुदान तर्फ ५ जना रहेको छ । शिक्षण अनुदान तर्फ हाल ० कोटा उपलब्ध गराइएको छ । आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात ५६ जना रहेको देखिन्छ भने विद्यालय विद्यार्थी अनुपात १:२१५ रहेको छ । आधारभू तहमा कूल भर्नादर ११२.४ रहेको छ भने खुद भर्नादर ९४.४ प्रतिशत रहन गएको छ । ई सि डि बाट कक्षा १ मा हुने भर्नादर ९०.४ रहेको छ भने कक्षा ८ मा पुग्ने दर ८६.५ प्रतिशत रहेको छ । कक्षा १ मा कक्षा दोहोर्याउने दर १४.३ प्रतिशत रहेको छ भने आधारभूत तहको सिकाइ उपलब्धी दर ८५ प्रतिशत रहन गएको छ । विद्यालय बाहिर रहेको बालबालिकाको सङ्ख्या ६.७ प्रतिशत रहेको छ ।(स्रोत: सिमकोट गाउँपालिकाको ईमिस ) यस सिमकोट गाउँपालिकाभित्र रहेका २५ वटा विद्यालयहरुमध्ये ७ वटा विद्यालयमा मात्र न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित हुन गएको देखिन्छ भने बाँकी १८ वटा विद्यालयमा न्यूनतम् सक्षमताका ४ वटा सूचक (कक्षाकोठा, पाठ्यपुस्तक, शौचालय र बुक कर्नर) अन्य ३ वटा विद्यालयमा न्यूनतम् सक्षमताका ३ वटा सूचक (कक्षाकोठा, पाठ्यपुस्तक, शौचालय ) र अन्य बाँकी २ वटा विद्यालयमा न्यूनतम् सक्षमताका २ वटा सूचक(कक्षाकोठा, पाठ्यपुस्तक) पूरा भएको देखिएको छ । अपाङ्गमैत्री पूर्वाधार (शौचालय र कक्षाकोठा) भएका विद्यालयको सङ्ख्या जम्मा ० र विपत् उत्थानशील पूर्वाधार भएको विद्यालय सङ्ख्या ० रहन गएको छ ।सिमकोट गाउँपालिकाले आधारभूत तहको शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरु शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएका, स्थानीय पाठ्यक्रम (हाम्रो सिमकोट) स्वीकृत गरी कक्षा १-३ सम्मको पाठ्यपुस्तक निर्माण भइ कार्यान्वयन भएको, शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरुको सञ्जाल निर्माण भइ क्रियाशील बनेको, विद्यालय कर्मचारीलाई न्यनूतम् पारिश्रमिक उपलब्ध गराइएको, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिएको , पालिकाभरका सम्पूर्ण आधारभूत विद्यालयहरु IEMIS मा आवद्ध भएका, यातायात र खाजा खर्चको व्यवस्था गरी हरेक महिनामा नियमित प्र.अ बैठक बसी शैक्षिक मुद्दामा छलफल गरी समाधान गर्ने गरिएको, आधारभूत तहको शिक्षा सुनिश्चितताका लागि अनाथ बालबालिकाहरूलाई पालिकाबाट शैक्षिक सहयोग भएको र स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया अगाडी बढेको छ । कक्षाकोठा व्यवस्थापनका लागि आधारभूत तहका अधिकांश विद्यालयहरुमा कार्पेट, कुशन जस्ता सामग्रीहरू उपलब्ध गराइएको छ । सबै आधारभूत विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गरिएको छ । सबै आधारभूत विद्यालयलाई डिजिटल विद्यालय बनाउने कार्यक्रम कार्यान्वयन भइरहेको छ । त्यसैगरी शिक्षक बिद्यार्थी अनुपात १:२० रहेको छ ।

**चुनौती र अवसरहरुः**

विद्यालय नक्साङ्कनगर्न नसकिनु , भर्ना भएका बालबालिकाहरुलाई विद्यालयमा टिकाउन र सिकाउन नसक्नु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको दरबन्दी कमी हुनु, विद्यालयहरुमा भौतिक पूर्वाधारको कमी, अपाङ्गअपाङ्गताको स्क्रिनिङ नहुनु ,विद्यालयमा स्वच्छ खानेपानी, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु र अपाङ्गअपाङ्गतामैत्री भौतिक संरचना व्यवस्थापन कमीहुनु, शिक्षकहरुको पेसागत

विकास, विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको कमी रहनु, विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु, विद्यालयहरुमा विपत प्रतिकार्य योजना निर्माण नहुनु, पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपरूपमा कार्यान्वयन गर्न नसकिनु र विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको कमी रहनु जस्ता समस्याहरु आधारभूत तहका मुख्य समस्याहरु देखापरेका छन भने नेपालको संविधान, २०७२ मा व्यवस्था भएअनुरूप अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु, समय सन्दर्भ सँगसँग आवश्यकता अनुसार दक्ष र पेसाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु, विद्यालयमा प्रयाप्त भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण निर्माण गर्नु, आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु, आधारभूत शिक्षामा शैक्षिक सुशासन, नियमितता र उत्तरदायित्व वृद्धि गर्नु, शिक्षण सिकाइलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, सामुदायिक तथा नीजि विद्यालय बिचको विभेद अन्त्य गर्नु, अभिभावक तथा शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर घटाइ सिकाइ उपलब्धीमा वृद्धि गर्नु,सार्वजनिक शिक्षाप्रतिको आम अभिभावकको चासो र आकर्षण वृद्धि गर्नु, विभिन्न किसिमका प्रकोप, सङ्कट तथा महामारीबाट मुक्त बनाउनु,विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्नु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी रूपरूपमा कार्यान्वयन गर्नु,विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपरूपमा विकास गर्नु ,जस्ता चुनौतीहरु आधारभूत शिक्षाको क्षेत्रमा देखापरेका छन् । यसैगरी आधारभूत तहसम्मको शिक्षालाई संविधानमै अनिवार्य र नि; शुल्क गरी मौलिक हकको रूपरूपमा स्थापित गरिनु, संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षालाई राखिनु, सङ्घीयताको कार्यान्वयनसँग सरोकारवालाहरुमा सार्वजनिक विद्यालयप्रतिको चासो र चिन्ता बढदै जानु, शिक्षकका पेसागत सङ्घ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरनु, शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको सक्रियता बढदै जानु ,विद्यार्थीहरुको समता, पहुँच वृद्धिका लागि राज्यका तिनवटै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नु, आधारभूत शिक्षामा दिवा खाजा तथा पोषण कार्यक्रम सञ्चालन हुनु, शिक्षालाई सङ्घ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नु जस्ता तमाम अवसरहरु सँगसंगै आधारभूत शिक्षामा गुणस्तर सुधारका लागि प्रशस्त आधारहरु रहेका छन् ।

३.२.३ उद्देश्यः

१. सबै बालबालिकाका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको अवसर सुनिश्चित गर्नु,
२. सबै विद्यालयहरूमा अत्यावश्यक शैक्षिक भौतिक पूर्वाधारहरुको प्रवन्ध गर्नु,
३. आधारभूत तहको शिक्षाको सिकाइ उपलब्धी अभिवृद्धि गरी शैक्षिक गुणस्तरिय सिकाइ सुनिश्चित गर्नु ।
४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सवैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
५.आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउनु ।

३.२.४ रणनीतिहरूः

- गाउँपालिका भित्र सञ्चालित बिद्यालयहरु स्थानीय मापदण्डका आधारमा नक्साङ्कनगरी समायोजन तथा स्थानान्तरण गर्ने ,
- विद्यालय बाहिर रहेका बालबालिकाहरु पहिचान गर्ने,
- विद्यालयमा अत्यावश्यक शैक्षिक, भौतिक पूर्वाधारहरुको प्रवन्ध गरी विद्यालय भौतिक पूर्वाधारलाई विपत् उत्थानशील बनाउने तथा विद्यालयको सेवा क्षेत्र किटान गर्ने
- विद्यालय मार्फत सरोकारवाला निकएको सहकार्यमा विद्यालय स्वागत तथा विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने साथै विद्यालय बाहिर रहेका किशोर किशोरीहरु सहित सबैका लागि विद्यालय भर्ना गर्न कार्यक्रम सञ्चालन गर्ने,
- गरिब र विपन्न अभिभावकका लागि विद्यालयको तथा सहयोगि निकाय सँगको सहकार्यमा अभिभावक आय आर्जनमूलक कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,
- विद्यालय, वडा हुँदै गाउँपालिका तहसम्म विशेष कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउनकालागि प्रोत्साहन मुलक कार्यक्रम सञ्चालन गर्ने,
- वैकल्पिक विद्यालय, घुम्ती विद्यालय , विशेष विद्यालय तथा खुला विद्यालय स्थापना वा सुरुवात गर्ने
- छात्रा ,अपाङ्गता भएका , दलित, बिपन्न, जनजाति र कठिन परिस्थितिबाट आएका बालबालिकाहरूलाई बिद्यालयमा ल्याउन र तिनीहरूलाई टिकाइ राख्न लक्षित कार्यक्रम  तर्जुमा गरी कार्यान्वयन गर्ने ,
- स्थानीय पाठ्यक्रमको विकास र मातृभाषामा पठनपाठन लागि विद्यालय र  शिक्षकहरूको सक्षमता विकास गर्ने,
- विषयगत शिक्षक सञ्जाल ,मेन्टरिङ ,कोचिङ ,दैनिक पाठयोजना ,कक्षा अवलोकन  स्वाध्ययन  ,सहपाठी सहयोग जस्ता विधिको प्रयोग गरी स्वचालित रूपमा शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालय, विद्यार्थि र अभिभावक बिच त्रिकोणात्मक समबन्ध विकास गर्ने खालको प्रणालिको विकास गर्ने,
- विद्यालयको पठनपाठनलाई जीवनोपयोगी  ,व्यवहारकुशल सिप युक्त , रमाईलो र प्रभावकारी बनाउन प्रत्यक शुक्रबार अतिरिक्त क्रियाकलाप संचलान गर्ने

- निर्माणात्मक मूल्याङ्कनलाइ प्रभाकारी रूपमा कार्यान्वयन गर्ने,

३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

१. सबै बालबालिकाका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ,
२. सबै विद्यालयहरूमा अत्यावश्यक शैक्षिक भौतिक पूर्वाधारहरुको व्यवस्था भएको हुनेछ,
३. आधारभूत तहमा शैक्षिक गुणस्तर अभिवृद्धि भएको हुनेछ,

प्रमुख नतिजा तथा परिमाणात्क लक्ष्य

| क्र स | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १ ३ सम्म एकिकृत पाठ्यक्रमको लागु गरेका विद्यालय सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ |
| २ | कल्याणकारी कोष स्थापना गरेका विद्यालय सङ्ख्या | ० | १० | ५ | ५ | ५ |
| ३ | न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र विद्यालय बगैंचा निर्माण गर्ने विद्यालय सङ्ख्या | ० | १० | ५ | ५ | ५ |
| ४ | सबै सामुदायिक विद्यालयहरुले न्यूनतम प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेका विद्यालय सङ्ख्या | ३ | २५ | २५ | २५ | २५ |
| ५ | कक्षा ३ र ५ मा उपलब्धी परीक्षा सञ्चालन गरी नतिजा सार्वजनिक गर्ने विद्यालय सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ |
| ६ | शिक्षक पेसागत विकास र विद्यार्थी सिकाइ सहायता प्रणाली निर्माण गरी कार्यान्वयन गर्ने विद्यालय | ० | १० | ५ | ५ | ५ |
| ७ | विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील विद्यालय सङ्ख्या | ० | २५ | २५ | २५ | २५ |

३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | विद्यालय अनुदान एकमुष्ट रकम( SPI, सामाजिक परीक्षण, IEMIS Data, अतिरिक्त क्रियाकलाप, अभिभावक शिक्षा, विद्यालय रिपोर्ट कार्ड, SMC लाइ क्षमता अभिवृद्धि) | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | निरन्तर |
| ३ | पाठ्यपुस्तक(कक्षा १-५) वितरण | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | निरन्तर |
| ४ | गरिब विपन्न तथा जेहेन्दार विद्यार्थीकोलागि छात्रवृत्ति | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | निरन्तर |
| ५ | छात्राहरुकालागि स्यानीटरी प्याड वितरण | विद्यार्थी | १४६८२ | २१८२ | २५०० | ३००० | ३५०० | ४००० | | निरन्तर |
| ६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाइ तालिम | समिति | २१ | ० | ५ | ५ | ५ | ६ | २१ | निरन्तर |
| ७ | शिक्षकहरूलाइ तालिम | जना | ३०० | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० |
| ८ | विद्यालयमा सूचना तथा प्रविधिमा सहयता | विद्यालय | २१ | ० | १० | ५ | ५ | १ | २१ | निरन्तर |
| ९ | शिक्षकहरूलाइ ल्यापट | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | निरन्तर |

### ३.३ माध्यामिक शिक्षा

#### ३.३.१ परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरएिको छ । नेपालको संविधानको अनुसूचि ८ मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरीएतापनि अनुसूचि ९ मा शिक्षालाई साझा अधिकारको विषय बनाइएको छ । नेपाल सरकारबाट राष्ट्रिय शिक्षा नीति, २०७६, राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ र दिगो विकासको लक्ष्य चार कार्यान्वयन कार्यढाँचा स्वीकृत भई कार्यान्वयनमा आइरहेको अवस्था छ । आर्थिक सर्वेक्षण २०७६/०७७ अनुसार देशभर कूल ३५५२० विद्यालयहरूमध्ये कक्षा ९ -१० सञ्चालन भएका विद्यालयहरू १०६४४ र कक्षा ११-१२ सञ्चालन भएका ४१८७ तथा कक्षा ९-१२ सञ्चालन भएका विद्यालयहरू १०८८९ रहेका छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिर्पोट - २०२४ अनुसार कर्णाली प्रदेशमा कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ४०६ वटा र कक्षा ११-१२ सञ्चालन भएका विद्यालयहरू ३४४ वटा गरि जम्मा ७५० वटा माध्यामिक विद्यालय सञ्चालन भएका छन् भने ९-१२ मा अध्ययनरत- ६९३०४ छात्रा र ६६५१४ छात्र गरि जम्मा- १३५८१८ छात्रछात्र अध्ययनरत छन भने कक्षा १२ सम्मको सरभाइभल रेट ३६.० प्रतिशत प्रदेशभर माध्यमिक तहमा स्थायी, अस्थायी र राहत गरी कक्षा ९-१० मा १२३४ र ११-१२ मा ५४८ गरी जम्मा १७८२ दरबन्दीमा शिक्षकहरू कार्यरत रहेका छन् ।

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुची र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सिप मूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सिप को उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सिप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । प्राविधिक र व्यावसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरूलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पेसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सिप ले पनि सजिलो बनाउन सक्दछ । यसरी विद्यार्थीहरूलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ । यिनै कुराहरूलाई ध्यानमा राखेर सिमकोट गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सिप मूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ । सोह्रौ योजनाले समेत साक्षरता र सिप विकासलाई जोडि माध्यामिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उघम र रोजगार केन्द्रित बनाउन "पढ्दै कमाउँदै र कमाउँदै पढ्दै " जस्ता कार्यक्रमलाई जोड दिने सरकारी गैरसरकारि

सहकारी र निजी  क्षेत्रको सहकार्यमा राष्ट्रिय सिप  विकास तथा रोजगार सिर्जना  महाअभियान सञ्चालन गर्ने; अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको पूर्व सिकाइको मान्यता विधिलाइ प्रभावकारी बनाउने साथै माध्यमिक शिक्षा परिक्षा दिएर बसेका विद्यार्थिलाई दुई महिना (आठ हप्ता) अवधिको प्रतिकारात्मक स्वास्थ्य, सन्तुलित भोजन, पाककला र प्राथिमक उपचार,सवारी अनुमति तथा सवारी नियम, आत्म सुरक्षा तथा अनुसासन कार्यक्षेत्र सुरक्षा र यौन दुर्व्यवहार , राष्ट्रप्रेम, स्वयंम् सेवा र योग, ध्यान तथा कला लगायतका व्यवहारिक विषयहरु समावेश गरी सम्बन्धी सम्बन्धित निकायहरुसँगको समन्वयनमा अनिवार्य अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकाले पनि माध्यामिक तहमा समतामूलक पहुँचको सुनिश्चित हुने छ । सिमकोट गाउँपालिकालभित्र हाल कक्षा १-१० सञ्चालित ५  कक्षा, ९- १२ १  कक्षा,१-१२ सञ्चालित  २ गरी माध्यमिक तहको विद्यालयहरूको सङ्ख्या .७ . वटा रहेको छ । यस तहमा जम्मा ८९१  जना विद्यार्थीहरू अध्ययनरत छन् । जम्मा दरबन्दी . ६ राहत . ७. माध्यमिक कक्षा ११-१२ अनुदान . ८ . गाउँपालकिा अनुदान .१७ . गरी .३८  जना शिक्षकहरू माध्यमिक तह तर्फ कार्यरत छन् ।

३.३.२ उद्देश्य

१. आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सिप मूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने
२. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने ,
३. माध्यामिक शिक्षाको शिक्षण विधिलाई व्यावहारीक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरण द्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रर्तिस्पर्धी तथा उच्चशिक्षा हासिल गर्न योग्य बनाउने ,

३.३.३ रणनीति

१. आधारभूत तह पूरा गरेका बालबालिकालाई निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने,
२. माध्यमिक शिक्षालाई सिकाइ वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने,
३. विद्यालयमा सुशासन कायम गरी अभिभावकहरूको सहभागिता बनाउने ,
४. विद्यालयको भौतिक पूर्वाधार सबल, दक्ष विषयगत शिक्षक, पर्याप्त शैक्षिक सामग्री सहितका विद्यालयहरू निर्मार्ण तथा पुन: निर्माण गर्ने,
५. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउन एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ
६. अपाङ्गता र समावेशी शिक्षा दिने विद्यालय तथा स्रोत कक्षा सञ्चालनमा  सङ्ख्यामा वृद्धि गरिनेछ ।
७. शिक्षण प्रणलीलाई व्यावहारिक तथा सिर्जना त्मक एवम् अनुसन्धानात्मक विधिको विकास गर्ने,

८. बनाउन आवश्यक तयारी गर्ने ,

९. सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइनेछ

१०. विद्यालयको स्व-मूल्याङ्कन एवम् अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिने छ ।

११. सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी सङ्ख्याको आधारमा विषयगत दरबन्दी मिलान गर्ने ,

१२. बालबालिकामाथि हुन सक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अन्त्य गरी कक्षाकोठाको सिकाइलाई बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री र अभिभावक मैत्री सहित सामाजिक परीक्षणलाई व्यापक बनाई विद्यालयलाई चुस्त तथा पारदर्शि र सुशासन कायम भएको विद्यालयहरूलाई नमूना घोषणा गरि सुरक्षित सिकाइ वातावरण निर्माण गर्ने ,

१३. नुगमन, सुपरीवेक्षण, शिक्षक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याई गुणस्तरीय अभिवृद्धि गर्ने र सोको लागि विद्यालयमा ई-हाजिरीको व्यवस्थापन गर्ने,

३.३.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

१. नि:शुल्क माध्यामिक शिक्षामा सबैको समतामूल पहुँच सुनिश्चत भएको हुने छ ।

२. स्थानिय प्रदेश र सङ्घबिचको समन्वय र सहकार्यमा आर्थिक रूपले विपन्न, असहाय र दलित समुदायका बालबालिकाको लागि बिषेश कार्यक्रम लागु गर्ने तथा सबै माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षकको व्यवस्थापन ,शिक्षकको पेसागत विकास गरि माध्यमिक विद्यालयहरूलाई क्रमश नमुना विद्यालयको नीति विकास गरिनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | माध्यामिक तह कक्षा ९ -१० मा भर्ना हुने विद्यार्थि सङ्ख्या | ५८४ | ११६८ | १७५२ | २३३६ | २९२० |
| २ | माध्यामिक तह कक्षा ११- १२ मा भर्ना हुने विद्यार्थि सङ्ख्या | ३०७ | ६१४ | ९२१ | १२२८ | १५३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थि सङ्ख्या | ० | १५ | २० | २५ | ३० |
| ४ | न्यूनतम सिकाइ सवलिकरण मापदण्ड पूरा गरेका माध्यामिक विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ |
| ५ | माध्यमिक शिक्षा ९-१२ मा खुद भर्नादर ६० प्रतिशत भन्दा माथि पुगेको विद्यालय सङ्ख्या | ० | ७ | ७ | ७ | ७ |
| ६ | आवासीय विद्यालय सञ्चालन भएका सङ्ख्या | १ | १ | १ | १ | १ |
| ७ | माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याब निर्माण भएका विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ |
| ८ | सूचना सङ्कलन, डायरी छपाइ तथा वितरण | २५ | २५ | २५ | २५ | २५ |
| ९ | विद्यालयमा सबै विद्यार्थीहरूको पहचुँमा सुझाव पेटिका राख्ने र १५/१५ दिमा सुझाव पेटिका हेरि सुझाब कार्यान्वयन गर्ने विद्यालय | ० | १० | ५ | ५ | ५ |

३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | मुख्य क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | निःशुल्क माध्यामिक शिक्षाको कार्यान्वयनका लागि आवस्यक पर्ने कानुन कार्यविधि निर्देशिकाहरु तयारी | पटक | १ | ० | १ | | | | १ | निरन्तर |
| २ | विद्यालय सेवा क्षेत्रको सिमाङ्कन गरी हरेक माध्यामिक वध्यालयको सेवा क्षेत्र एकिन गर्ने र सिमाङ्कन भित्रका बालाबालिकाहरु भर्नाको सुनिस्चितताका लागी विद्यालयमा नक्साङ्कन पुनर्वितरण तथा समायोजा र स्थापना | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | भर्ना अभियान कार्यक्रम सञ्चालन । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | आवश्यकता र माग बमोजिम भौतिक पूर्वाधार व्यवस्थापन । | विद्यालय | १५ | २ | २ | २ | २ | २ | १० | ५ |
| ५ | विषयगत शिक्षक व्यवस्थापन | विद्यालय | ५० | ० | १० | १० | १० | १० | ४० | १० |
| ६ | विशेष कक्षा सञ्चालनको लागि समन्वय, सम्पर्क गरी विशेष विद्यालय तथा स्रोत कक्षा स्थापना । | वटा | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | अनुकूल सिकाइका लागि लक्षित समूहलाई शैक्षिक सामग्री वितरण | समूह | ५६ | ० | १० | १५ | १५ | १० | ५० | ६ |
| ८ | सूचना सङ्कलन, शिक्षक डायरी छपाइ तथा वितरण । | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षक योग्यताको मापदण्ड र दरवन्दी निर्धाररणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन गर्ने | पटक | १ | ० | १ | | | | १ | निरन्तर |
| १० | विद्यालयको भौतिक, शैक्षिक अवस्थाको आधारमा वर्गीकरण तथा लगानी गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ११ | दरबन्दी मिलान गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १२ | विद्यालयको मानक बनाई नमूना विद्यालय घोषणा । | विद्यालय | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १३ | विद्यालयले श्वेतपत्र तयार गरी जारी गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १४ | गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरीवेक्षण तथा शिक्षकलाई सहयोग । | पटक | ५ | १ | १ | १ | १ | १ | ४ | १ |
| १५ | बालसमूह गठन, क्षमता विकास र परिचालन । | पटक | ५ | १ | १ | ११ | १ | १ | ५ | निरन्तर |
| १६ | ई-हाजिरीको व्यवस्थापन | विद्यालय | २५ | ० | ५ | ५ | ५ | ५ | २० | ५ |
| १८ | अवलोकन भ्रमण सञ्चालन गर्ने विद्यालय । | वटा | | ० | ५ | ५ | ५ | ५ | | ५ |
| १९ | शिक्षकलाई अभिमुखीकरण, आचारसंहिता निर्माण कार्यान्वयन तथा अध्यावधिक । | पटक | १ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

३.४.१ परिचय

करिब ७८ लाख निरक्षर नागरिकलाई साक्षर बनाउने उद्देश्य सहित नेपालमा साक्षरता अभियान आर्थिक वर्ष २०६५-६६ देखि सुरु भएको हो । तर अझै पाँच वर्षभन्दा माथिका ६४ लाख मानिस निरक्षर छन् । सबै लगानी र एक दशकभन्दा अगाडि देखिको सरकारको प्रयास भने अहिले सम्म सफल हुनसकेको छैन । संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को आह्वानमा सन् १९६७ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो । 'प्रोमोटिङ लिटेरेसी फर अ वल्ड इन ट्रान्जिसनः बिल्डिङ द फाउन्डेसन फर सस्ट्यानेबल एन्ड पिसफुल सोसाइटिज' मूल नाराका साथ यो दिवस मनाइँदैछ। नेपालमा पाँच वर्षमाथिको साक्षरता दर ७६ दशमलव दुई प्रतिशत छ। पन्ध्र देखि ६० वर्षसम्मको साक्षरता दर ८५ प्रतिशत छ, ती मध्ये पुरुष ८३.६ प्रतिशत र महिला ६९.४ प्रतिशत साक्षर छन् । त्यस्तै १५ देखि २४ उमेर समूहका ९२ प्रतिशत, १५ देखि ६० उमेर समूहका ८५ प्रतिशत र १५ वर्षभन्दा माथिका ५८ प्रतिशत साक्षर छन् । नेपालमा पढ्न लेख्न जान्ने जनसङ्ख्या दुई करोड तीन लाख ७७ हजार ९८० रहेको छ । पाँच वर्षभन्दा माथिको जनसङ्ख्या दुई करोड ६७ लाख २५ हजार २९५ रहेको छ । नेपालमा अनौपचारिक विद्यालय १७१ वटा सञ्चालित छन् र तीमध्ये ७७ वटाले अनुदान पाएका छन् । खुला शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विद्यालय १२१ छन् । तीमध्ये ३७ ले आधारभूत तह र ८५ ले माध्यमिक तहसम्म कक्षा सञ्चालन गर्ने अनुमति पाएका छन् । नेपाल सरकारले एक दशकअघि 'साक्षर नेपाल अभियान' कार्यक्रम सुरु गरेकामा अझै मधेस प्रदेशका आठ सहित १२ जिल्ला पूर्ण साक्षर घोषणा हुन बाँकी रहेको छ । जिल्ला भित्र बसोबास गर्ने जनसङ्ख्याको ९५ प्रतिशत मानिस साक्षर भएमा पूर्ण साक्षर भनी घोषणा गर्न पाउने व्यवस्था युनेस्कोले परिभाषा गरिदिएको छ । सोही परिभाषाका आधारमा ७५३ स्थानीय तह मध्ये अझै १५२ स्थानीय तह साक्षर घोषणा हुन बाँकी छन् । साक्षर नभएका स्थानीय तहमा मधेस प्रदेशका १३० र कर्णाली प्रदेशका २२ रहेका छन् । जिल्ला गत रूपरूपमा हेर्दा मधेसका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा तथा कर्णाली प्रदेशका जुम्ला, हुम्ला, कालिकोट र डोल्पा जिल्ला साक्षर हुन सकेका छैनन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार साक्षरताका लागि विभिन्न १२ सूचकहरू तोकिएका छन् । साक्षर हुनका लागि राष्ट्रभाषा वा मातृभाषामा वर्ण र अक्षर पढ्न र लेख्न जानेको हुनुपर्ने, नेपाली वा मातृभाषामा लेखिएका मूल्य सूची र बिल पढ्न सक्ने, आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेख्न र पढ्न सक्ने, मोबाइल र क्यालकुलेटरका अंक र अक्षर चिनेर प्रयोग गर्न ५० देखि ९० सम्मका अंक अक्षर लेख्न सक्ने, १ देखि १०० सम्म गणना गर्न सक्ने हुनुपर्छ । त्यस्तै लेनदेनका हरहिसाब राख्न सक्ने, सरल चित्र पोस्टर साइनबोर्ड र ट्राफिक सङ्केत पढ्न र बुझ्न सक्ने, सामुदायिक कार्यक्रममा आफ्नो विचारसहित सक्रिय सहभागिता देखाउन सक्ने, घडी हेरेर समय बताउन सक्ने, भित्ते पात्रो हेरी तिथि मिति बताउन सक्ने, बैंक भौचर भर्न र चेकको प्रयोग गर्न सक्ने भएपछि त्यो व्यक्ति साक्षर मानिने केन्द्रले सूचक तयार गरेको छ ।

न्यून सिप युक्त कामदारको बाहुल्य तथा रोजगारीको बजारको माग र उच्च शिक्षाबिचको कमजोर सम्बन्ध रहेको नेपाल जस्तो मुलुकका लागि साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमको ठूलो महत्व रहन्छ । नेपालको संविधानले आधारभूत शिक्षा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका नीति स्वीकार गरेको अवस्था छ । वि.सं.

२००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २०८० मा पुग्दा नेपालमा ७७.४ प्रतिशत (नेपाल जीवन स्तर सर्वेक्षण २०२२/२०२३ अनुसार) प्रतिशत पुगेको अवस्थामा एकातिर प्रौढ शिक्षा, साक्षरता शिक्षा कार्यक्रम हुँदै २०६९ देखि शुरू भएको साक्षर नेपाल अभियानमार्फत नेपाललाई नै साक्षर घोषणाका लागि तयारी भइरहेको अवस्था छ भने अर्कोतिर प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षाको मार्गबाट प्राप्त गर्नसक्ने संयन्त्र निर्माण गरएिको छ । नेपालको साक्षरता प्रतिवेदन - सन २०२३, अनुसार हाल सम्म नेपालका ७७ जिल्लाहरु मध्य ६५ जिल्लाहरू साक्षर जिल्लाका घोषणा भइसकेका छन्,जस्मा वाग्मति गण्डकी र कोशी प्रदेशका जिल्लाहरु छन भने मधेश र कर्णालि प्रदेशमा साक्षर जिल्ला घोषणा गर्ने काम रोकिएकोमा हालका वर्षहरुमा सुचारु गरि साक्षर नगर/गाउँपालिका तथा जिल्ला घोषणा गर्ने कार्यले निरन्तरता पाएको छ । कर्णाली प्रदेश सरकारले समेत आगामी दुई वर्षभित्र साक्षर जिल्ला घोषणा हुन बाँकी पाँच वटा जिल्लाहरूलाई साक्षर घोषणा गर्ने नीति तथा कार्यक्रम ल्याएको अवस्था छ । साक्षरता तथा निरन्तर शिक्षा एवम् जीवनपर्यन्त शिक्षाका कार्यक्रम सञ्चालन गर्न संविधानतः स्थानीय तहलाई अधिकार प्रदान गरीएतापनि सङ्घ र प्रदेश सरकारले समेत यो कार्यक्रममा साझा अधिकारलाई प्रयोग गर्दै सहयोग र सहजीकरण गरीरहेको अवस्था छ । देशभर २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरू अनौपचारिक शिक्षाको महत्वपूर्ण अङ्ग भई काम गरीरहेका छन् भने गाउँपालिकामा सामुदायिक सिकाइ केन्द्रहरूले विद्यालयीय शिक्षाको पहुँचमा नपुगेका व्यक्तिका लागि प्राथमिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, खुला शिक्षा (निम्नमाध्यमिक र माध्यमिक), खुला विश्वविद्यालयबाट सञ्चालित खुला सिकाइका कार्यक्रमहरू समेत सञ्चालनमा छन् ।

### ३.४.२ वर्तमान अवस्था

यस सिमकोट गाउँपालिकाको जम्मा जनसङ्ख्या १२५०७ जना (पुरुष ६,१०१ र महिला ६,०२९ ) रहेको छ भने जम्मा घरपरिवार सङ्ख्या २८८८ रहेको छ । सिमकोट गाउँपालिकामा साक्षरता ७५.५% पुरूष साक्षरता र ५७.१ % महिला साक्षरता गरि सरदर साक्षरता ६६.४% रहेको छ । जनगणना २०७८ को विवरण अनुसार यस गाउँपालिका १५ देखि ६० वर्ष उमेर समूहका ४२०२( ७०.२%) जना निरक्षर रहेकाले आवश्यक ठाँउमा प्रति कक्षा ३० जनाका दरले सहभागि गराई सरदर १०५ वटा साक्षरता कक्षाहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार, यस पालिकामा पढ्न लेख्न सक्ने महिला सङ्ख्या ३०५० जना ५७.१ प्रतिशत पुरुष सङ्ख्या ४११५ जना ७५.५ प्रतिशत रहेका छन, भने पढ्न मात्र सक्ने महिला ०.६ प्रतिशत र पुरुष ०.५ प्रतिशत रहेको छ, साथै पढ्न लेख्न नसक्ने महिला सङ्ख्या २२५१ जना ४२.२ प्रतिशत र पुरुष सङ्ख्या १३०० जना २३.८ प्रतिशत रहेका छन । (पुरुष ८५.९० र महिला ७०.४० प्रतिशत) रहेको छ । सिमकोट गाउँपालिकाको अपाङ्गता प्रतिशत ५.३ रहेको छ। माथिको तथ्याङ्क अनुसार अझै पनि यस गाउँपालिकामा ५७८५ जना निरक्षर रहेको देखिन्छ ।(स्रोत: राष्ट्रिय जनगणना २०७८) यस गाउँपालकालाई साक्षर गाउँपालिका घोषणा गर्न १ : ३० का दरले १९२ वटा साक्षर कक्षा सञ्चालन गरि साक्षर पालिका घोषणा गर्न सकिन्छ । सबै अवस्थालाई हेर्दा यस पालिकामा हाल ५ वटा सामुदायिक सिकाइ केन्द्र रहेको र उक्त सङ्ख्यालाई बढाउनु पर्ने तथा थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । विभिन्न सिप मूलक तालिमबाट निरक्षर रहेको प्रत्येक व्यक्तिलाई सिप मा जोड्न सके मात्र पालीकाको समुन्नती हुने देखिन्छ ।

सिकाइ जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । मानिसहरू औपचारिक ,अनौपचारिक र अतिरिक्त पद्धतिका माध्यमबाट केही न केही नयाँ कुराहरूको सिकाइ जीवनमा भई नै रहेको हुन्छ । यसै कुरालाई मध्यनजर गर्दै सिमकोट गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवन पर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरेको छ । पढाइ लेखाई र सामान्य गणितीय सिप को सहयोगले कृषि,उद्यम,व्यापार लगायत धैरै प्रकारका पेसा व्यवसाय सञ्चालनमा ठूलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तर कै सामग्रीहरूको निर्माण गरी सिकाइका अनुभवहरुलाई उपयोग गर्ने गरी जीवन पर्यन्त सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ ।

**चुनौति तथा अवसर**

सबै व्यक्तिहरूलाई कार्यमूलक नीति साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपाचरिक शिक्षालाई नविनतम प्रविधिसँग तादम्यता गर्नु, समाजमा पठन संस्कृतिको विकास गर्नु, निरन्तर शिक्षा आय आर्जन र जीवनोपयोगी सिप सँग जोडेर प्रदान गर्नु, विद्यालय शिक्षाबाट बञ्चित व्यक्तिका लागि खुला शिक्षाको पहुँच अभिवृद्धि गर्नु आदि अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका चुनौतिका मुख्य विषयहरू हुन् । प्राथमिक तहदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षा पद्धतिबाट प्रदान गरीदै आएको छ । उच्च तहको शिक्षा प्रदान गर्न खुला विश्वविद्यालयसमेत स्थापना भई विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको नीति रहेकाले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।

गाउँपालिकामा हुने हरेक क्रियाकलापमा सम्बन्धी सम्बन्धित क्षेत्रसँग पहल गर्दै नीति तथा कार्यक्रममा पनि हरेक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी पालिका स्तरबाट कृषि पशु रोजगार सहकारी महिला विकास आदि शाखाबाट बजेट विनियोजित भएको छ । शिक्षा जीवनभरि चलिरहने प्रक्रिया भएको कारण र समय परिवर्तनशील र प्रगतिशील भएको कारणले यस सिमकोटबासीहरूको मागअनुसारको सिप मा जोडन कृषि तालिम प्रविधि विस्तार र प्रसार, उद्यम तथा रोजगार सिर्जनाको लागि र युवाहरुलाई स्वदेशमै बस्ने वातावरण सिर्जनाको लागि नीतिगत रूपमै पालीकाले योजना बनाएको छ ।

### ३.४.३ उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गर्दै आवश्यकता अनुसार स्थापना गरि अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नु ।
- अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरि डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु ।

- शिक्षाबाट वञ्चित भएका युवा तथा प्रौढहरुलाइ शिक्षाको मुल धारमा ल्याउनु ।
- आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मूलधारमा ल्याउनु ।

३.४.४ रणनीति

- औपचारिक शिक्षाको मूलधार बाहिर रहेका नागरिकलाई वैकल्पिक शिक्षाको व्यवस्था गर्ने,
- सबै उमेर समूहका नागरिकलाई आजीवन शिक्षा/जीवन पर्यन्त शिक्षाको व्यवस्था गर्ने,
- शिक्षकहरूको क्षमता अभिवृद्धि गरी स्थानीय रूपरूपमा बोलिने भाषाहरूलाई व्यावहारिक रूपमा अन्तरसंवाद को रूपमा अगाडि बढाइनेछ।
- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी आवश्यकता अनुसार स्थापना गर्दै अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने ।
- गाउँपालिका भित्रका विद्यालयहरु मार्फत विद्यार्थी परिचालन द्वारा साक्षर, निरक्षरको अवस्था पहिचान र अभिलेखिकरण गरिने,
- साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न सङ्घीय सरकार , प्रदेश सरकार, स्थानिय सरकार तथा अन्य सङ्घ संस्थाहरुसँग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गरि क्षमता अभिवृद्धि गरिने,
- विज्ञान र प्रविधिले ल्याएका खोज र अनुसन्धान, विपन्न र परम्परावादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यावहारिक बनाइने।
- प्राविधिक शिक्षालय मार्फत समाजमा औपचारीक शिक्षाबाट वञ्चित भएका व्यक्तिहरुलाई छोटो अवधिको तालिमहरु दिई व्यवशायिक बनाइने ।
- सामुदायिक सिकाइ समूह मार्फत समूहको सदस्याहरुलाइ परिचालन गरि सिकाइ र सिप विकास कार्यक्रमहरु विस्तार गरिने
- जेष्ठ नागरिक सिकाइ केन्द्रहरुको स्थापना गरि सास्कृतिक कार्यक्रम मार्फत सिकाइलाइ जोड दिने ।

३.४.५ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गरि सबै नागरिकलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सिर्जना गरि रोजगारिको अवसर सिर्जना भएको हुने छ ।

गाउँपालिका स्तरमा पठन संस्कृति विकासका लागि सार्वजनिक पुस्तकालय स्थापना तथा सञ्चालन भएका हुने छन् ।

३.४.६ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रत्यक वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने | ५ | १ | १ | १ | १ |
| २ | सिमकोट गाउँपालिकामा साक्षरता दर बढाउने , | ६६.४ | ७७.९ | ८६.८ | ९२.४ | ९९.९ |
| ३ | पुस्तकालयको स्थापना गर्ने, | १ | २ | ३ | १ | |
| ४ | जेष्ठ नागरिक सिकाइ केन्द्र स्थापना गर्ने, | १ | १ | १ | १ | |
| ५ | साक्षर, निरक्षर लगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्बन्धी सम्बन्धित तथ्याङ्क सङ्कलन भइ अद्यावधिक गर्ने | ० | १ | ० | ० | |
| ६ | सामुदायिक सिकाइ केन्द्र सवलीकरण तथा नयाँ स्थापना भई निरन्तर शिक्षा तथा आय आर्जन कार्यक्रम सञ्चालनहुने | १ | १ | १ | १ | १ |
| ७ | निरक्षर साक्षर हुने, साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सिप प्राप्त गर्ने | ० | १०० | १५० | १५० | |
| ८ | महिला तथा प्रौढहरु आयआर्जन गरि जीवन निर्वाह र स्वावलम्वी तथा आत्मनिर्भर हुने प्रत्यक नागरीकले शिप सिकि रोजगारी स्वरोजगार तथा उद्यमी बनाउन सहयोग गर्ने | ० | २०० | २५० | २५० | |
| ९ | उद्यमशिलता तथा सिप विकास सम्बन्धी तालिम सङ्ख्या (समूह) | ५ | ५ | ५ | ५ | |
| १० | अनौपचारिक शिक्षाबाट लाभान्वित नागरिकहरुको सङ्ख्या | ५० | ५० | ५० | ५० | |

३.४.७ मुख्य क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २० ८३ | २०८४ | २०८५ | | |
| १ | अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना/सुचारु | वटा | १० | ० | ३ | २ | २ | २ | ९ | १ |
| ३ | सामुदायिक सिकाइ केन्द्रको तथा सहजकर्ताको क्षमता अभिवृद्धि तालिम र अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | प्रौढहरुलाई सिप विकास तालिम र आयआर्जनका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सामुदायिक सहजकर्ताहरूको पारिश्रमिक व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | पुस्तकालय स्थापना | वटा | ३ | ० | १ | ० | १ | १ | ३ | निरन्तर |
| ७ | छोटो अवधिको तालिम तथा लामो अवधिको तालिम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | | निरन्तर |

## ३.४ प्राविधिक शिक्षा र व्यावसायिक तालिम

प्राविधिक तथा व्यावसायिक शिक्षा सिप विकास र आयआर्जनसँग जोडिएको हुन्छ । अर्थात यो शिक्षाले मानिसलाई कामको संसारसँग जोडने काम गर्दछ । यसलाई अझ सरल भाषामा बुझ्नुपर्दा गरिखाने शिक्षा पनि भन्न सकिन्छ । व्यक्तिलाई व्यवहारिक र रोजगार उन्मुख बनाउन तथा सिप यूक्त जनशक्तिको रूपरूपमा विकास गराउनका लागि प्रदान गरिने शिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षा भनिन्छ । उदाहरणका लागि सिकर्मी भेटनरी ,डाक्टर ,डकर्मी , व्यवसायिक शिक्षा भनिन्छ । नेपालको सन्दर्भमा हरेक क्षेत्रको विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बिच सन्तुलन कायम राख्नुपर्ने तथ्यलाई मनन गर्दै पछिल्लो समयमा साधारण शिक्षा सँगसँग प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा उल्लेख्य लगानी वृद्धि गर्दै लगिएको छ । हाल कृषिसब ,भेटनरी ,-ओभरसियर , ,चिकित्सा विज्ञान ,इञ्जिनियरिङ कम्प्युटरलगाएत क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेकोले प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकासका कार्यक्रमहरुमा प्रयाप्त लगानी गरी त्यसमा सबै लिङ्ग ,गरिबी , अपाङ्गता , सहभागिता र , सीमान्तकृत आर्थिक सामाजिक रूपले पछि परेको समुदाय लगायतका वर्गको समतामूलक पहुँच सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्नुपर्ने आवश्यकता देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सिप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरुको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ ।

माध्यमिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक / व्यावसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ । यसै कुरालाई मध्यनजर राखी माध्यमिक तह कक्षा ९ १२ मा प्राविधिक धारको- व्यवस्था गरिएको भएता पनि सबै स्थानमा विविध समस्याका कारण प्राविधिक धारका विद्यालय सञ्चालन हुन सकेका छैनन । प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्ष डिजाइन गरिएको र कक्षा ११ १२ मा पुगेपछि साइन्सको कोर्षस थप गरिएको कारण कठिनाइ-स्तर बढेकोले प्राविधिक धार पूरा गर्ने विद्यार्थीहरुको दर न्यून रहेको छ । यसै सन्दर्भमा यस सिमकोट गाउँपालिकाको माग तथा आवश्यकताको आधारमा युवा तथा दक्ष जनशक्ति तयार गर्न तथा उत्पादित जनशक्तिलाई पेसा वा व्यावसायमा आवद्द गरी आर्थिक विकास गर्नका लागि यस योजनामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी कार्यक्रमहरु समावेश गरिएको छ।

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित । हाल यस गाउँपालिकाभित्रका कुनैपनि सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुन सकेको छैन । त्यसैले विद्यालयको भौतिक पूर्वाधारयुक्त माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षाको धार सञ्चालन गर्न आवश्यक देखिन्छ । यसका लागि सङ्घीय सरकार, प्रदेश

सरकार, स्थानीय सरकार  तथा अन्य सङ्घ संस्थाहरुसँग समन्वय र सहकार्य गरी समुदायको मागमा आधारित सिप विकासका अवसर प्रदान गर्नुका साथै पालिका भित्र उपयुक्त, पहुँचयोग्य वातावरण भएका विद्यालयमा आवश्यक स्रोत साधनको व्यवस्था गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम विस्तार गर्नुपर्ने आवश्यक्ता खड्किएको छ । यस सिमकोट गाउँपालिकाले आ . व २०८१ / २०८२ को वार्षिक बजेट तथा कार्यक्रममा प्राविधिक शिक्षा अध्ययन गर्ने विपन्न, अनाथ र अपाङ्गता भएका विद्यार्थीहरुका लागि शैक्षिक छात्रवृत्ति प्रदान गर्नकालागि कार्यविधि र मापदण्ड निर्माण गरि वितरण गर्ने योजना गरेको छ ।

चुनौती तथा अवसरहरुः

प्राविधिक शिक्षा आजको अपरिहार्य आवश्यकता भन्ने यथार्थ हुदाँहुदै पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्न नसकिनु, उत्पादित जनशक्ति र श्रम बजारको माग बिचको तालमेल मिलाउनु ,कार्यक्रमको लक्षित कोटा अनुसारका विद्यार्थी सङ्ख्याको उपलब्धता नहुनु, छोटा अवधिका तालिम प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमनमा वृद्धि गर्नु, प्रयोगात्मक कक्षा र ओ जे टी  लाई व्यवहारिक रूपले कार्यमूलक बनाउनु, सबै वर्गका विद्यार्थीहरुका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु, प्राविधिक  तथा व्यावसायिकशिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको वृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्नु, आवश्यक पर्ने भौतिक पूर्वाधार ,  ल्याब लगायतको व्यवस्थापन गर्नु  प्राबिधिक र व्यावसायिक शिक्षा सञ्चालन को लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने, प्राविधिक शिक्षाको योजना र कार्यन्वयन गर्नु जस्ता कुराहरु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन ।

यसैगरी विविध चुनौतीहरु सँगसँग प्राविधिक शिक्षा तथा व्यावसायिक सिप को क्षेत्रमा गाउँपालिकाले लगानी गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति सरोकारवालहरुको चासो बढ्दै जानु, प्राविधिक शिक्षा अध्ययन गर्ने गरिव तथा जेहेन्दार विद्यार्थीहरुका लागि यस गाउँपालिकाले वार्षिक रूपरूपमा छात्रवृत्तिको व्यवस्था गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा सङ्घीय तथा प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, सीटिइभिटी अन्तरगतका बिभिन्न तहका सिप मुलक र उद्यमशीलमा आधारित व्यावसायिक र रोजगारमुलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनुउपलब्ध प्राकृति स्रोत र साध ,नको अधिकतम उपयोग गर्दै परम्परागत सिप  र प्रविधिलाई व्यावसायिक सिप  र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण हुनु, सरकारले पढदै कमाउदै कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नु आदिलाई  यस क्षेत्रका प्रमुख अवसरको रूपमा लिन सकिन्छ ।

३.४.२ उद्देश्य

- ✓ प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालनको अवसर तथा वातावरण तयार गर्नु
- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त जनशक्तिका लागि स्थानीयस्तरमै रोजगारी तथा स्वरोजगारीका अवसरहरु उपलब्ध गराउनु

३.४.३ रणनीति

- ✓ समयसापेक्ष रूपरूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको विस्तारका लागि आवश्यक पहल गर्ने,
- ✓ माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको मागमा आधारित प्राविधिक तथा व्यावसायिक सिप विकासमा सहभागितामूलक पहुँच सुनिश्चित गर्ने
- ✓ स्वरोजगारका अवसरहरुको विस्तार तथा सुनिश्चितता गर्ने,
- ✓ प्राविधिक शिक्षा अध्ययन गर्ने आर्थिक तथा सामाजिक रूपले विपन्न परिवारको विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा अन्य सेवा सुविधाको व्यवस्था गर्ने,
- ✓ हालसम्मको उत्पादित जनशक्ति श्रमबजारको माग र आवश्यकतालाई ,मूल्याङ्कन गरी प्राविधिक शिक्षा तर्फ थप विषय र कार्यक्रमहरूको विस्तार गर्ने
- ✓ प्राविधिक शिक्षाका लागि इच्छुक विद्यार्थीहरुलाई प्राविधिक शिक्षाप्रति आकर्षित गर्न प्राविधिक शिक्षालय र अन्य विद्यालयहरूको बिचमा समन्वय र साझेदारीका कार्यक्रमको विकास गर्ने
- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम मार्फत उत्पादित जनशक्तिलाई प्रतिस्पर्धी क्षमता विकास र श्रम बजारसँग आबद्ध गर्ने
- ✓ विद्यार्थीहरुलाई खोज र नवप्रवर्तन (Innovation) का लागि प्रोत्साहनमूलक कार्यक्रमहरू र पढदै कमाउदै कार्यक्रम सञ्चालन गर्ने
- ✓ प्राविधिक शिक्षा पढेका युवाहरूलाई उद्यमशीलता विकासको लागि व्यावसायिक कार्यको सुरुवात गर्न ऋण तथा अनुदानको व्यवस्था गर्ने,
- ✓ प्राविधिक तथा व्यावसायिक सिप सम्बन्धी छोटो अवधिको तालिम र सिप विकासको लागि समन्वय र सहकार्य गर्ने,
- ✓ प्राविधिक शिक्षाको गुणस्तर सुनिश्चितता तथा सुधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गर्ने,

३.४.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

✓ गाउँपालिकामा कम्तिमा एक प्राविधिक तथा व्यवसायिक विद्यालय स्थापना गरि उत्पादन भएका जनशक्तिबाट आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप का क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिकस्तरमा सुधार भएको हुने ।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालयको सङ्ख्या | ० | १ | १ | १ | ० |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | ० | ३५ | ३५ | ३५ | ३५ |
| ३ | पढ्दै कमाउदै कार्यक्रममा सहभागी विद्यार्थी सङ्ख्या | ० | ३० | ५० | ७० | १०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारीमा लागेका युवाहरुको सङ्ख्या | ० | १० | १० | १० | १० |
| ५ | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रबर्द्धन भएका परम्परागत सिप हरूको सङ्ख्या | ० | ३ | ३ | ३ | ३ |
| ६ | प्रशिक्षण केन्द्रहरुको सङ्ख्या | ० | १ | १ | १ | १ |

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने तथ्याङ्क सङ्कलन, खण्डीकरण तथा तयारी गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप का लागि आवश्यक नीति तर्जुमा गर्ने | पटक | १ | १ | | | | | १ | निरन्तर |
| ३ | प्राविधक शिक्षा सञ्चालन भएका विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार विकास तथा सुधार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | प्राविधिक धारका माध्यमिक (कक्षा ९-१२) विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | नवप्रर्वधनात्मक तथा पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | विद्यालय | ५ | ० | २ | १ | १ | १ | ५ | २० |
| ५ | छोटो अवधिका सिप मूलक व्यावसायिक तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | प्राविधिक शिक्षा सञ्चालनका लागि शिक्षक व्यवस्थापन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | प्राविधिक शिक्षा पढन चाहने अति विपन्न, अपाङ्गता भएका, लोपोन्मुख तथा अनाथ विद्यार्थीहरुका लागि वृत्ति छात्रवृत्ति प्रदान गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | स्थानीय परम्परागत सिप हरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन कार्यक्रम गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिप को खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धी सम्बन्धी कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि आवश्यक सहयोग प्रदान गर्ने | जना | ३७५ | २५ | ५० | ७५ | १०० | १२५ | | निरन्तर |

परिच्छद -४

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम सिकाइको योजना हो । अर्थात शिक्षण सिकाइको उपलब्धि, विषयबस्तु, सहजीकरण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रिया सहितको वृहत दस्तावेजलाई पाठ्यक्रम भनिन्छ । कुनै पनि देशको विद्यालयहरूको शिक्षा कस्तो छ र त्यहाँका बालबालिकाहरूले कुन कक्षा वा तहमा गएर के सिक्नु पर्छ भन्ने कुरालाई त्यहाँको पाठ्यक्रमले निर्धारण गर्दछ । यति मात्र नभई पाठ्यक्रमले उक्त मार्गमा सिकारूलाई कसरी हिड्न सिकाउने वा हिड्न सहयोग गर्ने भन्ने कुराको समेत व्याख्या गर्दछ । पाठ्यक्रमले निर्देश गरेको मार्गमा सिकारू हिड्न सके नसकेको पहिचान गरी हिड्न , नसकेको भए वा अर्को कुनै अनपेक्षित मार्गमा हिडेको भएमा सिकारूकालाई पाठ्यक्रमले तोकेको मार्गमा हिड्न प्रेरित गर्ने काम मूल्याङ्कनले गर्दछ । पाठ्यक्रममा निर्दिष्ट उद्देश्यहरु परिपूर्ति गर्ने मुख्य साधनहरु पाठ्यपुस्तक शिक्षक निर्देशिका र सन्दर्भसामग्रीहरुलाई पाठ्यसामग्री भनिन्छ । पाठ्यसामग्रीको अभावमा पाठयक्रमका निर्दिष्ट उपलब्धिहरु विद्यार्थीहरुमा हाँसिल गराउन असम्भव हुन जान्छ ।पाठ्यक्रमको कार्यान्वयनमा पाठ्यसामग्रीहरुले सघाउने भएकाले शिक्षण सिकाइमा पाठ्यसामग्रीहरु अपरिहार्य हुन आउँछन ।

पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा ,ज्ञान ,सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुन ,रोजगरी प्राप्त गर्न ,पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिने भएकोले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिकीकरण सहित आत्मसात् गर्न समतामूलक ,विभेद रहित , सिर्जनात्मक तथा ,आफ्नो र अरुको अधिकार र कर्तव्य प्रति सचेत रहन ,र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ ।यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणाली लाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्दछ । मानवीय आवश्यकता , सामाजिक मूल्यमान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान ,बालबालिकाका रूचिसिप तथा , प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाकोरूपमा लिन आवश्यक छ । नेपालमा वि.स. २०२८ को राष्ट्रिय शिक्षा पद्दतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरु सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रवन्धका रूपरूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सँग विद्यालय तहको पाठ्यक्रम विकास सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्र द्वरा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपरूपमा वि.स. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु भयो । यसै क्रममा वि.स.२०७६ नयाँ पाठ्यक्रम तयार भइ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नँया पाठ्यक्रम विकास

गरी वि.स. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भइ वि.स २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरु अर्थात कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन भइसकेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुरूपको पाठ्यक्रममा कतिपय नयाँ विषयक्षेत्र तथा विषयवस्तु समावेश गरी अनुपयोगी विषयवस्तुहरुलाई परिमार्जन तथा प्रतिस्थापन गरिएको छ । यस प्रारूप अनुरूपका पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धी सम्बन्धित विषयबस्तुलाई एकीकृत गरिएको छ । प्रत्येक विषयबस्तुमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था गरिएको छ यस खण्डमा सिमकोट गाउँपालिकाको विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्रीहरुको कार्यान्वयन तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी वर्तमान अवस्थाको समीक्षा गर्ने प्रयास गरिएको छ । साथै सो सम्बन्धमा गरिएको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरिएको छ । पहिचान गरिएका चुनौती र अवसरहरूलाई मध्यनजर गरी यस योजना अवधिमा पाठ्यक्रम तथा पाठ्यसामग्री र मूल्याङ्कनलाई बढी सान्दर्भिक बनाउन पाठ्यसामग्री तथा ,यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम ,मूल्याङ्कन ,रणनीतिहरू ,सम्बन्धी उद्देश्य अपेक्षित मुख्य नतिजा र मुख्य कार्यक्रम तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

### ४.१.१ वर्तमान अवस्था

यस सिमकोट गाउँपालिका अन्तर्गत सञ्चालित सबै विद्यालयहरूमा शैक्षिक सत्रको सुरुवातमै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ , अनुसारका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु उपलब्ध भई कार्यान्वयन हुदै आएको छ । साथै प्रारूप अनुसारको पाठ्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले समय समयमा विद्यालयका शिक्षकहरुका लागि पाठ्यक्रम प्रवोधीकरण तथा कष्टमाइज्ड तालिम सञ्चालन गर्दै आएको छ । यसैगरी विद्यायमा सन्दर्भसामग्री तथा प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गर्न हरेक वर्ष विद्यार्थी सङ्ख्याको आधारमा अनुदान रकम पनि उपलब्ध गराउने योजना गरेको छ । हाल यस पालिकाका ७वटा माध्यमिक विद्यालय तथा १४ वटा आधारभूत विद्यालयहरुमा पुस्तकालय र५ वटा आधारभूत विद्यालयमा डिजिटल पुस्तकालय समेत स्थापना र सञ्चालन भएका छन । सबै सामुदायिक विद्यालयहरुमा कक्षा १-३ को पठन तथा गणितीय सिकाइ विकासका सामग्रीहरु गाउँपालिकाले छपाइ गरी वितरण समेत गरेको छ। यस सिमकोट गाउँपालिकाको आफ्नो छुट्टै स्थानीय पाठ्यक्रम हाम्रो सिमकोट पहिचान (कक्षा १-८) निर्माण गरी २५ वटै सामुदायिक विद्यालयहरुमा कार्यान्वयन भएको छ । उक्त स्थानीय पाठ्यक्रममा स्थानीय तहको भौगोलिक, राजनितिक, सामाजिक, आर्थिक, ऐतिहासिक,धार्मिक, सांस्कृतिक तथा प्राकृतिक अवस्था, आर्थिक क्रियाकलाप, पेसा,व्यवसाय र प्रविधि, स्वास्थ्य,सरसफाइ, खेलकुद,योग, स्थानीय जडिबुटी, विपत् व्यवस्थापन, सामाजिक परम्परा र मानवीय मूल्य मान्यता, सामाजिक सङ्घसंस्था र व्यक्तित्व जस्ता विषयहरुलाई समावेश गरिएको छ। २०७९ मा कक्षा १-३ मा, २०८० मा कक्षा ४ र ५ तथा २०८१ देखि कक्षा ६-८ को पाठ्यक्रम निर्माण भई कार्यान्वयन भइरहेको छ । यसैगरी यस पालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तोकेबमोजिम कक्षा कोठामा आधारित आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कनको

प्रयोग हुँदै आएको छ । जसका लागि गाउँपालिकाले समय समयमा शिक्षकहरुको क्षमता विकास तालिम समेत सञ्चालन गर्दै आएको छ ।गाउँपालिकाले पाठ्यक्रमको कार्यान्वयनको अवस्था ,विद्यालर्थमूल्याङ्कन पद्धति प्रयोगको अवस्था आदि विषयमा नियमित विद्यालय अनुगमन तथा निरीक्षण गर्दै आइरहेको छ ।विद्यालयहरुमा पाठ्यक्रम लागु तथा मूल्याङ्कन पद्धतिमा परेका समस्या समाधान गर्न विषयगत विज्ञ समूह निर्माण गरिनुका साथै पालिकाको सम्बन्धी सम्बन्धित शाखाले स्वयम् सहजिकरण गर्दै आइरहेको छ ।

चुनौती तथा अवसरहरुः

नेपाल सरकारले समयको परिवर्तन सँगसँग नयाँ किसिमका युग सुहाउँदो पाठ्यक्रमहरु विकास गरेतापनि सबै शिक्षकहरूलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखिकरण गर्नु ,शिक्षकहरु पाठ्यक्रम तथा पाठ्यसामाग्रीको प्रयोगमा उत्साहित नदेखिनु, पेसाप्रति प्रतिबद्ध र दक्ष विषयगत शिक्षकको व्यवस्था गर्नु विद्यालयमा आधारित , गाउँपालिका ,शिक्षकको पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु स्तरमा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि आवश्यक पर्ने संरचनाको स्थापना गर्नु अपाङ्गता भएकाबालबालिकाहरुका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृति अनुसार लचक्ता प्रदान गर्नु शिक्षक निर्देशिका लगायत , ,विद्यार्थीका लागि मुद्रित तथा डिजीटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धताको सुनिश्चतता गर्नुमूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्नु विद्यार्थीको कार्यसम्पादन स्तरलाई ,मूल्याङ्कन को नतिजाले स्पष्ट गर्न सक्ने सिकाइ सहजीकरणमा सूचना प्रविधिको प्रयोग गर्नु ,बनाउनु अनलाइन पद्धतिमा आधारित शिक्षण सिकाइकालागि सिप परिमार्जन , पाठ्यक्रमको विकास , प्रविधि र पहुँच बिस्तार गर्नु शिक्षण र कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह र विद्यालयको अर्थपूर्ण सहभागिता कायम गरी पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितता गर्नु जस्ता तमाम चुनौतीहरु विद्यमान छन् ।

माथिका तमाम विद्यमान चुनौती सँगसँग कक्षा १-१२ सम्म सबै विद्यार्थीका लागि नि; शुल्क पाठ्यपुस्तकको व्यवस्था हुनु, बुक कर्नर तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि अनुदानको व्यवस्था हुनु, नियमित रूपरूपमा पाठ्यक्रम प्रवोधिकरण तालिम सञ्चालन गरिनु, आधारभूत तथा माध्यमिक विद्यालयहरुमा पुस्तकालय स्थापना हुनु, पाठ्यक्रम , पाठ्यपुस्तक रमूल्याङ्कन प्रणालीमा विद्यार्थीले कण्ठ गर्ने किसिमको संज्ञानात्मक पक्ष भन्दा सिप र सिर्जनालाई प्राथमिकता दिने कार्यको सुरूवात हुनु ,मूल्याङ्कन विद्यालय र शिक्षकमा आधारित हुँदै :प्रणाली क्रमश जानु,स्थानीय ज्ञान सिप र प्रविधिलाई क्रमश : पाठ्यक्रममा समावेश गरीशिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन हुनु, पाठ्यपुस्तकको छपाई, गुणस्तर र डिजाइनमा सुधार हुँदै जानु पाठ्यपुस्तक प्रकाशनमा भएको एकाधिकार, विद्यालयहरूमा पाठ्यपुस्तकमा आधारित नभई ,प्रतिस्पर्धात्मक किसिमले बजारमा जानुशिक्षण सिकाइ क्रियाकलापहरू पाठ्यक्रममा आधारित हुँदै जानु वेभसाइटहरूमा ,सन्दर्भ सामग्रीहरूको प्रकाशनमा वृद्धि हुँदै जानु , ,पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्री इ-कपिहरू पढ्ने मिल्ने गरी उपलब्ध हुँदै जानु स्थानीय स्तरका , ,आवश्यकता तथा सम्भावनाहरूलाई समेट्ने गरी स्थानीय पाठ्यक्रम निर्माण हुनुपाठ्यक्रम ,पाठ्यपुस्तक तथा सिकाइ सहजिकरण सामाग्रीहरु नि; शुल्क डिजिटल स्वरूपरूपमा प्राप्त हुनु, जस्ता अवसरहरु पनि रहेका छन् ।

४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,

२. स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,

३. विद्यार्थी सिकाइमा सुधारका लागि निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु

४.१.३ रणनीति

✓ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदानुसारका पाठ्यक्रमको सफल कार्यान्वयन गर्ने,

✓ माध्यम भाषाका रूपरूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गर्ने,

✓ वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी स्थानीय तहमा पर्न सक्ने विपत , महामारी तथासङ्कट को अवस्थामा सिकाइलाई निरन्तरता दिनसामुदायिक विद्यालयको प्रभावकारी सुधार शिक्षक पेसा गत सक्षमता विकास र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइको अवसरमा अभिवृद्धि गर्ने र विद्यालयहरूलाई यसको लागि सक्षम बनाउँदै लग्ने ।

✓ सबै विद्यालयहरुमा शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने साथै अनलाइन सिकाइ पोर्टल मार्फत यी सामग्रीहरुलाई सर्वसुलभ गराउने,

✓ विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ अनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाउँदै लग्ने

✓ प्रत्येक सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयमा सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारूलाई प्रविधिको प्रयोग थप ज्ञान ,सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमुलकशिक्षणसिकाइको प्रयोग गर्ने वातावरणको सुनिश्चित गर्ने

✓ सिकारूको सिकाइ उपलब्धीप्रति शिक्षकलाई जिम्वेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने वातावरण सिर्जना गर्ने

✓ स्थानीय पाठ्यक्रमका आधारमा स्थानीय पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको विकास गर्ने

✓ स्थानीय पाठ्यसामग्री विकासको प्रक्रियालाई बढी सहभागितामूलक बनाई कार्यान्वयनमा ल्याइनेछ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गर्ने, विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका बारेमा सम्बन्धी सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रभावकारी ढङ्गले प्रबोधीकरण गर्ने

✓ स्थानीय स्तरको पाठ्यक्रमको परिमार्जन एवम् पाठ्यपुस्तको विकास र प्रकाशन तथा कार्यान्वयनका लागि स्थानीयस्तरमा उपयुक्त अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने

✓ निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपरूपमा विकास गर्ने

✓ सिकारुले सिकेको प्रमाणित भैसकेपछि परीक्षा लिइरहनु नपर्ने गरी मूल्याङ्कन प्रणाली विकास गरी  विद्यार्थी मूल्याङ्कनलाई  पारदर्शी , वस्तुनिष्ठ र कक्षाकोठाको सिकाइमा आधारित बनाउने

✓ विद्यालयमा सञ्चालन हुने अन्तिम परीक्षामा एकरूपता ल्याउने,

४.१.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

✓ पाठ्यक्रम आधारित शिक्षण सिकाइ द्वारा विद्यार्थीहरुको ज्ञान,सिप  र व्यवहारमा परिवर्तन भएको हुने ।

✓ निरन्तर र स्तरीकृत विद्यार्थी मूल्याङ्कन पद्धति मार्फत विद्यार्थीहरुको सिकाइस्तरमा सुधार भएको हुने ।

✓ स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने ।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | सूचक | आधारवर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएका विद्यालयको सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ |
| २ | समयमै पाठ्यपुस्तक उपलब्ध गराउने विद्यालयको सङ्ख्या | १० | १० | ५ | | |
| ३ | पाठ्यपुस्तक ,शिक्षक निर्देशिका तथा सिकाइ सामाग्री उपलब्ध भएका विद्यालयको सङ्ख्यासङ्ख्या | ० | १० | ५ | ५ | ५ |
| ४ | कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन भएका विद्यालय सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ |
| ५ | एकिकृत पाठ्यक्रम लागु गर्ने विद्यालको सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | मातृभाषा वा स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | १ | २ | ३ | ५ |
| ७ | निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अवलम्बन गर्ने विद्यालय सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ |
| ८ | विशिष्टिकरण तालिका अनुसार स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ |
| ९ | डिजिटल सिकाइ सामग्रीको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | १० | ५ | ५ | ५ |
| १० | आवधिक परीक्षामा स्तरीकृत प्रश्नको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | ५ | ५ | ५ | निरन्तर |

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | पाठ्यक्रमले तोकेअनुसारका सिकाइ उपलब्धिहरुको प्राप्तिका लागि आवश्यकतामा आधारित शिक्षक क्षमता विकास तालिमको प्रबन्ध गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | शिक्षक पेसागत सहयोगका लागि शिक्षक सिकाइ समूहको गठन, कक्षा अवलोकन तथा विज्ञ समूहको परिचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसार विद्यार्थीको नियमित मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउन कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन पद्दति अवलम्बन गर्ने | वार्षिक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | विद्यालयमा सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | शिक्षण सिकाइलाई प्रविधिमैत्री तथा गुणस्तरीय र युग सुहाउँदो बनाउनका लागि शिक्षामा डिजिटल सामग्री एवम् सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | आधारभूत विद्यालयहरुमा क्रमस पुस्तकालयको स्थापना गर्ने | विद्यालय | १४ | ० | १४ | १४ | १४ | १४ | १४ | निरन्तर |
| ७ | कक्षा १ देखि १२ सम्मका सबै विद्यार्थीहरुका लागि समयमै गुणस्तरीय निशुःल्क पाठ्यपुस्तक वितरण गर्ने | विद्यालय | २५ | ० | २५ | २५ | २५ | २५ | २५ | निरन्तर |
| ८ | शिक्षण सिकाइमा पाठ्यपुस्तकका अतिरिक्त प्रयाप्त सन्दर्भ सामग्रीको प्रयोगका लागि प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गरी त्यसको शिक्षणमा प्रयोग गर्ने संस्थागत विद्यालय सहित | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| ९ | तहगत रूपरूपमा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक विकास गरी त्यसको सफल कार्यान्वियन गर्ने | तहह | १-८ | ० | १-३ | १-५ | १-८ | | | निरन्तर |
| १० | शिक्षण सिकाइको माध्यम भाषाका रूपमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गर्ने | विद्यालय | १४ | ० | १४ | १४ | १४ | १४ | १४ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र कार्यान्वयनको अवस्था बुझ्न एवम् कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि समय समयमा सुपरिवेक्षण तथा अनुगमन गरी आवश्यकताका आधारमा पृष्ठपोषण प्रदान गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १२ | पाठ्यक्रमको प्रभावकारिता तथा विद्यार्थीको सिकाइस्तर जाँच गर्नका लागि आवश्यकता अनुसार विभिन्न आवधिक परीक्षा सञ्चालन गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १३ | पाठ्यक्रम परिमार्जनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | निरन्तर |

४.२ शिक्षक व्यवस्थापन र विकास

पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरु हासिल गराउनका निमित्त विद्यार्थीहरुलाई सिकाइ सहजीकरणमा सहयोग पुऱ्याउने महत्वपूर्ण व्यक्तित्वलाई शिक्षक भनिन्छ । शिक्षकले पाठ्यक्रम र विद्यार्थीलाई जोडने सेतुको रूपरूपमा काम गरिरहेका हुन्छन । शिक्षाले देश विकासका लागि आवश्यक जनशक्ति उत्पादन गर्दछ । शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरसँग सम्बन्धी सम्बन्धित हुन्छ । शिक्षकको गुणस्तरको मात्रा भने शिक्षक तयारी, विकास र व्यवस्थापनसँग प्रत्यक्ष रूपले सम्बन्धी सम्बन्धित हुन्छ । हाम्रो पूर्वीय दर्शनमा शिक्षकको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । नेपालमा आधुनिक शिक्षा पद्धतिको विकास भएसँग शिक्षक व्यवस्थापनका विविध पक्षमा विभिन्न कार्यहरू गरिदै आएको छ ।कुनैपनि देशको शैक्षिक गुणस्तरलाई कस्तो बनाउने भन्ने कुरा शिक्षकमा निर्भर रहन्छ । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापन र विकासको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकको क्रियाशीलतामा शिक्षण सिकाइले गति लिने गर्दछ । शिक्षक तयारी र विकास विभिन्न समयमा विभिन्न किसिमबाट भएका पाइन्छन् । शिक्षकको तयारी, विकास र व्यवस्थापन सम्बन्धितसम्बन्धित देशको चासोको विषय हो । देशका लागि आवश्यक जनशक्ति उत्पादनको जिम्मा शिक्षाको हो । देशलाई कति र कस्ता किसिमका जनशक्ति आवश्यक हुन्छ र सो आवश्यकतालाई कसरी पूर्ति गर्ने भन्न जिम्मेवारी शिक्षाको हो । शिक्षाको गुणस्तर व्यवस्थापन गर्ने जिम्मेवारी पनि शिक्षा क्षेत्रको नै हो । विद्यालयको कक्षा कोठाको तहमा यस्तो जिम्मेवारी निर्वाह गर्ने समूह शिक्षक हो ।

शिक्षकको गुणस्तरभन्दा माथि शिक्षाको गुणस्तर नहुने भएकाले देशको ध्यान शिक्षक तयारी, विकास तथा व्यवस्थापनमा केन्दित हुनु पर्छ । शिक्षकको विषयवस्तु सम्बन्धी ज्ञान,सिप , दक्षता, पेसाप्रतिको समर्पण र आकर्षक व्यक्तित्वले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पारेको हुन्छ ।नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ पश्चात शिक्षक नियुक्तिलाई व्यवस्थित गरिएको हो । यस योजनामा विद्यालयको तह अनुसार शिक्षकको योग्यता, तालिम तथा नियुक्तिको प्रक्रिया तोकिएको थियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना पूर्व शिक्षक नियुक्तिमा केही प्रावधान तोकिए पनि विद्यालय सहयोग समितिले विद्यालयको आवश्यकता अनुसार शिक्षक नियुक्त गर्थ्यो । कतिपय स्थानमा योग्यता प्राप्त शिक्षकको अभाव हुँदा थोरै योग्यता भएका व्यक्तिलाई पनि शिक्षकमा नियुक्ति गरिन्थ्यो । शिक्षक नियुक्ति गर्दा तोकिएको योग्यता वृद्धि गर्ने र तालिम लिने सर्त पनि राखिएको थियो ।
शिक्षक विकास तथा व्यवस्थापनका दुई भिन्न दृष्टिकोण पाइन्छ । पहिलो दृष्टिकोण अनुसार विद्यालयमा शिक्षण कार्य गर्न आवश्यक पर्ने शिक्षकको योग्यता तथा तालिम पूर्व निधारित हुने गर्छ । तोकिएको योग्यता तथा तालिम हासिल गरेको प्रतियोगी मध्ये उत्कृष्टताका आधारमा आवश्यक सङ्ख्या अनुसार सम्बन्धी सम्बन्धित निकायले नियुक्त गर्दछ । अर्को दृष्टिकोण अनुसार बजारमा उपलब्ध न्यूनतम योग्यता हासिल भएका व्यक्तिहरूबाट प्रतिस्पर्धात्मक प्रतियोगिताबाट उत्कृष्टताका आधारमा छनौट गरी आवश्यकता अनुसार शिक्षक विकास गर्नका लागि सेवा प्रवेश पश्चात कम्तिमा ६ महिना वा १ वर्षको सघन तालिम उपलब्ध गराइन्छ । योग्यता र तालिम लिएका तयारी शिक्षक भित्र्याउने कि योग्यता हासिल गरेका नियुक्ति गरेर आवश्यकतानुसार तालिम दिएर अपेक्षित शिक्षक विकास गर्ने भन्ने दुई दृष्टिकोण नै बहुप्रचलित दृष्टिकोण हुन् । नेपालमा शिक्षा, नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,

२०११ मा शिक्षक शिक्षा सम्बन्धमा यसरी उल्लेख गरिएको छ : शिक्षक नै शिक्षाको जग हो । गुरुले जस्तो पढाउँछ त्यस्तै चेलाले सिक्दछ । शिक्षण एउटा कला र विज्ञान हो । हरेक मानिस योग्य शिक्षक हुन सक्दैन । योग्य शिक्षक जन्मछन्, बनाईदैनन् भन्ने कथन छ । कुनै मानिसमा पढाउने गुणको विशेषता पाइन्छ । साथसाथै त्यस्तो विशेष गुणको विकास तालिमद्वारा हुँदै जान्छ । आजभोलि शिक्षकहरूले व्यावसायिक तालिम लिनै पर्दछ भन्ने सिद्धान्तले मान्यता पाएको छ । पढाउने व्यवसाय लिएको व्यक्तिहरूमध्येबाट योग्य उम्मेदवार छान्न जरुरी छ । तर तालिमबाट प्रभावशाली शिक्षकहरू बन्दछन् ।

शिक्षक नै शिक्षाको सफलता र असफलताको मुख्यकारण हो । उनले राम्रो शैक्षिक वातावरण उत्पन्न गरेको छ छैन, त्यस उपर नै शिक्षाको सफलता र असफलता निर्भर रहन्छ । शिक्षकले पढाउने व्यवसायमा पारङ्गत हुनु पर्दछ । शिक्षक आफैं आधार व्यवसाय सम्बन्धी शिल्पमा योग्य र त्यस्ता शिल्प सिकाउनमा दक्ष हुनु पर्दछ । शिक्षक व्यक्तिगत रूपमा राम्ररी विकसित हुनु पर्दछ र अविछिन्न रूपले आफूलाई विकास गर्न जान्ने कार्यविधिमा दक्ष हुनु पर्दछ ।सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट, २०१८ मा शिक्षक शिक्षा सम्बन्धमा यसरी उल्लेख गरिएको छ : तलब भत्ताको सन्तोषजनक स्केल र सामाजिक स्तर दिएर शिक्षण पेसाको उचित सम्मान, जसबाट यस पेसामा योग्य मानिसहरू प्राप्त हुन सकून् । उत्साहित नवयुवकहरूलाई शिक्षण व्यवसायमा लगाउन हाम्रा हाइ स्कुलहरूमा शिक्षक वृद्धि आन्दोलन चलाउनु पर्दछ । भविष्यमा हाम्रा माध्यमिक विद्यालयहरूमा सिकाउन उत्सुक हुने सबैलाई बीएड उपाधि (डिग्री) को योग्यता अनिवार्य गराउनु पर्दछ ।
जबसम्म शिक्षकको आवश्यकता बढी मात्रामा रहिरहन्छ र राम्ररी तालिम पाएका शिक्षकहरूको आवश्यकता पुरा गर्न सकिन्न, तबसम्म तालिम नपाएका स्नातकहरू (ग्रयाजुएट) लाई आफू नियुक्त भएको मितिले ५ वर्षभित्र तालिम लिइसक्नुपर्ने सर्तमा काममा लगाउन सकिन्छ । पहिला तालिम प्राप्त शिक्षकहरूको निमित्त बराबर कार्यशाला अन्तर सेवा तालिम प्रसारको पाठ्यक्रमहरूको व्यवस्था गरिनु पर्दछ । कलेज अफ एजुकेसनमा प्रशिक्षार्थीहरूलाई बीएडको डिग्री प्राप्त गरेपछि शिक्षा सेवामा लिइने निश्चितता दिइनुपर्दछ । तिनीहरूको नियुक्तिको बन्दोबस्त पहिले नै गरिनु पर्दछ जसबाट निरुत्साहपूर्ण ढिलाइ नहोस् र तिनीहरू अरू व्यवसायमा तानिने सम्भावना पनि नहोस् । कलेज अफ एजुकेसन पाठ्यक्रमको विस्तारै विस्तारै नवीनीकरण गरिनु पर्दछ जसले कि मैथोडोलोजी (शिक्षण विधि) मा दिइएको ध्यानलाई कम नगरिकन विषयमा पनि ज्यादै जोड दिन सकियोस् ।राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा शिक्षक शिक्षा सम्बन्धमा यसरी उल्लेख गरिएको छ :
तालिम प्राप्त शिक्षकको सङ्ख्या बढाउने :
क) सबै विद्यालयहरूमा तालिम प्राप्त शिक्षक राख्न क्रमशः अनिवार्य गरिने छ र नयाँ योजना लागू भएका जिल्लाहरूमा यो नियम लागू गरिने छ ।
ख) तत्कालै धेरै सङ्ख्यामा शिक्षकहरू तयार गर्न एसएलसी वा सो सरह पास भएका, आइ वा सो सरह पास भएका तथा बी ए वा सो सरह भएका व्यक्तिहरूलाई एक एक वर्षको तालिम दिई क्रमशः प्राथमिक शिक्षक, निम्न माध्यमिक शिक्षक र माध्यमिक शिक्षकका लागि तयार गरिने छ ।
ग) हाल काम गरिरहेका अनुभवी शिक्षकहरूको पनि न्यूनतम् योग्यता पुग्छ भने सेवाकालीन तालिमको माध्यमबाट तालिम दिइनेछ ।

घ) प्रत्येक शिक्षकलाई शारीरिक अभ्यास र शारीरिक शिक्षाको तालिम अनिवार्य हुनेछ ।
तालिमको स्तर बढाउने व्यवस्था :
क) शिक्षक शिक्षणको पाठ्यक्रम वर्तमान आवश्यकता सुहाउँदो निर्धारण गर्न व्यवस्था गरिने छ ।
ख) प्रत्येक विषयमा नेपालको वास्तविक परिस्थिति र आवश्यकता सुहाउँदा पाठ्य पुस्तकहरू तयार गराउने व्यवस्था हुनेछ ।
ग) शिक्षण तरिकाको साथसाथै विषय शिक्षणमा पनि पर्याप्त जोड दिनु जरुरी भएकाले शिक्षक तालिम महा विद्यालयमा विभिन्न विषयमा उपयुक्त फेकल्टीहरूको विकास हुनु पर्दछ ।
घ) शिक्षक शिक्षण तरिकामा अनुसन्धानलाई प्रोत्साहन दिनु आवश्यक छ र शिक्षा शास्त्रलाई नेपालको परिस्थितिसँग मिल्ने गरी विकास गर्न प्रयास हुनु पर्दछ ।
ङ) शिक्षक शिक्षण विधिको तालिम लिन आउनेहरूको न्यूनतम् योग्यता बढाउनु जरुरी छ । तसर्थ दुर्गम क्षेत्रमा बाहेक अन्यत्र प्राथमिक शिक्षक हुन एस एल सी वा सो सरह निम्न माध्यमिक शिक्षक तालिम लिन आइए वा सो सरह र माध्यमिक शिक्षक तालिम पाउन बी ए वा सो सरह भएमा उचित हुनेछ ।
च) शिक्षकहरूलाई नयाँ तरिकाले जाँच गर्ने विषयमा तालिम लिनु अनिवार्य हुने छ ।
सेवाकालीन विशेष तालिम : विज्ञान, गणित आदि सबै विषयमा शिक्षकहरूलाई विशेष तालिम दिनु पर्दछ । देशभरि शिक्षकहरूलाई यस्ता तालिम क्रमशः उपलब्ध गराउने व्यवस्था गरिने छ ।
तालिमपछि काममा खटाउने व्यवस्था :
क) तालिम प्राप्त शिक्षकहरूलाई शिक्षा मन्त्रालयले सम्बन्धी सम्बन्धित विद्यालयमा खटाउने छ । सम्बन्धी सम्बन्धित विद्यालयले उक्त शिक्षकलाई लिन अनिवार्य हुनेछ ।
ख) शिक्षकहरूले तालिम पाए बमोजिम ठिक तरिकाले सिकाउने गरेका छन् वा छैनन् शिक्षा निरीक्षकले मूल्याङ्कन गरी शिक्षा मन्त्रालय तथा शिक्षक तालिम केन्द्रमा प्रतिवेदन पठाउने छन् ।
ग) तालिम प्राप्त गरेको निश्चित अवधिपछि शिक्षकहरूले पुनः सेवाकालीन तालिमको व्यवस्था हुनु पर्दछ ।
राष्ट्रिय शिक्षा आयोग २०४९ मा शिक्षक शिक्षा सम्बन्धमा यसरी उल्लेख गरिएको छ :
विद्यालय तहको शिक्षण पेसामा प्रवेश गर्न शिक्षक प्रशिक्षण अनिवार्य गर्ने, हाल शिक्षण पेसामा प्रवेश गरिसकेका तर तालिम नपाएका शिक्षकहरूलाई अनिवार्य रूपले तालिम दिने व्यवस्था मिलाउने, तालिम प्राप्त शिक्षकहरूलाई दिने तलब तथा अन्य सुविधाहरू तालिमको तह अनुसार बढाउँदै लैजाने, पूर्वप्राथमिक प्रशिक्षण अन्तर्गत प्रवेशिका उत्तीर्ण गर्ने व्यक्तिलाई १० महिने प्रशिक्षण र प्रशिक्षण प्राप्त गरी अध्यापनमा संलग्न शिक्षकलाई प्रत्येक ५ वर्षमा छोटो अवधिको (कम्तिमा ६ हप्ता) को सेवाकालीन प्रशिक्षण दिने व्यवस्था गर्ने, प्रमाणपत्र तहमा प्राथमिक शिक्षामा विशिष्टीकरण गराउने गरी दुईवर्षे उपाधिमूलक कार्यक्रमको सञ्चालन गर्नु पर्ने, प्राथमिक शिक्षामा विशिष्टीकरण गरी प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरेकालाई प्राथमिक शिक्षामा नै विशिष्टीकरण गर्ने गरी तिन वर्षे बीएडको कार्यक्रम सञ्चालन गर्नु पर्ने, अरु सङ्कायबाट प्रमाणपत्र तह उत्तीर्ण गरेकालाई १० महिने तालिम दिई ६, ७, ८ कक्षाका लागि तालिम प्राप्त शिक्षकको प्रमाणपत्र दिने, माध्यमिक शिक्षाका विभिन्न विषयमा विशिष्टीकरण गराउने गरी एक वर्षे बीएड कार्यक्रमलाई व्यापक रूपमा सञ्चालन गर्ने, माध्यमिक शिक्षाका विभिन्न विषयमा विशिष्टीकरण गरी बीएड उपाधि प्राप्त व्यक्तिलाई दुई वर्षे एमएड कार्यक्रममा सहभागी बनाउने र उच्च माध्यमिक स्तरमा अध्यापन गराइने कुनै

एक विषयमा विशिष्टीकरण गर्न लगाउने, अन्य विषयमा स्नातकोत्तर गर्नेहरूका लागि ५ महिने प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, विश्व विद्यालयको प्राध्यापन सेवामा प्रवेश गर्ने र गर्न चाहनेका लागि विषयगत शिक्षण विधि, शैक्षिक प्रविधि, पाठ्यक्रम निर्माण तथा मूल्याङ्कन, अनुसन्धान विधि, मूल्याङ्कन विधि, शैक्षिक इतिहासका साथै शिक्षाका सामाजिक तथा दार्शनिक पक्षहरूको सम्बन्धमा परिचयात्मक जानकारी दिने उद्देश्यले छोटो अवधिको प्रशिक्षण दिने ।नेपालमा शिक्षा, नेपाल राष्ट्रिय शिक्षा आयोगको विवरण, २०११ को प्रतिवेदनले शिक्षक व्यवस्थापनका लागि स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको थियो । यसमा शिक्षण कला र पढाउने गुणको विकास तालिमबाट हुने, शिक्षक हुन व्यावसायिक तालिम लिनै पर्ने, शिक्षक पढाउने कलामा पारङ्गत हुनै पर्ने, शिक्षक सिकाउन दक्ष हुनै पर्ने, पढाउने व्यवसाय लिएका मध्ये योग्य उम्मेदवार छानी तालिम दिनु पर्ने, शिक्षकले आफूलाई आफैँ विकास गर्नु पर्ने कुरा उल्लेख गरेको छ । प्रतिवेदनको आसय योग्यता प्राप्त व्यक्तिहरू मध्येबाट शिक्षक छनौट गरी तिनीहरूलाई तालिमबाट प्रभावशाली शिक्षक बनाउनु पर्छ भन्ने रहेको छ । विद्यार्थीको सिकाइ उपलब्धि बढ्नु वा घट्नुको मुख्य जिम्मेवार व्यक्ति शिक्षक नै भएको, शैक्षिक वातावरण राम्रो वा नराम्रो बनाउने जिम्मेवारी पनि शिक्षकको भएको दृष्टिकोण उल्लेख गर्दै शिक्षक तयारी, छनौट र विकासमा स्पष्ट दृष्टिकोण देखाएको छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट, २०१८ ले कुनै विषयमा स्नातकहरूलाई नियुक्त भएको मितिले ५ वर्षभित्र तालिम लिने सर्तमा काममा लगाउने, कलेज अफ एजुकेसनले शिक्षण विधि (मैथोडोलोजी) मा ध्यानलाई कम नगरिकन विषयमा जोड दिने उल्लेख गरी शिक्षक हुनाका लागि विषयवस्तुको ज्ञानलाई उच्च प्राथमिकतामा राखेको छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षक हुनाका लागि सम्बन्धी सम्बन्धित तहको न्यूनतम् योग्यता तोक्ने, सेवाकालीन तालिमको व्यवस्था गर्ने, गणित, विज्ञान लगायतका सबै विषयमा शिक्षकहरूलाई विशेष तालिम दिने, शारीरिक अभ्यास र शारीरिक शिक्षाको तालिमलाई अनिवार्य गर्ने, व्यावसायिक विषयमा डिग्री वा डिप्लोमा प्राप्त गर्ने व्यक्तिहरूलाई शिक्षण तरिकाको तालिम दिई व्यावसायिक शिक्षक बनाउने, योग्य व्यक्तिहरूलाई शिक्षकमा नै बस्न राजी गराउने जस्ता प्रावधान उल्लेख गरेको र शिक्षकका लागि विशेष तालिम दिने, शारीरिक अभ्यास र तालिम अनिवार्य गर्ने र व्यावसायिक शिक्षकलाई तालिम दिने आवश्यकता महसुस गरेको पाइन्छ ।
शिक्षक सेवा नियमावली २०५७ ले शिक्षा शास्त्रमा प्रवीणता, स्नातक र स्नातकोत्तर गरेकालाई तालिम लिएको मानिने, शिक्षा शास्त्र बाहेक अन्य सङ्काय वा अध्ययन संस्थानमा अध्ययन गरेकालाई सम्बन्धी सम्बन्धित योग्यता हासिल गरेपछि १० महिने तालिम लिनै पर्ने व्यवस्था गरेको छ । यसबाट शिक्षा शास्त्रका उत्पादनलाई तालिम र योग्यता दुवै मान्दा गुणस्तरमा सम्झौता हुन सक्ने र विषयवस्तुमा दक्ष शिक्षकको पूर्ति हुन कठिन देखिन्छ । २०६८ साल साउन १ देखि प्राथमिक तहको शिक्षकका लागि प्रवीणता प्रमाण पत्र वा सो सरहको हुने गरी न्यूनतम् योग्यता वृद्धि गरिएको छ । यसबाट एसएलसीका तुलनामा बढी योग्यता भएका व्यक्ति प्राथमिक तहको शिक्षकका लागि आवश्यक हुने महसुस गरेको पाइन्छ ।

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले तोकिएको योग्यता र तालिम पुरा नभएका व्यक्तिलाई शिक्षक हुन योग्य नमान्ने, प्राथमिक तहमा शिक्षक उच्च माध्यमिक शिक्षा वा प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण र तालिम प्राप्त हुनु पर्ने, एसएलसी उत्तीर्ण भई शिक्षक हुनेले ५ वर्षभित्र तोकिएको न्यूनतम् योग्यता पुरा गर्नु पर्ने, माध्यमिक तहको शिक्षक

हुनाका लागि शिक्षक तयारी कोर्स लिएको र एमएड वा सो सरहको योग्यता हुनु पर्ने प्रावधानले हाल भईरहेको शिक्षक योग्यता न्यून भएको र शिक्षण सिकाइका लागि हालको योग्यताले विषयवस्तु अपुग भएको महसुस गरेको पाइन्छ । यस योजनाले एक वर्षको शिक्षक तयारी कोर्सको प्रावधान राखेर सबै तहका शिक्षकहरू र प्रधानाध्यापकका लागि शिक्षक तयारी कोर्स अनिवार्य गरेको छ । साथसाथै बीएड र एमएडको प्रावधान उल्लेख गरेर यस्ता उपाधि हासिल भएकाले पनि १ वर्षको शिक्षक तयारी कोर्स लिनु पर्ने प्रावधान समेत उल्लेख गरेर हालका बीएड तथा एमएड उपाधि हासिल गरेका व्यक्तिलाई शिक्षा शास्त्रको अध्ययनबाट मात्र योग्यता र तालिमको उपाधि मिल्न नसक्ने सङ्केत गरेको छ । तर प्राज्ञिक योग्यता र शिक्षक तयारी कोर्सलाई न्यूनतम् योग्यता मान्ने कि प्राज्ञिक योग्यता हासिल भएका मध्ये शिक्षक छनौट गरेर शिक्षक तयारी कोर्स उपलब्ध गराउने विषयमा योजना आफैमा अन्यौलमा छ । योग्य शिक्षक भित्र्याउन तोकिएको नर्म्स अनुसारका शिक्षक भर्ना गर्ने कि शिक्षक भर्ना गरेर देशको आवश्यकता अनुसारको तालिम दिई शिक्षक तयार गर्ने भन्ने विषयमा विगतका आयोग तथा योजनामा अवधारणा स्पष्ट गरिएको छैन । हालको प्रावधानबाट शिक्षक छनौट गर्दा देशले अपेक्षा गरे अनुसारका विद्यार्थी उत्पादन हुन नसकेको र अपेक्षित उत्पादन गर्ने मुख्य तत्त्व शिक्षक भएकाले शिक्षक विकास र व्यवस्थापन मा सुधार गर्नु पर्ने महसुस भएको छ । वि. सं . २०४९ सालमा पहिलो पटक ३८ वटा माध्यमिक विद्यालयले कक्षा ११ र १२ सञ्चालनका लागि अस्थायी सम्बन्धन प्राप्त गरेका थिए । साविकको उच्च माध्यमिक विद्यालय तहमा २० हजार भन्दा बढी शिक्षकहरू अध्यापनरत छन् । जस मध्ये २ हजार शिक्षक दरबन्दी, ४ हजार शिक्षण अनुदानमा र बाँकी हजारौं शिक्षक अझै पनि आंशिक शिक्षकको रूपमा कार्यरत छन् । कक्षा ११ र १२ मा थप ७८०५ शिक्षक दरबन्दी अपुग रहेको छ (शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदल २०७५ , पेज नं ३८ ) । पेसागत विकासले शिक्षकहरूमा आफ्नो विषयवस्तुप्रति सकारात्मक दृष्टिकोणको विकास गरिदिन्छ । जसले गर्दा शिक्षकहरू शिक्षण सिकाइका नयाँ नयाँ विधि प्रविधिहरू सिक्नका लागि प्रेरित हुने गर्दछन् । शिक्षणमालागि योजना बनाउने र विषयवस्तुलाई उत्कृष्ट ढङ्गले सङ्गठन गर्ने सिप को विकासमा पनि पेसागत विकास कार्यक्रम उपयोगी हुन्छ (Queens education) आफ्नो शिक्षालाई निरन्तरता दिन चाहने, आफूलाई परेका समस्याहरू सहकर्मीसँग छलफल गर्ने, सहयोगी कार्यहरूको पहिचान गरी लागु गर्ने, निरन्तर खोज अनुसन्धानमा जुट्ने, आफ्ना अनुभवहरूलाई सार्वजनिकीकरण गर्ने आदि कार्य पेसागत विकासबाट मात्र सम्भव हुने गर्दछन् । यस्ता कार्यहरूले शिक्षण सिकाइप्रति शिक्षकको विज्ञता बढ्ने तथा शैक्षिक उपलब्धि स्तरमा समेत वृद्धि हुने गर्दछ । यसरी आफ्नो मात्र होइन, सहकर्मी सम्बन्धमा सुधार गरी उनीहरूको समेत क्षमता विस्तारका लागि पेसागत विकास कार्यवक्रम उपयोगी हुने देखिन्छ । पेसागत विकासले शिक्षकहरूको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने गर्दछ ।

नेपालको सन्दर्भमा शिक्षामा विनियोजन भएको बजेटको करिव ८६ प्रतिशत बजेट शिक्षकको तलब भत्तामा खर्च हुनुले पनि गुणस्तरीय शिक्षाका लागि शिक्षकको महत्वलाई प्रमाणित गर्दछ । शिक्षा ऐन तथा नियमावलीले प्राथमिक तहमा विद्यार्थी सँख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रूपरूपमा शिक्षक दरबन्दीको व्यवस्थापन हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै विद्यामान मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात तराइ र उपत्यकामा १:५०, पहाडमा १:४५ र हिमालमा १: ४० कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरवन्दी र माध्यमिक तहमा १२ दरबन्दी हुनुपर्ने व्यवस्था गरेको छ । वर्तमान परिवेशमा शिक्षक

बन्नका लागि तयार पार्ने कार्य विद्यालय तथा विश्वविद्यालयहरुले गरिरहेका छन भने शिक्षक बन्नका लागि चाहिने अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन र अनुमति पत्र प्रदान गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने, नियुक्तिका लागि सिफारिस गर्ने, बढुवा गर्ने जस्ता कार्यहरु शिक्षक सेवा आयोगले गर्दै आएको छ । त्यस्तै आयोगबाट सिफारिस भएका शिक्षकहरुलाई नियुक्ति गर्ने कार्य शिक्षा विकास तथा समन्वय ढङ्ग र पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । यसैगरी अस्थायी करार र निजी स्रोतका शिक्षकहरुको नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन भर्ने जस्ता कार्य पनि स्थानीय तहहरुले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने, कानुन बनाउने कार्य शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, तालिमका प्याकेज बनाउने, प्रशिक्षक तयार पार्ने जस्ता कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र क्षमता विकास सम्बन्धी कार्यक्रमहरु प्रदेशमा स्थापना भएका तालिम केन्द्रहरुले गर्दै आएका छन् ।यस खण्डमा सिमकोट गाउँपालिकाको शिक्षक व्यवस्थापन र विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी दश बर्षका लागि दक्ष,पेसाप्रति प्रतिबद्ध र गुणस्तरीय शिक्षक व्यवस्थापन गरी ती शिक्षकहरुको पेसागत विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

४.२.१ वर्तमान अवस्था

शिक्षकहरू शिक्षा प्रणालीको केन्द्र हुन् । विद्यालयमा दक्ष शिक्षकहरू हुनुले दक्ष विद्यार्थीहरू तयार गर्न सहयोग गर्छ, र प्रेरणादायी, जानकार, योग्य र तालिम प्राप्त शिक्षक विद्यार्थीहरूको उपलब्धिमा प्रभाव पार्ने विद्यालयसम्बन्धी सबैभन्दा महत्त्वपूर्ण कारक भएको देखिएको छ । त्यसैले यो खण्डमा प्रादेशिक र राष्ट्रिय स्तरमा लिङ्ग र विद्यालयका प्रकारहरूका आधारमा शिक्षक सम्बन्धी जानकारी समेटिएको छ । सामुदायिक विद्यालयहरूमा शिक्षकहरू मुख्य रूपमा तीन प्रकारका रोजगारीमा पर्छन्:पहिलो, सङ्घीय सरकारले नियुक्त गरेका शिक्षकहरू, जसलाई स्थायी, अस्थायी र राहत शिक्षकको रूपमा वर्गीकृत गरिन्छ । दोस्रो, सङ्घ, प्रदेश वा स्थानीय तह सरकारले प्रदान गरेको अनुदानका आधारमा स्थानीय रूपमा नियुक्त गरिएका शिक्षकहरू । तेस्रो, निजी स्रोतबाट वित्त पोषित शिक्षकहरू, जसलाई विद्यालयहरूले तलब दिन्छन् । संस्थागत विद्यालयहरूको सन्दर्भमा, सबै शिक्षकहरू निजी रूपमा नियुक्त गरिएका हुन्छन् । **शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिर्पोट २०२४** अनुसार कर्णालि प्रदेशमा १-५ मा स्थायि शिक्षक ५२९६ जना अस्थायी शिक्षक ६९८ जना राहत शिक्षक २१९६ जना रहेका छन , ६-८ मा स्थायि शिक्षक ९१० जना अस्थायी १२० जना र राहत शिक्षक ८३८ जना रहेका छन जस्मा आधारभूत तह १-५ मा महिला शिक्षक २७२० र पुरुष शिक्षक ५४२० जना रहेका छन भने आधारभूत तह ६ - ८ मा महिला शिक्षक ३४७ जना र पुरुष शिक्षका १५२१ जना रहेका छन साथै आधारभूत तम १ - ८ मा महिला शिक्षक ३११७ जना र पुरुष शिक्षक ६९४१ जना रहेका छन । निजी स्रोतबाट नियुक्त शिक्षक तह १-५ मा ४१ महिला र २०२ पुरुष गरि जम्मा २४३ जना शिक्षक रहेका छन भने तह ६-८ मा १८२ महिला र ५०७ पुरुष गरि ६८९ जना शिक्षक रहेका छन भने तह १-८ मा महिला २२३ जना र पुरुष ७०९ गरि

९३२ जना शिक्षक कार्यरत छन यसै गरि शिक्षण साहयता अनुदान साथै स्वयम् सेवक शिक्षक सङ्घिय अनुदान बाट ३३ महिला र ११८ पुरुष गरि १५१ जना शिक्षक र प्रदेश अनुदानबाट ८ महिला ४० पुरुष गरि ४८ जना , स्थनिय तहबाट ७७ महिला र २८८ पुरुष गरि ३६५ जना शिक्षक कार्यरत छन भने स्वयंम् सेवक शिक्षकको रूपरूपमा ७ महिला तथा १७ पुरुष गरि जम्मा २६ जना शिक्षक कार्यरत छन । माध्यामिक तह ९-१० मा स्थाय ५९८ जना अस्थायी ८९ र राहत ५४७ गरि शिक्षक कार्यरत जस्मा नेपाल सरकार द्वारा स्वीकृत महिला शिक्षक १५० जना छन भने माध्यामिक तह ११ -१२ मा अस्थायी १९८ जना राहत ३८८ जना शिक्षक कार्यरत छन जस्मा ६९ जना महिला शिक्षक छन, माध्यामिक तह ९-१२ मा स्थायि ५९८ जना अस्थायी २८७ जना र राहत ९३५ जना कार्यरत रहेका छन महिला शिक्षक २१९ जना कार्यरत छन । निजी स्रोतबाट नियुक्त शिक्षक तह ९-१० मा ४१ महिला २०२ पुरुष तह ११-१२ मा ९ महिला र ४८ पुरुष , तह ९-१२ मा ५० महिला र २५० पुरुष शिक्षक कार्यरत रहेका छन यसैगरि सङ्घिय अनुदानबाट ३५ महिला र १९२ पुरुष, प्रदेश अनुदानबाट १ महिला र ३२ पुरुष , स्थानिय तह ३९ महिला र १३५ पुरुष तथा स्वयंम् सेवक शिक्षकका रूपरूपमा २ महिला र १० पुरुष शिक्षक कार्यरत रहेका छन भने यस सिमकोट गाउँपालिकामा हाल सबै किसिमका शिक्षकहरुको जम्मा सङ्ख्यालाई हेर्दा प्रारम्भिक बालविकास केन्द्रमा १९ जना सहयोगी कार्यकर्ताहरुको दरबन्दी रहेको छ भने प्राथमिक तहमा ६२ जना स्थायी, ३ जना अस्थायी, २४ जना राहत र ६ जना निजी स्रोत गरी जम्मा ९५ जना, निम्नमाध्यमिक तहमा ९ जना स्थायी, १ जना अस्थायी, १३ जना राहत, ४ जना शिक्षण अनुदान, १२ जना गाउँपालिका अनुदान र निजी १ जना गरी जम्मा ४० जना, माध्यमिक तह (९-१०) मा स्थायी १५ जना, १ जना अस्थायी, ५ जना राहत, ६ जना शिक्षण अनुदान र ४ जना गाउँपालिका अनुदान गरी जम्मा ३१ जना र माध्यमिक तह (११-१२) मा अस्थायी ४ जना र अनुदान कोटा ४ जना गरी जम्मा ८ जना गरी कूल १७४ जनाको दरबन्दी रहेको छ। यसैगरी विषयगत दरबन्दीको हिसाबले निम्नमाध्यमिक तहमा नेपाली विषयका शिक्षक ६ जना, अंग्रेजी विषयका शिक्षक १० जना, गणित विषयका शिक्षक ९ जना, विज्ञान विषयका शिक्षक ११ जना र सामाजिक विषयका शिक्षक ४ जना, छन् भने माध्यमिक तह (कक्षा ९-१०) मा नेपाली विषयका शिक्षक ५ जना, **अङ्ग्रेजी** विषयका शिक्षक ६ जना, गणित विषयका शिक्षक ६ जना, विज्ञान विषयका शिक्षक ४ जना र सामाजिक विषयका शिक्षक ५ जना, छन् । यसैगरी माध्यमिक तह (कक्षा ११ र १२) मा नेपाली विषयका शिक्षक ३ जना, अंग्रेजी विषयका शिक्षक २ जना, गणित विषयका शिक्षक १ जना र सामाजिक विषयका शिक्षक १ जना कार्यरत रहेका छन् । यस पालिकाको शिक्षक विद्यार्थी अनुपात बालविकास केन्द्रमा १०:१, प्राथमिक तहमा १४:१, निम्नमाध्यमिक तहमा २३: १ र माध्यमिक तह (९-१०) मा १८:१, माध्यमिक तह (११-१२) मा ६९:१ र माध्यमिक तह (९-१२) मा २९:१ रहेको छ । जम्मा शिक्षक विद्यार्थी अनुपात १९:१ रहेको छ । जुन प्रदेशस्तरमा २८.० राष्ट्रिय रूपरूपमा २४ रहेको छ । यस तथ्याङ्कलाई निम्नमाध्यमिक तथा माध्यमिक तहमा विषयगत शिक्षकहरुको कमी रहेको देखिन्छ । यस पालिकाले माध्यमिक तहका ४ निम्नमाध्यमिक तहका १२ जना र बालविकास केन्द्रमा ४ जना गरी जम्मा २० जना पालिका अनुदान शिक्षकहरुको व्यवस्था गरी शिक्षकको अभावलाई सम्बोधन गर्ने प्रयास गरेको छ ।

सिमकोट गाउँपालिकाले शिक्षक तयारी र नियुक्ति तथा शिक्षण पेसाप्रति आकर्षण, शिक्षकको व्यवस्थापन र विकास गर्नका लागि शिक्षक नियुक्ति सम्बन्धी मापदण्ड तथा कार्यविधि निर्माण, पालिका अनुदानका शिक्षकहरुलाई नेपाल सरकारले तोकेबमोजिमको न्यूनतम तलव स्केल, चाडपर्व खर्च र पोशाक भत्ताको व्यवस्था, शिक्षकको दरबन्दी मिलान तथा सरुवा सम्बन्धी कार्यविधि निर्माण जस्ता कार्यहरु गरेको छ । विद्यालयमा कार्यरत शिक्षकहरुको निरन्तर पेसागत विकास र क्षमता विकासका लागि छोटा अवधिका तालिमहरु सञ्चालन हुदै आएका छन् । यसैगरी पालिका स्तरीय विज्ञ समूह गठन गरी शिक्षकका शिक्षण सिकाइसँग सम्बन्धी सम्बन्धित समस्या समाधानका लागि आवश्यक सहयोग गर्ने, मासिक प्रधानाध्यापक बैठकमा शिक्षकका पेसागत विकास सम्बन्धी छलफल तथा अनुभवहरु आदाप्रदान गर्ने तथा पालिकास्तरीय शिक्षा समूहमा शिक्षकका पेसागत विकास सम्बन्धी छलफल तथा अनुभवहरु आदाप्रदान गर्ने कार्य हुदै आएको छ । साथै शिक्षकहरुको पेसागत विकासका लागि विद्यालयमा प्रधानाध्यापकद्वारा कक्षा अवलोकन , नमूना पाठ प्रदर्शन तथा आवश्यक सहयोग हुदै आएको छ । यस गाउँपालिकाले प्रधानाध्यापक बैठक मार्फत पनि शिक्षकहरुको क्षमता विकासका लागि आवश्यक छलफल गर्ने, बेलाबेला पाठ्यक्रम अभिमूखीकरण तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गर्ने जस्ता विषयहरुमा छोटा तालिमहरु पनि प्रदान गर्दै आएको छ । यसैगरी कर्णाली प्रदेश सरकार मानव संसाधन विकास केन्द्रले सञ्चालन गर्ने शिक्षक पेसागत विकास तालिममा पनि यस पालिकाले शिक्षकहरुलाई पठाउने गरेको छ । यती हुदाँ दुँदै पनि हालको सन्दर्भमा शिक्षक कर्मचारीहरुलाई पाठ्यक्रम प्रवोधीकरण, सूचना प्रविधि, लेखा व्यवस्थापन , सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका शिक्षकको क्षमता तथा पेसागत विकास सम्बन्धी सम्बन्धी विषयहरुमा थप क्षमता विकास तालिमको आवश्यकता महसुस गरिएको छ ।

चुनौती र अवसरहरुः

शिक्षकलाई शिक्षण सिकाइको महत्वपूर्ण खम्बाको रूपरूपमा मानिएतापनि हाम्रा विद्यालयमा शिक्षक दरबन्दीको अभाब रहको हुदा आवश्यकता तथा विषय अनुसार शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु, वर्तमान शिक्षकहरूको विषयवस्तु दक्षता कमजोर छ, शिक्षा शास्त्रबाट उत्पादित जनशक्तिको विषयवस्तुको दक्षता अझै कमजोर छ, शिक्षा शास्त्रको अभ्यास शिक्षण नाम मात्रको भएको छ, बजारमा गुणस्तरीय शिक्षकका लागि उम्मेदवारका लागि दक्ष व्यक्तिको अभाव छ, शिक्षक भएका र हुन चाहनेमा सकारात्मक भावनाको अभाव छ, शिक्षण पेसालाई सबै भन्दा छोडिएको पेसा मानिएको छ, देशका विभिन्न स्थानमा खुलेका शिक्षा शास्त्रका स्नातकमा विषयवस्तु र सिप को अभाव छ, शिक्षण पेसाको मर्यादा कायम गराउन कठिन भएको छ, विश्व विद्यालयका अब्बल विद्यार्थीलाई शिक्षकमा आकर्षण गर्न नसकिएको अवस्था छ, विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवारी बोध गर्ने शिक्षकको अभाव छ, शिक्षण पेसामा समर्पित शिक्षकको अभाव छ, शिक्षकको पठन पाठनभन्दा अन्य क्षेत्रमा चासो बढेको छ, अध्यापन अनुमतिपत्रको व्यवस्थापन कमजोर छ, विषयगत अध्यापन अनुमति पत्रको व्यवस्था छैन, अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिको ज्ञान, सिप र प्रवृत्तिमा न्यूनता छ, शिक्षक तयारी र विकासमा हालको पद्धतिले एक्काईसौं शताब्दी र विश्व परिवेशका ग्रयाजुएट उत्पादन गर्न नसक्ने अवस्था छ, गुणस्तरीय शिक्षा प्राप्त हुन सकेको छैन, उपयुक्त शिक्षकको व्यवस्थापन हुन नसकेको अवस्था छ, प्राथमिक तहका शिक्षक मात्र भएका विद्यालयले निम्न माध्यमिक र माध्यमिक तहको विद्यालय सञ्चालन गर्ने र नतिजा खस्कियो भनेर कोलाहाल गर्ने अवस्था छ ।

यहाँ शिक्षक व्यवस्थापन र पेसागत विकाससँग सम्बन्धी सम्बन्धित चुनौतिहरु मात्र छैनन यसमा थुप्रै अवसरहरु पनि छन् । शिक्षक सेवा आयोगले वर्षेनी स्थायी शिक्षक पदपूर्तिका लागि विज्ञापन गर्नु, नियमित बढुवाका कार्यक्रमहरु प्रभावकारी रूपरूपमा अगाडि बढाउनु, शिक्षक दरबन्दी मिलान सम्बन्धी सम्बन्धी कार्यविधि पारित हुनु, शिक्षकको पेसागत विकास प्रारूप अनुसार पेसागत विकासका कार्यहरु कार्यान्वयनमा आउनु, स्थानीय तहले विद्यालयको आवश्यकताका आधारमा शिक्षक दरवन्दी सिर्जना गर्नु मापदण्डका आधारमा शिक्षक समायोजन गर्नु ,शिक्षकका पेसागत विकासका तालिमहरु नियमित सञ्चालन गर्नु, सबै तहका सरकारहरुले शिक्षक व्यवस्थापनमा लगानी गर्नु, शिक्षकका पेसागत संघ सँस्थाहरुले सक्रिय रूपरूपमा कार्य गर्नु आदिलाई शिक्षक व्यवस्थापन र विकासका अवसरहरु मान्न सकिन्छ

४.१.२ उद्देश्य

- ✓ तहगत, कक्षागत तथा विषयगत रूपरूपमा प्रतिबद्ध र अभिप्रेरित शिक्षकको व्यवस्था गर्नु
- ✓ विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम तथा शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- ✓ शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु

४.२.३ रणनीति

- ✓ सङ्घीय सरकारले पहिचान गरेका आवश्यक दरबन्दीका लागि सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने
- ✓ शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपरूपमा शिक्षक दरबन्दी मिलान / पुनर्वितरण तथा थप गर्ने
- ✓ रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गर्ने
- ✓ विद्यालयमा नियुक्ति गरिने निजी स्रोतका शिक्षक कर्मचारीहरुको सेवा,सर्त र पारिश्रमिकमा मापदण्ड तोकी एकरूपता कायम गर्ने
- ✓ शिक्षक दरबन्दीको अभावलाई तत्काल परिपूर्ति गर्न पालिका अनुदानका शिक्षकहरु नियुक्ति र परिचालनमा वृद्धि गर्ने
- ✓ शिक्षकको उत्प्रेरणा र मनोबललाई उच्च राख्न कार्यसम्पादन र नतिजाका आधारमा पुरस्कार र सम्मान गर्ने कार्यको थालनी गर्ने

- ✓ शिक्षकको निरन्तर पेसागत विकासका लागि मागमा आधारित शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिमको व्यवस्था गर्ने
- ✓ स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने
- ✓ सकारात्क सोच विकासका लागि प्रत्येक वर्षमा एकपटक पेसागत सिप विकास र उनोन्नयनमा लगाउने गरी अवलोकन भ्रमण कार्यक्रमको थानली गर्ने
- ✓ विद्यालयमा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने
- ✓ शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धी सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने
- ✓ शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकामा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने

४.२.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

- ✓ तहगत, कक्षागत तथा विषयगत रूपरूपमा पेसाप्राति प्रतिवद्ध शिक्षकको व्यवस्थापन भएको हुने
- ✓ शिक्षक तालिम र सक्षमता प्रारूपको कार्यान्वयनबाट सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुने
- ✓ शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको प्राप्त भएको हुने

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | आधारवर्ष २०८१ | २००८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्रमा कार्यरत तालिम प्राप्त सहयोगी कार्यकर्ताको सङ्ख्या | ५ | २५ | २५ | २५ | २५ |
| ३ | विषयगत शिक्षक उपलब्ध भएका आधारभूत विद्यालयको प्रतिशत | २० | ४० | ६० | ८० | १०० |
| ५ | विषयगत शिक्षक उपलब्ध भएका माध्यमिक विद्यालयको तिशत | ३० | ४० | ६० | ८० | १०० |
| ६ | माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत | १० | २० | ३० | ४० | ५० |
| ७ | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिम प्राप्त शिक्षकको प्रतिशत | १५ | ४५ | ५५ | ८० | १०० |
| ९ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालयको प्रतिशत | २५ | ५० | ७५ | ९० | १०० |
| १० | मापदण्ड अनुसार शिक्षक दरबन्दि व्यवस्थापन भएको विद्यालय सङ्ख्या | ५० | ६० | ७० | ८० | १०० |

४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यार्थी सङ्ख्या, आवश्यकता र विषयको आधारमा शिक्षक नियुक्ति, सरूवा तथा पूर्नवितरण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | विद्यालयमा भएको शिक्षकको अपर्याप्ततालाई पूरा गर्न पालिका अनुदानका दरबन्दीको सिर्जना तथा पदपूर्ति गर्ने | सङ्ख्या | ५० | ० | १० | १० | १० | १० | ४० | १० |
| ३ | करार तथा विद्यालय स्रोतबाट नियुक्ति हुने शिक्षकहरूको व्यवस्थापनका लागि आवश्यक मापदण्ड तथा कार्यविधि तयार गर्ने | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ४ | शिक्षण पेसाप्रति दक्ष, क्षमतावान तथा व्यक्तिहरुको आकर्षणका लागि प्रोत्साहनमूलक कार्यक्रमहरुको व्यवस्था गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | विद्यालयमा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | विद्यालयमा नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न तथा विद्यार्थीको नतिजालाई शिक्षकको कार्यसम्पादन स्तरसँग जोडन उपयुक्त मापदण्डको विकास तथा अद्यावधिक गर्ने | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ८ | सिकाइस्तर कमजोर भएका विद्यार्थीहरुका लागि विशेष सहयोगी कक्षाहरु सञ्चालन गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ९ | शिक्षकको क्षमता विकास तथा शिक्षण प्रति उत्पेरणा जगाउनका लागि आवश्यक तालिमको प्रबन्ध गर्ने | १ | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | शिक्षण सिकाइमा देखापरेका समस्या समाधान तथा शिक्षकको पेसागत विकास र सहयोगका लागि विज्ञ समूह परिचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | शिक्षकका पेसागत समस्या समाधान तथा अनुभव आदानप्रदान गर्नका लागि महिनामा १ पटक शिक्षक सिकाइ समूहको बैठक सञ्चालन गर्ने | पटक | ४५ | ९ | ९ | ९ | ९ | ९ | ४५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | स्थानीय स्तरका विज्ञहरु परिचालन गरी शिक्षण तथा सिकाइ सामग्री विकास तथा त्यसको प्रयोग गर्ने कार्यको थालनी गर्ने | निरन्तर | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १३ | उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षकहरुलाई पुरस्कृत तथा सम्मान गर्ने | सङ्ख्या | | ५ | ५ | ५ | ५ | ५ | १५ | |
| १४ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समयमा वृद्धि गर्नका लागि अनिवार्य रूपरूपमा कार्य योजना तथा कार्यविधि बनाइ कार्यान्वयन तथा अध्यावधिक गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १५ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोगका लागि अनुगमन नियमन तथा पृष्ठपोषण पद्दतिलाई मजबुत बनाउन मापदण्ड वा निर्देशिका तयार गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ४. ३ शिक्षामासमता र समावेशीकरण

### ४.३.१ परिचय

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित, शैक्षिक, आर्थिक समानता, सामाजिक न्यायसहितको समावेशी समाजको निर्माण गर्ने संकल्प गरेको छ। आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, प्रशासनिक, शैक्षिक तथा राजनीतिक दृष्टिकोणले पछाडि परेका विभिन्न लक्षित वर्ग, समुदाय तथा समूह (महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम समुदाय, उत्पीडित तथा पछाडि परेका वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न र सीमान्तकृत आय भएका) नागरिकहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि संविधानले मौलिक हकको रूपमा व्यवस्था र निर्देशिका तथा कानूनी संरक्षण समेत प्रदान गरेको छ ।भने सोह्रौ योजनामा बालविवाह, बहुविवाह, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको जबरजस्ती विवाह, छाउपडी, दाइजो, छुवाछूत, बोक्सीप्रथा जस्ता परम्परागत कुरीति र कुप्रथाको अन्त्य गर्न; पुनरावृत्त भइरहेका हिंसा, विभेद र शोषणलाई प्रश्रय दिने सामाजिक संरचना, मूल्य, मान्यता तथा सोचको अन्त्य गर्नुपर्छ । स्वास्थ्य, शिक्षा, खाद्यान्न, आवास, रोजगारीजस्ता आधारभूत आवश्यकता परिपूर्ति गर्न; आर्थिक स्रोत साधनमा पहुँचको असमानता तथा निर्णय तहमा प्रभाव पार्न सक्ने क्षमता र अवसरको अभावका कारण सीमान्तकृत वर्ग र समुदायको सशक्तीकरण तथा सामाजिक-आर्थिक परिचालनमा देखिएका अवरोध हटाउन; लक्षित वर्ग, समुदाय तथा लैङ्गिक र यौनिक अल्पसङ्ख्यकको पहिचान र वर्गीकरणलाई व्यवस्थित बनाउन; लैङ्गिक समानता तथा सामाजिक न्यायसम्बन्धी समावेशी र न्यायसङ्गत प्रणालीको एकीकृत व्यवस्थापन र सूचना प्रणालीलाई संस्थागत गर्न नसक्दा अत्यावश्यक वर्ग र समूह कम समेटिने अवस्थाको अन्त्य गर्न आवश्यक छ । पछिल्ला बाह्र महिनामा महिनावारीका कारण विद्यालय र कार्यस्थलमा अनुपस्थित भएका महिलाहरूको प्रतिशत ९ रहेको जस्लाई ४ प्रतिशतमा झार्ने रहेको छ ।विवरण सङ्कलन र प्रोत्साहन गर्न आवश्यक छ । महिनावारीको समयमा आवश्यक सामग्रीको उपलब्धता र स्वच्छतासहितको शौचालयको व्यवस्था भएका विद्यालयको ८० प्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ साथै अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाको लागि समग्र विश्वव्यापी शिक्षाको सिद्धान्तबाट अध्ययन अध्यापन गराउने; प्रभावकारी शिक्षालाई शिक्षण प्रचलनमा समायोजन गर्ने; अपाङ्गता रोकथाम र पुनःस्थापना कार्यक्रमलाई प्रत्येक प्रदेशमा विस्तार गर्न; सञ्चार, सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्दै सेवाको उपलब्धता र उपकरणको व्यवस्था गरी अपाङ्गता समन्वय कार्यक्रम सञ्चालन गर्ने कुरामा जोड दिएको छ

संविधानले प्रत्येक व्यक्तिलाई आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने हक, नागरिक स्वतन्त्रता, मौलिक अधिकार तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै तह र निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ। यसै आधारमा, हालसम्मका उपलब्धिलाई संस्थागत गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय र सहकार्यलाई सुदृढ बनाई, वञ्चित वर्ग र समुदायको सामाजिक, आर्थिक,

राजनीतिक अवरोधलाई हटाउँदै स्वास्थ्य, शिक्षा, आवास, सिप विकास, रोजगारीका अवसर तथा स्रोत साधनमा अग्राधिकार दिँदै नागरिकहरूको सशक्तीकरण र सर्वाङ्गीण विकासमा परिचालन गर्नु योजनाको प्राथमिकता हुनेछ।

सबै बालबालिकाहरु सिक्न सक्छन् र सबै बालबालिकाको सिकाइको आफ्नै क्षमता हुन्छ । उनिहरुको क्षमता पहिचान गरी सिकाइको वातावरण निर्माण गर्नु नै शैक्षिक समता हो । विद्यालयमा आउने बालबालिकाहरुको समुदाय ,भाषा , संस्कृती तथा रहनसहन अलग अलग हुन्छ । शैक्षिक क्रियाकलापमा बालबालिकालाई समुदाय ,संस्कृती ,भाषा , चाहना अनुसार सिक्ने अवसर सृर्जना गर्नु ,रुची ,लिङ्ग आदिका आधारमा भेदभाव रहित तवरमा उनीहरुको क्षमता पर्दछ ।समावेशीकरण सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा बहु सांस्कृतिक भिन्नतालाई सम्मान गर्दै आफ्नै समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने प्रक्रिया हो । समावेशी शिक्षाले बालबालिकाहरुमा भएको विभिन्नतालाई सम्मान गर्दै उनीहरुको सिक्न पाउने संबैधानिक अधिकारको प्रत्याभूति दिने कुरामा जोड दिन्छ । समाजमा आर्थिक तथा सामाजिक रूपरूपमा पछाडि परेका वालश्रमिक धेरैजसो ,अनाथ ,अपाङ्गता भएका , बालबालिकाहरु शिक्षाको अवसरबाट बञ्चित भइरहेको हालको सन्दर्भमा शिक्षामा समावेशीकरण एकदमै नयाँ अवधारणा हो ।नेपालको संविधान ,२०७२ को धारा ३१ ५१ ,४१ ,४० ,३९ ,३८ ,(ज) ले नागरिकको शिक्षा प्राप्त गर्ने हकलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँग समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । साथै यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी त्यो अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदन समेत गरिसकेको छ । यसैगरी संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २९ ले समेत शिक्षा पाउने अधिकारलाई स्वीकार्य भनी उल्लेख गरेको छ भने नेपाल यस घोषणापत्रको पक्षमा उभिँदै आएको छ ।

यसैगरी नेपालले सबैका लागि शिक्षाको अन्तराष्ट्रिय अभियानमा आफ्नो प्रतिबद्धता जनाउदै अपाङ्गता भएका बालबालिकाहरुलाई शैक्षिक मूलप्रबाहमा समावेश गरी शिक्षाको अधिकार सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी गरेको छ । नेपालमा समावेशी शिक्षाको अभ्यासको इतिहास खासै लामो देखिँदैन । समावेशी शिक्षा भन्दा पनि विशेष शिक्षाको अवधारणाले नेपालामा लेबोरेटरी हाइस्कुल, २०२१, केन्द्रीय बहिरा विद्यालय नक्शाल, २०२३, खगेन्द्र नवजीवन स्कुल जोरपाटी, २०२६ तथा निर्मल बालविकास केन्द्र, २०३७ खुलेका थिए ।

यस खण्डमा अपाङ्गता भएका तथा आर्थिक तथा सामाजिक क्षेत्रमा पछाडि परेका वर्गको शिक्षामा पहुँच , गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि सिमकोट गाउँपालिकाको समाबेशी शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ,रणनीति ,उल्लेख गरिएको छ ।

### ४.३.२ **वर्तमान अवस्था**

यस गाउँपालिका भित्र रहेका विद्यालयहरुमा छात्रा १६०६ अध्ययनरत छन् । त्यसैगरि २५९ दलित छात्रा ,४३६ जनजाति छात्रा र ८९ जना मधेशि छात्रा गरी जम्मा ६४५ जनजाती ५८० छात्र र ९२७ छात्रा गरी जम्मा ,२३९० जना छात्रा रहेका छन। विद्यार्थीहरुको मातृभाषा नेपाली र लामा भाषा रहेको छ । विद्यालयमा उपस्थित विद्यार्थीहरुमा छात्र र छात्राको सङ्ख्यात्मक उपस्थिति बराबर नजिक रहेको पाइन्छ । अपाङ्गताभएका जम्मा १५९ जना मध्य ६० जना छात्रा अपाङ्गता रहेको छ । यस गाउँपालिकामा ४.५ प्रतिशतमा ३.८ प्रतिशत महिला र ५.२ प्रतिशत पुरुष अपाङ्गता रहेका छन । अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा टिकाउन र सिकाउन कानुन संवद प्राप्त गर्ने सेवा सुविधाका साथै यस पालिकाले आवश्यक शैक्षिक सामाग्री सहायता प्रदान गर्दै आइरहेको छ । यस पालिकामा रहेका ५ देखि २५ वर्ष सम्माका बालबालिका मध्ये २१ प्रतिशत बालबालिका विद्यालयमा. अनुपस्थित रहेको देखिन्छ । (जनगणना २०७८)पालिकाभित्र जोखिममारहेका बालबालिकाको सङ्ख्या १७ जना रहेक छन् । उनिहरु नियमित विद्यालय उपस्थिति नहुने सिकाइ क्रियाकलापमा सक्रिय सहभागिताको ,कमी रहेको पाईन्छ । जोखिममा रहेका बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चितता र शिक्षामा समावेशीकरण गर्नका लागि पालिकाले विभिन्न सहायता तथा छात्रवृत्तीहरु वितरण गर्दै आइरहेको छ । पालिकाले नेपाल सरकाले तोकेको मापदण्ड अनुसार सबै विद्यार्थीहरुलाई निशूल्क पाठ्यपुस्तक छात्रवृत्ती प्रदान गर्दै आइरहेको छ भने विद्यालयलाई आवश्यक , पाठ्यक्रम शैक्षिक सामाग्रीहरु पनि वितरण गर्दै आइरहेको छ , । यहाँका २९ सामुदायिक विद्यालयमा रहेक कूल ,९ जना दलित ,१७४ शिक्षककमा ४६ जना महिला शिक्षक१४ जना जनजाति शिक्षक रहनुभएको छ भने ३१ ओटै बालविकासमा महिला बालविकास सहजकर्ता रहनु भएको छ ।

### **चुनौती तथा अवसर**

आर्थिक सामाजिक र अवसरका रूपमा पछाडि परेका वर्गको समतामूलक पहुँच तथा समावेशी शिक्षाका लागि , आवश्यक अपाङ्गतामैत्री पूर्वाधारको विस्तार गर्नु, शिक्षण पेसामा महिला शिक्षकको सङ्ख्या वृद्धि गर्न नसकिनु , समावेशी शिक्षाका लागि घरपरिवार, समुदाय र विद्यालयहरुबाट उचित सहयोग र सकारात्मक सोचको विकास गर्नु, विशेष शिक्षा मार्फत गुणस्तरीय जीवनयापन र आत्मनिर्भर गराउने कार्यमा अपेक्षित उपलब्धी हासिल गर्नु,

अपाङ्गताको प्रकृतिका आधारमा बालबालिकाका निम्ति सहज पहुच हुनेगरी विशेष प्रकृतिका शिक्षालयहरुको स्थापना र सञ्चालन गर्नु, दृष्टिविहीन बालबालिकाहरुका निम्ति आवश्यक पर्ने सन्दर्भ सामग्री एवम सुस्त श्रवण भएका बालबालिकाहरुका निम्ति साङ्केतिक भाषाको सिप भएका शिक्षकहरुको उपलब्धतालाई सहज बनाउनु, विशेष शिक्षाका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन र व्यवस्थापन गर्नु, विविध प्रकारका बालबालिकाको तथ्याङ्क तथा सूचनालाई अद्यावधिक गर्नु, समावेशी र विशेष शिक्षा अनुकूल मूल्याङ्कन परीक्षा प्रणालीको विकास गर्नु, समाजमा विद्यमान कतिपय कुरिति र कुप्रथा भएको कारण समावेशी किसिमको सामाजिक संरचनाको स्थापना गर्नु जोखिममा रहेका बालबालिकालाई विद्यालयमा , नियमित गराउन नसक्नु जस्ता चुनौतीहरु आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच तथा समावेशी शिक्षाका क्षेत्रमा देखिएका विद्यमान समस्या र चुनौतीहरु हुन् ।

यसैगरी विद्यालयमा छात्रा विद्यार्थीकोलागि छात्रवृत्ती वितरण गरिनुछात्र र छात्रा विद्यार्थीको , सङ्ख्या बराबर हुनु , छात्रा तथा जोखिममा रहेका बालबालिकाको लागि उत्प्रेरित गर्ने क्रियाकलाप ,अभिभावक शिक्षा सञ्चालन गरिनु आधारभूत तह कक्षा १ ,सञ्चालन गरिनु-८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिनु शिक्षा ऐन एवम् शिक्षक , सेवा आयोग नियमावलीले समेत शिक्षक छनौट प्रक्रियालाई समावेशी बनाउनु शिक्षा र शिक्षक तालिम कार्यक्रम , मार्फत अपाङ्गता भएका र विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि अन्य बालबालिकाहरुसँग समावेशी किसिमबाटशिक्षणसिकाइ गर्ने कार्यलाई प्राथमिकतकापूर्वक सञ्चालन गरिनु , प्राथमिक तहका पाठ्यपुस्तकहरु २५ भन्दा बढि मातृभाषामा प्रकाशन गरी पठनपाठनका लागि प्रयोग गरिनु, विपन्न तथा विविध किसिमले पछि परेका समुदायका बालबालिकाहरुलाई विभिन्न प्रकारका आरक्षण कार्यक्रम सञ्चालन गरी मूलप्रवाहीकरण गर्ने प्रयास हुनु, जस्ता अवसरहरु आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको समतामूलक सहभागिता तथा समावेशीकरण क्षेत्रमा देखा परेका मुख्य अवसरहरु हुन

**४.३.३ उद्देश्य**

✓ लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु

✓ विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता सिकाइ वृद्धि र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु , ।

**४.३.४ रणनीति**

✓ विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने र सिकाइ क्रियाकलापमा समान सहभागिताको वातावरण निर्माण गर्ने,

- ✓ छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न कठिन परिस्थतिमा रहेका र अपाङ्गता ,सुविधाविहीन , भएका बालबालिका सहभागी हुने व्यवस्थागर्ने,
- ✓ कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने,
- ✓ अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने,
- ✓ सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने
- ✓ विद्यालयका सबै क्रियाकलापमा समतामूलक सहभागिता सुनिश्चित गर्दै विद्यार्थीको सिकाइमा समान अवसर प्रदान गर्ने,

४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- ✓ लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच भएको हुने छ ।
- ✓ विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितत भई बालबालिकाको नियमित उपस्थिति, सहभागिता सिकाइ वृद्धि र सिकाइ सहज हुने वातावरण निर्माण भएको हुनेछ , ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह १-५ मा विद्यालय बाहिर रहेका बालिकाको सङ्ख्या | ७१ | ५० | ३० | १५ | ० |
| २ | आधारभूत तह ६-८ मा विद्यालय बाहिर रहेका बालिकाको सङ्ख्या | २३ | १८ | १० | ५ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक तह ९-१० उमेर समूहका विद्यालय वाहिर रहेका बालबालिकाको सङ्ख्या | ७ | ० | ० | ० | ० |
| ४ | माध्यमिक तह ११-१२ उमेर समूहका विद्यालय वाहिर रहेका बालिकाको प्रतिशत | ०.० | ० | ० | ० | ० |
| ५ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.०५ | १ | १ | १ | १ |
| ६ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०४ | १ | १ | १ | १ |
| ७ | विद्यार्थी ,अभिभावक तथा समुदायमा सचेतना मूलक कार्यक्रम | ० | ३ | ४ | ६ | १२ |

४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | नियमित विद्यालय उपस्थिति हुन भोग्नु परेका समस्याहरुको पहिचान तथा न्युनिकरणका उपायहरुको अवलम्वनका लागि मापदण्ड वा कार्यविधि निर्माण र कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | लक्षित वर्गकालागि आवश्यकताका आधारमा कार्यक्रमको निर्माण तथा कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | उपयुक्त शिक्षाको प्रबन्धकालागि बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गर | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्थाबिच जवाफदेही सहितको कार्यगत एकताकालागि कार्यविधि तथा मापदण्डको निर्माण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | जेहेन्दार बालश्रमिक बालबालिकाहरुको लागि ,विपन्न अनाथ , शैक्षिक सहायतासामाग्रीको वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५० | १०० |

## ४..४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

स्वास्थ्य मानिसको पहिलो धन हो । शरीर स्वस्थ रहनका लागि आवश्यक मात्रामा पोषणको आवश्यकता पर्दछ । गुणस्तरिय शिक्षाका लागि मानव स्वस्थ शरीर महत्वपूर्ण आधार हो । बालबालिकाहरु स्वस्थ नभएसम्म उनिहरुले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् किनकि स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाई वास्तविक र धुर्वसत्य कुरा हो । विगतको दुई दशकमा बालबालिकामा यून पोषणको दर उल्लेखनीय रूपरूपमा घटेको छ। सन् १९९६ मा ५७% रहेको पुड्कोपन (उमेर अनुसारको उचाई नहुनु) को सङ्ख्या सन् २०१६ मा घटेर ३६% पुगेको छ। सोहि समयावधिमा यून वजन (उमेर अनुसारको वजन नहुनु) ४२% बाट घटेर २७% पुगेको छ र ख्याउटेपन (उचाई अनुसारको वजन नहुनु) १५% बाट घटेर १०% पुगेको छ। विगतको दुई दशकमा बालबालिकामा यून पोषणको दर उल्लेखनीय रूपरूपमा घटेको छ। सन् १९९६ मा ५७% रहेको पुड्कोपन (उमेर अनुसारको उचाई नहुनु) को सङ्ख्या सन् २०१६ मा घटेर ३६% पुगेको छ। सोहि समयावधिमा यून वजन (उमेर अनुसारको वजन नहुनु) ४२% बाट घटेर २७% पुगेको छ र ख्याउटेपन (उचाई अनुसारको वजन नहुनु) १५% बाट घटेर १०% पुगेको छ। बालबालिकाहरुको गुणस्तरिय र सहज सिकाइका लागि विद्यालयले स्वच्छ खानेपानि खाजा सफा शौचालयको व्यवस्था गर्नुपर्दछ । अहिलेको सबैभन्दा ठूलो समस्या भनेको बालबालिकाहरुमा बजारमा पाइने प्याकेटमा राखिएका रेडिमेट खाद्यपदार्थ र पेय पदार्थहरु खानेबानि हो । यि पदार्थहरु स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि हुन्छ। त्यसैले यस विषयलाई गम्भिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य र पोषण सम्वन्धि कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ।

सरकारले देशभरका सबै विद्यार्थीहरूलाई प्रारम्भिक बालविकास र शिक्षा देखि कक्षा ५ सम्म मध्याह्न भोजन प्रदान गरेको छ। यो कार्यक्रम केवल समुदाय विद्यालयहरूको लागि लागू छ, जहाँ विद्यालयहरूले प्रयोग गर्नका लागि मेनुको चयनको विकल्प पाएका छन्, जसमा CEHRD द्वारा प्रदान गरिएको मेनु, स्थानीय सरकार द्वारा प्रदान गरिएको मेनु, वा विद्यालयले आफैले डिजाइन गरेको मेनु समावेश छ। कूल ५०. २% आधारभूत(कक्षा १ – ८ ) विद्यालयहरूले आफ्नै मेनु प्रयोग गरेका छन् भने आधारभूत कक्षा १ -५ का ५० प्रतिशत विद्यालयहरूले पनि त्यस्तै गरेका छन्। विद्यालयहरूले स्थानीय रूपमा तयार गरिएको आफ्नै मेनु प्रयोग गर्दैछन्, स्थानीय सरकारले प्रदान गरेको मेनुको सट्टा सरकार र सङ्घीय सरकारको द्वारा प्रदान गरिएको मेनुको प्रयोग सबैभन्दा कम छ, किनकि केवल १४. ७ प्रतिशत आधारभूत तह कक्षा १ -८ र १३.१ प्रतिशत आधारभूत कक्षा १-५ विद्यालयहरूले मध्याह्न भोजनको लागि यो मेनु प्रयोग गरेका छन्। मध्यान्ह भोजनको व्यवस्थापनको सन्दर्भमा ,५४.२% आधरभूत तह कक्षा १-५ का विद्यालयहरुले आफ्नै सुविधा प्रयोग गरेर मध्यान्ह खाजा कार्यक्रम व्यवस्थापन गरेका छन जबकि आधारभूत तह कक्षा १-८ का विद्यालयहरुकोलागि यो प्रतिशत ५९. १ प्रतिशत छ। क्यान्टिनको व्यवस्था विद्यालयहरूको तेस्रो विकल्प हो, जसमा १७.४ प्रतिशत आधारभूत तह कक्षा १-५ का ११ प्रतिशत र आधारभूत तह कक्षा १-८ का ४ प्रतिशत विद्यालयहरुले दिवा खाजा व्यवस्थापन गरेका छन।

४.४.१ वर्तमान अवस्थाः

बालबालिकाको जीवनरक्षा, स्वास्थ्य तथा विकासका लागि उपयुक्त पोषण एक दरिलो जग हो। राम्रो पोषण पाएका बालबालिकाहरू राम्ररी सिक्न र हुर्कन सक्छन्, समुदायमा सहभागी हुन र योगदान दिन, तथा रोग, विपत्ति र अन्य विश्वव्यापी सङ्कटहरूसँग लड्न समर्थ हुन्छन्। तर कुपोषणबाट पिडित लाखौं बालबालिकाको लागि वास्तविकता निकै तितो छ। थप लाखौं बालबालिका चरम कुपोषणका कारण पुड्का हुन जान्छन् जसको उपचार सम्भव छैन । यसले बालबालिकाको शारीरिक र मानसिक विकासलाई वास्तविक रूपमै छोट्याउने गर्दछ। बालबालिकाको बौद्धिक विकासको लागि पोषणको आवश्यकता पर्दछ । हाल नेपाल सरकारबाट बालविकास देखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेको छ । विद्यालयहरुले स्थानीय स्तरमा उपलब्ध खाद्यसामाग्रीको प्रयोग गरि दिवाखाजा वितरण गर्दै आइरहेका छन् ।विद्यालयले तोकिए बमोजिम खाजा समिति वा अन्य व्यवस्थापन गरी दिवा खाजा कार्यक्रम प्रभावकारी रूपरूपमा सञ्चालन गर्दै आइरहेका छन् । साथै स्थानीय तहमा महिनावारी स्वच्छता सम्वन्धी विद्यालय तहमा १०-१९ वर्षसम्मका किशोरीहरुलाई २ चरणमा रक्तअल्पता कम गर्ने आइरन फोलिक चक्की वितरण भइरहेको छ । धैरै विद्यालयहरुले स्वास्थ्य चौकी तथा आफ्नै खर्चमा प्राथमिक उपचारको व्यवस्थापन पनि गर्दै आएका छन्। पालिकामा सञ्चालित विद्यालयहरुमा विद्यार्थीको विभिन्न क्लव तथा समूहहरु गठन गरी सरसफाइ तथा स्वच्छता सम्बन्धी सम्बन्धी कार्यक्रमहरु नियमित गरिरहेका छन् । सम्पूर्ण सामुदायिक विद्यालयहरुमा महिनावारी स्वच्छता सम्वन्धी १० १९ वर्षसम्मका किशोरीहरुलाई-नि; शुल्क सेनिटरी प्याडको व्यवस्थापन समेत भएको छ। केहि विद्यालयहरुमा सरसफाई सम्वन्धी हातधुने पानि तथा अपाङ्गमैत्री र छात्रछात्रामैत्री छुट्टाछुट्टै शौचालय रहेको छ।

**चुनौती तथा अवसर**

विद्यालयमा पोषण तथा सरसफाई एक महत्वपूर्ण पक्ष हो । दिवा खाजा कार्यक्रमको कार्यान्वयनमा सरोकारवालाहरुको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्नु, बालबालिकाको खाद्य तथा पोषणलाई कानुनीअधिकारको रूपमा सबै विद्यालयहरुमा स्वच्छ खानेपानी तथा ,स्थापित गराउनु शौचालयको प्रवन्ध गर्नु विद्यालयमा नियमित , स्वास्थ्य जाँच गर्ने कार्यलाई विद्यालयमा कार्यान्वयन गर्नु र हाल विद्यालयहरुमा महिनावारी स्वच्छता सम्वन्धी १०-१९ वर्षसम्मका किशोरीहरुलाई नि; शुल्क सेनिटरी प्याडको व्यवस्थापन गरेतापनि प्रयोग गरिएका सेनिटरी प्याडहरुलाई व्यवस्थापन गर्नु , वद्यालय तहमा सबै कक्षामा दिवा खाजा उपलब्ध गराउनु र खाजालाई पोषणसँग जोड्नु चुनौति रहेको छ । सबै सामुदायिक विद्यालयहरुमा ई देखि ५ कक्षा सम्मका सम्पूर्ण.डि.सि. बालबालिकाहरुलाई दिवा खाजाका लागि सशर्त अनुदानको व्यवस्था गरिनु, स्थानीय स्तरमा उत्पादित खाद्यानका आधारमा विद्यालय खाजा मेनुको निर्माण गरिनु, विद्यालयमा अध्ययनरत किशोरीहरुलाई नि; शुल्क आइरन फोलिक

एसिड र सेनिटरी प्याड वितरण गरिनु, बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा रहनु जस्ता कुराहरुलाई यस क्षेत्रको प्रमुख अवसरको रूपरूपमा लिन सकिन्छ ।

**४.४.२ उद्देश्य**

१. बालबालिकालाई स्वस्थ पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चित गर्नु

२. स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छतासम्वन्धी सेवाको गुणस्तर वृद्धि गरि बालबालिकाको पोषण स्वास्थ्य र सिकाइ उपलव्धिमा सुधार गर्नु

३ . स्वच्छ सरसफाइयुक्त विद्यालय निर्माण गर्नु ।

**४.४.३ रणनीति**

१ दिवा खाजा कार्यक्रमलाई क्रमश विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा . उपलव्ध गराउने र अभिभावकको सक्रियताबढाउने ,

२ . स्थानीय स्तरमा प्राप्त खाद्यवस्तुको सन्तुलित मिश्रणबाट पोषणयुक्त खाजा तयारी र वितरण सुनिश्चित गर्ने,

३ . दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने

४ . विद्यालयमा विद्यार्थीसङ्ख्यासङ्ख्या को अनुपातमा पर्याप्त पानी साबुन तथा सफाई सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र छात्राका लागि अलगअलग शौचालय हात धुने ठाउँ स्वच्छ खानेपानी कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रवन्ध र घेरबारको व्यवस्था गर्ने,

५ . दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने

६ . माध्यमिक तहका विद्यालयहरुमा नर्सिङ्ग कार्यक्रम सञ्चालनगर्ने,

७. समयमा सबै विद्यालयहरुमा पोषण सरसफाई सम्वन्धि स्वास्थ्य शिक्षा सञ्चालन गर्ने,

८ विद्यालयमा प्राथमिक उपचार किट बालबालिकाको आवधिक स्वास्थ्य जाँच जुकाको औषधि भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरुका लागि महिनावारी स्वच्छताका लागि सेनिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ,

**४.४.४ प्रमुख उपलब्धि, तथा नतिजा**

उपलब्धिः

स्वच्छ सफा वातावरण मैत्री विद्यालय निर्माण हुने साथै बालबालिकामा कुपोषणको दरमा कमी हुने ।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र विद्यालय भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | ९८ | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ५ | ५ | ६ | ७ | ८ |
| ४ | वार्षिक रूपरूपमा विद्यार्थिको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | - | २ | २ | ३ | ३ |
| ५ | प्राथमिक स्वास्थ्य सेवा पहुँच पुगेका विद्यालय | - | २ | २ | ३ | ३ |
| ६ | नर्सिङ्ग सेवा सुविधा पुगेका विद्यालय सङ्ख्या | - | - | १ | १ | १ |
| ७ | स्थानीय स्तरमा प्राप्त खाद्यवस्तुको प्रयोगबाट दिवाखाजा कार्यक्रम सञ्चालन गर्ने विद्यालयको सङ्ख्या | | | | | |

४.४.५प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणत्मक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (१०वर्षे) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | दिवा खाजाको लागि आवश्यक सामग्रीको प्रवन्ध | वटा | ५१ | ४ | ४ | ४ | ५ | ५ | २२ | २९ |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रवन्ध | वटा | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी किसान समूहलाई तालिम तथा सहयोग | वटा | १५ | - | १ | १ | १ | १ | ५ | १० |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी साबुन तथा सफाई सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय हात धुने ठाउँ स्वच्छ खानेपानी । | वटा | ४१ | २ | २ | २ | ३ | ३ | १२ | २९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कक्षा ६ १२ सम्मका-छात्राहरुलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | -११ | |
| ६ | आवधिक स्वास्थ्य जाँच जुकाको औषधि तथा आइरन फोलिक एसिड प्रदान | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान | वटा | ५३ | ११ | २ | ३ | ४ | ४ | २४ | २९ |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण र उत्थानशीलता

प्राकृतिक वा मानवीय कारणले गर्दा उत्पन्न हुने जोखिमपूर्ण अवस्था विपत् हो । यसका असरहरुबाट बच्न गरिने सम्पूर्ण क्रियाकलापको समष्टि नै विपत् न्यूनीकरण हो । हरेक बालबालिकाहरुले सुरक्षित रूपरूपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागि हुन पाउने उनीहरुको नैर्सगिक अधिकार हो । नेपालको संविधानमा नै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ । बालबालिकाहरुले सबै भन्दा बढी समय विताउने स्थान भनेको विद्यालय हो । नेपालमा निरन्तर दोहोरिने प्रकोपका कारण विद्यालयका संरचनामा हुने क्षति, शिक्षण सिकाइमा हुने अवरोध, विद्यार्थीले विद्यालय छोड्न बाध्य हुने अवस्था र स्थानीय समुदायको उत्थानशीलता अभिवृद्धिमा आउने अवरोध मननीय पक्ष हुन् । परिणामस्वरूप विद्यार्थीले विद्यालयमा सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण प्राप्त गर्न सकिरहेका छैनन् ।

विद्यालय सुरक्षाका निमित्त विपत् जोखिम न्यूनीकरण र उत्थानशीलताका लागि विश्वव्यापी सञ्जाल र संयुक्त राष्ट्र सङ्घीय विपत् जोखिम न्यूनीकरण सचिवालयले बृहत् विद्यालय सुरक्षा ढाँचा तयार गरेको छ ।यस ढाँचामा सुरक्षित सिकाइ सुविधा, विद्यालय विपत् व्यवस्थापन र जोखिम न्यूनीकरण र उत्थानशील शिक्षासहितका तीनओटा आधारस्तम्भ रहेकाछन् । नेपालको शिक्षा क्षेत्रलाई सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण विकासका निमित्त उल्लिखित तीनओटा आधारस्तम्भले लिएको लक्ष्य प्राप्त गर्न शिक्षा क्षेत्रका नीति, ऐन, नियम र सङ्घीय, प्रादेशिक र स्थानीय तहका योजनाका साथै स्थानीय विपत् तथा जलवायु उत्थानशील योजनामा समायोजन गर्नु आवश्यक रहेको छ । यसका लागि शिक्षा क्षेत्रको प्रकोप लेखाजोखा गर्दा बालबालिकालाई केन्द्रमा राख्नु जरुरी छ ।

### ४.५.१ वर्तमान अवस्था

भौगोलिक रूपरूपमा विकट नै मानिने यस सिमकोट गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरु बालमैत्री विद्यालय कार्यढाँचाको मापदण्ड अनुसार सञ्चालित छैनन । यसैगरी यस गाउँपालिका अन्तर्गतका कुनैपनि विद्यालयमा हाल विपत् उत्थानशील वातावरण तयार पार्न सकिएको छैन । विश्वव्यापी महामारीको रूपरूपमा फैलिएको कोभिड–१९ ले नेपालमा पनि सामाजिक एवम् आर्थिक जीवनमा ठूलो नकारात्मक असर पुऱ्यायो । यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरू, नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धी सम्बन्धित सामाजिक सुरक्षा, विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरिएको थियो । उक्त कोभिड-१९ महामारीबाट यस गाउँपालिकाका ३४ बालविकास केन्द्रहरू ३१ विद्यालयहरू तथा ती बालविकास केन्द्रमा र विद्यालयमा अध्ययनरत बालविकास , कक्षादेखि १२ सम्म ४५०० जना बालबालिकाहरू र १९३ शिक्षकहरूको दैनिकशिक्षण सिकाइ कार्य अवरुद्ध भएको

थियो। जसका कारण सबै कक्षाका अन्तिम परीक्षाहरू समेत प्रभावित हुन पुगे । यतीमात्र होइन कोभिड १९ को दोस्रो लहरका कारण पुन बालबालिकाको शिक्षण सिकाइ क्रियाकलाप पुन प्रभावित भएको थियो। यस सन्दर्भमा नेपालले विभिन्न वैकल्पिक माध्यमहरुबाट बालबालिकाहरुको सिकाइलाई निरन्तरता दिने कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । हाल कोभिड १९ बाट भएको सिकाइ क्षतिलाई न्यूनीकरण गर्नका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा आएको छ । दुबै चरणका कोभिड महामारीका समयमा यस गाउँपालिकाकाले वैकल्पिक सिकाइ सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी बालबालिकाकाहरुको महामारीमा पनि सिकाइलाई निरन्तरता दिइ उनीहरुको पढन पाउने अधिकारलाई सुरक्षित गरेको थिय । हालको समयमा पनि धेरै जसो विद्यालयमा पुराना स्वरूपका भवन विस्तापित गर्न नसकिएकाले हावाहुरी तथा वर्षाका कारण अध्यापन कार्य प्रभावित हुदै आइरहेको छ ।

चुनौती र अवसरहरु

विपद्का कारण उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाको पहिचान गर्नु, विपत् सम्भावित घटना हुन नदिन पूर्व सावधानी अपनाउनु, यन्त्रहरुको माध्यमबाट प्रकोपको पूर्वानुमान गर्न सकिए तापनि समय स्वरूप , र मात्राको एकीन गर्नु, आपतकालीन अवस्थाको शिक्षालाई योजनामा समावेश गरी कार्यान्वयन गर्नु, विपत् व्यवस्थापनका लागि स्रोत, समय सीमा, जिम्मेवारी सम्बन्धमा भरपर्दो वातावरणको निर्माण गर्नु , विद्यालय सुरक्षाका लागि नीतिगत रूपरूपमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नु, विपत् पछिको क्षति न्यूनीकरणका लागि आवश्यक मानवीय, भौतिक तथा आर्थिक स्रोत व्यवस्थापन गर्नु, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता सम्बन्धी देखिएका वर्तमान मुख्य समस्या तथा चुनौतीहरु हुन ।

यसैगरी भवन निर्माण सम्बन्धी आचारसंहिताले कार्यान्वयन हुनु, पालिकास्तरमा विपत् व्यवस्थापन समिति र कोष निर्माण तथा परिचालन हुनु, विभेद, दुव्र्यवहार, हिंसा अन्तका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धी र सम्झौताहरुका हस्ताक्षर गर्नु, सुरक्षित विद्यालय व्यवस्थापनका लागि विभिन्न सङ्घसंस्थाहरुले पालिकासँग सहकार्य र सहलगानी गर्नु, नागरिक समाज, सरकार तथा सङ्घसंस्थाहरु हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख हुनु, महामारी र प्रकोपको अवधिमा सरकार,सङ्घसंस्था तथा व्यक्तिहरुले समेत उल्लेख्य योगदान गर्नु, गाउँपालिकाले विपत् व्यवस्थापन कोष स्थापना र सञ्चालन गर्नु जस्ता महत्वपूर्ण अवसरहरु यस क्षेत्रमा छन् ।

४.५.२ उद्देश्य

- विपत् न्यूनीकरणका लागि विपत् पूर्व र विपत् पश्चातका लागि आवश्यक तयारी गर्नु

- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलताका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु

- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिधित गर्नु

४.५.३ रणनीति

- विपत् समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यबस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने

- विद्यालयस्तरमा विपत् फोकल पर्सन तोक्ने

- विद्यालस्तरमा सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने

- गाउँपालिका अन्तर्गतका सम्पूर्ण शिक्षकहरुलाई विपत् व्यवस्थापनसँग सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गर्ने

- कोभिड १९-लगायतका अन्य महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने

- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने

- विद्यालयमा नयाँ संरचना निर्माण गर्दा भवन मापदण्ड अनुसार संरचना निर्माण गर्ने

- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तया त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने

- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने

- स्थानीय स्तरमा शिक्षा समूह )Education Cluster) निर्माण तथा परिचालन गर्ने

- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने

- विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने
- सम्पूर्ण विद्यालयहरुमा विपत् व्यवस्थापन कोषलाई अनिवार्य कार्यान्वयन गर्ने
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड,२०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने
- विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने
- गाउँपालिकाले बनाएको स्थानीय पाठ्यक्रममा विपद्का स्वरूप र यसबाट बच्ने उपायहरुको समावेश गर्ने,

४.५.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ।
- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिप सहित कोभिड जस्ता महामारी तथा विपत् | ० | ५ | १० | ५ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | | | | |
| २ | हरित विद्यालय सङ्ख्या | ० | २५ | २५ | २५ | २५ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | २५ | २५ | २५ | २५ |
| ४ | विपत् प्रतिरोधात्कम संरचना निर्माण भएको विद्यालय सङ्ख्या | ० | ५ | ५ | १० | ९ |
| ५ | विपत् व्यवस्थापन कोषको स्थापना भएको विद्यालय सङ्ख्या | ० | ५ | ६ | ६ | ६ |

४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पनुरावलोकन तथा निर्माण गर्ने | पटक | १ | १ | | | | | १ | निरन्तर |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | विद्यालयहरुमा विपत् व्यवस्थापन सामग्री व्यवस्थापन तथा जडान गर्ने | सङ्ख्या | २५ | ० | १० | ५ | ५ | ५ | २५ | निरन्तर |
| ४ | स्वास्थ्य संस्था र विद्यालयको समन्वयमा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | विपत् पूर्वतयारी पुनर्स्थापना तथा ,प्रतिकार्य , उत्थानशीलताका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | शिक्षक तथा वि तालिम.स.व्य.सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | विद्यालयम आसपास तथा वरीपरी Bio-engineering गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | सम्पूर्ण विद्यालयहरुमा आपतकालीन फोन नम्बरको सूचि राख्ने तथा आपतकालीन द्वार नक्सा स्थापना | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

४.६ विद्यालय भौतिक पूर्वाधारविकास

विद्यालयको भौतिक पूर्वाधार बालबालिकाहरुको सिकाइको पहिलो शर्त हो । विद्यालय शिक्षालाई समतामूलक , व्यवहारीक बनाउन सर्वप्रथम सुरक्षित स्थानको आवश्यकता पर्दछ त्यसका लागि विद्यालयको ,गुणस्तरीय ,पहुँचयोग्य भौतिक संरचना अनिवार्य तत्व हो ।विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नका लागि कक्षाकोठा दिसापिसाब गर्नका लागि सफा शौचालय र पिउनका ,खेल्नका लागि खेलमैदान , लागि स्वच्छ पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । नेपालको सन्दर्भमा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० बमोजिम आधारभूत तह कक्षा १ ८ सम्मको लागि प्रति विद्यार्थी-यूनन्यूनतम २० वर्ग मिटर बराबर.१२ सम्मका लागि प्रति विद्यार्थी १-१ वर्ग मिटर र माध्यमिक तह कक्षा ९ क्षेत्रफलको मापदण्ड तोकिएको छ । ले बालबालिको (संशोधन सहित) शिक्षा नियमावली २०५९ बसाई व्यवस्थापन गर्न प्रारम्भिक बालविकास तथा प्राथमिक तहका विद्यार्थीका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत (कक्षा ६-८) तह तथा माध्यमिक तहका विद्यार्थीका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकिदिइको छ । सोह्रौँ पञ्चवर्षिय योजना ले बहुविधायुक्त विज्ञान प्रयोगशालाको स्थापना गरी शैक्षिक संस्थालाई स्मार्ट बनाइ डिजिटल संयन्त्र मार्फत शिक्षण सिकाइलाई प्रयोगात्मक बनाउने, पुस्तकालय,प्रयोगशाला,शैक्षिक संस्थामा भौतिक पुर्वाधार,सहज स्वास्थ्य र खानेपानी, शौचालय तथा सरसफाइको अनुकूल वातावरण सिर्जना गर्ने शिक्षण संस्थाका भवनहरु भूकम्प लगाएत प्राकृतिक प्रकोपले क्षति पुगेका र जीर्ण भएका शिक्षण संस्थाका भवनहरुको पुन निर्माण तथा प्रवलीकरण गर्ने रणनीति लिएको छ ।

४.६.१ वर्तमान अवस्था

यस पालिका अन्तर्गत २५ वटा सामुदायिक विद्यालहरु सञ्चालनमा रहेका छन् विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठा पुगेको देखिन्छ । गाउँपालिमा भित्र रहेका वटै माध्यमिक विद्यालयमा पुस्तकालयस्थापना गर्ने क्रममा रहेको छ भने विज्ञान प्रयोगशाला ,ICT Lab निर्माण गरि प्रयोगमा आएको छ । १४ वटा आधारभूत तह पुस्तकालय ICT Lab र २ वटामा Digital Library स्थापन गरी सञ्चालनमा रहेको छ । सबै विद्यालयहरुमा पुस्तकालय प्रयोगशाला तथा कार्यालय प्रयोजका लागि छुट्टा छुट्टै कोठाको व्यवस्थापन भएको छ । कच्चि भवनमा सञ्चालित विद्यालयको भौतिक संरचना लाई पक्की रुपमा रुपान्तरण गर्नुकासाथै केही विद्यालयहरु मर्मत गर्नुपर्ने अवस्थामा रहेका छन् । माध्यमिक विद्यालहरुमा छात्र र छात्राकालागि छुट्टा छुट्टै छात्राको लागि महिनावारी स्वच्छता सहितको शौचालय निर्माण गरिकएको

चुनौती तथा अवसर

विद्यालयलाई आवश्यक प्रयाप्त जग्गा नहुनुभौगोलिक विकटता तथा दुरीका कारण भौतिक संरचनाहर , निर्माण गर्ने लागत वढन गई तोकीएको अनुसार निर्माण गर्न नसकिनु यातायात पूर्वाधारको ,जग्गा प्राप्तिको प्रक्रिया झन्झटिलो हुनु , पूर्वाधारहरूलाई अपङ्गतामैत्री ,अभावले पनि प्रत्यक्ष वा अप्रत्यक्ष भौतिक संरचना निर्माण गर्न असर गर्नु, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु, सरकारी कार्यालय तथा विफरक फरक मापदण्डका कारण संरचनामा एकरुपता गराउन नसकिनु सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास , गर्नु, नियमित भौतिक संरचनाको मर्मत सम्मार गर्न आर्थिक अभाव हुनु आदि मुख्य चुनौती रहेका छन् विद्यालय संरचना निर्माणकालागि विभिन्न निकायले सहयोग गर्नु निर्माण हुने पूर्वाधारहरुलाई पालिक,स्थानीय स्तरमा दक्ष तथा अदक्ष कामदारहरु स्थानीय स्रोतको उपलब्धता हुनु निर्माण हुने पूर्वाधारहरुलाई भू कम्प प्रतिरोधी हुने गरि निर्माण गर्न अनिवार्य गरिनु विद्यालय र व्यवस्थापन समिति बिच समन्वयमा वृद्धिहुनु, अधिकांस विद्यालयहरुका पूर्वाधार विगतको तुलनामा सुधारहुदै गएको देखिनु, स्थानीय सरकारले वस्तुस्थिति बुझेर भूगोल अनुसारको संरचना निर्माणमा अग्रसरता लिन सक्नु आदी अवसरहरु रहेका छन ।

४.६.२ उद्देश्य

- ✓ विद्यालय शिक्षाका लागि आवश्यक भौतिक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
- ✓ सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास मर्मत संभार तथा , सबलीकरण गर्नु
- ✓ समुदायमा देखिने विभिन्न किसिमका प्राकृतिक प्रकोप विपत प्रति उत्थानशिलता सुनिश्चित गर्नु/ ।

४.६.३ रणनीति

- ✓ भौतिक पूर्वाधार विकासका लागि विद्यालयको सञ्चालित तह प्राकृतिक ,विद्यार्थी सङ्ख्याको आकलन , प्रकोपको जोखिमता र भौगोलिक क्षेत्रको बस्तुस्थितीका आधारमा मापदण्ड विकास गर्ने,
- ✓ मापदण्डलाई अनिवार्य कार्यान्वयन गर्ने र सो मापदण्ड कार्यान्वयन गर्न पुग्ने बजेट बमोजिमको संरचनामात्र निर्माण गर्ने अनुमति प्रदान गर्ने,
- ✓ भौतिक संरचना निर्माण गर्दा आवश्यकता र प्रयोजनका आधारमा मापदण्ड बनाइ लागु गर्ने,
- ✓ शिक्षण संस्थाहरुलाई प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा वहुप्रकारको विपत प्रति सम्बेदनशिल , अपाङ्गमैत्री र बालमैत्री बनाउनु

- ✓ विद्यार्थीलाइ प्रयाप्त मात्रामा सिकाइ क्रियाकलाप सञ्चालन गर्न पुग्ने र विपतमा सुरक्षित हुने संरचना निर्माण गर्ने
- ✓ विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गर्ने
- ✓ भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकार बिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने
- ✓ प्राकृतिक प्रकोप विपतबाट बच्नकालागि विपत पूर्वको तयारी गर्ने र सोहि अनुसारको संरचना निर्माण गर्ने/

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- ✓ सबै विद्यालयमा तोकिएको मापदण्ड अनुसारका पर्याप्त भौतिक संरचना निर्माण हुने
- ✓ विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री सुरक्षित र सिकाइका लागि उपयुक्त वातावरणीय हुने ,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालको भौतिक संरचना निर्माण सम्बन्धी सम्बन्धी मापदण्ड निर्माण | ० | ० | १ | | |
| २ | भूकम्प प्रतिरोधी विद्यालय | १ | २ | २ | २ | २ |
| ३ | प्राकृतिक प्रकोप न्युनिकरण सम्बन्धी सम्बन्धी पूर्व तयारी अभ्यास | ० | २५ | २५ | २५ | २५ |
| ४ | विद्यालयमा बालबालिकालाई विपत् जोखिम न्यूनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम | २५ | २५ | २५ | २५ | २५ |
| ५ | विद्यालयमा हरित विद्यालय सङ्ख्या | ० | २५ | २५ | २५ | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | विद्यालयमा जलवायू परिवर्तन तथा दिगो विकाशका निम्ति शिक्षाजस्ता कार्यक्रम कार्यन्वयन गर्ने विद्यालय सङ्ख्या | ० | २५ | २५ | २५ | २५ |
| ७ | विद्यालयमा विपत्  प्रतिकार्य योजना निर्माण गर्ने विद्यालय सङ्ख्या | ० | २५ | २५ | २५ | २५ |
| ८ | पालिका स्तरिय शिक्षा क्षेत्रको विपत् प्रतिकार्य योजना निर्माण | १ | | ० | १ | |
| ९ | विद्यालयमा बालबालिकालाई विपत् जोखिम न्यूनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम | २५ | २५ | २५ | २५ | २५ |

४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | परिमाणात्मक (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | वहुउपयोगि सुरक्षित भौतिक संरचना निर्माण सम्बन्धी सम्बन्धी मापदण्ड निर्माण तथा कार्यान्वयन | सङ्ख्या | | १ | | | | १ | २ |
| २ | पक्कि विद्यालय भवन निर्माण | पटक | १ | २ | २ | २ | २ | ९ | १८ |
| ३ | विद्यालयको सबलीकरण | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० |
| ४ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार | विद्यालय | ३ | ३ | २ | ३ | ३ | १४ | ७ |
| ५ | विद्यालयका फर्निचर मर्मत तथा नयाँ निर्माण | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | २० | ५ |
| ६ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी , महिनावारी स्वच्छता तथा सरसफाइको प्रबन्ध | विद्यालय | २ | २ | २ | २ | २ | १० | ११ |
| ७ | प्रारम्भिक बालविकासका लागि सहजै पहुँच योग्य पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय | २ | २ | २ | २ | २ | १० | ११ |
| ८ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय | ५ | ५ | ३ | ३ | ३ | १९ | २ |
| ९ | बालमैत्री खानेपानी संरचना निर्माण गर्ने | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | ११ |

४..७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

अहिलको युग सूचना तथा सञ्चार प्रविधिको युग हो । समयको माग र परिवर्तनसँग सूचना तथा सञ्चार प्रविधि मानवीय जीवनको अभिन्न अङ्गको रूपरूपमा विकास हुदै गएकाले शिक्षा क्षेत्रमा यसको महत्व दिन प्रतिदिन बढ्दै गइरहेको छ । विद्यालय शिक्षामा कम्प्युटर, रेडियो, टेलिभिजन, मोवाइल, इन्टरनेट, टेलिभिजन, स्मार्टबोर्ड जस्ता साधनहरुको प्रयोग गर्नुलाई शिक्षामा सूचना प्रविधिको प्रयोगका रूपरूपमा लिन सकिन्छ । पुरानो चक एण्ड टक विधिले अहिलेको समयको आवश्यकता अनुसारको शिक्षा र जनशक्ति दिन नसक्ने हुँदा विद्यालय तहदेखि माथिल्लो तहसम्मको शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगको महत्वलाई बढावा दिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले विद्यार्थीको सिकाइलाई रोचक तथा सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न , शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न र युगसुहाउदो शिक्षा प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न सहयोग गर्दछ । यतिमात्र होइन सूचना तथा संचार प्रविधिको मद्दतले सिकाइ सुधार हुने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउन सहज हुने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने भएकाले सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइको महत्वपूर्ण साधनको रूपरूपमा लिइन्छ । नेपालको संविधान, २०७२ को भाग ३ अन्तर्गत सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकको व्यवस्था गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस )Geospatial/GIS शिक्षा ( प्रदान गर्ने तथा शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने नीति लिएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । जसमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । यसैगरी हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यार्थीहरुको सिकाइका लागि इ लर्निङ्ग पोर्टल अर्थात सिकाइ चौतारी तयार पारेको छ । जसलाई हामीले शिक्षामा सूचना प्रविधिको प्रयोगसँग जोड्न सकिन्छ । साथै पाठ्यक्रम विकास केन्द्रले पनि इ लाइबेरी मार्फत सिकाइका सामग्रीहरु विद्यार्थीहरु माझ ल्याउने जमर्को गरेको छ । साथै २०७१ सालदेखि विद्यालय शिक्षाको तथ्याङ्की, यव्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र

प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने उद्देश्यका साथ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) अद्यावधिक गराउने कार्यको थालनी भएको छ ।

नेपालको पछिल्लो समयमा सन २०१९ को अन्त्यतिर विश्वव्यापी महामारिको रूपरूपमा देखा परेको कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको आवश्यकतालाई महसुस गराएको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा संचार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन् ।

यस खण्डमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, सबैको पहुँचगुणस्तर ,, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि सिमकोट गाउँपालिकाको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्यनतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख ग ,रणनीति ,रिएको छ ।

### ४७..१ वर्तमान अवस्था

सिमकोट गाउँपालिकाका २१ वटा सामुदायिक विद्यालयहरुमध्ये केहि विद्यालयहरुमा विद्युतको विस्तार भएतापनिकेहिविद्यालयहरुमा भौगोलिक विकटताका कारण विद्युत विस्तार हुन सकेको छैन । विद्युतको सुविधा नभएकाविद्यालयहरुमा  सौर्य उर्जाको माध्यमबाट विद्युतको अभाव पूर्ति गर्ने प्रयास गरिएको छ ।  यसैगरी यस गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवाको जडान भई त्यसको सामान्यरूपमा शिक्षण सिकाइमा प्रयोग हुदैँ आइरहेको पाइन्छ भने बाँकी  रहेका  आधारभूत विद्यालयहरुमा इन्टरनेट जडानका लागि अनुदानको व्यवस्था गरिएको छ । विद्युत सेवाको विस्तार नहुँदा र वैकल्पिक उर्जाको व्यवस्थापन नहुँदा इन्टरनेट जडानका लागि अनुदान निकासा भएतापनि जडान हुन सकेको छैन । यस गाउँपालिकाका माध्यमिक रआधारभूत विद्यालयहरुमा कनेक्टिभिटी सुविद्या सहितको ICT प्रयोगशाला स्थापना गरिएको छ भने केही विद्यालयहरुमा  कम्प्युटरका सामग्रीहरु जडान गरिएका छन । श्री सीता जनसहयोग माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशालाको स्थापना र सञ्चालन भएको छ । यसैगरी  श्री पीपल चौतारा माध्यमिक विद्यालयमा स्मार्टबोर्डको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भइरहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप – २०७६ अनुसार आधारभूत तह कक्षा (६-८) को पाठ्यक्रममा विज्ञान तथा प्रविधि विषयमा सूचना र बिचारहरुको आदान प्रदान, बिश्लेतथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि  सम्बन्धी

क्रियाकलापका लागि ३० कार्य घण्टा निर्धारण गरिएको छ । कोभिड १९ को प्रभावसँग हाल शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगको खाँचो महसुस भएको छ । यससँग शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको ( E - Learning portal ) का बारेमा सबैलाई सुसुचित गर्न सकिएको छैन् । शिक्षामा सूचना प्रविधिको प्रयोग स्वरूप विद्यालय तहका सम्पुर्ण शैक्षिक सूचनाहरुलाई व्यवस्थित गर्नका लागि एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाई वेभमा आधारित बनाइएको भयतापनि धेरैजसो विद्यालयमा कम्प्युटर लगायत सूचना प्रविधिसम्बन्धी सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको अभाव हुनाले यसलाई पूर्ण रूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन् ।

चुनौती तथा अवसरहरुः

अहिलेको युग सूचना र प्रविधिको युग हो । समयको परिवर्तनसँग शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य भयतापनि सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचनाको व्यवस्थापन गर्नु, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी साधनहरुको सञ्चालन र प्रयोगका लागि शिक्षकहरुको क्षमता विकास गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँचको विस्तार गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, विभिन्न तहका सरकार तथा इन्टरनेट प्रदायक संस्थाहरूका बिच समन्वय र सहकार्य व्यवस्थित गर्नु , सूचना र सञ्चारको प्राणिको रूपरूपमा रहेको विद्युत सेवाको विस्तार एवम् विद्युत सेवाको आपूर्तिलाई नियमित गर्नु, सूचना र सञ्चार प्रविधिको दुरूपयोगलाई न्यूनीकरण गर्नु,विद्यालयमा सूचना प्रविधि सम्वन्धी दक्ष जनशक्तिको अभाव केहि विद्यालयहरुमा विद्युत जडान नभएको, सबै विद्यालयमा आईटिको पहुँच नभएको.सि., आई टिको पहुँच भएका विद्यालयहरुमा मर्मत सम्भार नहुनु.सि.,सबै विद्यालयमा इन्टरनेटको पहुँच नहुनुको अभाव , आई .टि.सि. सम्वन्धी तालिम प्राप्त शिक्षकको अभाव जस्ता कुराहरुले शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा चुनौती खडा गरेका छन् ।

यसैगरी COVID १९ ले शिक्षामा सूचना र सञ्चारको महत्वको बारेमा सरोकारवालाहरुलाई आत्मबोध गराउनु, मोवाइल सेवाको विस्तारले पनि अनलाइनबाट हुने शिक्षण सिकाइका सकारात्मक योगदान पुऱ्याउनु, प्रविधिमैत्री शिक्षक समाज नेपालले प्रविधिमैत्री शिक्षक तालिमको लागि स्वतस्फुर्त किसिमबाट योगदान गर्नु, वाइफाइ र इन्टरनेट प्रविधि छोटो समयमै मानिसको जीवनको अभिन्न अङ्गको रूपरूपमा विकास हुनु, विद्यार्थीहरुमा अनलाइन शिक्षाप्रति अपेक्षाकृत चासो बढेको कारण शिक्षकहरुमा तत्सम्बन्धी दक्षता अभिवृद्धिका लागि दवावको सिर्जना हुनु, सूचना र सञ्चारको विकास र विस्तारका लागि सरकारी एवम् गैरसरकारी क्षेत्रहरु प्रतिष्पर्धात्मक किसिमबाट अघि बढ्नु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव संशाधन विकास केन्द्र एवम् पाठ्यक्रम विकास केन्द्र लगायत निजी क्षेत्रबाट अन्य धेरै सङ्घसंस्थाहरुले अनलाइनमा पढ्ने मिल्ने गरी पाठ्यसामग्रीको विकास गर्नु ,सबै

अभिभावकसँग मोबाइल फोन हुनु जस्ता कुराहरुलाई शिक्षाको क्षेत्रको सूचना तथा सञ्चार प्रविधिमा देखिएका अवसरहरु मान्न सकिन्छ ।

४७..२ उद्देश्य

- ✓ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,
- ✓ सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
- ✓ शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

४७..३ रणनीति

- ✓ सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
- ✓ सूचना तथा सञ्चार प्रविधिमा आधारित रही सबै शिक्षकहरूको क्षमता विकास गर्ने,
- ✓ दिगो र रोचक सिकाइका लागि विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने,
- ✓ शिक्षकको पेसागत विकास तथा शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- ✓ विद्यालयका शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,
- ✓ शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,
- ✓ सामूदायिक अध्ययन केन्द्रहरूमा सूचना तथा सञ्चार प्रविधिका संरचनाहरुको स्थापना सञ्चालन गर्ने,
- ✓ कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहिन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य सामग्रीको उचित प्रवन्ध र प्रयोग गर्ने,

४७..४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धिः

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन हुने ।

नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको संङ्ख्या | १५ | २१ | २१ | २१ | २१ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ५ | २१ | २१ | २१ | २१ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सँङ्ख्या | ० | २१ | २१ | २१ | २१ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संङ्ख्या | ० | २१ | २१ | २१ | २१ |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरुमा पुस्तकालय र इन्टरनेट सेवाको विस्तार गर्ने, | १ | १ | १ | - | - |
| ८ | ई हाजिरको व्यवस्था भएका विद्यालको सङ्ख्या | ० | २१ | २१ | २१ | २१ |

४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालयमा आई संरचना विस्तार गरि .टि.सि. इलाइब्रेरी स्थापना | वटा | २५ | २ | ३ | ५ | ५ | ३ | १८ | ७ |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेट कनेन्ट्रिभिटिको व्यवस्था | वटा | २५ | ४ | २५ | २५ | २५ | २५ | २५ | २१ |
| ३ | शिक्षकको क्षमता विकास | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरुमा पुस्तकालय र इन्टरनेट सेवाको विस्तार गर्ने, | वटा | ६ | १ | १ | १ | - | - | ३ | ३ |
| ५ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलव्धता | विद्यालय | २५ | ० | २५ | २५ | २५ | २५ | २५ | निरन्तर |
| ६ | IEMIS व्यवस्थापन | वटा | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | नरन्तर |
| ७ | साझेदारीमा क्रमश एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालन गर्ने | विद्यलाय | २५ | ० | २५ | २५ | २५ | २५ | २५ | निरन्तर |

## परिच्छेद ५:

५. मातृभाषामा शिक्षा

५. १ परिचय

नेपालको संविधानको धारा ३१ ले शिक्षासम्बन्धी हकलाई सुनिश्चित गरेको छ । यस धाराको उपधारा १ ले प्रत्येक नागरिकलाई शिक्षामा पहुँचको हक दिएको छ । उपधारा २ ले आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गरेको छ भने माध्यमिक शिक्षालाई निःशुल्क गरेको छ । उपधारा ३ ले अपाङ्गता भएका र विपन्नका लागि कानुनबमोजिम उच्च शिक्षालाई पनि निःशुल्क गरेको छ र उपधारा ४ ले दृष्टिविहीनका लागि ब्रेल लिपि र बहिराका लागि साङ्केतिक भाषामा शिक्षा पाउने हक सुनिश्चित गरेको छ । उपधारा ५ ले नेपालको प्रत्येक नागरिकलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको सुनिश्चितता गरेको छ ।

हाम्रो देश भाषिक अल्पसङ्ख्यकको देश हो । यस यथार्थले नै हाम्रो देश बहुभाषी रहेको प्रस्ट्याउँछ । सबैभन्दा पछिल्लो राष्ट्रिय जनगणना प्रतिवेदन, २०७८ ले हाम्रो देशमा १२४ मातृभाषा बोलिँदै गरेको देखाएको छ । नेपाल भौगोलिक रूपमा सानो देश हो । यहाँ सामाजिक, सांस्कृतिक र भाषिक दृष्टिले अत्यन्त समृद्धपरम्परा पाइन्छ । नेपाल विविध जातजाति, संस्कृति, चालचलन, रीतिरिवाज र भाषाभाषीको साझा स्थलकोरूपमा रहेको छ । बन्धु (२०७३) का अनुसार नेपालमा भारोपेली, भोटबर्मेली, आग्नेसियाली र द्रविड भाषा परिवारका भाषाहरू र एकल भाषा परिवारको रूपमा कुसुन्डा भाषा रहेका छन् । भाषा सङ्ख्याका दृष्टिले सबभन्दा बढी भोटबर्मेली परिवारका भाषा र त्यसपछि भारोपेली परिवारका भाषाहरू देखिन्छन् (गौतम रचौलागाई २०६७, पृ. ३५९) । यसरी नेपालमा स्रोत नखुलेका केही भाषाबाहेक ५ भाषा परिवारका भाषाका वक्ता रहेका छन् ।नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले युक्त राष्ट्र हो । नेपालको राष्ट्रिय जनगणना वि.सं. २०६८ अनुसार १२३ भाषा, १२५ जातजाति र १० धार्मिक सम्प्रदायका मानिसहरूको बसोबास रहेको छ । भाषा आयोगको २०७८ को प्रतिवेदनमा नेपालमा बोलिने भाषाको सङ्ख्या १३१ रहेको कुरा उल्लेख गरेको छ । नेपाल भाषिक विविधता भएको मुलुक भएर पनि अहिलेसम्म केही भाषाबाहेक आधिकारिक रूपमा भाषावैज्ञानिक र समाजभाषिक अध्ययन भएको पाइदैन । क्योटो सम्मेलनमा बार्बरा अफ ग्राइसले सन् २००० मा प्रस्तुत गरेको भाषाहरूको सूचीमा नेपालमा १२८ वटा भाषाहरू रहेको देखाइएको पाइन्छ । भाषाशास्त्री स्टेभ वाटर्सले नेपालमा १२८ भाषाहरू रहेको र तीमध्ये लगभग १०० जति भाषाहरू लोप हुने स्थितिमा पुगेको देखाएका छन् (पौडेल,२०७४, पृ.२८) । यसर्थ नेपालमा यी भाषाभाषीहरूको भाषिक जीवन्तताको स्थिति नाजुक रहेको विश्लेषण सकिन्छ । जातजातिका आधारमा भाषालाई

हेर्दा धेरै जाति एक साझा भाषाका रूपमा १० जातिले नेपाली, एक जाति एक भाषाका रूपमा ५३ जाति, एक जाति एकभन्दा बढी मातृभाषाका रूपमा ५ जाति, एक जाति तर स्थानअनुसार भिन्न मातृभाषाका रूपमा ४० जाति र जातिभाषाको पहिचान गर्न नसकिएका १७ जाति रहेका छन् (रेग्मी, सन् २०१७) । यस तथ्यले पनि नेपालमा मातृभाषाको अवस्थालाई अझ बढी स्पष्ट गर्ने काम गरेको छ ।सील, यादव र कँडेल (२०७३, पृ.२७) का अनुसार भाषा प्रयोगको स्थितिले हेर्दा नेपालको अधिकांश जनसङ्ख्या १ करोड ५६ लाख मानिसहरू (५९%) एकभाषी भएको र बाँकी एक करोड १० लाख मानिसहरू(४१%) ले कम्तीमा दुईवटा भाषा बोल्ने गरेको हालको जनगणनाले देखाएको छ। यसले नेपालका विद्यालयीय कक्षामा एकभाषी तथा बहुभाषी दुवै विद्यार्थी रहेको पाइने कुरालाई सङ्केत गर्दछ । नेपालले भाषिक विविधताको सम्बोधनका लागि अन्तर्राष्ट्रिय रूपमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (सन् १९४८), बालअधिकारसम्बन्धी महासन्धि (सन् १९८९) र आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र (सन् २००७) जस्ता आदि सन्धिसम्झौतामा प्रतिबद्धता जनाएको पाइन्छ । त्यसैगरी राष्ट्रिय रूपमा नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत धारा ३१ को उपधारा ५ को शिक्षासम्बन्धी हकमा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने रत्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ (पृ.१४) भनेर व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले पाठ्यक्रमको राष्ट्रिय खाकाका आधारमा विद्यालयले नै स्थानीय भाषामा पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरी लागू गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैगरी बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ ले बहुभाषिक शिक्षासम्बन्धी स्पष्ट नीतिगत व्यवस्था गरेको छ । यसले मुख्य रूपमा एकल मातृभाषी विद्यालय, द्विभाषी विद्यालय र बहुभाषी विद्यालय रहने रणनीति अघि सारेको छ ।नेपाल सरकारले फिनल्याण्ड सरकारको सहयोगमा वि.सं. २०६४ देखि २०६६ सम्म नेपालका ७५ जिल्लामध्ये जम्मा छ जिल्लाका सात विद्यालयका आठ भाषामा बहुभाषिक शिक्षा कार्यक्रम परीक्षण गरिसकेको छ । हाल देशैभर यस कार्यक्रम सरकार, विभिन्न सङ्घ संस्था र सम्बन्धी सम्बन्धित समुदायको सक्रियतामा विभिन्न भाषामा विस्तार भएको पाइन्छ । बहुभाषिक शिक्षा कार्यक्रम परीक्षणका सुरुका वर्षमा कक्षा छोड्ने तथा कक्षा दोहोर्याउने सङ्ख्या कम भएको, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि भएको, विद्यार्थी सङ्ख्या बढेको,विद्यार्थीले रमाइ रमाइ सिकेको (शैक्षिक जनशक्ति विकास केन्द्र (शैजविके), २०७२) जस्ता सकारात्मक तथ्य बाहिर आएका छन् । पछिल्ला वर्षहरूमा मातृभाषी विद्यालय मध्ये केहीले अङ्ग्रेजी माध्यम अपनाएको,मातृभाषाप्रतिको आकर्षण कम भएको, मातृभाषामा शिक्षा प्रभावकारी नभएको जस्ता समस्या र चुनौति देखिन थालेका कुरा विभिन्न लेख तथा प्रतिवेदनहरूमा आएको देखिन्छ ।

विश्वमा रहेका लगभग १९५ भन्दा बढी स्वतन्त्र राष्ट्रहरू रहेका छन् । युनेस्को (सन् २०१०) काअनुसार विश्वमा लगभग सात हजारभन्दा बढी भाषाहरू बोलिन्छन् । एसिया महादेशमा २,१६५, अफ्रिका महादेशमा २,०११, अमेरिका महादेशमा १,००० र युरोप महादेशमा २४४ भाषाहरू बोलिन्छन् । यी महादेशहरूमध्ये एसिया महादेशको

केही देशका भाषा र भाषिक नीतिको यहाँ चर्चा गरिएको छ । रिमाल (२०७१, पृ.४९- ५४) ले युनेस्को (सन् २००५) लाई उद्धृत गर्दै दक्षिण एसियाका विभिन्न देशमा शिक्षामा स्थानीय भाषाको उपयोगसम्बन्धी प्रकाशित पुस्तकमा निम्न भाषा र भाषिक नीति रहेको कुरा उल्लेख गरेका छन्ः ब्रुनाइमा १७ भाषा प्रयोगमा रहे पनि मलयलाई सरकारी र अङ्ग्रेजीलाई अन्तर्राष्ट्रिय मान्यता दिइएको, कम्बोडियामा २० भाषा रहेका र सबै भाषालाई शिक्षाको माध्यमको रूपमा लिई अङ्ग्रेजीलाई अन्तर्राष्ट्रिय मान्यता दिइएको, इन्डोसियामा ७०० भाषा रहेका र यहाँ इन्डोसिया भाषाकै प्रबलता रहेको, लाओसमा ८२ भाषा रहेका र लाओ भाषा सरकारी कामकाजमा रहेको, मलेसियामा १४० भाषा रहेका र मलय, तमिल र भारतीय भाषाको बढी प्रचलन रहेको, म्यान्मारमा १०० भाषा रहेका र म्यानमालाई नै सरकारी कामकाजको भाषा मानिएको, फिलिपिन्समा १७० भाषा रहेका र फिलिपिनोलाई राष्ट्रभाषा र अङ्ग्रेजीलाई अन्तर्राष्ट्रिय मान्यता दिइएको, सिङ्गापुरमा २० भाषा रहेका र अङ्ग्रेजीलाई माध्यम भाषा मानिएको, थाइलेन्डमा ७० भाषा रहेका र स्तरीय थाई भाषालाई राष्ट्रभाषा र माध्यम भाषाका रूपमा प्राथमिकता दिइएको, भियतनाममा १०० भाषा रहेका र स्तरीय भियतनामी भाषा राष्ट्रभाषा र माध्यम भाषाको रूपमा उपयोग गरिएको, चिनमा लगभग २०० भाषा रहेका र चिनिया भाषा राष्ट्रभाषा र माध्यम भाषाका रूपमा रहेका, मङ्गोलियामा १२ भाषा रहेका र मङ्गोल भाषालाई राष्ट्रभाषा र माध्यम भाषाका रूपमा उपयोग गरिएको, पप्पुवा न्युगिनीमा लगभग ८५० भाषा रहेका र प्रारम्भिक तहमा ३५० देखि ४०० भाषालाई उपयोग गरिएको र अङ्ग्रेजी सबै तहको माध्यम भाषाका रूपमा रहेको, भारतमा लगभग २०० भाषा रहेका र त्रिभाषिक नीति अन्तर्गत मातृभाषा, हिन्दी र अङ्ग्रेजीलाई सरकारी मान्यता दिएको, श्रीलङ्कामा ७ भाषा रहेका र सिम्हला र तमिल राष्ट्रभाषा र माध्यम भाषा तथा अङ्ग्रेजीलाई अन्तर्राष्ट्रिय मान्यता दिइएको, बङ्गलादेशमा लगभग ४२ भाषा रहेकामा बङ्गला राष्ट्रभाषा र माध्यम भाषाको रूपमा रहेको तथा स्थानीय भाषाको प्रयोगमा प्राथमिकता दिइएको, पाकिस्तानमा लगभग २०० भाषा रहेका र उर्दूलाई राष्ट्रभाषाको मान्यता दिई स्थानीय भाषाको प्रयोगमा ध्यान पुर्याइएको कुरालाई अगाडि सारेका छन् । नेपालले सबै भाषाका समुदायले आफ्नो मातृभाषामा शिक्षा दिन पाउने कुरालाई संविधानत स्वीकार गरिसकेको छ । सामाजिक प्रभावका आधारमा भाषाको प्रयोग निर्धारण हुने हुनाले एकभाषी नीति भएका जापान, कोरिया, फ्रान्स र चिन जस्ता कठोर भाषा नीति भएका देशहरूले पनि अन्य भाषाको प्रयोग गरेको रहेको अवस्थाले पनि अवको विश्वमा बहुभाषिक शिक्षा वा मातृभाषामा शिक्षाको महत्व बढ्दै गरेको कुरा उल्लेख गर्न सकिन्छ । ज्ञान, समझ वा धारणासँग सम्बन्धी सम्बन्धित मानसिक एवम् बौद्धिक प्रक्रियाबाट बालकको क्षमता अभिवृद्धि हुनुलाई संज्ञानात्मक विकासको रूपमा लिइन्छ । मानिसका भाषिक व्यवहार र संज्ञान विकास अन्तर्सम्बन्धित कुरा हुन् । प्रारम्भिक चरणमा एक भाषिक बालकका तुलनामा द्विभाषिक बालक संज्ञानात्मक विकासमा कमजोर रहने कुरामा जोड दिइएको र सन् १९६२ पछि एक भाषिकभन्दा द्विभाषिकको बौद्धिक क्षमता माथिल्लो रहने (अधिकारी, २०७४, पृ.३८) निष्कर्ष निकालेर अनुसन्धानहरू भएको पाइन्छ ।त्यसैले बालकले मातृभाषा र अन्य भाषाको सँगसँग प्रयोग र विकास गर्दै लानु उपयुक्त देखिन्छ ।

एउटा भाषाको ज्ञान भएको भन्दा धेरै भाषाको ज्ञान भएका व्यक्तिमा अवसर,धारणा, सोचाइ र मानसिक लचिनोपनाको सम्भावना बढी रहन्छ । बहुभाषिकताले धारणा निर्माण र चिन्तन शक्ति बढाउन, पुनर्सरचना र व्यक्तित्व विकास गर्न, दृश्यात्मक प्रत्यक्षीकरण र आन्तरिक वाक् शक्तिको विकास गर्न, अभिनयात्मक अभिव्यक्ति, परिवर्तनशील संवेग, सम्प्रेषणात्मक ज्ञान, बहुक्षमता, बहु सिर्जनात्मक क्षमता, परिकल्पना र उपलब्धिको विकास गर्न, अन्तर्निहित क्षमताको विकास, आलोचनात्मक क्षमता, सिप गत विकास गर्न र मनोसामाजिक व्यवहार पक्षको विकासमा सहयोग पुर्याउँछ । जति बढी भाषामा बालक सक्षम हुन्छ उति बढी बौद्धिक विकास हुने कुरा वर्तमान समयमा अनुसन्धानबाट प्रमाणित भइसकेको छ । तसर्थ संज्ञानात्मक विकाससँग बालकको सामाजिक तथा सांस्कृतिक परिवेशअनुसारको मातृभाषामा शिक्षा दिएमा उसको सर्वाङ्गीण विकासमा मद्दत गर्दछ ।

**नेपालमा मातृभाषामा शिक्षा सञ्चालनका लागि भएका प्रयास**

नेपालमा विधिवत रूपरूपमा मातृभाषामा शिक्षा लगभग तीन दशक मात्र भएको छ । वि.सं. २०४७ को संविधानले पहिलो पटक नेपाली भाषालाई राष्ट्रभाषा र नेपालमा मातृभरषाका रूपमा बोलिने सबै भाषालाई राष्ट्रिय भाषाको मान्यता दिएर प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने व्यवस्था गरेको पाइन्छ । त्यसपछि वि.सं. २०५० मा बनेको प्राथमिक शिक्षा पाठ्यक्रममा विषयका रूपमा मातृभाषा पठनपाठन गराउन सकिने व्यवस्था भएअनुसार कतिपय विद्यालयले यस विषयको पठन पाठन गराउँदै आएका छन् (शैजविके, २०७२) । नेपालमा २०४६ को आन्दोलनपछि २०४७ फागुन १४ गते गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा सरकार समक्ष प्रतिवेदन पेश गरेको थियो (पाविके, २०७६, पृ.५४) । यस प्रतिवेदनले बहुभाषिक समुदायका बालबालिकालाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहित गर्ने र नेपाली मातृभाषा नभएका अन्य राष्ट्रिय भााषाभाषी क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमको रूपमा राष्ट्रिय भाषाको प्रयोग गर्न सकिने र नेपाली बाहेक नेपाली बोलिने अन्य भाषाहरूमा पठनपाठनका लागि चाहिने आवश्यक पाठ्यसामग्री उपलब्ध हुन नसकेमा त्यस्ता पाठ्यसामग्री उपयुक्त मात्रामा उपलब्ध नभएसम्म लेखपढ नेपाली भाषामा गरी आवश्यक व्याख्या र निर्देशनआदि कार्य मातृभाषामा गर्ने भनेर स्पष्ट पारेको छ । उच्चस्तरीय राष्ट्रिय आयोगको प्रतिवेदन, २०५५ ले पूर्वप्रथमिक शिक्षामा मातृभाषाको प्रयोगलाई प्राथमिकता दिने सन्दर्भ उल्लेख गरेको छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र २०६५ ले मातृभाषाका सन्दर्भमा विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने, मातृभाषा/स्थानीय विषषको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने, जिल्लाभर एउटै खालको पाठ्यक्रम निर्माण गर्न सकिने, स्थानीय विषय/मातृभाषाका लागि पाठ्यभार ४ र पूर्णाङ्क १०० हुने व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ ले पाठ्यक्रमसम्बद्ध समसामयिक र महŒवपूर्ण पक्षहरू, मुद्दा एवम् चुनौतिअन्तर्गत मातृभाषिक मुद्दाको

विश्लेषण गरी प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र २०६५ का व्यवस्थालाई नै आत्मसात् गरेको छ । वि.सं. २०६४ सालदेखि २०६६ सालसम्म फिनल्याण्ड सरकारको सहयोगमा कञ्चनपुर, पाल्पा, रसुवा,धनकुटा, सुनसरी र झापा जिल्लाका सात ओटा विद्यालयमा क्रमशः राना थारु, मगर, तामाङ, आठपहरिया राई, पुर्वेली थारु, उराँव, राजबंशी र सन्थाल सहित आठ ओटा भाषामा बहुभाषी शिक्षा कार्यक्रम परीक्षण गरिएको थियो (शैजविके, २०७२) । यस कार्यक्रममा स्थानीय स्तरबाटै पाठ्यसामग्री विकास र प्रयोगमा जोड दिएको पाइन्छ । साथै शिक्षा मन्त्रालयले बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ र शिक्षा विभागले मातृभाषामा आधारित बहुभाषिक शिक्षा परिचय पुस्तिका २०६९ तथा बहुभाषिक शिक्षासम्बन्धी ब्रुसरहरू प्रकाशित गरेको पाइन्छ । त्यसैगरी शैक्षिक जनशक्ति विकास केन्द्रले नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री २०७२ लगायत तालिम सामग्री निर्माण गरेर बहुभाषी शिक्षासम्बन्धी शिक्षक तालिम सञ्चालन गर्दै आएको पाइन्छ । हाल बहुभाषिक शिक्षा कार्यक्रम नेपाल सरकार तथा अन्य सङ्घ संस्थाको पहलमा विभिन्न जिल्लाका विद्यालयहरूमा विस्तार गरेको पाइन्छ । आधारभूत शिक्षा (६-८) पाठ्यक्रम, २०६९ आधारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्रथमिक तह कक्षा १-५ को पाठ्यक्रम २०६२ भन्दा केही फरक व्यवस्था गरिएको छ । यसमा र मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ (पाविके, २०७६, पृ.५६) । यसमा २०६२ को पाठ्यक्रमको प्रावधानलाई स्वीकार गर्दै स्रोतकेन्द्रस्तरमा मात्र मिल्ने विषय भएमा स्रोतकेन्द्रस्तरीय रूपमा मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्न सकिने व्यवस्था थप गरेको छ । विद्यालय क्षेत्र विकास योजना, सन् २०१६ देखि सन् २०२२ ले अवलम्वन गरेको परिवर्तनको सिद्धान्त अन्तर्गतशिक्षाको भाषा रणनीतिक कार्यक्रममा मातृभाषामा शिक्षा दिन पर्ने र गैरनेपाली मातृभाषी बालबालिकालाई पनि नेपाली भाषा सिक्न अभिप्रेरित गराउने उद्देश्य राखी (पाविके, २०७६, पृ.५५) अगाडि बढिरहेको छ । यसमा बालबालिकालाई मातृभाषामा शिक्षा दिनुपर्ने, मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई सघाउने, मातृभाषाका साथै नेपाली र अङ्ग्रेजी भााषाको सिप को विकास गराउने, प्रारम्भिक बालशिक्षा र विकास तथा पूर्वप्राथमिक शिक्षादेखि कक्षा ३ सम्म मातृभाषाको प्रयोग गरी क्रमशः माध्यम भाषाका रूपमा नेपालीतर्फरूपान्तरण गर्न सहयोग गरिने, नेपाली इतरका मातृभाषाको सम्मान गरिने, मातृभाषामा शिक्षण सामग्री उत्पादन गरिने, द्विभाषिक शिक्षकको व्यवस्था गर्ने, मातृभाषी शिक्षकलाई तालिमको व्यवस्था गर्ने, मातृभाषामा शिक्षाका अवसरका लागि पहुँच, छात्रवृत्ति जस्ता नीति निर्देशहरूको पुनरावलोकन गर्ने प्रावधानहरूको व्यवस्था गरिएको छ । यस्ता कार्यहरूको योजना र कार्यान्वयनबाट मातृभाषामा शिक्षा व्यापक, व्यवस्थित र उद्देश्यपूर्ण हुने कुरामा केही हदसम्म ढुक्क हुन सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा को ११ (२) (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन नियमनसम्बन्धी व्यवस्था गरी मातृभाषाको पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ । आवधिक पन्ध्रौं योजनाको अवधारणा पत्रको अपेक्षित उपलब्धिमा मातृभाषामा पठनपाठन हुने विद्यालय सङ्ख्या २० प्रतिशतले वृद्धि भएको हुने कुरा उल्लेख गरेको छ (पाविके, २०७६, पृ.५३) । यस प्रावधानले गर्दा आगामी समयमा मातृभाषामा शिक्षा

सङ्ख्यात्मक र गुणात्मक रूपमा अगाडि बढ्ने विश्वास गर्न सकिन्छ । भाषा आयोगको प्रतिवेदन, २०७५ ले विद्यालय तहमा सामुदायिक एवम् संस्थागत विद्यालयमा मातृभाषाको माध्यमबाट शिक्षा उपलब्ध गराउन, मातृभाषा विषयका रूपमा पठनपाठन अनिवार्य हुने र माथिल्लो तहसम्म सन्तुलन कायम गर्न मौजुदा पाठ्यक्रमको प्रावधान कार्यान्वयनमा ल्याउन सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपालका संस्थागत तथा सामुदायिक विद्यालयमा नैतिक शिक्षा र सामाजिक शिक्षा विषयलाई माध्यमिक तहसम्म मातृभाषामा अध्ययन गर्न पाउने व्यवस्था मिलाउन, मातृभाषामा आवश्यकताका आधारमा बालकेन्द्रित सामग्री विकास गर्न तथा विदेशी भाषामा विदेशमै बनेका यस्ता सामग्रीबाट मातृभाषामा हुने भाषिक र सांस्कृतिक अतिक्रमण रोक्न नेपाल सरकारले नीतिगत निर्णय गर्न लगायतका काम गर्न सिफारिस गरेको छ । यस कार्यलाई सरकारले युक्तिसङ्गत ढङ्गले उपयोग गरेमा मातृभाषामा शिक्षा प्रभावकारी र परिणाममुखी हुने देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ मा कक्षा १ देखि ३ सम्म ५ पाठ्यभार र कक्षा ४ देखि ८ सम्म ४ पाठ्यभारको स्थानीय पाठ्यक्रमका रूपमा मातृभाषा तथा अन्य स्थानीय विषय समावेश गरिनुपर्ने र माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा विभिन्न भाषाका पाठ्यक्रमहरू रहने व्यवस्था गरेको छ । आधारभूत तहसम्मको शिक्षाका लागि मातृभाषा माध्यमको रूपमा प्रयोग गर्न सकिने व्यवस्था पनि यस प्रारूपमा गरिएको छ । नेपालका विद्यालयमा मातृभाषामा सिकाइको स्थिति आधारभूत तह (१-३) को पाठ्यक्रम, २०७५ मा आधारभूत तहमा पाठ्यक्रम निर्माण तथा विकास गर्दा स्थानीय विषय स्थानीय तहले समावेश गनुपर्ने, स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, कला, संस्कृति, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धी सम्बन्धित क्रियाकलाप पर्ने र स्थानीय विषय अन्तर्गत मातृभाषा वा मातृभाषा र स्थानीय विषय समावेश गर्नुगर्ने व्यवस्था गरेको छ । पाठ्यक्रम विकास केन्द्रले २०७५ सम्म मैथिली, भोजपुरी, अवधि, थारु, तामाङ, नेवार, लिम्बू, राई बान्तवा, राई चाम्लिङ, शेर्पा, मगर, गुरुङ, सुनुवार, राजबंशी, मुगाली, याक्खा, थारु (मध्य क्षेत्र), तामाङ (सम्भोटा), धिमाल, मगरा (अठार मगरात) बज्जिका, कुलुङ, चेपाङ, खालिङ राई, माझी गरी २६ भाषा विषयका कक्षा १-५ सम्मका पाठ्यपुस्तक निर्माण गरेको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६३ ले स्थानीय/मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय स्तरबाटै निर्माण गर्न सकिने व्यवस्था गरेकाले जिल्लागत तथा क्षेत्रगत रूपमा विभिन्न भाषामा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरेर पठन पाठन भइरहेको पाइन्छ । यस कार्यमा पाठ्यक्रम विकास केन्द्रले सहयोग पुर्याइरहेको देखिन्छ ।

### ५.१.१ वर्तमान अवस्था

शिक्षा त गर्भैदेखि सुरु हुन्छ । पौराणिक आख्यानतिर जाने हो भने अर्जुनले सुभद्रालाई चक्रब्युह भेदनको तरिकासम्बन्धी आख्यान सुनाइरहँदा गर्भस्थ अभिमन्युले पनि सिकेका थिए तर छ खुड्किलो मात्रै सिक्न पाएकाले महाभारत युद्धमा उनको ज्यान गएको उल्लेख पाइन्छ । हाम्रो दैनिक जीवनमा पनि आमाको व्यवहार तथा आमाले

प्रयोग गर्ने भाषाको प्रभाव गर्भस्थ शिशुमा पर्ने कुरो मनोभाषाविज्ञानले पनि स्वीकारेको छ । त्यसैले कुनै पनि व्यक्तिको पहिलो भाषालाई मातृभाषा भन्ने प्रचलन सुरु भएको हो । अतः शिशुको शिक्षा त गर्भैदेखि मातृभाषामा सुरु भइसकेको हुन्छ र जन्म भएपछि आमाबाबुलगायत परिवारका अन्य सदस्यबाट त्यसको परिष्कार हुन सुरु हुन्छ । त्यसैले कुनै शिशु विद्यालय जाँदा अशिक्षित हो भन्ने बुझाइ जडता मात्रै हो । फरक यति मात्रै हो कि ऊ निरक्षर हुन्छ र विद्यालयमा क्रमशः साक्षर हुन सुरु गर्छ । त्यसैले विद्यालय र घरको बिचमा भाषिक भिन्नता हुनु भनेको एउटा शिशुलाई सबैभन्दा पहिले शिक्षितबाट अशिक्षित बनाउनु हो, अर्को शब्दमा अनुवांशिक शिक्षालाई अशिक्षामा परिणत गर्नु हो ।

राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन, २०५० बाट । यसै प्रतिवेदनका आधारमा २०५४ सालदेखि नेपालीतर मातृभाषामा शिक्षा दिने प्रयासको थालनी हुन्छ । नीतिगत रूपमा मातृभाषा शिक्षाको मर्म शिक्षाको थालनी मातृभाषाबाट गर्नु हो तर व्यवहारमा कुनै बेला माध्यम त कुनै बेला विषयका रूपमा प्राथमिक शिक्षामा नेपालीतर मातृभाषामा पाठ्यक्रम त बनाइयो तर पाठ्यपुस्तक मातृभाषा विषयभन्दा अगाडि बढ्न सकेन । संरचनागत पाटोतिर कुरो गर्दा शिक्षा मन्त्रालयको कुन तहको कुन संरचनाले यसको कार्यान्वयनको जिम्मा लिने हो भन्ने स्पष्ट जिम्मेवारी नतोकिएको र पाठ्यक्रमभित्र पनि मातृभाषा विषय सम्पूर्णाङ्कमा नअटाएको देखियो ।जस्लेगर्दा पाठ्पुस्तकको वितरण तथा जनशक्ति परिचालन गरि कक्षा सञ्चालनगर्न समस्या देखिएको हो ।युनेस्कोले सन् १९९९ सम्म विश्वबाटै निरक्षरता उन्मूलनको लक्ष्य राखेको थियो । परिणाममा विश्वभरि नै जारी साक्षरता अभियानबाट ती ठाउँमा मात्रै लक्षित समुदाय लाभान्वित भएको देखियो; जो शासकीय भाषाभाषी थिए । त्यसपछि सन् २००० देखि युनेस्कोले 'मातृभाषाको माध्यमबाट सबैका लागि शिक्षा' कार्यक्रम ल्यायो । संयुक्त राष्ट्रसङ्घको सदस्य भएको नाताले यो दायित्व नेपालको पनि हो ।

बालक आमाको गर्भबाट जन्मे पश्चात् बोल्ने र सञ्चार गर्ने पहिलो भाषा नै मातृभाषा हो । बालकको अन्तर्निहित क्षमता प्रस्फुटन गराउने माध्यम चाहिँ शिक्षा हो। तसर्थ बालकले कक्षाकोठामा स्वतन्त्र रूपले आफ्नो मातृभाषामा बोल्न, कुराकानी, छलफल गर्न, पढ्न-सिक्न पाउनु नै मातृभाषामा शिक्षा हो भन्न सकिन्छ । मातृभाषामा शिक्षा भन्नाले विद्यार्थीको पहिलो भाषा वा उसले घरमा बोल्ने भाषालाई विद्यालयमा शिक्षण सिकाइको माध्यम भाषाको रूपमा प्रयोग गरिएको अवस्थालाई जनाउँछ (शैजविके, २०७२, पृ.४) । बालबालिकाले घरपरिवारमा बोल्ने मातृभाषाका माध्यमबाट विद्यालयमा शिक्षण सिकाइ गराउनुलाई 'मातृभाषामा शिक्षा' भनिन्छ र मातृभाषा विषयको रूपमा शिक्षण सिकाइ गराइने पद्धतिलाई 'मातृभाषाको शिक्षा' भनिन्छ (तामाङ, २०६९, पृपृ.९३-९४) । नेपालका सन्दर्भमा मातृभाषामा शिक्षा भनेको पाठ्यक्रमले तोकेका विषयहरू जस्तैः सामाजिक अध्ययन, गणित, विज्ञान आदिलाई विद्यार्थीको मातृभाषाका माध्यमले शिक्षण सिकाइ गराउनु हो (शैजविके, २०७२) । वास्तवमा भाषा विषयबाहेक अन्य विषय मातृभाषामा पढाउनु र भाषा विषयमा समेत आवश्यकताअनुसार विद्यार्थीको मातृभाषा

प्रयोग गरेर बुझाउनुलाई मातृभाषामा शिक्षा भनिएको पाइन्छ । कक्षामा भएका विद्यार्थीले बोल्ने भाषाअनुसार एकल भाषा वा बहुभाषाको प्रयोग मातृभाषामा शिक्षाका लागि गर्ने गरिन्छ । एउटै मातृभाषाका विद्यार्थीहरू कक्षामा छन् र त्यही भाषाका माध्यमले शिक्षण सिकाइ क्रियाकलाप हुन्छ भने त्यसलाई मातृभाषामा शिक्षा भनिन्छ । विद्यालयका एउटै कक्षामा फरक-फरक मातृभाषा बोल्ने विद्यार्थीहरू छन् र त्यहाँ विद्यार्थीको मातृभाषाअनुसार विभिन्न भाषाको प्रयोग गरिन्छ भने त्यसलाई मातृभाषामा आधारित बहुभाषिक शिक्षा भनिन्छ । मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई सरल भाषामा बहुभाषिक शिक्षा भन्ने गरिएको छ (शैजविके, २०७२) । यसरी बहुभाषिक शिक्षा विद्यार्थीहरूलाई

उनीहरूकै मातृभाषामा शिक्षा दिने प्रक्रियाका रूपमा रहेको पाइन्छ । त्यसकारण बहुभाषिक शिक्षा र मातृभाषामा शिक्षा दुबैलाई एकै अर्थमा लिनु उपयुक्त हुन्छ । संविधान लागु भएपछि पनि मातृभाषा शिक्षालाई विषयका रूपमा सीमित गरिएको प्रस्टै छ तर त्यो विषयका रूपमा पनि मातृभाषा विषय समूह अन्तर्गत राखिएको छैन । आधारभूत शिक्षाको पाठ्यक्रम प्रारूपमा मातृभाषा वा स्थानीय विषय राखिएको छ । यसले मातृभाषालाई त संरचनागत रूपमै हेलोहोचो गरेको छ भने व्यवहारमा स्थानीय विषयका रूपमा अङ्ग्रेजी विषयसमेत पढाइएको छ । त्यसै गरी माध्यमिक तहमा रहेको पाठ्यक्रममा कक्षा ९ र १० मा भाषा विषय र गैरभाषा विषयलाई एकअर्काको विकल्पका रूपमा राखिएको छ । त्यसैले विद्यार्थीले चाहँदा पनि गणित, अर्थशास्त्र, कम्प्युटर जस्ता विषयको उपयोगितालाई प्राथमिकतामा राख्दै भाषा विषय प्राथमिकताबाहिर परेको छ । कक्षा ११ र १२ मा पनि ऐच्छिक विषयका रूपमा कतिपय मातृभाषाको पाठ्यक्रम त बनेको छ तर तलैबाट नेपालीतर मातृभाषा शिक्षामा उदासीन शासकीय मानसिकताको उपजका रूपमा मातृभाषा विषयमा विद्यार्थीको निरन्तरता नरहेकाले त्यस्ता पाठ्यक्रम हात्तीका दाँत साबित भएका छन् । उच्च शिक्षामा मातृभाषा विषयका विद्यार्थी नै नहुने भएपछि आधारभूत र माध्यमिक तहमा चाहिने शिक्षकको आपूर्ति पनि सम्भव देखिँदैन ।

गाउँपालिकाका भाषाहरूको वर्तमान वक्ता स्थिति

| क्र.सं. | भाषाको किसिम | प्रतिशत | वक्ता सङ्ख्या | |
|---|---|---|---|---|
| १ | नेपालि | ६४.८ | ९६ | मुख्य भाषा |
| २ | खस | १७.४ | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | भोटे | १०.७ | | |
| ४ | मगर खाम | ६.१ | | |
| ५ | अन्य | ०.३ | | |
| ६ | डोटेलि | ०.२ | | |
| ७ | तामाङ्ग | ०.१ | | |
| ८ | चिलिङ्ग | ०.१ | | |
| ९ | मगर धुत | ०.१ | | सीमान्तकृत भाषा |

**यस पालिकामा विभिन्न तहमा अध्ययनरत विद्यार्थिहरुको विवरण**

| कक्षा | बालबालिकाको सङ्ख्या | | | जात / जाति | | | मातृभाषा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | मधेसी | मुस्लिम | जनजाति | भोटे /तामाङ्ग/ | | गुरुङ्ग / मगर |
| आधारभूत तह | | | | | | १.०८ | | | |
| माध्यामिक तह | | | | | | १.१७ | | | |

**स्रोत; शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०२४**

## चुनौति र अवसर

भाषा आयोगको २०७८ को प्रतिवेदन अनुसार नेपालमा बोलिने करिब ४० प्रतिशत भाषा सङ्कटापन्न अवस्थामा छन् । नेपालीबाहेकका मातृभाषीको वक्ता सङ्ख्या घट्ने क्रममा छ । यस्ता भाषाको संरक्षण गर्नसमेत यसलाई पाठ्यक्रमसँग जोडनुको अर्को उपयुक्त विकल्प हुन सक्दैन । बहुभाषी शिक्षणबाट विद्यार्थीको विद्यालयप्रति आकर्षण बढ्ने, बिचैमा विद्यालय छाड्ने विद्यार्थी सङ्ख्या नियन्त्रणमा सहयोग पुग्ने, विद्यालयप्रति जनअपनत्व बढ्दा जनसहभागिता अभिवृद्धि हुने, शैक्षिक उपलब्धि बढ्नेलगायत फाइदा प्राप्त गर्न सकिन्छ । शिक्षामा मातृभाषाको प्रयोगले सिकाइको व्यवधानलाई निस्तेज पार्दै विद्यार्थीमा सामाजिकीकरण विकास गर्न, विद्यार्थीको संज्ञानात्मक विकासमा मद्दत गर्न, भाषा तथा संस्कृतिको पहिचान र संरक्षण गर्न र अन्ततोगत्वा भाषिक विविधतालाई सम्बोधन गर्दै राष्ट्रिय एकतालाई समेत सुदृढ पार्न मद्दत पुग्ने देखिन्छ । विशेषगरी प्रारम्भिक कक्षाका बालबालिका मातृभाषा / आफू परिचित भाषामा अन्तरक्रिया गर्न र सिक्न सक्षम भएमा कक्षा मा उनीहरू सबैभन्दा बढी सक्रिय सहभागी हुन्छन् र कक्षा मा बढी व्यस्त हुन्छन्। तोकिएको शिक्षण माध्यममा परिवर्तन भएमा कक्षामा बालबालिकाको / विद्यार्थीको प्रवृत्ति र सहभागितामा महत्त्वपूर्ण परिवर्तनहरू हुने देखिन्छ । मातृभाषा जीवित रहँदा त्यसले जैविक विविधतालाई पनि नजानिँदो तरिकाले संरक्षण गरिरहेको हुन्छ; जो मानव अस्तित्वका लागि अपरिहार्य आवश्यकता हो । उदाहरणका लागि बिच्छी, सर्प र भ्यागुतोमध्ये कुनै एकको अस्तित्व मेटियो भने अन्य दुईको अस्तित्व पनि सङ्कटमा पर्छ । यसका साथै मातृभाषा उत्पादन प्रणालीसँग पनि जोडिएको छ । त्यसैले कुनै बिरानो भाषाको हस्तक्षेप हुँदा रैथाने मातृभाषीको उत्पादन प्रणालीमा पनि हस्तक्षेप हुन पुग्छ । उदाहरणका लागि भोजपुरीमा भाभरा, भाँका, महिआउर र नेपालीमा कुरौनी अबका नयाँ पुस्ताका लागि अनौठो भइसकेका छन् भने बिरानो भाषा-संस्कृतिको हस्तक्षेपका रूपमा बर्गर र पिजा जस्ता परिकार लोकप्रिय हुँदै छन्; जो हाम्रो मौलिक उत्पादन होइनन् । यसरी जोसेफ स्टालिनको शब्दमा कुनै मातृभाषा लोपसँग सम्बन्धी सम्बन्धित मातृभाषी समाजको पनि मृत्यु हुनु अवश्यम्भावी हुन पुग्छ । नेपालको सन्दर्भमा सबैभन्दा बलियो भाषा नेपालीको अस्तित्व पनि सङ्कटमा पर्ने सम्भाव्यता बढ्दै जान्छ; जसको छनक अङ्ग्रेजी माध्यम विद्यालयले दिई नै सकेका छन् । अनुवांशिक सिकाइ औपचारिक शिक्षाका लागि फलदायी हुन्छ । अनुवांशिक सिकाइलाई शून्यमा झारेर बिरानो भाषा र सिकाइ एकै पटक सिक्ने तगारोबाट बालबालिका मुक्त रहन्छन् । आधारभूत तहमा बालबालिकाले विद्यालय छोड्ने दर घट्छ । मातृभाषाको संरचना बुझेपछि अर्को भाषाको सिकाइ पनि सहज हुन्छ । बहुभाषिकता बाँचिरहे जैविक विविधता पनि बाँच्ने सम्भावना बलियो हुन्छ ।

सन् २०२३ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले 'नेपालमा बालबालिकाको सिकाइ उपलब्धिमा भाषा र भाषिक नीतिको प्रभाव' भन्ने विषयमा गरेको अनुसन्धानपश्चात् तयार गरेको प्रतिवेदनमा नेपालमा विद्यालय तहको शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् सान्दर्भिक बनाउन शिक्षण सिकाइमा बहुभाषिक शिक्षण पद्धति अपनाउनुपर्ने निष्कर्ष निकालेको छ । उक्त अध्ययनले प्रारम्भिक कक्षामा बालबालिकाले परिचित भाषामा सिक्न पाउँदा उनीहरूको सिकाइ उपलब्धि तुलनात्मक रूपमा उच्च हुने उल्लेख गरेको छ । त्यस्तै, एक हजार आठ सय विद्यालयमा नमुना परीक्षण गरेपश्चात् प्रकाशित 'विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण प्रतिवेदन २०१९' ले जनजातिगत रूपमा सिकाइ उपलब्धिमा देखिएको अन्तरको एउटा मुख्य कारण भाषासमेत भएकोले पाठ्यक्रम समावेशी बनाउन सुझाव दिइएको छ । उपलब्धिमा भएको अन्तर कम गर्न पाठ्यक्रमलाई भाषागत रूपमा समावेशी बनाउन र स्थानीय मान्यता र प्रविधिको पाठ्यक्रममा प्रयोग गरेर गैर नेपाली भाषी विद्यार्थीको पठन संस्कृतिलाई विशेष ध्यान दिन प्रतिवेदनमा सुझाव दिइएको छ । मानव अस्तित्वका लागि जैविक विविधता जति आवश्यक छ, त्यसका लागि बहुभाषिकताको अभ्यास आवश्यक छ । भाषाको अस्तित्व अरू जे जति उपाय गरे पनि जनजिब्रोमा भाषा रहेन भने त्यसको मृत्यु निश्चित छ । उदाहरणका लागि संस्कृत र ल्याटिनलाई लिन सकिन्छ । तिनीहरूको लिखित साहित्य अति समृद्ध छन् तर वक्ता नरहेकाले तिनीहरूलाई अहिले मृत भाषाका रूपमा लिइन्छ । अतः भाषा बचाउने पहिलो प्राथमिकता आमजनजीवनमा प्रयोग नै हो; जसलाई मातृभाषाको माध्यमले बहुभाषी शिक्षाद्वारा जीवन्त राख्न सकिन्छ । प्रश्न उठ्छ, मातृभाषा मात्रै पढेर अहिलेको भूमण्डलीकृत युगमा कसरी बाँच्ने ? यस सम्बन्धमा माथिका सन्दर्भले प्रस्टाइसकिएको छ, मातृभाषा शिक्षाको अर्थ मातृभाषा मात्रै पढेर बस्ने होइन । शिक्षाको थालनी मातृभाषामा गर्ने, दुई/तीन वर्षपछि राष्ट्रिय-अन्तर्राष्ट्रिय आवश्यकताका आधारमा अन्य भाषा पनि सिक्दै-सिकाउँदै जाने जसको अवधि दुई वर्ष जतिको हुँदा पुग्छ । त्यसपछि आवश्यकता अनुसार मातृभाषालाई माध्यम वा विषयका रूपमा राख्दै अन्य भाषालाई पनि विषय वा माध्यमका रूपमा प्रयोग गर्दै उच्च शिक्षा हासिल गर्न सकिन्छ । यसो गर्दा हाम्रो अनुवांशिक ज्ञानलाई फराकिलो क्षितिजमा पुर्याउनुका साथै अन्य भाषाको माध्यमले भूमण्डलीकृत परिवेशमा वैश्विक ज्ञान हासिल पनि हुन्छ; जसको जगमा विश्वसँग परिचित हुँदै राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा पनि प्रतिस्पर्धी हुँदै जान सकिन्छ ।

त्यस्तै, भाषा आयोगले संवैधानिक व्यवस्थाबमोजिम सातै प्रदेशका लागि सरकारी कामकाजका भाषाका रूपमा प्रयोग गर्न सकिने नेपाली इतरका ११ वटा प्रदेशगत भाषाहरू सिफारिस गरिसकेको र सोहीबमोजिम बागमती प्रदेशमा नेपाल भाषा र तामाङ भाषालाई सरकारी कामकाजका भाषाका रूपमा प्रयोगमा समेत ल्याइसकिएको तथ्यगत कारणबाट समेत मातृभाषामा शिक्षाको महत्ता बढेर गएको छ । शिक्षाको तहगत कार्यान्वयनको दृष्टिकोणले नेपालको संविधानको अनुसूची-८ को क्रसं ८ मा आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको जिम्मामा छ । पाठ्यक्रम विकास केन्द्र नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गत छ । त्यसैले सङ्घ, प्रदेश र स्थानीय तहका बिचमा भाषा

आयोगको मध्यस्थतासमेत रहने गरी शिक्षाको पाठ्यक्रम प्रारूप बनाउने संयन्त्र निर्माण हुनु आवश्यक छ ।स्रोत साधनको विनियो जनका लागि एक स्पष्ट प्रतिबद्ध बजेट तथा समयतालिकाः राष्ट्रिय कार्यढाँचाले परिवर्तनका लागि कोषको व्यवस्था कसरी गर्ने र स्रोत साधनको बाँडफाँड कोद्वारा , कसरी गर्ने भन्ने सम्बन्धमा विस्तृत योजना प्रदान गरिनु आवश्यक छ। यसले शिक्षक तालिम कार्यक्रमका लागि लगानी गर्न प्रतिबद्धता को माग गर्छ

५.१.२ लक्ष्य

- प्राथमिक तह देखि माध्यामिक तह सम्म मातृभाषामा शिक्षा प्रदान गरि गुणस्तरि, सान्दर्भिक र समुदायको सहभागिता सहित परिणाम मुखि शिक्षा लागु गर्ने,
- बाल्य अवस्थामा मातृभाषाको विकासका लागि मौखिक तथा मनोरञ्जनमा आधारित अवधारणा तथा सबै चरणहरूमा बोल्ने र अभ्यास गर्ने नियमित अवसरहरू सिर्जना गर्ने,
- अल्पसङ्ख्यक तथा आदिवासीहरूको मातृभाषाका माध्यमबाट आधारभूत तथा प्राथमिक शिक्षा पाउने अधिकारलाई सुनिश्चित

५.१.३ उद्धेश्य

- घर, समुदाय र विद्यालयको वातावरणका बिचको सांस्कृतिक सेतुलाई समर्थन गर्दै सबै समुदायसँग घर र विद्यालयको सम्बन्ध जोड्ने ।
- बालबालिकालाई मातृभाषा / परिचित ( विशेषगरी प्रारम्भिक कक्षाका ) भाषामा सिकाइ लाइ सुरक्षित गराउने,
- पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण तथा कार्यान्वियन गर्नु ।
- विद्यार्थीको भावी सिकाइ उपलब्धि मा पर्नसक्ने दीर्घकालीन असरलाइ कम गर्ने,
- बालबालिकालाइ अतिरिक्त विषयवस्तुलाई आफ्नै मातृभाषा / परिचित भाषामा स्वतस्फूर्त रूपरूपमा अभिव्यक्ति गर्न सक्षम गराउने।
- बालबालिकालाई गुणस्तरीय शिक्षा दिने कार्यमा विद्यालयलाई सक्षम बनाउने
- विद्यार्थिहरुलाई निश्चित भाषाका अलवा उनिहरुले जानेको ,ज्ञान भएको र बोध भएको भाषामा पनि शिक्षण वा मूल्याङ्कन हुने वातावरणको सिर्जना गर्ने,
- दुई वा दुईभन्दा बढी भाषा को मिश्रणबाट शिक्षण गरिएका विद्यार्थीको सिकाइ र कक्षामा सहभागिता बढाउने ,
- भाषा नबुझेकै कारण विद्यालय छाड्ने दरलाइ कम गर्न

- मातृभाषि तथा बहुभाषि बालबालिकाको विद्यालयमा पहुँच तथा सहभागिता सुनिश्चित गर्ने
- शिक्षक र विद्यार्थीले कक्षा कोठामा हुने भाषिक अभ्यास सरल, गतिशिल र फराकिलो दायरामा शिक्षण सिकाइ गराउने,
- बालबालिकाको समग्र सिकाइ, सहभागिता र सिकाइ उपलब्धि कायम राख्ने ।

५.१.४ रणानीति

- मातृभाषा तथा अङ्ग्रेजी (मातृभाषाका लागि भाषा सहायक समेत) का शिक्षकको उपलब्धता सम्बन्धी सम्भाव्यतालाई विचार गरी शिक्षकको क्षमता अभिवृद्धिका लागि उपायहरूको अवलम्बन गर्ने
- मातृभाषा शिक्षणका लागि आवश्यक नीति ,निर्देशिका, कार्यविधि सहित मापदण्डको विकास र पुनरवलोकन ।
- साक्षरता सिकाइका लागि शिक्षणको माध्यमका रूपमा पूर्ण रूपमा मातृभाषाको प्रयोग गर्न नमिल्ने
- अवस्थामा नेपाली तथा अङ्ग्रेजीको सिकाइ वा यी भाषाका माध्यमबाट हुने सिकाइलाई सहज बनाउन
- नेपाली मातृभाषा नभएका विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण गर्दा अपनाइने सुव्यवस्थित पद्धतिहरूको स्पष्ट उल्लेख गर्ने
- मातृभाषाको मौखिक प्रयोग गर्ने कुरालाई सशक्त र औपचारिक बनाउने अवधारणालाई समाविष्ट गर्ने
- सङ्घको व्यवस्थामा नबाझिने गरि मातृभाषाको पाठ्यक्रम निर्माण पुनरावलोकन सहित पाठ्यभार निर्धारण गर्ने,
- शिक्षकको छनौट नियुक्ति, शिक्षकको वृत्ति विकास, पाठ्यक्रम पाठ्यसामग्रीको विकास, सूचना तथा सञ्चार प्रविधि र मूल्याङ्कन पद्धतिको प्रयोग गर्ने कुरालाई सम्बोधन गर्ने,
- शिक्षण गर्ने माध्यम भाषाका रूपरूपमा आवस्यकताअनुसार मातृभाषा,स्थानिय भाषा, बहुभाषाको प्रयोग गर्ने,
- मातृभाषामा  शिक्षण तथा मूल्याङ्कन निर्देशिका निमार्ण तथा पुनरावलोकन गर्ने,
- पाठ्यक्रम र कक्षागत तहका मूल्याङ्कन प्रणाली
- पाठ्यक्रममा स्थानिय भाषा, सस्कृति, भूगोल वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिप लाइ बढोत्तरि दिने खालका विषयवस्तु समावेश गरी सिकाइलाई व्यवहारिक गराउने,
- शिक्षणको माध्यम र शिक्षाका भाषा सम्बन्धी नीतिले पर्याप्त सल्लाह, प्रभावकारी परामर्श र संवाद तथा निरन्तर अनुगमनलाई सुनिश्चित गर्न शिक्षाका प्रत्येक तहको क्षमता र संस्थागत संरचनामा ध्यान दिनुपर्ने ।
- स्थानिय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रिको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

- प्राथमिक तथा आधारभूत तहमा मातृभाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवस प्रदान गर्न प्राथमिकता दिने ।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाउन समुदायको आवस्यक्ता सम्वोधन गर्ने गरी विविधता कायम गरी समावेशी तथा बालमैत्री वातावरण सिर्जना गर्ने,
- स्थानिय भाषि, मातृभाषि र बहुभाषि बिद्यार्थिको सिकइ उपलब्धिलाई शिक्षकको वृत्ति  विकाससँग आवद्ध गरि प्रभावकारी शिक्षण सिकाइ हुने वातावरणको सिर्जना  गर्ने,
- सम्भावित मातृभाषामा आधारित द्विभाषिक शिक्षाका अवधारणाहरूलाई कक्षा दोहोर्याउने र बीचैमा विद्यालय छोड्ने प्रवृत्तलाई घटाउने र प्रभावकारी सिकाइलाई सुनिश्चित गर्ने दृष्टिकोणबाट हेरिनुपर्ने ।

५.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- स्थानिय भाषि,मातृभाषि, बहुभाषि बालबालिकाको शिक्षामा पहुँच र सक्रिय सहभागिता सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।
- सबै समुदायका फरक भाषिहरुको शिक्षामा सहभागिता वृद्धि भई सर्वसुलभ शिक्षा प्राप्तगर्न सबै बालबालिका सक्षम भएका हुनेछन ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र .स** | **सूचक** | **आधार बर्ष २०८१** | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १- ३ सम्म मातृभाषा बहुभाषा तथा स्थानिय भाषामा शिक्षण हुने विद्यालय | ० | १ | १ | १ | १ |
| २ | मातृभाषामा शिक्षणका लागि पाठ्यपुस्तक पाठ्यसामाग्रि उपलब्ध भएका विद्यालय | ० | १ | १ | १ | १ |
| ३ | मातृभाषा,बहुभाषिक विद्यार्थिको सङ्ख्या | १.८ | | | | |
| ४ | मातृभाषा,बहुभाषिक शिक्षकहरुको उपलब्धता | ० | १ | २ | ३ | ४ |
| ५ | मातृभाषि, बहुभाषिक शिक्षा समिति वा उपसमिति गठनभएका विद्यालयहरु | ० | १ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | विद्यालय सुधार योजनामा मातृभाषा वा बहुभाषामा भाषा योजना उल्लेख भएका विद्यालय | ० | १ | १ | १ | १ |
| ७ | मातृभाषा तथा बहुभाषामा शिक्षणका लागि नीति, निर्देशिका तथा कार्यविधि निर्माण गरेका विद्यालयहरु | ० | १ | १ | १ | १ |
| ८ | शिक्षकको छनौट नियुक्ति, शिक्षकको वृत्ति विकास, पाठ्यक्रम पाठ्यसामग्रीको विकास, सूचना तथा सञ्चार प्रविधि र मूल्याङ्कन पद्धतिको प्रयोग | ० | १ | १ | १ | १ |
| ९ | शिक्षणको माध्यम र शिक्षाका भाषा सम्बन्धी नीतिले पर्याप्त सल्लाह, प्रभावकारी परामर्श र संवाद तथा निरन्तर अनुगमन विद्यालयमा | ० | १ | १ | १ | १ |

५.१.६ प्रमुख क्रियाकलापहरू तथा  परिमाणात्मक लक्ष्य

| **क्र. स** | **नतिजा अनुसार प्रमखु क्रियाकलाप** | **परिमाणात्मक लक्ष्य ५ बर्ष** | | | | | | | **जम्मा** | **भौतिक लक्ष्य १० वर्ष** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | लक्ष्य | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | मातृभाषामा शिक्षणकालागि कक्षाकोठा को व्यवस्थापन | वटा | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | स्थानिय भाषि, मातृभाषि, बहु भाषि शिक्षकको व्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | स्थानिय भाषि, मातृभाषि, बहुभाषि वविद्यालयको नक्साङ्कन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | पाठ्यपुस्तक पाठ्य सामाग्रीको प्रकाशन तथा वितरण | विद्यालय | २५ | १ | १ | १ | १ | १ | २५ | निरन्तर |
| ५ | मातृभाषि,बहुभाषि शिक्षा समिति गठन निर्देशिका निर्माण तथा अध्यावधिक | विद्यालय | २५ | १ | १ | १ | १ | १ | २५ | निरन्तर |
| ६ | मातृभाषि,बहुभाषि शिक्षा समिति गठन निर्देशिका अनुसारको समिति गठन | वटा | १ | १ | १ | १ | १ | १ | | निरन्तर |
| ६ | मातृभाषि, बहुभाषि तथा स्थानिय भाषि विद्यार्थिरहरुलाइ छात्र छात्रा वृत्तिको व्यवस्था | जना | ५० | १० | १० | १० | १० | १० | ५० | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | आवस्यक शैक्षेणि तथा शैक्षिक सामग्रिको व्यवस्थपान तथा वितरण विद्यालयमा | ओ | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | घर, समुदाय र विद्यालयको वातावरणका बिचको सांस्कृतिक सेतुलाई सम्वर्द्ध गर्न विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन | ओटा | ६ | २ | १ | १ | १ | १ | ६ | निरन्तर |
| ९ | स्थानिय भाषि, मातृभाषि र बहुभाषि बिद्यार्थिको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरि प्रभावकारी शिक्षण सिकाइ हुने वातावरणको सिर्जना गर्ने, | ओटा | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |

# परिच्छेद- ६

## ६.१ सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय

शिक्षा क्षेत्रको परिमाणमुखि विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि यस गाँउपालिकाको लागि संस्थागत क्षमता विकास एक महत्वपूर्ण आधार हो । शिक्षासम्बन्धी सम्बन्धी  राष्ट्रिय नीति, मापदण्ड, योजना र कार्यक्रमको प्रभावकारी कायान्र्वयन गरी अपेक्षित नतिजा हासिल गर्नाका लागि संस्थागत क्षमता विकासमा जोड दिन अति आवश्यकता रहेकोछ । यो शिक्षा क्षेत्र योजनाको पूर्ण रूपरूपमा कार्यान्वयनको लागि स्थानीय सरकारले सम्पादन गर्नु पर्ने अधिकतम कार्यक्रमहरु सम्पादन गर्न विद्यामान जनिशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ, त्यसको लेखाजोखा गरी अगामी पाँच वर्षका लागि कर्मचारी र जनप्रतिनिधिहरुको व्यक्तिगत क्षमता, स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नुपर्नेआवश्यकता लिई मध्यनजर गरेर योजना बद्धरूपरूपमा अगाडी बढ्नुअति आवश्क हुन्छ । स्थानीय तहले आफ्ना अधिकारिभत्र रहेर आवश्यकता अनुसार नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा लगायत विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरुको पहिचान सहित योजनाबद्ध हनुपर्दछ । सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनकूल हुनेगरी आवश्यक सङ्ख्यामा मानव संसाधनको व्यवस्था र तिनिहरुको जिम्मेवारी अनुसारका कार्य गर्न सक्नेगरी ज्ञान, सिप  र क्षमताको विकास गर्नुजरुरी छ । यसका अतिरिक्त गाउँपालिकाले जनसमक्ष न्युनतम र निरन्तर पुर्याउनुपर्ने सेवाहरु मध्य शिक्षा क्षेत्र अन्तर्गतका सेवाहरू पनि हुन्छन । यी सबै प्रकारका सेवाहरु उचित व्यबस्थापनको लागि संस्थागत क्षमता विकासको आवश्यकता पर्दछ । तर्सथ, यो शिक्षा क्षेत्रको योजना तर्जुमाको सन्दर्भमा संस्थागत क्षमता विकास र सुशानलाई प्रमखु साधन तथा माध्यमको रूपरूपमा लिई योजना तर्जुमा गरिएको छ । यो सिमकोट गाँउपालिका शिक्षा योजना तर्जुमा गर्दा संस्थागत विकास तथा तथा क्षमता विकास, श्रोत परिचालन, स्थानीय सुशासन, विकास व्यवस्थापन, लैङ्गिक समता तथा सामाजिक समावेशिकरण र शिक्षित वर्ग तथा समदुायको मूलप्रवाहीकरण सम्बन्धी सम्बन्धी  विषयहरु समावेश गरिएका छन । सोह्रौ योजनामा सबै जाति, धर्म, भाषा, सिंस्कृति र सम्प्रदायबिच पारस्परिक सद्भाव र सहिषुणताको भावना जागृत गराई राष्ट्रिय एकता कायम गर्न विद्यालय शिक्षा देखि विश्वविद्यालय शिक्षासम्मको पाठ्यक्रममा समायानुकूल परिमार्जन गरि कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ । साथै सार्वजनिक सेवा र सेवा प्रवाहसँग सम्बन्धी सम्बन्धित कर्मचारी  प्रशासनलाई जनमूखी र परिणाममूखी बनाउन सार्वजनिक सेवा सम्पादन सम्बन्धी सम्बन्धी  विशेष सावजनिक सेवा कार्य सम्पादन ऐन र्निमाण गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवालाई छँटो, छरितो, चुस्त , दुरुस्त तथा प्रभावकारी बनाउन अनुहार रहित र कागज रहित बनाइ विधुतिय सुशासन प्रवद्धन

गर्ने; एउटै विवरण एक पटक मात्र सङ्कलन गर्ने आवश्यक कानूनी व्यवस्था गर्ने; सार्वजनिक सेवा प्रवाहलाई लक्षित वर्गको सेवाग्राहीको माग र आवश्यक्तालाई सम्बोधन हुनेगरी सेवा तथा सहायता प्रदान गर्न प्रशासनिक व्यवस्थामा सुधार गर्ने; सार्वजनिक निकायहरूमा हुनेसबै प्रकारका भुक्तानीहरूलाई विधुतिय स्वरूपमा रुपान्तरण गर्ने; गनुासोको सनुवुाई तथा तत्काल सम्बोधन हुने प्रणालीको विकास गर्ने; सावजनिक सेवामा आबद्ध पदाधिकारी तथा कर्मचारीसँग गरिएको कार्य सम्पादन करारलाई नतिजामूलक बनाउने व्यवस्थापन परिक्षण र कार्य परिक्षण लागु गरी कार्य सम्पादन प्रणालीमा सुधार गर्ने उल्लेख गरिएको छ ।

६.२ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास

६.२.१ परिचय

योजनाले तोकेका लक्ष्य तथा उद्देश्यहरुको प्राप्तिका लागि त्यसमा समावेश भएका क्रियाकलापहरुको कार्यान्वयन, सञ्चालन ,व्यवस्थापन ,अनुगमन,निरीक्षण, पृष्ठपोषण तथा मूल्याङ्कन जस्ता कार्यका लागि संस्थागत संरचना र त्यसमा कार्यरत मानवीय स्रोतको आवश्यकता पर्दछ । संस्थागत संरचनाले कार्यक्रमलाई व्यवस्थित र सरल बनाउने मात्र नभइ त्यसको प्रभावकारितामा पनि महत्वपूर्ण भूमिका निर्बाह गरेको हुन्छ । योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि कसले, के,कसरी, कहिले र कहाँ जस्ता प्रश्नहरुको उत्तर संस्थामा काम गर्ने व्यक्तित्वसँग जोडिएको हुन्छ । नेपालको संविधान, २०७२ को कार्यान्वयन सँग देशमा शिक्षा प्रशासन सम्बन्धी सम्बन्धी कार्य गर्ने निकायहरुको संस्थागत संरचना र सँगठनात्मक स्वरूपरूपमा फेरबदल भएको छ । नेपालको संविधान,२०७२ ले सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार भित्र आधारभूत तथा माध्यमिक शिक्षा र साझा अधिकार भित्र शिक्षा रहने व्यवस्था गरेपश्चात शिक्षा क्षेत्रको विद्यमान संरचनालाई हेर्दा केन्द्र स्तरमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका ७ निकायहरु, प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय,शिक्षा विकास निर्देशनालय र मावन संसाधन विकास केन्द्र, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय ढङ्ग र स्थानीय तहमा शिक्षा,युवा तथा खेलकुद महाशाखा/शाखाले शिक्षा सम्बन्धी सम्बन्धी कार्य गर्दै आइरहेका छन् । केन्द्रदेखि स्थानीय तह सम्मका सबै संस्थागत कार्यालयहरुमा तहगत र श्रेणीगत रूपरूपमा विभिन्न कर्मचारीको सँगठनात्मक दरबन्दीको व्यवस्था गरी प्रशासन सञ्चानल गर्ने , कार्यालय व्यवस्थापन गर्ने, कार्यालयको सेवा प्रवाह गर्ने र त्यसलाई निरन्तरता दिने र विद्यमान तमाम समस्याहरुको समाधान गर्ने कार्य भइरहेको छ । संविधान कार्यान्वयसँग संस्थागत तथा सँगठनात्मक संरचनामा फेरबदल भएता पनि हालसम्म कानुनहरु नबनिसकेकाले कसले,के काम कसरी गर्ने? कसको जिम्मेवारी र अधिकार कति हुने भन्ने विषयले अन्यौलता पैदा गरेको छ ।

शैक्षिक सुशासन प्रर्वद्धनका लागि तीनै तहका सरकार र राजनैतिक दलहरुले विद्यालय शिक्षा निःशुल्क हुने प्रावधान लागू गर्नुपर्ने देखि लिएर सार्वजनिक विद्यालयको भौतिक संरचना, पाठ्यक्रममा सुधार, स्थानीय पाठ्यक्रमको प्रभावकारी प्रयोग, शिक्षणको माध्यम भाषा, पाठ्यपुस्तकमा सुधार,सूचना प्रविधिको प्रयोग, आफ्ना विषयमा अब्बल ठहरिएका व्यक्तिलाई शिक्षकमा नियुक्ति, शिक्षण संस्थामा राजनीतिको प्रवेश निषेध गर्ने कुरामा प्रतिबद्धता समेत जनाउनु पर्नेमा जोड दिइएको छ । यसरी प्रतिवद्धता गएिका विषयवस्तुको उचित कार्यान्वयन गरी अनुगमन तथा सुपरीवेक्षणका आधारमा आवश्यक पृष्ठपोषण दिने कामलाई व्यवस्थित र प्रभावकारी बनाइनुपर्दछ भन्ने विषयलाई लेखमा जोड दिइएको छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन र विद्यालयको समग्र व्यवस्थापन तथा सुशासन प्रवर्धन मा नेतृत्वदायी भूमिका बारेमा विस्तृतरूपरूपमा व्याख्या गरिएको छ । विद्यालयमा प्र.अ, शिक्षक, अभिभावक र विद्यार्थी स्वयम्को पनि तत् स्थानमा विद्यालय सुशासनका लागि महत्वपूर्ण भूमिका हुने बारेमा व्याख्या गरिएको छ । विद्यालय सुशासनको विषय कुनै एक सरोकारवालाको मात्रै एकल जिम्मेवारी नभई विद्यालयका प्रत्यक्ष र अप्रत्यक्ष सरोकारवालाहरुको जिम्मेवारिता बोध तथा विद्यालय प्रतिको अपनत्वले मात्रै सम्भव हुने वास्तविकता समेटिएको छ । यसैगरी सङ्घीय संरचनामा नागरिकको नजिक रहेको स्थानीय सरकारले सम्बन्धी सम्बन्धित गाउँपालिका र नगरपालिका अन्तर्गत सञ्चालित आधारभूत तथा माध्यमिक तहको शिक्षाको समग्र व्यवस्थापन हेर्ने संबैधानिक र कानूनी प्रावधानको कार्यान्वयनमार्फत शैक्षिक गुणस्तरका साथै समग्र शैक्षिक व्यवस्थापनमा गुणात्मक सुधार ल्याउन खेल्नुपर्ने भूमिकाहरुका बारेमा पनि यस पुस्तकमा छलफल गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी प्रावधान समावेश गरिएता पनि त्यसको कार्यान्वयन पूर्णरूपले हुन नसकेको उजागर गर्दै स्थानीय सरकारले आफूलाई प्राप्त संबैधानिक तथा कानूनी अधिकारको प्रयोग गर्न नीतिगत, कानूनी, संस्थागत र व्यवहारगत सुदृढीकरण जरुरी रहेको कुरामा पनि पुस्तकमा जोड दिइएको छ । हालसम्म भएका असल अभ्यासबाट सिक्दै स्थानीय आवश्यकता र मागको आधारमा आधारभूत र माध्यमिक तहको शिक्षामा नयाँ व्यवस्थापकीय शैली अवलम्बन गर्नुपर्छ साथै नागरिक समाजको सहकार्यमा स्थानीय सरकार उत्तरदायी, जिम्मेवार र पारदर्शी ढङ्गले काम गर्न सकेमा स्थानीय तहमा विद्यालय सुशासन कायम भई शैक्षिकलगायत आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक क्षेत्रको समग्र रुपान्तरण संभव हुने विषयलाई महत्वका साथ उल्लेख गरिएको छ ।

### ६.२.२ वर्तमान अवस्था

विद्यालयमा प्राप्त स्रोत र साधनको अधिकतम सदुपयोग गरी सबैले चित्तबुझ्दो र समयानुकूल गुणस्तरीय शिक्षा प्रयोग गर्न पाउनु आजको आवश्यकता रहेको छ । यसका लागि विद्यालयले कुशल व्यवस्थापन साथै असल

शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सरोकारवालाहरुले पाउनुपर्ने आधारभूत सेवा पारदर्शिता तथा छिटो छरितो र कम खर्चिलो ढङ्गले पाउने अवस्था सिर्जना गर्नु नै विद्यालय सुशासन हो । बालबालिकाहरुले सहज वातावरणमा पढ्ने, पठनपाठन गर्ने गराउने व्यक्ति तथा निकायहरुले सहज ढङ्गमा सेवा उपलब्ध गराउने र गराउन पाउने वातावरण सिर्जना गर्ने, सबै कुराहरु व्यवस्थापकीय ढङ्गबाट प्रभावकारी भएको अवस्था नै सुशासन हो । सुशासनका प्रमुख खम्बाहरु जनसहभागिता, कानुनको शासन, सहमतीउन्मुख, समता र समावेशी, पारदर्शिता, जिम्मेवारिता , दक्षता, प्रभावकारिता र जवाफदेहिता हुन् । वर्तमान अवस्थामा सुशासनका सन्दर्भमा शिक्षा सरोकारवालाहरु आमरूपले सन्तुष्ट भएको अवस्था छैन । सुशासन कत्ति पनि छैन भन्दा पनि हुनुपर्ने जति नभएको अवस्था हो । विद्यालय सुशासनको पाटो कमजोर छ । जसले हाम्रो शैक्षिक कार्यक्रम जुन ढङ्गले अघि बढ्नुपर्ने हो त्यसो हुन सकेको छैन । सबैले जिम्मेवारी वहन गर्ने र त्यसप्रति अपनत्व स्वीकार गर्ने पाटो कमजोर देखिन्छ । कतिपय अवस्थामा नीतिगत सवालहरुले अल्मलिएको देखिन्छ । नयाँ काम गरेर नयाँ गति दिने अभ्यास नगरेको पनि होइन, नीति तथा कार्यक्रमहरु पनि राम्रा छन् तर कार्यान्वयनको पाटो कमजोर र फितलो रहेको देखिन्छ । शिक्षा सम्बद्ध कर्मचारी जिम्मेवार ढङ्गले अगाडि बढ्न नसकेको एकातिर देखिन्छ भने अर्कोतिर विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावकहरु पनि जिम्मेवारी नभएको अवस्था रहेको यसैगरी गाउँपालिकाको समग्र संस्थागत संचनालाई हेर्दा गाउँसभाले शिक्षा सम्बन्धी सम्बन्धी नीति,योजना तथा कार्यक्रम पास गर्ने कार्य, गाउँ कार्यपालिकाले कार्यक्रम तथा बजेट निर्माण गर्ने कार्य, गाउँ शिक्षा समिति बजेट तथा कार्यक्रम निर्माणका लागि सिफारिस,प्राप्त बजेटको बाँडफाँड,शिक्षा सम्बन्धी सम्बन्धी महत्वपूर्ण निर्णयहरु गर्ने, विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य, वडा शिक्षा समितिले विद्यालयका लागि आवश्यक थप सहयोग गर्ने, विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्ने कार्य, शिक्षक अभिभावक सङ्घले विद्यालयको आर्थिक तथा शैक्षिक गतिविधि सम्बन्धी सम्बन्धी कार्य गर्दै आएका छन् । साथै सबै विद्यालयहरुमा विद्यालयको दैनिक प्रशासन सञ्चालनका लागि प्रधानाध्यापक रहने व्यवस्था पनि रहेको छ । तर विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापकहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न नसक्दा शैक्षिक क्षेत्रका समस्याहरु बढदै गएको देखिन्छ ।

उल्लेखित परिवेशमा यस योजना मार्फत हाल विद्यालयहरुमा विद्यमान सुशासनका अवस्था, गुणस्तरीय शिक्षा प्रत्याभुतिका लागि सुशासनको महत्व, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अवलम्बन गरिएका सुशासनका अभ्यास साथै शैक्षिक सुशासन प्रवर्धन का लागि सरोकारवालाहरुको भूमिकाबारे ब्याख्या गरिएको छ । विषेशगरी गुणस्तरीय शिक्षा भनेको व्यक्ति मात्र स्वावलम्वी वा सवल बन्ने होईन समाजको चौतर्फी विकास गर्न सक्ने व्यक्तिको सक्षमतासँग जोड्नु आवश्यक रहेको विषय उजागर गर्न खोजिएको छ । शिक्षाका प्रक्रिया, नीति

निर्माण र अभ्यासहरु अर्थपूर्ण ढङ्गले सहभागितामूलक हुनुपर्ने, रैथाने वा स्थानीय परम्परागत संस्थाहरुद्वारा हुने प्रतिनिधिमूलक सहभागिता बढि वैधानिक र प्रभावकारी हुने विश्लेषण गर्दै रैथाने वा स्थानीय सांस्कृतिक अभ्यासहरुलाई सुशासनको रणनीतिहरु बनाउन सकेमा विद्यालयले समुदायसँग गाढा सम्बन्ध निर्माण गर्न, विद्यालय सुशासनको पश्चिमा विचार र अभ्यासहरुद्वारा निर्देशित नीति र अभ्यासहरुलाई परिवेश सान्दर्भिक बनाउन आवश्यक रहेको व्याख्या गरिएको छ । विषेशगरी यस गाउँपालिकाको हकमा कतिपय विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन नहुनाले वा भए पनि निधारण गरिएको मापदण्डको कम पालना गरएको देखिन्छ साथै सामाजिक लेखापरीक्षण, अभिभावक भेलाजस्ता कानुनी प्रावधान हुँदाहुँदै पनि अधिकांश सरकारी विद्यालयहरुले त्यसको मूलमर्म अनुसार कार्यान्वयन नगरेको अवस्थामा रहेको छ । यसै विषयवस्तुलाई केन्द्रबिन्दुमा राखेर यसको पुष्टिका लागि विभिन्न तथ्याङ्कहरु लगायत अन्य चुनौती जस्तैः दिर्घकालीन सोचको अभाव, अस्पष्ट नीति र कार्यान्वयनमा समस्या, फितलो अनुगमन प्रणाली, राजनीतिक हस्तक्षेप, शिक्षामा दोहोरो नीति, शैक्षिक व्यवस्थापनमा अन्यौलता आदिलाई विषेश जोड दिइएको छ । साथै समस्या समाधानका केही विकल्पहरुका बारेमा समेत चर्चा गरी सरोकारवालाहरुलाई सुसुचित गर्ने प्रयास गरिएको छ

चुनौती र अवसरहरुः

नेपाल सङ्घीय संरचनामा गएको ५ वर्ष वितिसक्दा पनि हालसम्म शिक्षा क्षेत्रमा अन्यौलता छरपष्ट हुनुले शैक्षिक सुधारमा विभिन्न चुनौतीहरु रहेको प्रष्टै देखिन्छ । दिने र लिनेका बिचको खाडल देखिने, शैक्षिक अनियमितता वा पारदर्शिताको कमी (पुस्तक छपाई, वितरण, शुल्क, पीसीएफ, समाजिक लेखापरीक्षण, पुरस्कार र दण्डको व्यवस्था), गैरजिम्मेवार शिक्षक (छल्ने प्रवृत्ति, वृत्ति विकासको अभाव, सेवा सुविधाको न्यूनता, राजनैतिक आवद्धता, तालिमको कमी), अस्थायी, करार र आंशिकलगायतका धेरैथरी शिक्षक÷कर्मचारी, जीवनोपयोगी, उत्पादनसँग जोड्ने तथा प्राविधिक शिक्षाको अभाव, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ गठनमा राजनीतिकरण÷दलीयकरण, पर्याप्त भौतिक सेवा सुविधाको कमी (कम्प्युटर ल्याव, विज्ञान ल्याव, पुस्तकालय, खेल मैदान आदि),जसमा शिक्षासम्बन्धी स्पष्ट कानुनको व्यवस्था गर्नु, शिक्षा शाखामा आवश्यकता अनुसार दरबन्दीको व्यवस्थापन गर्नु, नागरिक बडापत्र राख्ने तथा गुनासो सुनुवाइ संयन्त्रको विकास गर्नु, शिक्षा शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुन नसक्नु तथा संविधानले व्यवस्था गरेबमोजिम तीनवटै सरकारका बिच सहसम्बन्ध,समन्वय र सहकार्य कायम गर्न नसक्नु जस्ता चुनौतीहरु शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका विद्यमान चुनौतीहरु हुन । यसैगरी यि चुनौतीहरुसँग केहि अवसरहरु पनि यस क्षेत्रमा देखापरेका छन् । जसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आउनु,विद्यालय शिक्षालाई स्थानीय

तहको अधिकार क्षेत्रभित्र राख्नु, स्थानीय तहको आफ्नै शिक्षा ऐन तथा नियमावली निर्माण हुनु, गाउँपालिकामा शिक्षाका कार्यक्रम हेर्ने गरी छुट्टै शाखाको व्यवसथापन हुनु , गाउँपालिका देखि विद्यालय तहसम्म विभिन्न समितिहरुको व्यवस्था हुनु, शिक्षा शाखामा स्थायी दरबन्दिको व्यवस्थापन हुनु आदिलाई शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका अवसहरु मान्न सकिन्छ ।

६.२.३ लक्ष्य

शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ र गुणस्तरीय बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने,

६.२.४ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार शिक्षा क्षेत्रको संस्थागत संरचना बनाउनु,
ख) सङ्घ,प्रदेश र स्थानीय सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ र बलियो बनाउनु,
ग) शैक्षिक प्रशासन सम्बन्धी सम्बन्धी गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गर्नु,
घ) कार्यसम्पादन स्तरमा सुधार गर्दै उपलब्ध जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,
ङ) आवश्यकता र परिवेश अनुकूल कार्यरत जनशक्ति र संस्थाको क्षमता अभिवृद्धि गर्नु ।

६.२.५ रणनीतिहरू

क) शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, योजना तथा कानुन निमार्ण गर्ने,
ख) विद्यमान संस्थागत संरचना अनुसार आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने,
ग) शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत जनशक्तिहरुको क्षमता विकास गर्ने,
घ) पालिकास्तरमा गठित शिक्षक पेसागत सहयोग प्रणालीलाई थप प्रभावकारी बनाउने ,
ङ) वि.व्य.स. अध्यक्ष तथा प्रधानाध्यापकसँग करार सम्झौता गरी कार्यसम्पादनमा जिम्मेवार बनाउने ,
च) विद्यालय शिक्षासँग सम्बन्धी सम्बन्धित वि.व्य.सं., शि.अ.सं तथा प्रधानाध्यापकहरुको क्षमता विकास गर्ने,
छ) सङ्घ,प्रदेश र स्थानीय सरकारका बिच सहसम्बन्ध , सहकार्य र समन्वयको सिद्धान्त अनुसार कार्य गर्ने परिपाटी सुरु गर्ने,

६.२.६ उपलब्धि तथा प्रमुख नतिजा

उपलब्धिः

शिक्षाका सबै क्षेत्रमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी हुने प्रणालीको विकास भएको हुने ।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घ, गाउँ शिक्षा समिति र आमा समूह गठन भएका विद्यालय | २१ | २१ | २१ | २१ | २१ |
| २ | सामाजिक परिक्षण गराउने विद्यालय सङ्ख्या | १० | २१ | २१ | २१ | २१ |
| ३ | विद्यार्थी भर्ना, विद्यालयको बालमैत्री वातावरण, (बालमैत्री प्रारूप बमोजिमका सूचकमा आधारित), सहित सञ्चालन भएका विद्यालय । | ० | २१ | २१ | २१ | २१ |
| ४ | वार्षिक सिकाइ उपलब्धिस्तर, विद्यार्थी तथा शिक्षक अभिलेख, नियमितता, शैक्षिक सामग्रीको उपलब्धता, शिक्षण सिकाइमा यसको प्रयोग गर्ने तथा अभिलेख राख्ने विद्यालय, | ० | १० | ५ | ५ | ५ |
| ५ | सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी विद्यालय सङ्ख्या । | ० | १० | ५ | ५ | ५ |
| ६ | भौतिक व्यवस्थापन (विद्यालयको जग्गा व्यवस्थपन, भवन, उपयुक्त कक्षाकोठा खेलमैदान, पानी सहितको शौचालय, पुस्तकालय आदि), विद्यालयको आम्दानी र खर्च विष्लेषण, गरेका विद्यालय | ० | १० | ५ | ५ | ५ |
| ७ | शिक्षक विद्यार्थी, शिक्षक-शिक्षक, विद्यालय समुदाय बिच सम्बन्ध सामुदायिक सङ्घसंस्थाहरू सँगको सम्बन्ध र समन्वय, अनुगमन (विभिन्न तहबाट हुने गरेको अनुगमन अवस्था, प्राप्त सुझाव | ० | २५ | २५ | २५ | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यान्वयन आदि) गरेका तथा अभिभावक, सरोकारवाला, विद्यार्थीहरुलाई जानकारी दिने विद्यालय र | | | | | |
| ८ | विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वय गर्ने विद्यालय | २५ | २५ | २५ | २५ | २५ |

६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र . स | प्रमुख क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षा सम्बन्धी नीति कानुन, मापदण्ड, योजनातर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनमा स्थानीय सरकारको क्षमता विकास गर्ने | पटक | २ | ० | १ | | | १ | २ | निरन्तर |
| २ | योजना कार्यान्वयन तथा सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना निर्माण तथा जनशक्तिको व्यवस्थापन गर्ने | पटक | १ | ० | १ | | | | १ | निरन्तर |
| ३ | अपाङ्ग बालबाललिकाहरुको लागि उनीहरुको क्षमता अनुसारको सिकाइ वातावरण सहितको विशेष शिक्षाको प्रबन्ध गर्ने | विद्यलय | २५ | ० | २५ | २५ | २५ | २५ | २५ | निरन्तर |
| ४ | संस्थागत संरचना अनुसार कार्यरत मानवीय साधनहरुको दक्षता वृद्धिका लागि आवश्यक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | गाउँपालिकाभित्रकाविद्यालय भर्ना अभियानलाई प्रभावकारी | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | शिक्षा क्षेत्रमा काम गर्ने सबै जनशक्तिहरुसँग कार्यसम्पादन करार गरी सबैलाई सिकाइप्रति उत्तरदायी र नतिजाप्रति जिम्मेवार तथा क्षमता विकास गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| ७ | पालिका स्तरीय शिक्षक पेसागत विकास तथा सहयोग प्रणाली स्थापना गरी तिनीहरुको प्रभावकारी सञ्चालन तथा परिचालन (TLG, Expert Group) | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| ८ | विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरुको समन्वय मार्फत औपचारिक र अनौपचारिक शिक्षालाई सँगसँग अगाडि बढाउन आवश्यक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गरी प्रभावकारी रूपरूपमा परिचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| ९ | कम्जोर आर्थिक अवस्था भएका विद्यार्थिको अभिभावकहरुलाई रोजगार तथा स्वरोजगार अवसर सिर्जना हुने किसिमका कार्यक्रम | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिर्जना गरि बालबालिकालाई अनिवार्य विद्यालय पठाउने वातावरणको निरमार्ण गर्ने, | | | | | | | | |
| १० | सम्पूर्ण विद्यालयहरुले वार्षिक रूपरूपमा सबै अभिभावक तथा सरोकारवालाहरुको उपस्थितिमा विद्यालयका सम्पूर्ण गतिविधिहरु सार्वजनिक गर्ने प्रद्धतिको विकास गर्ने | विद्याल य | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | निरन्तर |
| ११ | उत्कृष्ट कार्यसम्पादन गर्ने शैक्षिक जनशक्तिका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने (सम्मान,प्रसंशा, पुरस्कार,बढुवा, ग्रेडवृद्धि तथा दण्ड आदि) | सङ्ख्या | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |
| १२ | वार्षिक रूपरूपमा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने र जनशक्तिको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |

६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको

मानिसको जीवनमा जसरी भौतिक शरिरको सुरक्षा र विकासको लागि वा बाँच्नको लागि हावा, पानी, अन्न, कपडा, आवास आवश्यक पर्छ त्यसै गरी व्यक्तित्व विकास र मानसिक स्वास्थ्यको लागि शिक्षा अपरिहार्य हुन्छ । मानिस र पशु छुट्याउने आधार नै शिक्षा हो । शिक्षाले नैतिकता, सदाचारिता, दया, करुणा सिर्जना गर्दछ । यसले मानिसको कल्याण, सुख र सम्बृद्धिका लागि आधार प्रदान गर्दछ । समानता, न्याय र नैतिकतामा आधारित कल्याणकारी राज्य एवम् समतामूलक समाजको सिर्जना गर्न शिक्षा बिना संभव छैन । नागरिकको नजिकमा, नागरिकको वरिपरि, नागरिकले सुन्न, देख्न र महशुस गर्न पाउने सरकार नै स्थानीय सरकार हो । जहाँ जनता छन् त्यहीँ उनीहरुका समस्या सुन्न र जस्ताको तस्तै बुझ्न सकिन्छ । समस्याको सही समाधान पनि यहीँबाट गर्न सकिन्छ भन्ने मान्यताबाट स्थानीय सरकार निर्माण भएको हुन्छ । अर्थात जुन तहको सरकारले जुन काम सबभन्दा कुशल ढङ्गले निर्वाह गर्न सक्छ त्यो काम त्यही तहको सरकारलाई दिनुपर्छ भन्ने सैद्धान्तिक मान्यतामा स्थानीय सरकारलाई अधिकारहरु सुम्पिएका छन् । निर्वाचित जनप्रतिनिधिहरु मार्फत सरकारको सबैभन्दा तल्लो, सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएकोले यसको विशेष महत्व र खास भूमिका रहेको छ । स्थानीय सरकार अथवा गाउँपालिका र नगरपालिकाहरुले शिक्षा क्षेत्रमा अवलम्बन गर्ने व्यवस्थापकीय शैली जसले शिक्षा क्षेत्रमा गुणात्मक सुधार सम्भव बनाउँछ । सुशासन नागरिकको भलो हुने गरी सरकार र यसका अङ्गहरुले गर्ने व्यवहार हो । सुशासनमा मात्र नागरिक हितका लागि नागरिकप्रति सरकार समर्पित हुन्छ । उत्तर दायी, जिम्मेवार र पारदर्शी ढङ्गले काम गर्छ । नागरिक हित हुने कुरामा उनीहरुको अभिमत लिई कानुन बमोजिम शासन व्यवस्था सञ्चालन भएको हुन्छ । पछाडि परेको वर्ग, क्षेत्र र लिङ्गको समन्यायिक विकासमा ध्यान दिन्छ भने शैक्षिक सुशासनले शिक्षा क्षेत्रको समग्र व्यवस्थापनमा सुशासनका अवयवहरुको अवलम्बन नै शैक्षिक सुशासन हो । यसमा शिक्षाको गुणस्तर सिर्जना गर्न शिक्षा प्रशासक, अविभावक, शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरुबिच सिर्जनात्मक सहकार्य गरिन्छ ।

यसै सन्द्रभमा नेपालको सङ्घीय संरचनाले पनि स्थानीय सरकारलाई शासनको एक अभिन्न र अपरिहार्य तहको रूपरूपमा स्थापित गरेको छ संबैधानिक र कानूनी रूपरूपमा बहुआयामिक अधिकार र भूमिका किटान भएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपरूपमा प्रत्याभूत गरेको छ । राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकको आधारभूत आवश्यकताको रूपरूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको उल्लेख गरिएको छ । नेपालको संविधानको अनुसूचि ८ अन्तर्गत स्थानीय तहको अधिकारको सूचिमा आधारभूत र

माध्यामिक शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई सुम्पिएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । यी अधिकार र कर्तव्यको कार्यान्वयन गर्दै शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको माध्यमको रूपरूपमा विकास गर्नु परेको छ । सबै तहमा सबै वर्ग क्षेत्रको समतामूलक पहुँचको सुनिश्चिता अपरिहार्य भएको छ । शैक्षिक गुणस्तरमा सुधार गरी रोजगारमूलक र आयमूलक जीवन उपयोगी बनाउनु परेको छ । शैक्षिक क्षेत्रमा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्दै आर्थिक सामाजिक विकासका राष्ट्रिय लक्ष्यहरुका साथै दिगो विकासको विश्वव्यापी लक्ष्य हासिल गर्ने दिशातर्फ स्थानीय सरकार उन्मूख भएको छ जसलाई यस दश वर्षे शिक्षा योजनाले मार्ग प्रस्शत गर्ने भएकाले यस योजना कार्यान्वयको प्रवन्ध स्थानिय नियकालाई दिएको छ र सोही मुल्यमान्यतामा यस सिमकोट गाउँपालिकाको दश वर्षे शिक्षा योजना निर्माण गरिएको छ ।

६.२.१ वर्तमान अवस्था

सन् २०३० सम्मका लागी विश्वव्यापी रूपरूपमा तय गरिएका दिगो विकासका १७ लक्ष्यहरुमा लक्ष्य ४ गुणस्तरिय शिक्षामा केन्द्रित छ । लक्ष्य ४ विशेष गरी समावेशी र समतामूलक गुणस्तरिय शिक्षाको पहुचँ सुनिश्चित गर्ने र जीवन पर्यन्त शिक्षाका अवसर उपलब्ध गराउने उल्लेख गरेको छ । यो लक्ष्य हासिल गर्न बिभिन्न प्रयासहरू भएतापनि उचित प्रतिफल देखा परेका छैन । शिक्षालाई यस रूपरूपमा बुझ्न र सो अनुरूपको व्यवहार गर्न विद्यालय सुशासनमा सबै पक्षको न्यूनतम रूपरूपमा भए पनि साझा धारणा बनाउनु आवश्यक हुन्छ, साझा सोच र प्रयास आवश्यक हुन्छ । यसका लागि विद्यालय सुशासनमा नयाँ नयाँ संरचना बनाउने भन्दा पनि भएका संरचना र संयन्त्रमा सुधार गर्नु आवश्यक हुन्छ । यिनीहरुको क्षमता विकासमा जोड दिनुपर्छ । असहमतिका बिचमा सहमती खोजेर अगाडि बढ्नुपर्ने अवस्था छ । सुशासनमा न्यूनतम साझा धारणा तय गरी अगाडि बढ्न उपयुक्त हुने देखिन्छ । अबका दिनमा विद्यालय गभर्नेन्स कुनै एक कर्ताको एकल निर्णयबाट नभई बहुसहभागितामा आधारित भई साझा मतका आधारमा सन्चालन हुनु आवश्यक हुन्छ, जसलाई थेइसेन्स (२०१६) ले भनेका छन् जहाँ औपचारिक एवम् अनौपचारिक सञ्जाल दुबैले काम गर्न सक्छन् । यसमा राष्ट्रिय ढाँचा चाहिन्छ । विद्यालय गभर्नेन्सको सन्दर्भमा सरकारका प्रतिनि निर्णयकर्ताका रूपरूपमा भन्दा पनि एउटा कर्ताको रूपरूपमा मात्र रहनु उपयुक्त हुन्छ । विद्यालय सुशासनमा सरोकारवालाहरूको सामूहिक र वैयक्तिक जवाफदेहिताले अत्यन्त महत्व राख्दछ (स्मिथ, २०१६) । यस्तो जवाफदेहिता विद्यार्थीको सिकाइ उपलब्धिमा मात्र हेर्ने पद्धति रहेको छ । विद्यार्थीको सिकाइ उपलब्धि बढाउने नाममा पाठ्यक्रमका अन्य अपेक्षा छाँयामा पर्ने हो कि भन्ने चिन्तालाई पनि स्वभाविक मान्नुपर्ने

हुन्छ । किनकी यस्तो उपलब्धिमापन शिक्षकबाट तयार गरिएका औजारका आधारमा हुने गर्दछ जसको सकारात्मक प्रभाव मात्र छैनन् । विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन तर्जुमा गर्नुपर्ने नीति निर्माणमा पनि सबैको सहभागिता आवश्यक हुन्छ । सरोकारवालाहरूको व्यवहार र अभ्यासमा पनि परिवर्तन चाहिन्छ । सुधारका लागि सबैले दबाब महसुश गरेको हुनुपर्छ । विद्यालयमा जवाफदेहिता सबैले पालना गरेको हुनुपर्छ (हुग, २०१६) जुन विद्यालयको असल शासनमा अर्को महत्वपूर्ण पक्षको रूपरूपमा रहेको हुन्छ । यस्तो जवाफदेहिता सामान्यतया समतलीय ( Horizontal ) र ठाडो ( Vertical ) हुन्छ भन्ने गरिन्छ । ठाडो (Vertical ) अन्तर्गत Regular School Accountability (जहाँ नियम कानुनको परिपालना र सो को प्रतिवेदन माथिल्लो निकायमा पठाउने विषय पर्छ) र School Performance accountability (जसमा विद्यालयको समग्र पक्षको मूल्याङ्कन पर्छ) जस्ता विषयहरु पर्दछन् । यसैगरी समतलीय जवाफदेहिता ( Horizontal Accountability ) अन्तर्गत Professional School Accountability/ Multiple School accountability पर्दछ । पहिलो अन्तर्गत विद्यालयका शिक्षक र अन्यका लागि पेसागत मापदण्ड पर्दछन् भने दोश्रो अन्तर्गत विद्यालयका समग्र गतिविधीहरु पर्छन्, जहाँ सबै सरोकारवालाहरूको संलग्नता, सहकार्य र समन्वय आवश्यक हुन्छ । सबै कर्ताहरुको जवाफदेहिता सुनिश्चित गर्न उनीहरूलाई कानुनतः कामको अवसर पनि दिनुपर्छ । अधिकार र काम दिनु भनेको सरोकारवालाहरूलाई खेलका लागि मैदान उपलब्ध गराउनु पनि हो । अधिकार दिएपछि सो पूरा गर्ने अपेक्षा राख्नु स्वभाविकै हुन्छ र अन्तमा, सुशासनको अवधारणा समयसँग बदलिंदै गएको छ । शुरुमा यो शासन गर्ने पक्षसँग सम्बन्धी सम्बन्धित थियो । अहिले आएर सार्बजनिक सेवा र सुविधाको सुनिश्चितता गर्ने कार्यसँग सम्बन्धी सम्बन्धित गरिएको छ । कम शासन हुनुपर्छ भन्न थालिएको छ । सुक्ष्म ढङ्गबाट विश्लेषण गर्ने हो भने विगतमा जे जस्तो भए तापनि अहिले सरकार एक्लैले मुलुकको शासन सन्चालन गर्ने अधिकार प्राप्त गरेको हुँदैन् । न्यायालय, संसद, कार्यपालिकाका साथमा विभिन्न संवैधानिक निकायहरु एवम् अन्य पक्षहरुको संयुक्तरूप नै समग्रतामा मुलुकको सुशासन हो । यसले सन्तुलन र नियन्त्रणको सिद्धान्तमा आधरित भई शासन गर्नका लागि आवश्यक अधिकार बाँडफाँड गरेको हुन्छ । विद्यालय एउटा सार्बजनिक निकाय हो । यसले प्रदान गर्नुपर्ने सेवा सुविधाको सहज र प्रभावकारी ढङ्गबाट प्रवाह हुने व्यवस्था सुनिश्चित गर्नका लागि विभिन्न संरचना र संयन्त्र बनाइएका छन् । यीनै संरचना र संयन्त्र मिलेर विद्यालयको सुशासन हुन उपयुक्त हुन्छ । अहिलेको सन्दर्भमा विद्यालय सुशासन एकल निकाय वा पदाधिकारीबाट हुन सम्भव छैन । आन्तरिक र बाह्य सरोकारवालहारुको संयुक्त सहभागिता र साझ अवधारणबाट विद्यालय सुशासन हुनु उपयुक्त हुने देखिन्छ । तसर्थ नेपालको सन्दर्भमा विद्यालय सुशासन सम्बन्धी सम्पूर्ण अधिकार न त स्थानीय सरकारमा रहेको छ न विद्यालय व्यवस्थापन समितिमा छ । यसको अलावा विद्यालय सुशासनको अधिकार त स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति,प्रधानाध्यापक,

शिक्षक तथा अभिभावकको संयुक्त रूपरूपमा रहेको हुन्छ । तसर्थ, यस योजना सिमकोट गाँउपालिका शिक्षा क्षेत्रको आवश्यकता, अवसर र सम्भावनाको आकलन गरी बनाइएको हुदा यस गाउँपालिकाको शैक्षिक गतिविधिलाई व्यवस्थित गर्नेआधारमात्रको रूपरूपमा हेरिएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागी सम्पुर्ण सरोकारवालाहरूको एकीकृत प्रयासको आवश्यकता पर्दछ । पालिकाभित्रको विशिष्ठ परिवेश सापेक्ष शिक्षा नीति निर्माण गरी सोहीअनुरूप पको रणनीति र कार्यनीति तयार गरिएको हुदा यस पालिकाको शिक्षा क्षेत्रको विकासमा यो उपयोगी दस्तावेज हनु सक्छ । विगतमा सञ्चालित शिक्षा क्षेत्रमा कार्यक्रमहरुले शिक्षाको पहुँच र सहभागीता समेट्न नसके को अवस्थामा समावेशी शिक्षाको विश्वव्यापी मान्यतालाई मध्यनजर गरी यो शिक्षा क्षेत्र योजना तर्जुमा गरि कार्यान्वयन गर्न लागीएको हो। यस योजनासाँग सम्बन्धी सम्बन्धित सम्पुर्ण पक्षहरूको समावेशी सहभागीता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा स्थानीय शिक्षा योजना कार्यान्वयन तथा समन्वय समिती गठनगरिनेछ। उक्त समितीको सदस्य-सचिवमा पालिकाको शिक्षा शाखा प्रमखु लाई तोकिने छ। साथै यो शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको जिम्मेवारी मुख्यरूपरूपमा यही समितिले गर्नेछ। यो समितीको कार्य निम्न बमोजिम हुनेछ।

- शिक्षा क्षेत्र योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
- शिक्षा क्षेत्र योजना अन्तरगत तर्जुमा गरिएका नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउने र कार्यान्वयनका लागी बजेटको सुनिश्चितता गर्ने,
- शिक्षा क्षेत्र योजनालाई आवश्यकता अनुरूप बार्षिक रूपरूपमा अध्यावधिक गर्ने गराउने,
- यो शिक्षा क्षेत्र योजना अन्तरगतका कार्यक्रमरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकार र अन्य सङ्घ-संस्थाबाट पालिका क्षेत्रभित्र सञ्चालन हुने शिक्षा क्षेत्रका कार्यक्रमरू बिच समन्वय गर्नेगराउने,
- समित सूचकमा आधारित भई शिक्षा क्षेत्र अन्तरगतका कार्यक्रमकोअनगुमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमकोअनगुमन र समीक्षा गर्ने
- अन्य सहयोगी निकार्यहरूबिच समन्वय गर्ने,
- शिक्षा अन्तरगतका गाउँपालिका क्षेत्र सम्बन्धी सम्बन्धी अध्ययन, अन्वेषण गर्नेगराउने, र अन्य आवश्यक कार्यहरू गर्ने, गराउने,

६.२.४ उद्देश्य

- स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढिकरण गरी योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु ।
- यो गाउँपालिका शिक्षा क्षेत्र योजना अन्तरगतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच , गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण गर्नु
- शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तरगत तर्जुमा गरिएका कार्यक्रमकोकार्यान्वयनमा एकरूपता कार्यम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्यउनु,
- बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धी सम्बन्धित तह / निकायको भूमिका स्पष्ट गरी अपेक्ष नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु
- बार्षिक कार्यक्रमकार्यान्वयन र स्रोत परिचालन एवम्म प्रतिवेदन पद्धतिलाई दिशानिर्देशन गर्नु / गराउनु

६.२.५ रणनीतिहरू

- नीति तर्जुमा आधाररत अनगुमन प्रणालीको माध्यमबाट कार्यक्रमकोप्रभावकारी कार्यान्वयन गरी शिक्षित नतिजा सुनिश्चित गर्न नीति निर्देशन तथा समन्वय गर्ने,
- सङ्घीय तथा प्रदेश तहबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त सर्शत अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रमतयार गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागी आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,
- विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक सङ्घ गठनगर्नेर विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,
- विद्यालय सुधार योजना )SIP) निर्माण तथा अध्यावधिक गर्ने,
- विद्यालय व्यवस्थापन सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्राध्यानाध्यापकलाइ जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागुगर्ने,

- अभिभावक तथा सरोकारवालाहरूसग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजीक परिक्षणलाई प्रभावकारी बनाउने ।
- समुदायिक सिकाइ केन्द्र मार्फत सबैउमेर समूहका सिकारुहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने,

. २.४ ६प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित भएको हुने छ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन, | १ | १ | १ | १ | १ |
| १२ | आधारभूत शिक्षामा सबैको पहुँच स्थापित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु जस्तोः दिवा खाजा, छात्रवृत्तिजस्ता कार्यक्रमहरु सञ्चालन | १ | १ | १ | १ | १ |
| ३ | दुर्गम, हिमाली तथा अति पीछडिएका क्षेत्र, वर्ग एवम् अपाङ्गता भएका बालबालिका समेतका लागि आवासीय विद्यालयहरु सञ्चालन | ० | ० | १ | ० | ० |
| ४ | नि; शुल्क पाठ्यपुस्तक समयमै उपलब्ध गराउने | १ | १ | १ | १ | १ |
| ५ | बालबालिकामा न्यूनतम सिकाइ सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण गर्ने, । | १ | १ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | बार्षिक कार्यक्रमतर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धी सम्बन्धित तह /निकायको भूमिका स्पष्ट गर्ने | १ | १ | १ | १ | १ |
| ७ | गुणस्तरीय शिक्षाको विकासका लागि शिक्षक तालिम,न्यूनतम सिकाइ वातावरण निर्माण, विद्यालयको भौतिक पूर्वाधार निर्माण, शिक्षक दरबन्दी मिलान, मातृभाषामा शिक्षा, बालमैत्री सिकाइ, प्रविधिको प्रयोग, अनुगमन तथा मूल्याङ्कन पद्धतिमा सुधार गर्ने | १ | १ | १ | १ | १ |
| ८ | माध्यमिक शिक्षा अन्तर्गत निःशुल्क पाठ्यपुस्तक वितरण,विभिन्न छात्रवृत्तिहरु वितरण, आवासीय विद्यालय तथाघुम्ती विद्यालय सञ्चालन | १ | १ | १ | १ | १ |
| ९ | नमूना विद्यालयको विकास, प्रधानाध्यापकको छुट्टै दरबन्दी व्यवस्था,शिक्षक तालिम, विज्ञान प्रयोगशाला, पुस्तकालय, दूर शिक्षा कार्यक्रम, स्वयंसेवक परिचालनजस्ता कार्यक्रमहरु सञ्चालन | १ | १ | १ | १ | १ |
| १० | अनौपचारिक शिक्षा अन्तर्गत सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरी गाउँपालिकालाई साक्षर घोषणा गर्ने कार्यक्रम सञ्चालन | १ | १ | १ | १ | १ |
| ११ | सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्वस्थापन तथा विद्यालयको आय व्ययको वित्तीय अनुशासन कायम राख्नका लागि निरन्तर अनुगमन, सुपरीवेक्षण एवम् नियमन निरन्तर रूपरूपमा गर्नु | १ | १ | १ | १ | १ |

६.२.५ प्रमखु क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र स | क्रियाकलाप तथा प्रमखु कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्षमा | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षा सम्बन्धी नीति कानुन, निर्देशिका, कार्यविधि , मापदण्ड, निर्देशिका तथा कार्यविधि, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | निर्दिष्ट सूचकहरु तयार गरी आफ्नो क्षेत्रभित्रका उत्कृष्ठ प्रअ, शिक्षक,विद्यालय व्यवस्थापन समिति र विद्यालयसमेतलाई पुरस्कृत गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | पुराना शिक्षकलाई नयाँ पाठ्यक्रम अनुरूप समायोजन गराउन तालिम र क्षमता विकासका कार्यक्रमहरु निरन्तर रूपरूपमा सञ्चालन | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |
| ४ | सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक सँगको सहाकार्यबाट विद्यालय सुधार योजना )SIP) निर्माण तथा | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अध्यावधिक भई र कार्यान्वयनमा सहजीकरण भएको हुनेछ । | | | | | | | | |
| ५ | सामुदायिक र निजी विद्यालयमा देखिएको लैङ्गिक असमानता कम गर्न स्थानीय सरकारले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने , | पटक | २५ | १ | १ | १ | १ | १ | २५ | निरन्तर |
| ६ | उपलब्ध शिक्षा क्षत्रेगत कानुन निर्देशिका मापदण्डको छपाई तथा प्रबोधिकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | लगानीको लागी स्थानीय गैससहरूसाँग साझेदारी तथा समन्वय | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढिकरण | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | निरन्तर |
| ९ | सम्बद्ध सबैसंस्थाहरूको लागी सामाजीक परिक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्नअभिभावक भेला तथा बैठकहरू आयोजना | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | समुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम हरु सञ्चालन गर्ने | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| १२ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धनलागि भई सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास गर्ने , | विद्यालय | २५ | १० | ५ | ५ | ५ | १० | २५ | निरन्तर |
| १३ | घोक्ने भन्दा सोच्ने, शिक्षण भन्दा सिकाइ, पाठ्यपुस्तक भन्दा सन्दर्भ सामग्री, एकल भन्दा सामुहिक, कक्षाकोठा भन्दा कक्षा बाहिर, विचारलाई स्विकार गर्ने भन्दा आलोचना गर्ने, लेक्चर भन्दा छलफल जस्ता अभ्यासहरुमा विद्यालयका कृयाकलापहरु केन्द्रित गर्ने | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | निरन्तर |
| १४ | विद्यालयको पारदर्शिता र सूचना प्रणालीलाई प्रभावकारी बनाउन परमपरागत अभ्यासलाई कार्यान्वयन गर्ने जस्तै ; कटुवाल प्रथा, चोहो प्रणालि (तामाङ्ग), रोधि आदी | विद्यालय | २५ | १० | ५ | ५ | ५ | २५ | २५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | कार्यक्रम, शैक्षणिक क्रियाकलाप, आर्थिक गतिविधिज/स्ता आम समुदायका सरोकारका विषयहरुलाई यस्ता रैथाने कार्यक्रमहरु मार्फत सार्वजनिक गरी सरोकारवालाहरुलाई सूचना प्रदान गर्ने र पारदर्शिता कायम गर्ने प्रणालीको विकास गर्ने | विद्यालय | २५ | १० | ५ | ५ | ५ | २५ | २५ | निरन्तर |

# परिच्छेद - ७

## ७. लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय

बालबालिकालाई भविष्यको कर्णधार भन्ने गरिन्छ । अहिलेका बालबालिकामा गरिएको लगानीले हाम्रो भावी समाजको विकासको परिकल्पना गर्न सकिन्छ । समुन्नत राष्ट्र उन्नत समाज निर्माणका लागि हरेक देशका सरकारहरु समुदाय अभिभावकहरुले बालबालिकाको शिक्षाको क्षेत्रमा लगानी गर्ने गरेका हुन्छन । गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षाको क्षेत्रमा प्राथमिकताका साथ लगानी गर्न आवश्यक हुन्छ । बालबालिकाको शिक्षामा गरिने लगानीले व्यक्ति समाज र राष्ट्रको दीर्घकालीन विकासका साथै दीर्घकालीन सोचलाई पूरा गर्न मद्दत गर्दछ । नेपालको संविधान २०७२ ले मौलिक हकको रूपरूपमा स्थापित गरेको छ । उक्त मौलिक हकको कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारले अनिवार्य तथा नि; शुल्क शिक्षा ऐन २०७५ जारी गरेको र उक्त ऐनको कार्यान्वयनका लागि अनिवार्य तथा नि; शुल्क शिक्षा सम्बन्धी सम्बन्धी नियमावली २०७७ स्वीकृत गरेको अवस्थामा विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु हरेक सरकारको दायित्व रहन्छ । यसका लागि आवश्यक स्रोतहरुको खोजी, क्रियाकलापहरुको प्राथमिकीकरण , उपलब्ध स्रोतहरुको उचित विनियोजन तथा प्रभावकारी कार्यान्वयन , अनुगमन र मूल्याङ्कन जस्ता कुराहरुको व्यवस्थापन गर्नु पर्दछ । विद्यालय शिक्षा सञ्चालनका लागि संविधानमा भएको व्यवस्था बमोजिम हरेक स्थानीय तहहरुले शिक्षाका साझा सूचीमा भएका विषयहरुको कार्यान्वयनका सन्दर्भमा हरेक स्थानीय तहहरुको मुख्य जिम्मेवारी रहेको भएता पनि शिक्षाका लागि वित्तीय व्यवस्थापन सङ्घ , प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रका साझेदार निकायहरु संयुक्त लगानी आवश्यक हुन्छ । सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेसँग सङ्घीय सरकार तथा प्रदेश सरकारले सर्सत अनुदान, समपुरक अनुदान तथा वित्तीय समानीकरण अनुदानका रूपरूपमा स्थानीय तहमा वित्य हस्तान्तरण गर्दै आएका छन । त्यसरी हस्तान्तरण भई आएका अनुदानहरुलाई स्थानीय तहले शिक्षक कर्मचारी व्यवस्थापन,भौतिक पूर्वाधार निर्माण, नि; शुल्क छात्रवृत्ति, नि; शुल्क पाठ्यपुस्तक, विद्यालय व्यवस्थापन तथा सञ्चालन तथा शैक्षिक गुणस्तर सुधारका क्षेत्रमा खर्च गर्ने गरेका छन । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ । वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक

पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

७.२ वर्तमान अवस्था

शिक्षालाई विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कूल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ । विश्वव्यापी रूपरूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कूल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रूपरूपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ३३६८४ हजार रहेको छ ।

गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् भने अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ । यस योजनाको कार्यान्वयनका लागि श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | विद्यालय शिक्षाका मुख्य तथा अन्तर्सम्वन्धित उपक्षेत्र तथा विषयहरू | योजना अवधिको कुल लागत | भौतिक लक्ष्य (५ वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ |
| क) | प्रारम्भिक बालविकास र शिक्षा | ५३६६२३९३.८९ | १०,०७९,९८० | १०,४३२,७७९ | १०,७९७,९२६ | १११७५८५४ | १११७५८५४ |
| ख) | आधारभूत शिक्षा (कक्षा १ - ८) | ४०५४७१६३४ | ७५६१२९०७ | ७८२५९३५९ | ८०९९८४३६ | ८३८३३३८२ | ८६७६७५५० |
| ग) | माध्यमिक शिक्षा (कक्षा ९-१२) | १९८७३६२७२ | ३७,०६०,६१३ | ३८,३५७,७३४ | ३९,७००,२५५ | ४१०८९७६५ | ४२५२७९०५ |
| घ) | पाठ्यक्रम तथा पाठ्यसामाग्री र मूल्यांकन | १०३६५२१९ | २,३७६,००० | २,४५९,१६० | २,५४५,२३० | २६३४३१३ | २७२६५१५ |
| ङ) | शिक्षक व्यवस्थापन र विकास | ४०६४४८१० | ७,५७९,५०० | ७,८४४,७८३ | ८,११९,३४९ | ८४०३५२७ | ८६९७६५१ |
| च) | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | ९९३१२८७ | १,८५२,००० | १,९१६,८२० | १,९८३,९०८ | २०५३३४५ | २१२५२१२ |
| छ) | प्राविधिक तथा व्यवसायिक शिक्षा | ५३६२४६५९ | १०,०००,००० | १०,३५०,००० | १०,७१२,२५० | ११०८७१७८ | ११४७५२३० |
| ज) | शैक्षिक समता तथा समावेशीकरण | ६९५८८७२० | १२,९७७,००० | १३,४३१,१९५ | १३,९०१,२८७ | १४३८७८३१ | १४८९१४०५ |
| झ) | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ४६७३९२५२.५७ | ८,७१६,००० | ९,०२१,०६० | ९,३३६,७९७ | ९६६३५८४.९९९ | १०००१८१० |
| ञ) | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | २४४२०४० | ४००,०००.०० | ४४०,००० | ४८४,००० | ५३२४०० | ५८५६४० |
| ट) | विद्यालय भौतिक पूर्वाधार विकास | ८७९४४४४० | १६,४००,००० | १६,९७४,००० | १७,५६८,०९० | १८१८२९७३ | १८८१९३७७ |
| ठ) | शिक्षामा सूचना प्रविधि | १४६४४८९४ | २,७३१,००० | २,८२६,५८५ | २,९२५,५१६ | ३०२७९०९ | ३१३३८८५ |
| ड) | संस्थागत संरचना र क्षमता विकास | १७२९२८१५ | ३,९६०,२६० | ४,१००,८७० | ४,२४४,४६५ | ४३९३०८७ | ४५४६९११ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ढ) | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ६३५० | १,२७० | १,२७० | १,२७० | १२७० | १२७० |
| ण) | अनुगमन तथा मूल्याङ्कन | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० |
| | **कुल जम्मा** | **१३९३२११** | **१८९७४५२६१** | **२७२११९** | **२८४३१९** | **२९०७१९** | **२९८०००** |

७.३ लक्ष्य

- शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने ।

७.४ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

७.५ रणनीतिहरू

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिन
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,
- वार्षिक रूपमा कूल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने ,

- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई  वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

**प्रमुख नतिजाः**

- विद्यालय शिक्षाका कार्यक्रमहरुको कार्यान्वयनका लागि उपलब्ध हुने स्रोतको अनुमान र विश्लेषण हुने
- विभिन्न स्रोत र निकायबाट प्राप्त बजेटको प्राथमिकताक्रम निर्धारण गरिएका क्षेत्रमा लगानी हुने
- लगानी भएको बजेटका आधारमा विद्यालय शिक्षाको गुणस्तर सुधार भएको हुने
- शिक्षा क्षेत्रमा कूल बजेटको २०% रकम विनियोजन भएको हुने
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने
- विभिन्न साझेदार निकायहरुसँग साझेदारी गरिएको हुने

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- सङ्घीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,
- प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका,
- स्थानीय तहबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका ।

सिमकोट गाउँपालिक
आगामि वर्षको प्रस्तावित क्रियाकलापहरु

| क्र.सं. | विद्यालय शिक्षाका मुख्य तथा अन्तर्सम्वन्धित उपक्षेत्र तथा विषयहरू | योजनाको पाँच वर्षको कुल लागत | भौतिक लक्ष्य (५ वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ |
| **१.)** | **प्रारम्भिक बालविकास र शिक्षा** | **५३६६२३९४** | **१०,०७९,९८०** | **१०,४३२,७७९** | **१०,७९७,९२६** | **१११७५८५४** | **१११७५८५४** |
| १.१ | ELDS Report Card को प्रयोग | २७५० | ५५० | ५५० | ५५० | ५५० | ५५० |
| १.२ | स्थानीय एकिकृत प्रारम्भिक बाल विकास (LIECDP) योजना तर्जुमा र कार्यान्वयन | १७५० | ३५० | ३५० | ३५० | ३५० | ३५० |
| १.३ | प्रारम्भिक बाल विकास संचालक समिति गठन तथा सवलीकरण | १२५० | २५० | २५० | २५० | २५० | २५० |
| १.४ | कक्षा कोठा व्यवस्थापन | ४२७४ | ७०० | ७७० | ८४७ | ९३२ | १०२५ |
| १.५ | बहुभाषिक कक्षा सञ्चालन | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| १.६ | सहजकर्ताहरुको पारिश्रमिक | ५३६४९८७० | १००७७६३० | १०४३०३५९ | १०७९५४२९ | १११७३२७२ | १११७३१७९ |
| **२)** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | ४०५४७१६३४ | ७५६१२९०७ | ७८२५९३५९ | ८०९९८४३६ | ८३८३३३८२ | ८६७६७५५० |
| २.१ | कक्षा कोठा व्यवस्थापन | ३८९५१ | ६३८० | ७०१८ | ७७२० | ८४९२ | ९३४१ |
| २.२ | शैक्षिक समाग्री वितरण | ९१५८ | १५०० | १६५० | १८१५ | १९९७ | २१९६ |
| २.३ | घुम्ती शिक्षक बैठक | ३०० | ४० | ५० | ६० | ७० | ८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.४ | शिक्षण सिकाई आपुरण (कक्षा १-८) | ३४६२ | ५६७ | ६२४ | ६८६ | ७५५ | ८३० |
| २.५ | विद्यालयमा खानेपानी तथा सरसफाई | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| २.६ | बहुभाषिक कक्षा सञ्चालन | ४५०० | ९०० | ९०० | ९०० | ९०० | ९०० |
| २.७ | शिक्षकको पारिश्रमिक | ४०५४३२६८३ | ७५६०६५२७ | ७८२५२३४१ | ८०९९०७१६ | ८३८२४८९० | ८६७५८२०९ |
| **३.)** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | १९८७३६२७२ | ३७,०६०,६१३ | ३८,३५७,७३४ | ३९,७००,२५५ | ४१०८९७६५ | ४२५२७९०५ |
| ३.१ | कक्षा कोठा व्यवस्थापन | ४८८४ | ८०० | ८८० | ९६८ | १०६५ | ११७१ |
| ३.२ | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | ९७७ | १६० | १७६ | १९४ | २१३ | २३४ |
| ३.३ | घुम्ती शिक्षक बैठक | १२२ | २० | २२ | २४ | २७ | २९ |
| ३.४ | शिक्षण सिकाई आपुरण (कक्षा ९-१२) | ६२२७ | १०२० | ११२२ | १२३४ | १३५८ | १४९३ |
| ३.५ | विद्यालयमा खानेपानी तथा सरसफाई | २४४२ | ४०० | ४४० | ४८४ | ५३२ | ५८६ |
| ३.६ | शिक्षकको पारिश्रमिक | १९८७२१६२० | ३७०५८२१३ | ३८३५५०९४ | ३९६९७३५१ | ४१०८६५७० | ४२५२४३९२ |
| **४)** | **पाठ्यक्रम तथा पाठ्यसामाग्री र मूल्यांकन** | १०३६५२१९ | २,३७६,००० | २,४५९,१६० | २,५४५,२३०.०० | २६३४३१३ | २७२६५१५ |
| **५)** | **शिक्षक व्यवस्थापन र विकास** | ४०६४४८१० | ७,५७९,५०० | ७,८४४,७८३ | ८,११९,३४९ | ८४०३५२७ | ८६९७६५१ |
| **६)** | **अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ** | ९९३१२८७ | १,८५२,००० | १,९१६,८२० | १,९८३,९०८ | २०५३३४५ | २१२५२१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **६.१** | **सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन** | ९९१३६६६ | १८४९३०५ | १९१३४७५ | १९८०२५६ | २०४९४८६ | २१२११४२ |
| ६.२ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन | ९१५ | १५० | १६५ | १८५ | २०० | २१५ |
| ६.३ | सामुदायिक सिकाई केन्द्र सञ्चालन | ६६०० | ९०० | १२०० | १४०० | १५०० | १६०० |
| ६.४ | रूपान्तरण कक्षा संचालन | २१०६ | ३४५ | ३८० | ४१७ | ४५९ | ५०५ |
| ६.५ | राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयन | १५०० | | ३०० | ३५० | ४०० | ४५० |
| ६.६ | किशोर-किशोरीहरूलाई सीप विकास सहयोग | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| ६.७ | किशोर-किशोरीहरूलाई व्यवसायिक योजना निर्माणमा सहयोग | १२५० | २५० | २५० | २५० | २५० | २५० |
| ६.८ | किशोर-किशोरीहरूलाई बजारसंग आवद्दता | २५० | ५० | ५० | ५० | ५० | ५० |
| **७)** | **प्राविधिक तथा व्यवसायिक शिक्षा** | ५३६२४६५९ | १०,०००,००० | १०,३५०,००० | १०,७१२,२५० | ११०८७१७८ | ११४७५२३० |
| **८)** | **शैक्षिक समता तथा समावेशीकरण** | ६९५८८७२० | १२,९७७,००० | १३,४३१,१९५ | १३,९०१,२८७ | १४३८७८३१ | १४८९१४०६ |
| ८.१ | अभिभावक क्षिक्षा | ९१६ | १५० | १६५ | १८२ | २०० | २२० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८.२ | अपांगता भएका बालबालिकालाई सहयोग तथा IEP | ६११ | १०० | ११० | १२१ | १३३ | १४६ |
| ८.३ | SATC सवलीकरण | ६११ | १०० | ११० | १२१ | १३३ | १४६ |
| ८.४ | मातृभाषामा सिक्षण सिकाई क्रियाकलाप प्रवर्धन | ० | ० | ० | ० | ० | ० |
| ८.५ | छात्रवृत्ति तथा प्रोत्साहन | ६९५८६२८२ | १२९७६३५० | १३४३०५१० | १३९००५६३ | १४३८७०६६ | १४८९०५९४ |
| **९)** | **दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | **४६७३९२५३** | **८,७१६,०००** | **९,०२१,०६०** | **९,३३६,७९७** | **९६६३५८५** | **१०००१८१०** |
| **१०)** | **आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा** | **२४४२०४०** | **४००,०००** | **४४०,०००** | **४८४,०००** | **५३२४००** | **५८५६४०** |
| १०.१ | बृहत्तर विद्यालय सुरक्षा कार्ययोजना (CSSMP) तर्जुमा र कार्यान्वयन | १६०० | २०० | २०० | २०० | २०० | ८०० |
| १०.२ | विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा एवम् अद्यावधिक | ६५० | २५० | १०० | १०० | १०० | १०० |
| १०.३ | जलवायु परिवर्तन अनुकुलन सहयोग | १२०० | १५० | १५० | १५० | १५० | ६०० |
| १०.४ | विभिन्न मापदण्ड, निर्देशिका र कार्यविधि निर्माण तथा सरोकारवालाहरुको क्षमताविकास | २४३८५९० | ३९९४०० | ४३९५५० | ४८३५५० | ५३१९५० | ५८४१४० |
| **११)** | **विद्यालय भौतिक पूर्वाधार विकास** | **८७९४४४४०** | **१६,४००,०००** | **१६,९७४,०००** | **१७,५६८,०९०** | **१८१८२९७३** | **१८८१९३७७** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११.१ | निर्माण कार्य | ५००००५००० | १००००१००० | १००००१००० | १००००१००० | १००००१००० | १००००१००० |
| ११.२ | फर्निचर, उपकरण तथा जडान सामग्री | ३६५०० | ७३०० | ७३०० | ७३०० | ७३०० | ७३०० |
| ११.३ | भवन तथा शौचालय सवलिकरण | ३७९०२९४० | ६३९१७०० | ६९६५७०० | ७५५९७९० | ८१७४६७३ | ८८११०७७ |
| **१२)** | **शिक्षामा सूचना प्रविधि** | **१४६४४८९४** | **२,७३१,०००** | **२,८२६,५८५** | **२,९२५,५१५** | **३०२७९०९** | **३१३३८८५** |
| १३) | सुशासन तथा व्यवस्थापन | | | | | | |
| १३.१ | संस्थागत संरचना र क्षमता विकास | १७२९२८२ | ३,९६०,२६० | ४,१००,८७० | ४,२४४,४६५ | ४३९३०८७ | ४५४६९११ |
| १३.२ | स्थानीय शिक्षा योजना कार्यान्वयन | ६३५० | १,२७० | १,२७० | १,२७० | १२७० | १२७० |
| १३.३ | अनुगमन तथा मूल्याङ्कन | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० |
| | **कुल जम्मा** | **१०४९१४९५६२** | **१९९७४५२६०** | **२०६७६४३४४** | **२१४०२९७५९** | **२२१५५२३२८** | **२२८९५०१७** |

### ७.५ योजनाको बार्षिक बजेट तर्जमा प्रक्रिया

सिमकोट गाउँपालिकाले बार्षिक रूपरूपमा योजना तर्जुमा गर्ने प्रकृया बमोजिम नै शिक्षा क्षेत्रको बार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने प्रकृया अबलम्बन गर्नेछ । यसका लागि सङ्घ तथा प्रदेश र स्थानीय तहको बजेट अनुमान र सिलिङ्गका आधारमा कार्यक्रमहरु तय गरी अन्य सरोकारवालाहरु सँग पनि स्रोत खोजी गरी कार्यक्रम तय गर्ने र सेही बजोमिम बार्षिक योजनामा रहेका क्रियाकलापहरुलाई समावेश गर्दै कार्यान्वयन गिरनेछ ।

### ७.६ योजना कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गरिनेछ । यसका लागि बार्षिक रूपरूपमा प्राप्त बजेट तथा कार्यक्रमलाई प्राथमिकता अनुसार स्रोत सुनिश्चित भए सोही बर्ष र नभए प्राथमिकताका आधारमा बजेट कार्यान्वयन रणनीति तय गरी कार्यानव्यन गर्ने र बजेटको प्रभावकारी कार्यानव्यन गरिनेछ ।

## परिच्छेद ८ :

### ८.१ अनुगमन तथा मूल्याङ्कन

#### ८.१.१ परिचय

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरु अवस्था सँग विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी बसेको पाइन्छ । आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरुको कार्यान्वयनको मुल्याङ्कन गर्ने व्यवस्थाको सुरुवात भयो । आठौं योजना २०४९/०५४ देखि अनुगमन तथा मुल्याङ्कन को एउटा पद्धतिको रूपरूपमा मजबुत गर्ने कार्य गरियो । यस योजनामा विगतका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरुमा सुधार गरी संस्थागत व्यवस्था, उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मूल्याङ्कनको व्यवस्थासहितको बलियो अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरियो । अनुगमन भन्नाले कुनैपनि कार्यक्रम कार्यान्वयनका लागि विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरु के कति ररूपमा भए ? त्यसको लक्षित प्रतिफल योजना अनुरूप ठीक सँग भइरहेका छन् वा छैनन ? भनी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य हो । मूल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरु कति सान्दर्भिक, सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन भन्नेबारे व्यवस्थित रूपबाट मापन गरी लेखाजेखा गर्ने कार्य हो । यहाँ भन्न खोजिएको तथ्य अनुगमन तथा मूल्याङ्कन को मुख्य उद्देश्य गाँउशिक्षा योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले किटान गरेका प्रत्येक सेवा प्रवाह का तहका लक्ष्य तथा उद्देश्य अनुरूपका उपलब्धिहरु पत्ता लगाई ती सूचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी प्रवाह सुधार गर्नु हो । विद्यालयमा पठनपाठनको अवस्था, नियमित मूल्याङ्कन, अनुगमन, आवश्यकता अनुसारको अध्ययन अध्यापनमा ध्यान दिने हो भने सामुदायिक विद्यालय सुधार हुन धैरै समय लाग्दैन् । निश्चित समयभन्दा पनि समयसिमाभित्र आ आफ्ना जिम्मेवारीहरु इमान्दार र उत्कृष्ट ढङ्गले पुरा गर्न सक्यौँ भने धैरै सुधार हुन्छ । पढाउने शिक्षकले पढाईदिदा, विद्यालय प्रशासन सम्हाल्नेले प्रशासनलाई चुस्त दुरुस्त राख्ने, नयाँ योजना र कार्यक्रमलाई प्रभावकारी बनाएर अगाडी बढाउने, सामुहिकतामा विश्वास गरेर व्यक्तिगत प्रदर्शनलाई ध्यान दिनु अहिलेको मुख्य आवश्यकता हो ।

#### ८.१.२ वर्तमान अवस्था

विद्यार्थी मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन दुईओटा प्रयोजनका लागि गरिन्छ । पहिलो थप सिकाइकालागि सिकारुको स्थिति पहिचान गरी उपचारात्मक सेवा प्रदान गर्न र दोस्रो सिकारुले सिकेका कुराहरुको आधारमा स्तरीकरण गरी उसको बारेमा निर्णय गर्न एवम् प्रमाणपत्र प्रदान गर्न निरन्तर मूल्याङ्कन पनि निर्माणात्मक मूल्याङ्कन कै एक रूप हो । यो सिकाइका लागि मूल्याङ्कन हो । विद्यार्थीहरु सिकाइ एकै बेला के कति सिके भनेर लेखाजोखा गरी आगामी दिनमा के कस्तो उपायहरु अवलम्बन गरी थप सिकाइका लागि सहजीकरण गर्ने भन्ने कुरामा निरन्तर मूल्याङ्कन प्रणाली केन्द्रित हुने हुनाले उपचारात्मक शिक्षणका लागि सिकारुको अवस्था पहिचान गर्न तथा सिकेको कुराको तत्काल लेखाजोखा गर्न नै निरन्तर मूल्याङ्कन प्रणाली अवलम्बन गरिएको हो । निरन्तर मूल्याङ्कनलाई उदार कक्षोन्नतिसँग गाँसेर ल्याइनु, जटिल प्रकृतिका साधनहरुको प्रयोग गर्नुपर्ने हुनु, सरोकार वालाबाट अवरोध खडा हुनु, शिक्षण सिकाइ क्रियाकलापको सुधारको कुरै नगरी मूल्याङ्कन प्रणालीमा मात्र एकांकी ढङ्गले सुधार गर्न खोजिनु, पाठ्यक्रम कार्यान्वयनमा फित्तलोपना रहनु, अनुगमन तथा सुपरिवेक्षण प्रणाली कमजोर हुनु जस्ता कारणहरुले निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा अपेक्षित सफलता प्राप्त हुन नसकेको देखिन्छ । निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनका लागि समष्टिगत दृष्टिकोणबाट निर्देशित भई अघि बढ्नुपर्छ । पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकामा सुधार गरी निरन्तर मूल्याङ्कनका मापदण्डमैत्री बनाइनुपर्छ । शिक्षण सिकाइ क्रियाकलापमा परिवर्तनपछि मात्र मापदण्ड अनुसार निरन्तर मूल्याङ्कन गर्न सकिन्छ भन्ने कुरा सबैले बुझ्नुपर्छ । नत्र भने विद्यार्थीलाई परियोजना कार्य नगराउने तर परियोजना कार्यकै मूल्याङ्कन गर्ने किर्ते मूल्याङ्कनलाई विस्थापन गर्न सकिने सम्भावना देखिदैन । सरोकारवालाहरुमा भएको भ्रम निवारण गरी परीक्षा लिनै नपाइने होइन बरु बराबर परीक्षा एवम् अवलोकनबाट वास्तविक सिकाइको लेखाजोखा गरी थप उपचारात्मक कार्यशैलीका माध्यमबाट विद्यार्थीको सिक्न पाउने अधिकार सुनिश्चित गर्ने कुरामा स्पष्ट पार्नुपर्छ । शिक्षकहरु सकारात्मक सोच लिई यसको कार्यान्वयनबाट आफै लाई सजिलो हुने विश्वासका साथ दृढ संकल्पित भई लाग्नुपर्छ ।

यस सिमकोट गाउँपालिकामा शिक्षा क्षेत्र प्रभावकारी, गुणस्तर कायम र समुदायिक विद्यालय अकर्षण वढाउनका लागि शिक्षा ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्नेर क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरु नियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ । पालिका शिक्षा योजनाको प्रचार प्रसार गर्न सरोकारवालाहरु लाई भेला गराई, सुचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराउने गरेको छ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा

सहकार्यको लागि पालिका तथा सम्वन्धित वडाहरुले यस योजनासँग सम्वन्धित तह तथा निकायहरुसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्ने गरेको छ । योजनाको कार्यान्वयनको क्रममा पालिका वडाहरु, सम्वन्धित समिति तथा उपसमितिहरुको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ । शिक्षा क्षेत्रका योजना, कार्यक्रम र विभिन्न क्रियाकलाप थप प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन समिति रहेको छ । यस पालिकाको शिक्षा योजना सरोकारवालाहरुलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपशिल बमोजिम हुनेछ ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन , निरक्षण , सुपरिवेक्षण , प्रतिवेदन | संयोजक तथा सदस्य | मासिक | आगन्तुक पुस्तिका , विद्यालय अनुगमन फाराम , कक्षाकोठा अनुगमन फाराम , प्रतिवेदन |
| २ | पालिका शिक्षा समिति | | संयोजक तथा सदस्य | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष , पदाधिकारी र तोकिएका अधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय ढङ्ग | | ईकाइ प्रमुख | | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी | | शिक्षा ,युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ८ | गाउँपालिका शिक्षा शाखा | | शिक्षा ,युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | तोकिएको अधिकारी | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | गाउँपालिकाका विज्ञ समूह | | शाखा प्रमुख | मासिक | |
| १२ | वि व्य स र शिक्षक अभिभावक सङ्घ | | पदाधिकारी | निरन्तर | |
| १३ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

८.२ उद्देश्य

- बार्षिक शिक्षा बजेट तथा कार्यक्रम अवश्यकता र योजनाबद्ध तरिकाले तयारी र कार्यान्वयन गर्नु,
- आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका विकास तथा स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्नु,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा , सुधार गर्नु,
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि अवश्यक व्यावस्था मिलाउनु,
- विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु

८.३ रणनीतिहरू

- व्यावस्थित बजेट बिनियोजनका लागि अनुगमन ,मूल्याङ्कन र अनुसन्धान बाट प्राप्त नतिजाका अधारमा बितरण र कूल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने,
- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग र अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र  प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने,
- योजनाका निर्माण देखि  सञ्चालन प्रक्रिया, परिणाम, उपलब्धि र प्रभावको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने,
- व्यवस्थित र प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण ,सिकाइका र असल अभ्यास लाई अन्य विद्यालय वा कार्यक्षत्रमा कार्यन्वयन गरिने,
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वियन गरिने,
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने,
- अनुगमन का क्रममा उत्कृठ विद्यालय ,शिक्षक र कर्मचारी लाई प्रोत्सानका लागपि पुरस्कार र दण्ड प्रणालीको विकास गरिने,

८.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धि तथा नतिजा

- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ

- अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरू समाधान भई अपेक्षित उपलब्धी हासिल हुने छ।
- अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास र अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुने,
- विद्यार्थीहरूको शैक्षिक उपलब्धी सुधार तथा समन्वय र सहजीकरणले कार्यले शिक्षकको क्षमतामा कुशलता ल्याउने,

८.५ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र .स. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | आफुले कार्यान्वयन गरेका कार्यक्रमहरूको नियमित अनुगमन गर्ने | पटक | १५ | २ | ३ | ३ | ३ | ३ | १४ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धी परिक्षण गर्ने | पटक | १० | ० | २ | २ | २ | २ | ८ | |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षाकोठामा आधारित पठन सिप परीक्षण (CB-EGRA) सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विद्यालयको कार्यसम्पादन मूल्याङ्न गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ८ | विद्यालयहरुको सामाजिक परिक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यालयहरूको लेखा परिक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १० | रोष्टर विशेषज्ञहरूको व्यस्थापन र परिचालन | जना | ४० | ० | १० | १० | १० | १० | ४० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विज्ञ समूह ,विद्यालय निरक्षक तथा शिक्षक सिकाइ समूह,शिक्षा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा सुपरिवेक्षण | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण र प्रतिवेदन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १३ | सिकाइमा आधारित मुल्याङ्कन | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १४ | प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखिकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १५ | स्थानीय तहद्वारा विद्यालय तथा कक्षा अनुगमन | पटक | १० | २ | २ | २ | २ | २ | १० | |

अनुसूचि